राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विचार: कूटनीतिक अभ्यास, समस्याको निकास | नवौं दिनमा भयो भन्सार जाँचपास १४

वर्ष १२६ | अङ्क १ | २०८३ साल वैशाख २४ गते बिहीबार | जेष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ बछलागा ५ | 2026 May 7 Thursday | पृष्ठ : १२+४+१६ | मूल्य : दस रुपियाँ

विशेष सम्पादकीय

## हाम्रो प्रतिबद्धता

इतिहासमा कतिपय संस्थाको स्थापना विशेष हुन्छ । गोरखापत्र त्यसैको उपज हो । राणाकालीन निरकुङ्श अन्धकारमा चेतनाको दियो भएर उदाएको गोरखापत्र १२५ वर्षको शताब्दी रजत यात्रा पूरा गरी आज १२६ औँ वर्षमा प्रवेश गरेको छ । विसं १९५८ वैशाख २४ गते साप्ताहिक अखबारका रूपमा सुरु भएको हो गोरखापत्रको यात्रा । समय र प्रविधिको वेगसँगै बहुविधामा विस्तार हुँदै नेपाली समाजको विश्वसनीय धरोहर बनिरहेको छ । पत्रकारिताको मूल्य, मान्यता, आदर्श र आचारसंहितालाई आत्मसात् गर्दै सत्य, तथ्य र विश्वसनीय मिडिया सामग्री सम्प्रेषण नै गोरखापत्रको आत्मा हो । राज्य र पाठकबाट आर्जन गर्न सकेको अटुट विश्वास हाम्रो मूल पुँजी हो । विश्व पत्रकारितामा यति निरन्तर बहुआयामिक यात्रा बिरलाकोटिमै देखा पर्छ । यसले गोरखापत्रलाई राष्ट्रले नै गौरव गर्न सक्ने जीवन्त सम्पदाका रूपमा स्थापित गरेको छ । नेपाली पत्रकारिताको जग र जननी भएकाले नै गोरखापत्र स्थापनाको यो पवित्र दिनलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाएर थप विशेष बनाइएको छ । 'सुशासनको आधार : प्रविधिमैत्री जिम्मेवार पत्रकार' को नारासहित आज यो दिवस मनाइँदै छ । यो अवसरमा पत्रकारिता क्षेत्रमा लामो योगदान दिनुहुने वरिष्ठ पत्रकारलाई राष्ट्रिय रूपमै सम्मान गर्ने सुखद परम्परा पनि जोडिन पुगेको छ । गोरखापत्रसँग जोडिएको यो सुपरम्परा हाम्रा लागि गौरवपूर्ण छ ।

वरिष्ठ सञ्चारविद् डेनिस म्याकबेलले भन्नुभए झैँ राजनीतिक प्रणाली तथा पद्धतिबाट मिडिया निरपेक्ष रहन सक्दैन । इतिहासमा विश्वकै मिडियाले शासनसत्ताको घामपानी भोगेका छन्, गोरखापत्र पनि त्यसबाट पृथक् छैन । पाठकसँगको आफ्नो सामीप्य अटुट रहनु हाम्रो पुँजी हो । निरकुङ्श राणा शासन, प्रजातन्त्र, पञ्चायत र बहुदलीय व्यवस्था हुँदै आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म पत्रकारिताको मर्म र धर्ममा गोरखापत्र नेपाल र नेपालीको सेवामा समर्पित छ । जिम्मेवार र मर्यादित पत्रकारिताको अभ्यासलाई शिरोपर राख्ने हाम्रो प्रयास जारी छ । छापासँगै अनलाइनका माध्यमबाट गोरखापत्रले बहुविधामा विश्वकै प्रयोक्तासम्म आफ्नो पहुँच पुऱ्याएको छ । सङ्घीयतापछि तिनै तहका सरकारका योजना, नीति र कार्यक्रमलाई समाचारीय मूल्य तथा विचार विविधताका माध्यमबाट पाठकसम्म पुऱ्याउने हाम्रो अविराम यात्रामा सबैको साथ र सहयोग छ । सङ्घीय सरकारसँगै सातै प्रदेश र तमाम स्थानीय सरकारसम्मको सञ्चार पहुँचलाई गोरखापत्रले युगसापेक्ष फराकिलो बनाउँदै गएको छ । देशका ४९ भाषामा समाचार सामग्री विस्तार गरी समावेशी सञ्चारको विश्वमै अनुपम उदाहरण बन्न सकेकोप्रति गोरखापत्र गौरव गर्छ ।

शासकीय विकृति, भ्रष्टाचार र कुशासनप्रति भदौ विद्रोहको आमूल परिवर्तनको आकाङ्क्षा संस्थागत हुँदै छ । फागुन २१, २०८२ को प्रतिनिधि सभा निर्वाचनपछि बलियो जनादेशको सरकार स्थापना भई सुशासनका एक सय कार्ययोजना तीव्रत्तर कार्यान्वयनमा छन् । दसकौँ हुन नसकेका कामलाई आरम्भिक केही सातामै द्रुत रूपमा सम्पादन गर्दै जनविश्वास आर्जन भइरहेका विषय मिडियामा प्रबल बन्दै छन् । सेवा प्रवाहलाई छिटोछरितो र सेवाग्राहीमैत्री बनाउँदै भ्रष्टाचारप्रति शून्य सहनशीलतातर्फ सरकारको अग्रसरता देशोन्नतिको मूल आधार बन्दै छ । सुशासन नै विकास र प्रगतिको बलियो आधार भएकाले गोरखापत्रको १२६ औँ वर्षप्रवेशको पहिलो अङ्कलाई 'सुशासन यात्रा' विशेषाङ्कमार्फत पाठकसमक्ष ल्याएका छौँ । नागरिकले अनुभूत गर्न सक्ने सुशासनमै लगानी विस्तार हुन सके आय, उत्पादन र रोजगारीको आयाम फराकिलो भई देशले आर्थिक विकासमा फड्को मार्न सक्छ ।

सूचना प्रविधिको विकास र विस्तारले अवसरसँगै मूलधारका पत्रकारिताका निम्ति अनेक चुनौती थपिएका छन् । मूलधारको विश्व पत्रकारिता नै 'गलत सूचना' (मिसइन्फर्मेसन) र 'भ्रामक सूचना' (डिसइन्फर्मेसन) बाट जोगिनुपर्ने चुनौतीपूर्ण घडीमा छ । यी चुनौतीसँग जुध्न सत्यापन र विश्वसनीय अभ्यासलाई खरो उतार्दै गोरखापत्रले छापा र डिजिटल आयामलाई अझै फराकिलो मात्रै बनाउँदै छैन, निरन्तरताप्रति पनि दृढसङ्कल्पित छ । राज्य संयन्त्रका बेथिति र कमजोरी पत्रकारिताको मर्म र धर्म अनुरूप सम्प्रेषण गर्ने दायित्वलाई खोजी पत्रकारितातर्फ ढाल्न सकियो भने शासकीय सुशासनमा अझै बल पुग्ने हाम्रो विश्वास छ । गोरखापत्रले शताब्दी रजत वर्ष पार गरेको यो सुखद अवसरमा नेपाल सरकार र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट प्राप्त सहयोग र सद्भावप्रति हामी आभारी छौँ । यो पावन अवसरमा गोरखापत्रप्रति सहयोग र सद्भाव दिनुहुने सम्पूर्ण राज्यसंस्था, निजी क्षेत्र तथा संस्था, पाठक तथा प्रयोक्ता, विज्ञापनदाता सबैप्रति गोरखापत्र परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो अटुट स्नेह, सहयोग र सद्भाव निरन्तर पाइरहने विश्वास पनि व्यक्त गर्दछ ।

सय अर्ब डलरको अर्थतन्त्र

# इमानदार प्रयासबाट सम्भव



**विश्वास रेग्मी**
*काठमाडौँ, वैशाख २३ गते*

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो चुनावी वाचापत्रमा लेखेको छ, "नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाउने छौँ । यसका आधारमा पाँचदेखि सात वर्षभित्रै (प्रचलित मूल्यमा) प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय अर्ब डलरनजिक पुग्ने लक्ष्य लिने छौँ ।"

मुलुकको अर्थतन्त्रको आकार एक सय अर्ब डलर पुऱ्याउने रास्वपाको घोषणालाई सरकारले पनि मुलुकको आर्थिक स्थितिपत्र २०८२ मार्फत जस्ताको तस्तै स्वीकार गरेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा ४४ अर्ब डलर हाराहारी पुग्ने अनुमान गरिएको अर्थतन्त्रले सय अर्ब डलरको आकार पाउन अबको सात वर्षमा ६६ अर्ब डलरले विस्तार हुनु पर्छ । विगत तीन वर्षयता चार प्रतिशतभन्दा कमको वृद्धिदरबाट गुज्रिरहेको मुलुकको अर्थतन्त्रको आकार सय अर्ब पुग्न वार्षिक न्यूनतम सात प्रतिशतको वृद्धिदर आवश्यक पर्ने विज्ञहरू बताउँछन् ।

लक्ष्यका हिसाबले चुनौतीपूर्ण देखिए पनि सरकारले इमानदार भएर निरन्तर खटिरहने हो भने एक सय अर्ब डलरको अर्थतन्त्र सम्भव हुने सरोकारवालाको भनाइ छ । यसका लागि सरकारले 'युद्धका बेला' मा जस्तै अथक प्रयास गर्नुपर्नेमा उनीहरूको जोड छ ।

सरकारले स्थितिपत्रमा उल्लेख गरेको अर्थतन्त्रको आकारमा मूल्यवृद्धिसमेत जोडिएको हुनाले अर्थतन्त्रको वृद्धिदरलाई सोही अनुसार मुद्रास्फीतिले पनि 'सपोर्ट' गरेको हुनुपर्ने उनीहरू बताउँछन् ।

» बाँकी पृष्ठ २ मा

### असम्भव होइन



**डा. प्रकाशकुमार श्रेष्ठ**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सात वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने कुरा असम्भव होइन तर यसका लागि सरकारले 'युद्धमा गर्ने तयारी' जस्तो मेहनत गर्न सक्नु पर्छ । माग, आपूर्ति र उत्पादन, लगानी र निर्यात बढाउने नीति कार्यान्वयनमै जोड दिनु पर्छ ।

### अध्ययनले सम्भव देखाउँछ



**वीरेन्द्रराज पाण्डे**
अध्यक्ष, नेपाल उद्योग परिसङ्घ

हामीले गरेको अध्ययनले पनि औसतमा छ प्रतिशतको वृद्धिदर हासिल हुँदा सात वर्षभित्रै एक सय अर्ब डलरको अर्थतन्त्र बन्न सक्ने सम्भावना देखाएको छ । त्यसका लागि नीतिगत सुधार र रूपान्तरणमा धेरै काम गर्नुपर्ने हुन्छ । निजी क्षेत्रको लगानी आकर्षण गर्न करका दर घटाउने र डिजिटल अर्थतन्त्रमा जोड दिनु पर्छ ।

## भावी प्रधान न्यायाधीशको टुङ्गो लगाइँदै

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २३ गते*

संवैधानिक निकायका पदाधिकारी नियुक्ति सिफारिसका लागि कानुनी बाटो खुलेसँगै प्रधान न्यायाधीश सिफारिसका लागि संवैधानिक परिषद् बैठक बोलाइएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषद् बैठक बिहीबार बेलुका ५ बजेका लागि बोलाइएको हो । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) को निजी सचिवालयका अनुसार बैठकमा भावी प्रधान न्यायाधीश सिफारिसको कार्यसूची रहेको छ ।

मङ्गलबार राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेपछि गणपूरक सङ्ख्या र निर्णय प्रक्रियासम्बन्धी व्यवस्थाले पूर्णता पाएको थियो । कानुनी रिक्तता पूर्ति भएलगत्तै प्रधानमन्त्री शाहले परिषद् बैठक आह्वान गर्नुभएको हो । छ सदस्यीय परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख र प्रतिनिधि सभाका प्रमुख विपक्षी दलका नेता रहने संवैधानिक प्रावधान छ । प्रधान न्यायाधीश सिफारिसको हकमा भने कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदेन सदस्य रहने संवैधानिक व्यवस्था छ ।

भावी प्रधान न्यायाधीश सिफारिसका विषयमा सार्वजनिक रूपमै विभिन्न अड्कलबाजी चलिरहेका बेला परिषद् बोलाइएको हो । यसअघिका प्रधान न्यायाधीश प्रकाशमानसिंह राउतले उमेर हदका कारण चैत १७ गतेदेखि अनिवार्य अवकाश पाउनुभएको थियो । राउतको अवकाशपछि कायममुकायम प्रधान न्यायाधीशका रूपमा सपना प्रधान मल्लले सर्वोच्च न्यायालयको कमान्ड समाल्दै आउनुभएको छ ।

» बाँकी पृष्ठ २ मा








१२६ औँ वर्षमा गोरखापत्र

# इतिहासको पहिलो मसौदा



ध्रुवहरि अधिकारी



किशोर नेपाल



तेजेश्वरबाबु ग्वंगः



धर्मेन्द्र झा



नम्रता शर्मा



हर्षमान महर्जन

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, वैशाख २३ गते*

दक्षिण एसियाकै पुराना अखबारमध्येमा पर्ने गोरखापत्र दैनिक बिहीबारदेखि १२६ औँ वर्षमा प्रवेश गरेको छ । स्थापनाकालदेखि विभिन्न आरोहअवरोह पार गर्दै आएको यस अखबारले नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्नामा उल्लेखनीय योगदान पुऱ्याएको यस क्षेत्रका जानकारले बताउनुभएको छ ।

नेपाली समाजलाई सुसूचित गर्नुका साथै भाषिक र साहित्यक फाँटमा पनि गोरखापत्रको योगदान विशिष्ट रहेको उहाँहरूको अनुभव छ । स्थापनाकालदेखि अहिलेसम्म गोरखापत्रलाई नै आधार मानेर विश्वविद्यालयका विद्यार्थी, अनुसन्धान संस्थाका अध्येतादेखि पत्रकारिता क्षेत्रमै क्रियाशील संस्था तथा व्यक्तिका लागि पनि यो पत्रिका गतिलो खुराक बन्ने गरेको छ ।

गोरखापत्रले अवलम्बन गरेको भाषा, समाचार लेखन शैली, आफ्ना उत्पादनको बजारीकरणमा यसले अपनाएको रणनीतिलाई आधार मानेर आफ्नो मानक स्थापना गर्ने पनि प्रशस्तै छन् । वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी गोरखापत्रलाई इतिहासको पहिलो मसौदा मान्नुहुन्छ । "आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ," अधिकारीले भन्नुभयो, "यसको अर्थ गोरखापत्रले विगतदेखि नै आधिकारिकता प्रदान गर्दछ भन्ने हो । आजको चुनौती भनेको त्यही विश्वासलाई कायम राख्न सक्नु हो ।" अन्य सञ्चार माध्यमले जसरी समाचार, विचार लेख्न सकेनौँ भनेर विचलित नभई गोरखापत्रले आफ्नै धारमा निरन्तर बगिरहनुपर्ने पनि अधिकारीले बताउनुभयो ।

> आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ ।

गोरखापत्र संस्थानकै पूर्वमहाप्रबन्धक तथा वरिष्ठ पत्रकार किशोर नेपाल भने गोरखापत्रले आफूलाई जीवन्त राख्न जनताको पक्षमा तटस्थ भएर सामग्री सम्प्रेषण गर्नुपर्ने बताउनुहुन्छ । सरकारी कुरालाई पनि प्राथमिकता दिँदै गोरखापत्र जनताको चेतनाको पहिलो विम्ब बन्नुपर्ने नेपालको भनाइ छ । नेपाल पत्रकार महासङ्घका पूर्वसभापतिसमेत रहनुभएका नेपालले भन्नुभयो, "पत्रिकाले यति वर्ष पुरानो भएँ भनेर वर्ष गनेर मात्रै हुन्न । सामग्रीमा विविधता ल्याउनु पर्छ । आफूलाई छरितो रूपमा प्रस्तुत गर्न सक्नु पर्छ ।"


संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगःले गोरखापत्रले नेपाली पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको वर्णन गरिसाध्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "गोरखापत्र देशको ठुलो र चहकिलो पत्रिका हो । यसले हरेक क्षेत्रमा उत्तिकै योगदान पुऱ्याएको छ ।"

वरिष्ठ सञ्चारकर्मी नम्रता शर्माले नेपाली पत्रकारिताको जग बसाल्ने श्रेय गोरखापत्रलाई जाने बताउँदै भन्नुभयो, "राणा शासनकालदेखि गणतन्त्रसम्म आइपुग्दा पनि गोरखापत्रले आधिकारिक सूचना सम्प्रेषण गर्दछ भन्ने जुन विश्वास छ । त्यो विश्वासलाई आजसम्म टुट्ट नदिनु ठुलो उपलब्धि हो ।" पछिल्लो समय विभिन्न भाषाका लागि छुट्टै पृष्ठ छुट्याएर गोरखापत्रले सबै समुदायको साझा पत्रिकाका रूपमा आफूलाई उभ्याएको शर्माले बताउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वसभापति धर्मेन्द्र झाले राष्ट्र निर्माणमा गोरखापत्रले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

» बाँकी पृष्ठ २ मा

# ‘गोरखापत्रले लोकतन्त्रको मर्म व्यवहारमा उतारेको छ’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २४ गते*



राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रनिर्माणको यात्रामा सत्य, तथ्य र निष्पक्ष सूचनाको भूमिका अपरिहार्य हुने बताउनुभएको छ । गोरखापत्र दैनिक १२६ औँ वर्षमा प्रवेश तथा गोरखापत्र संस्थानको ६४ औँ वार्षिकोत्सवका अवसरमा शुभकामना सन्देशमा उहाँले राष्ट्रनिर्माणमा सत्य सूचनाको भूमिका अपरिहार्य हुने धारणा व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले नेपाली समाजको विविधतालाई आत्मसात् गरेको गोरखापत्रले साना जाति, सीमान्तकृत समुदाय र क्षेत्रीय आवाजलाई प्राथमिकता दिएर समावेशी लोकतन्त्रको मर्मलाई व्यवहारमा उतारेको बताउनुभयो । “गिद्धे प्रेसको प्रारम्भिक जगदेखि आधुनिक डिजिटल मञ्चसम्मको गोरखापत्रको विकासक्रमले नेपाली पत्रकारिताको मानक तय गरेको छ। आजको द्रुत डिजिटल युगमा पनि सामाजिक सञ्जालमार्फत सूचनाको पहुँचलाई व्यापक बनाउनु यसको समयसापेक्षताको प्रमाण हो,” राष्ट्रपति पौडेलले उल्लेख गर्नुभएको छ।

### राष्ट्रिय चेतनाको जीवन्त अभिलेख



उपराष्ट्रपति रामसहायप्रसाद यादवले गोरखापत्र नेपालको पत्रकारिताको इतिहास मात्र नभई राष्ट्रिय चेतना र सामाजिक रूपान्तरणको जीवन्त अभिलेख रहेको बताउनुभएको छ। उहाँले बदलिँदो व्यवस्था, फेरिँदा समय र अनेक सामाजिक, राजनीतिक रूपान्तरणबिच गोरखापत्रले नेपालको भाषा, संस्कृति, राष्ट्रिय एकता र सार्वजनिक चेतनाको विश्वसनीय संवाहकका रूपमा विशिष्ट पहिचान कायम राख्दै आएकामा प्रशंसा व्यक्त गर्नुभयो।

### सरकार र जनताबिचको पुल



प्रधानमन्त्री वालेन्द्र शाहले सूचनाको गतिसँगै सत्यता र विश्वसनीयता जोगाउनु आजको प्रमुख चुनौती रहेको बताउनुभएको छ । उहाँले प्रविधिले सूचनाको गति बढाएको तर यो गतिसँगै सत्यता र विश्वसनीयता जोगाउनु प्रमुख चुनौती रहेको बताउनुभएको हो।

गोरखापत्र दैनिक प्रकाशनको १२६ औँ वर्ष प्रवेशका अवसरमा शुभकामना दिनुहुँदै प्रधानमन्त्री शाहले गोरखापत्र सधैँ सरकार र जनताबिच पुलको काम गर्दै सत्य र न्यायको पक्षमा आफ्नो कलम चलाइरहने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभयो, “पत्रकारिता समाजको ऐना मात्र होइन, समाज परिवर्तनको इन्जिन पनि बन्नु पर्छ। गोरखापत्रको आगामी यात्रा अझ आधुनिक, प्रविधिमैत्री र सुशासनको पक्षमा निर्भीक बनोस्।”

प्रधानमन्त्री शाहले नवयुवापुस्ता आन्दोलनले स्थापित गरेको नवीन चेतना र सुशासनको भोकलाई आत्मसात् गर्दै सरकारले समृद्ध नेपालको जग बसाल्ने सङ्कल्प लिएको बताउनुभयो। उहाँले सरकारको ‘सय दिनको सयबुँदे मार्गचित्र’ सार्वजनिक गरी नतिजामुखी काम अगाडि बढाइरहेको उल्लेख गर्नुभएको छ।

“यस सन्दर्भमा गोरखापत्रले ‘सुशासन’ विशेषाङ्क प्रकाशन गर्न लागेकामा खुसी व्यक्त गर्दै सुशासन नारामा मात्र होइन, सेवा प्रदान र पारदर्शिताको कडा मानक हो भन्ने सन्देश यस विशेषाङ्कले दिने मेरो विश्वास छ,” प्रधानमन्त्री शाहले आफ्नो शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ।

### मर्यादित पत्रकारिता मेरुदण्ड



प्रतिनिधि सभाका सभामुख डोलप्रसाद (डिपी) अर्यालले लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, उत्तरदायी र मर्यादित पत्रकारिता मेरुदण्ड भएको बताउनुभएको छ । उहाँले सञ्चार माध्यमले नागरिकको आवाजलाई सशक्त रूपमा मुखरित गर्दै सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि निरन्तर खबरदारी अहिलेको आवश्यकता रहेको बताउनुभयो।

गोरखापत्र दैनिक १२६ औँ वर्ष प्रवेशका अवसरमा शुभकामना सन्देश दिँदै सभामुख अर्यालले गोरखापत्रले सुशासन, पारदर्शिता र जवाफदेहिताको जिम्मेवारीलाई अझ प्रभावकारी ढङ्गले निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा अझ आधुनिक, प्रविधिमैत्री र जनउत्तरदायी सञ्चार माध्यमका रूपमा विकसित भई आफ्नो ऐतिहासिक गरिमालाई थप उचाइमा पुऱ्याउन सफल हुने शुभेच्छा व्यक्त गर्नुभयो।

### जिम्मेवार पत्रकारिता कायमै



राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले भ्रष्टाचार मुक्त समाज र जवाफदेही शासन प्रणालीका लागि सञ्चार माध्यमले सरकार र सरोकारवाला निकायलाई निरन्तर खबरदारी गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई समृद्ध र जीवन्त बनाउने काम पत्रकारिताले गर्ने उहाँले धारणा व्यक्त गर्नुभएको छ।

गोरखापत्र दैनिकको वार्षिकोत्सवका अवसरमा शुभकामना दिँदै अध्यक्ष दाहालले सूचना प्रविधिको तीव्र विकास र सञ्चार माध्यमको प्रतिस्पर्धात्मक युगमा पनि गोरखापत्रले आफ्नो गरिमा, विश्वसनीयता र जिम्मेवार पत्रकारितालाई कायम राख्दै समयानुकूल रूपान्तरण गर्न सफल भएकामा प्रशंसा व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा पनि यसले सत्य, तथ्य, निष्पक्ष र जनमुखी पत्रकारितामार्फत समाजलाई सूचित, सचेत र सशक्त बनाउन अझ प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

### राष्ट्रिय पत्रकारिता दिवस आज

११ औँ राष्ट्रिय पत्रकारिता दिवस आज (बिहीबार) मनाइँदै छ। गोरखापत्र दैनिक प्रकाशनको अवसर पारेर प्रत्येक वर्ष वैशाख २४ गते राष्ट्रिय पत्रकारिता दिवस मनाइँदै आइएको हो।

राष्ट्रिय पत्रकारिता दिवस, २०८३ को अवसरमा यस वर्षका लागि ‘सुशासनको आधार : प्रविधिमैत्री जिम्मेवार पत्रकार’ नारा दिइएको छ। सरकारले २०७३ सालमा पत्रकारिता दिवस राष्ट्रिय रूपमै मनाउने मान्यता दिएपछि बर्सेनि वैशाख २४ गते मनाइँदै आएको छ। दिवसका अवसरमा देशका विभिन्न स्थानमा सञ्चारकर्मीले विभिन्न कार्यक्रम गरी मनाउँदै छ। पत्रकारिता दिवसका अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पुरस्कार वितरण गर्दै आएको छ। राष्ट्रपति भवन शीतल निवासमा मन्त्रालयले समारोहको आयोजना गरी राष्ट्रपतिबाट पुरस्कार वितरण गर्ने अभ्यास छ। नेपालको पत्रकारिताका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने पत्रकारलाई सम्मान गरिँदै आएको छ।

### गोरखापत्र स्वायत्त र व्यावसायिक संस्था



सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले गोरखापत्र संस्थानलाई समयसापेक्ष परिमार्जन गर्दै एक स्वायत्त, व्यावसायिक र नवीन सञ्चार संस्थाका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

गोरखापत्र दैनिकको १२६ औँ वर्ष प्रवेश तथा संस्थानको ६४ औँ वार्षिकोत्सव र राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उहाँले १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक रूपमा यात्रा सुरु गरेको गोरखापत्र नेपालको पहिलो अखबार मात्र नभई दक्षिण एसियाकै पत्रकारिताको एउटा दह्रो स्तम्भ भएको बताउनुभएको हो।

मन्त्री डा. तिमिल्सिनाले सन्देशमा गोरखापत्रको सवाशताब्दी लामो यात्रा नेपाली पत्रकारिताको विकासक्रम, लोकतन्त्रको सङ्घर्ष र सामाजिक सांस्कृतिक रूपान्तरणको ऐतिहासिक अभिलेख भएको बताउनुभएको छ । उहाँले सूचना प्रविधिको तीव्र विकास र डिजिटल मिडियाको बढ्दो प्रभावसँगै यस ऐतिहासिक संस्थाको पुनर्संरचना अपरिहार्य आवश्यकता भएकोमा जोड दिनुभएको छ । उहाँले गोरखापत्र संस्थान ऐनमा समयसापेक्ष परिमार्जन गरी यसलाई थप व्यावसायिक बनाउने सरकारको योजना रहेको स्पष्ट पार्नुभएको छ।

वर्तमान सरकारको ‘सय दिनका सय कार्य’ को स्पष्ट कार्ययोजनाबारे चर्चा गर्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले डिजिटल प्रशासन र पारदर्शी सुशासन सरकारको मुख्य प्राथमिकता रहेको बताउनुभएको छ । उहाँले गोरखापत्रले प्रकाशन गर्ने सामग्रीले सरकार र जनताबिच सेतुको काम गर्दै सुशासनको यात्रालाई थप बल पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले गोरखापत्रले ‘बहुभाषिक नेपाल’ को मर्मलाई आत्मसात् गर्दै ४९ भाषामा सामग्री प्रकाशन गरेर समावेशी पत्रकारिताको उत्कृष्ट नमुना प्रस्तुत गरेको प्रस्ट पार्दै यसले राष्ट्रिय एकतालाई थप मजबुत बनाएको बताउनुभएको छ । उहाँले संस्थानको ६४ औँ वार्षिकोत्सवका अवसरमा प्रकाशन हुन लागेको ‘सुशासन’ नामक विशेषाङ्कप्रति खुसी व्यक्त गर्दै गोरखापत्र प्रकाशनकै ऐतिहासिक दिनलाई आधार मानेर ‘राष्ट्रिय पत्रकारिता दिवस’ मनाउन पाउनु सबैका लागि गौरवको विषय भएको बताउनुभएको छ।

> “ गिद्धे प्रेसको प्रारम्भिक जगदेखि आधुनिक डिजिटल मञ्चसम्मको गोरखापत्रको विकासक्रमले नेपाली पत्रकारिताको मानक तय गरेको छ ।

### सबैभन्दा विशिष्ट र समावेशी



सञ्चार तथा सूचना प्रविधि सचिव लक्ष्मीकुमारी बस्नेतले नेपाली समाजलाई सुसूचित र सुसंस्कृत बनाउन अग्रणी भूमिका निर्वाह गर्दै गोरखापत्रले ४९ मातृभाषामा सामग्री प्रकाशन गर्नु र विविधतालाई एउटै पृष्ठमा समेट्नु सबैभन्दा विशिष्ट र समावेशी पक्ष रहेको बताउनुभएको छ। उहाँले गोरखापत्र प्रकाशनको दिनलाई नै राष्ट्रिय पत्रकारिता दिवस मनाइनुले नेपाली सञ्चारक्षेत्रमा यसको गरिमा र योगदानलाई थप उचाइ प्रदान गरेको बताउनुभयो। उहाँले संस्थानका आगामी दिन अझ व्यावसायिक, प्रविधिमैत्री र सदृढ हुने शुभेच्छा व्यक्त गर्नुभयो।

## शिष्टाचार भेट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि नर्वेका राजदूत ड्याग्नी मियोसले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा बुधबार सो भेटवार्ता भएको उपराष्ट्रपति यादवको सचिवालयले जनाएको छ।

उपराष्ट्रपति यादवले नर्वे नेपालको घनिष्ट मित्र राष्ट्र भएको उल्लेख गर्दै सन् १९७३ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुवै देशबिच मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्ध कायम रहिआएको बताउनुभयो । राजदूत मियोसले नेपाल सरकारले सार्वजनिक गरेको एक सयबुँदे प्रतिबद्धतापत्रमा समावेश मुद्दामा नर्वे सहकार्य गर्न तयार रहेको स्पष्ट गर्नुभयो।

## ‘जेनजी नेपाल’ को सङ्गठन विस्तार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

नवयुवापुस्ताको आन्दोलनका क्रममा गठन भएको ‘जेनजी नेपाल’ ले साधारण सभाबाट आफ्नो सङ्गठन विस्तार गरेको छ। सङ्गठनमा नवयुवापुस्ता आन्दोलनका क्रममा घाइते भएकालाई मात्रै समेटिएको छ।

नवगठित समितिको अध्यक्षमा भोजपुरका बादल राई चयन हुनुभएको छ। उपाध्यक्षमा अछामका दीपक भाट र महासचिवमा रौतहट–दुर्गा भगवतीका सञ्जीव झा चयन हुनुभएको छ। भ्रष्टाचारविरुद्धको अभियानमा लामो समयदेखि सक्रिय महासचिव झा आन्दोलनका क्रममा घाइते भई तदर्थ समितिमा समेत अटाउनुभएको थियो।

सचिवमा जाजरकोटका कृष्ण थापा, कोषाध्यक्षमा समिता कार्की तथा सदस्यमा कुशलराज उपाध्याय, सुरेन्द्र बुढाथोकी, रविन गौतम, दिपेन गुरुङ, सर्वेश कुमार, कृष्ण सुनार, सुयर्सन प्रजापति, ललितमान लामा, आशिष कार्की, रवि भण्डारी, सुरेश सापकोटा, दयानन्द गिरी, अर्यान अधिकारी, सङ्घर्ष भुसाल, लोकेन्द्र खड्का, लोकराज उपाध्याय र नारायण खड्का चयन हुनुभएको छ । नवगठित समितिले घाइतेको हकअधिकार सुनिश्चित गर्ने, उपचार, पुनर्स्थापना तथा सम्मानजनक जीवनयापनका लागि सरकारसँग सहकार्य गर्ने जनाइएको छ।

### भावी....

राउत अवकाशपूर्व नै न्याय परिषद् सचिवालयले फागुन तेस्रो साता प्रधान न्यायाधीशका लागि योग्यता पुगेका छ जनाको नाम संवैधानिक परिषद्मा पठाएको थियो। सर्वोच्च अदालतमा तीन वर्ष कार्यकाल पूरा गरेका न्यायाधीश प्रधान न्यायाधीशको उम्मेदवार बन्न सक्ने संवैधानिक व्यवस्था अनुसार नाम पठाइएको थियो। न्याय परिषद् सचिवालयले वरिष्ठता क्रम र तीन वर्ष समयावधि पुगेका सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम परिषद्मा पठाएको थियो।

प्रधान न्यायाधीश सिफारिसमा अहिलेसम्मको अभ्यासले निरन्तरता पाएमा भावी प्रधान न्यायाधीशमा मल्लको सिफारिस हुने सम्भावना छ । परिषद्ले अभ्यासलाई निरन्तरता नदिएमा छ जनामध्ये कोही एक जनाको नाम प्रधान न्यायाधीशमा सिफारिस हुन सक्ने छ । परिषद्मा सहमतिले निर्णय हुन सक्ने अवस्था नरहेमा प्रधानमन्त्री र अन्य दुई सदस्यको बहुमतले प्रधान न्यायाधीश सिफारिस हुन सक्ने छ।

सिफारिस भएपछि प्रधान न्यायाधीशको नियुक्तिपूर्व संसदीय सुनुवाइ हुने छ। सुनुवाइ समितिले दुई तिहाइ बहुमतले अस्वीकृत नगरेमा सिफारिसमा परेका व्यक्ति नियुक्तिका लागि योग्य हुने छन् । अस्वीकृत भएमा भने परिषद्ले पुनः अर्को उम्मेदवार सिफारिस गर्नुपर्ने छ। निर्वाचनपछि सङ्घीय संसद्का संयुक्त समितिसमेत गठन भइसकेका छन्। प्रधान न्यायाधीश सिफारिसलगत्तै संसदीय सुनुवाइको प्रक्रियासमेत अगाडि बढ्ने छ।

## गोरखापत्र उनन्चास मातृभाषामा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

गोरखापत्र दैनिकमा ४९ मातृभाषामा समाचार सामग्री प्रकाशन गर्न थालिएको छ । पछिल्लो पटक अति सीमान्तकृत सन्थाल, हायु र बोटे भाषा पृष्ठ समावेश भएसँगै यो सङ्ख्या ४९ पुगेको हो। गोरखापत्रको ‘नयाँ नेपाल’ शीर्षक अन्तर्गत बहुभाषिक पृष्ठमा मातृभाषाका सामग्री प्रकाशन भइरहेको छ।

गोरखापत्रमा २०६४ असोज १ गतेदेखि विभिन्न मातृभाषाका समाचार सामग्री समेटिएको ‘नयाँ नेपाल’ बहुभाषिक पृष्ठ प्रकाशन प्रारम्भ गरिएको थियो। २०६२/६३ को जनआन्दोलनपछि जारी नेपालको अन्तरिम संविधान, २०६३ ले विभिन्न मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिएपछि नेपालको संवैधानिक इतिहासमा पहिलो पटक बहुभाषा नीतिले संवैधानिक मान्यता पाएको थियो। यो संवैधानिक व्यवस्था २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान, २०७२ मा पनि छ।

गोरखापत्र संस्थानको तत्कालीन सञ्चालक समितिले मुलुकको समावेशिता र बहुभाषिक नीतिलाई कार्यान्वयन गर्न २०६४ साउन ४ गते ‘नयाँ नेपाल’ शीर्षक अन्तर्गत बहुभाषिक पृष्ठ प्रकाशन गर्ने निर्णय गरेको थियो । दोस्रो जनआन्दोलनताका ‘नयाँ नेपाल’ बहुप्रचलनमा थियो । विसं १९५८ वैशाख २४ गतेदेखि नेपाली भाषामा प्रकाशन प्रारम्भ भएको गोरखापत्र दैनिकमा २०६४ असोज १ गतेदेखि छ भाषा (तामाङ, मैथिली, लिम्बू, गुरुङ, राई र नेपाल (नेवार)) मा सामग्री प्रकाशन भएका थिए।

त्यसपछि क्रमशः उर्दु, थारू, भोजपुरी, शेर्पा, जिरेल, थामी, किसान, ताजपुरिया, बाहिङ, बान्तवा, अवधी, सुनुवार, मगर, धिमाल, बज्जिका, कुमाल, मगही, बराम, संस्कृत, उराँव, माझी, मुगाल, अछामी, डोट्याली, दराई, मेचे, जुम्ली, चेपाङ, मारवाडी, ल्होमी, राजवंशी, दनुवार, बझाङ्गी, ह्याल्मो, याक्खा, डडेलधुरेली, नेपाल भोटे, रानाथारू, वाम्बुले र कुलुङ भाषा समावेश भएको थियो । पछिल्लो पटक २०८२ चैत २८ गते सन्थाल र हायु तथा २०८३ वैशाख ८ गते बोटे भाषालाई समावेश गर्ने निर्णय संस्थान व्यवस्थापनले गरेको हो।

गोरखापत्र दैनिकका प्रधान सम्पादक जुनारबाबु बस्नेतले ४९ भाषामा प्रकाशित गोरखापत्र मुलुकको समावेशिता र भाषिक विविधताको पर्याय रहेको बताउनुभयो । यसले गोरखापत्र दैनिकले भाषा साहित्यको जगेर्नामा महत्त्वपूर्ण भूमिका खेलेको उदाहरण दिँदै उहाँले समावेशी सञ्चार माध्यमको सशक्त उदाहरणका रूपमा प्रस्तुत भएको बताउनुभयो।

## पूर्वविशिष्टका सुविधामाथि छानबिनको तयारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

सरकारले सुशासन र वित्तीय अनुशासनलाई केन्द्रमा राख्दै पूर्वविशिष्ट पदाधिकारीले लिँदै आएको दोहोरो सरकारी सुविधामाथि कडाइ गर्ने भएको छ। पूर्वविशिष्टले लामो समयदेखि राज्य स्रोत दुरुपयोगबारे आलोचना हुँदै आएको दोहोरो सुविधा र मापदण्डविपरीत स्रोतसाधन प्रयोगको विषयमा अब सरकारले संस्थागत सुधारको पहल थालेको हो । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले पूर्वविशिष्ट पदाधिकारीले प्रयोग गरिरहेका सवारी साधनको यथार्थ विवरण तत्काल उपलब्ध गराउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ । पछिल्लो अध्ययनमा केही पूर्वपदाधिकारीले कानुनले तोकेको सीमा नाघेर सुविधा लिएको तथा फरक फरक निकायबाट दोहोरो लाभ उठाएको तथ्य फेला परेपछि सरकारले यो कदम चालेको हो।

गृह मन्त्रालयमार्फत पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधान न्यायाधीश, पूर्वसभामुख र राष्ट्रिय सभाका पूर्वअध्यक्षले हाल उपभोग गरिरहेका सवारीसाधनसहित अन्य सुविधाको विस्तृत विवरण बुधबार कार्यालय समयभित्र पठाउन भनिएको छ। गृह मन्त्रालयका प्रवक्ता, सहसचिव आनन्द काफ्लेले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्बाट माग भएको विवरण पठाइएको जानकारी दिनुभयो।

यसले सरकारको निगरानी प्रणाली अब कागजी औपचारिकतामा सीमित नरही व्यावहारिक कार्यान्वयनतर्फ उन्मुख भएको सङ्केत गरेको छ। पहल केवल विवरण सङ्कलनमा सीमित नभई प्राप्त विवरणको विश्लेषणपछि कानुनविपरीत वा मापदण्डभन्दा बढी सुविधा लिनेलाई सच्याउने, आवश्यक परे सुविधा कटौती गर्ने तथा सवारी साधन फिर्ता गराउनेसम्मको तयारी छ।

राज्यकोषको दुरुपयोग रोक्नुका साथै पारदर्शिता र जवाफदेहितालाई संस्थागत बनाउन यो कदम चालिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। साथै सार्वजनिक पदमा बसेका वा बसेर बाहिरिएका व्यक्तिले पनि कानुनी सीमाभित्र रहेर मात्र सुविधा उपभोग गर्नुपर्ने सिद्धान्तलाई कडाइका साथ लागु गर्ने जनाइएको छ।

### इतिहासको...

उहाँले भन्नुभयो, “नेपाली भाषा, साहित्य र कलाको जगेर्ना गर्नमा पनि गोरखापत्रको भूमिका अतुलनीय छ । यसलाई भविष्यमा पनि कायम राख्न सक्नु पर्छ।”मिडिया अध्येता हर्षमान महर्जन भने गोरखापत्रले अब आफूलाई सार्वजनिक मिडियाभन्दा कसरी फरक बनाउन सकिन्छ भन्नेतर्फ सोच्नुपर्ने बताउनुहुन्छ । गोरखापत्रले विविध भाषाभाषीलाई समेटेर छुट्टै पृष्ठ प्रकाशन गर्नु सुखद भएको बताउँदै महर्जनले सरकारलाई उत्तरदायी बनाउने कार्यमा पनि गोरखापत्रले ध्यान दिनुपर्ने बताउनुभयो।

गोरखापत्रको नियमित प्रकाशन आरम्भ विसं १९५८ वैशाख २४ गते सोमबारदेखि साप्ताहिक रूपमा भएको थियो। नेपालबाटै प्रकाशन भएको नेपाली भाषाको पहिलो अखबारका रूपमा रहेको यस पत्रिकालाई नेपाली पत्रकारिता जगत्को विश्वविद्यालयको उपनामसमेत दिने गरिएको छ।

गोरखापत्र प्रकाशनको ऐतिहासिक दिनलाई नै आधार मानेर सरकारले वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवस पनि मनाउँदै आएको छ।

सुरुमा साप्ताहिक रूपमा प्रकाशन आरम्भ भए पनि आफ्नो प्रकाशनको प्रारम्भदेखि विसं १९९१ वैशाख ८ गतेसम्म हप्ताको एक दिन सोमबार र त्यसपछि विसं २००१ असोजसम्म बुधबार प्रकाशन हुन थाल्यो । पछि साताको दुई र तीन पटक हुँदै २०१७ फागुन ७ गतेबाट दैनिक भएको हो । गोरखापत्रका सहप्रकाशनमा अङ्ग्रेजी भाषाको ‘दी राइजिङ नेपाल’, मासिक पत्रिका ‘मधुपर्क’, ‘युवामञ्च’, ‘मुना’ र ‘गोरखापत्र अनलाइन’ संस्करण रहेका छन्।

**अन्तर्राष्ट्रिय समाचार**

## वाङ र अराघाचीबिच बेइजिङमा वार्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

पश्चिम एसियामा बढ्दो अस्थिरता र विश्व शक्ति सन्तुलनको बदलिँदो समीकरणबिच इरानले आफ्नो कूटनीतिक सक्रियता तीव्र बनाएको छ। यही सन्दर्भमा इरानका विदेशमन्त्री अब्बास अराघाचीले बेइजिङमा चीनका समकक्षी वाङ यीसँग उच्चस्तरीय भेटवार्ता गर्दै द्विपक्षीय सम्बन्ध विस्तारदेखि क्षेत्रीय सङ्कटसम्मका विषयमा गहन छलफल गर्नुभएको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ।

चीनका विदेशमन्त्री वाङको निमन्त्रणामा बुधबार बेइजिङ पुग्नुभएका अराघाचीको यो भ्रमणलाई तेहरानको सक्रिय कूटनीतिक पहलका रूपमा हेरिएको छ । इरानको सरकारी प्रसारण संस्था इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) का अनुसार पश्चिम एसियामा तीव्र बन्दै गएको तनाव र अन्तर्राष्ट्रिय घटनाक्रमलाई ध्यानमा राख्दै यो भ्रमण आयोजना गरिएको हो।

भेटमा दुवै नेताले वर्तमान भूराजनीतिक अवस्थाबारे घनीभूत विचार आदानप्रदान गर्नुभएको छ । अराघाचीले आफ्नो भ्रमणलाई ‘विश्वका साझेदारसँग जारी कूटनीतिक परामर्श’ को हिस्सा भएको उल्लेख गर्दै द्विपक्षीय सहकार्य र क्षेत्रीय स्थिरता दुवैमा केन्द्रित रहेको बताउनुभयो।

बेइजिङको यो भ्रमण अराघाचीको हालै सम्पन्न बहुदेशीय कूटनीतिक यात्राको निरन्तरता हो। उहाँले यसअघि पाकिस्तान, ओमान र रुसको भ्रमण गरिसक्नुभएको थियो, जसलाई पश्चिम एसियाली तनावबिच समर्थन जुटाउने इरानको रणनीतिक प्रयासका रूपमा विश्लेषण गरिएको छ।

रुसको सेन्ट पिटर्सवर्ग भ्रमणका क्रममा अराघाचीले राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गर्नुभएको थियो । रुसी समाचार संस्था इतारतासका अनुसार उक्त भेटमा पुटिनले मध्यपूर्वमा चाँडो शान्ति स्थापनाका लागि रुसले आफ्ना तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। साथै उहाँले इरानी जनताको सार्वभौमसत्ताको पक्षमा ‘साहसिक रूपमा उभिएको’ भन्दै प्रशंसा पनि गर्नुभएको थियो।

ती वार्तामा अराघाचीले विशेष गरी अमेरिका र इजरायल संलग्न गतिविधिलाई ‘युद्ध र आक्रामकता’ का रूपमा व्याख्या गर्दै त्यसबारे चिन्ता व्यक्त गर्नुभएको थियो । पुटिनले रुस इरानको हितको पक्षमा उभिने र क्षेत्रीय शान्ति पुनर्स्थापनामा सहयोग गर्ने आश्वासन दिनुभएको थियो । यसले तेहरान–मस्कोबिचको रणनीतिक निकटतालाई थप स्पष्ट पारेको छ। यसअघि पाकिस्तान भ्रमणका क्रममा अराघाचीले त्यहाँका अधिकारीसँग पछिल्ला घटनाक्रम र इरान–अमेरिका सम्भावित वार्ताका सर्तबारे छलफल गर्नुभएको थियो। उहाँले इस्लामाबादमा भएका परामर्शलाई ‘धेरै फलदायी’ भएको बताउनुभएको थियो।

त्यसपछि ओमानको राजधानी मस्कटमा भएको भेटवार्तामा समुद्री सुरक्षालाई प्राथमिकता दिइएको थियो । विशेष गरी स्ट्रेट अफ हर्मुजको रणनीतिक महत्त्वबारे छलफल केन्द्रित रहेको थियो। स्ट्रेट अफ हर्मुजलाई विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । इरना समाचार एजेन्सीका अनुसार अराघाचीले इरान र ओमान दुवै यस जलघाटीका तटीय राष्ट्र भएकाले पारस्परिक समन्वय अपरिहार्य रहेको बताउनुभएको थियो।

यसैबिच स्ट्रेट अफ हर्मुजमा इरानले आफ्नो नियन्त्रण थप कडा बनाउँदै जहाजको आवागमनमा नयाँ ‘सार्वभौम’ नियम लागु गरेको छ । अब उक्त जलघाटी पार गर्नुअघि सबै अन्तर्राष्ट्रिय जहाजले अनिवार्य रूपमा पूर्वअनुमति लिनुपर्ने व्यवस्था लागु गरिएको छ।

इरानको राज्य सञ्चालित प्रेस टिभीका अनुसार नयाँ प्रणाली अन्तर्गत हर्मुज हुँदै यात्रा गर्न चाहने सिपिङ कम्पनीले पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) सँग सम्बन्धित निकायबाट विद्युतीय निर्देशन प्राप्त गर्नुपर्ने छ। ती निर्देशनमा अद्यावधिक नियम, मार्गसम्बन्धी मापदण्ड र पालना गर्नुपर्ने सर्त समावेश हुने छन्, जसलाई सबै जहाजले अनिवार्य रूपमा अनुसरण गर्नुपर्ने छ।

यस नयाँ प्रोटोकल अनुसार जहाजले जलघाटीमा प्रवेश गर्नुअघि ‘ट्रान्जिट अनुमति’ लिनुपर्ने व्यवस्था गरिएको छ। इरानी राज्य मिडियाले यसलाई आफ्नो अधिकार क्षेत्रभित्र लागु गरिएको ‘सार्वभौम शासनप्रणाली’ का रूपमा व्याख्या गरेको छ, जसले रणनीतिक समुद्री मार्गमाथि नियन्त्रण अझ सुदृढ बनाउने लक्ष्य राखेको देखिएको छ।

### इमानदार...

अर्कातिर हालको अमेरिकी डलरको विनिमय दरले पनि आकारमा प्रभाव पार्ने भएकाले अहिलेभन्दा घटेको अवस्थामा डलरका आधारमा आकार अलि कम हुन सक्ने विज्ञको भनाइ छ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ सात वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र पुऱ्याउन माग र आपूर्ति पक्ष बढाउने गरी सरकारले काम गर्नुपर्ने बताउनुहुन्छ । “यसका लागि उत्पादन बढाउने, आन्तरिक र बाह्य लगानी बढाउने नीतिलाई कार्यान्वयनमा लैजानु पर्छ,” उहाँले भन्नुभयो, “अर्कातिर बढी प्रतिफल दिने आयोजना कार्यान्वयनमा सरकारको ध्यान केन्द्रित हुनु पर्छ।”

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डे निजी क्षेत्रसँगको सहकार्यबाट मात्रै सरकारले अर्थतन्त्रको लक्ष्य पूरा गर्न सक्ने बताउनुहुन्छ। खास गरी लगानी बढाउन सहज नीतिगत व्यवस्था महत्त्वपूर्ण हुने उहाँको भनाइ छ । त्यसो त परिसङ्घले गरेको हालैको एक अध्ययनले पनि नेपालको अर्थतन्त्रको आकार सन् २०३३ भित्रै एक सय अर्ब डलर पुग्ने सम्भावना देखाएको छ । छ प्रतिशतको वास्तविक वृद्धिदर हासिल हुन सके अबको सात वर्षमा उक्त लक्ष्य पूरा हुने अध्ययनको निष्कर्ष छ तर आधारभूत मूल्यमा भने उक्त लक्ष्य पूरा हुन अझ १३ वर्ष अर्थात् सन् २०३९ सम्म प्रतीक्षा गर्नुपर्ने पनि उक्त अध्ययनले देखाएको छ।

परिसङ्घ अध्यक्ष पाण्डे अध्ययनले आशावादी अवस्थामा उक्त लक्ष्य पूरा हुने देखाएको बताउनुहुन्छ। “यसका लागि विभिन्न नौ वटा क्षेत्रमा काम गर्नुपर्ने देखिएको छ,” उहाँले भन्नुभयो।

सरकारले पनि एक सय अर्ब डलरको अर्थतन्त्र बनाउन केही रणनीतिक क्षेत्र पहिचान गरेको छ। अर्थ मन्त्रालयले विद्युत् उत्पादनमा जडित क्षमता आगामी पाँच वर्षभित्र १५ हजार मेगावाटसम्म पुऱ्याउने, राष्ट्रिय गौरवका आयोजनाको निर्माण आगामी दुई वर्षभित्र सम्पन्न गर्ने र पूर्वाधार आयोजनामा निजी लगानीसमेत आकर्षित गर्ने आधार पहिल्याएको छ । यसबाहेक कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्दै उद्योग र पर्यटनसँग अन्तरआबद्धता कायम गर्ने, कृत्रिम बौद्धिकता उपयोगसहितको सूचना तथा प्रविधिको उपयोग र डिजिटल अर्थतन्त्र निर्माणबाट उत्पादन, उत्पादकत्व, रोजगारी र निर्यात अभिवृद्धि गरेर अर्थतन्त्र एक सय अर्ब डलर पुऱ्याउन सकिने आधार मन्त्रालयले देखाएको छ।

**लुम्बिनी प्रदेश सरकार**
**प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत सिफारिस समितिको सचिवालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

**प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३।०१।२४**

प्रदेश पूर्वाधार विकास प्राधिकरणमा रिक्त प्रमुख कार्यकारी अधिकृत खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले प्रदेशको पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ को दफा १८ को उपदफा (१) बमोजिमको योग्यता पुगेको नेपाली नागरिकले २०८३ वैशाख ३० गते कार्यालय समयभित्र समितिको सचिवालय (प्रदेश पूर्वाधार विकास प्राधिकरणको कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल) मा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदनको ढाँचा, पेश गर्नुपर्ने कागजात र विवरण सहितको अन्य जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटः **www.ocmcm.lumbini.gov.np** र प्रदेश पूर्वाधार विकास प्राधिकरणको वेबसाइट **www.ida.lumbini.gov.np** मा उपलब्ध रहेको छ।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको**
**भूलसुधार गरिएको सम्बन्धमा।**

मिति २०८३।०१।२३ गते गोरखापत्रको पृष्ठ नं. १६ को यस न्यायाधिकरणबाट प्रकाशित लिलाम बिक्री सम्बन्धी दोस्रो पटक (१५) दिने वादी एनएमबि बैंक लिमिटेड र प्रतिवादी धौलागिरी सोलार एण्ड इलेक्ट्रोनिक्स कम्पनी प्रा.लि. समेत भएको मु.नं. २८२/०७९-DR-०२०८ र प्रतिवादी नेशनल सोलार एण्ड इन्भेष्टमेण्ट प्रा.लि. समेत भएको मु.नं. ८९/१०१।७५।७७ को ऋण असुली मुद्दाको सूचनाको शर्त खण्डको १ नं. को शर्तमा १५ दिनभित्र हुनुपर्नेमा अन्यथा भएको हुँदा १५ दिन र २ नं. को शर्तमा १६औँ दिन हुनुपर्नेमा अन्यथा भएको हुँदा १६औँ दिन कायम गरी सच्याइएको छ।

**काठमाडौँ महानगरपालिका १६ वडाबाट जारी भएको उपस्थित हुनेबारे १५ दिने सूचना।**

यस वडा नं. १६ अन्तर्गत नयाँबजार स्थायी बसोबास भएको कान्छा भाई महर्जनको नाममा दर्ता कायम भएको कित्ता नं. १२० र १२१ मा बनेको घरमा मिची एजुकेसन कन्सल्टेन्सी कावासोतीका सञ्चालक सरिता श्रेष्ठ, लक्ष्मी श्रेष्ठ र प्रन्जु श्रेष्ठ नाम गरेको संस्था/व्यक्तिले घरको फ्ल्याट २ वर्षदेखि भाडामा लिई करिब ९ महिनादेखि भाडा नतिरी हाल ३ महिनादेखि मेसेज कल गर्दा सम्पर्कमा नआएको हुँदा उक्त फ्ल्याट खाली गरिपाऊँ भनी घरधनी श्री सनम महर्जनले निवेदन दिनुभएको हुँदा काठमाडौँ महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीलाई यस का.म.पा. १६ वडा कार्यालयमा १५ दिनभित्र उपस्थित हुनका लागि यो सूचनाबाट जानकारी गराइन्छ।

## चिकित्सक सङ्घको अध्यक्षमा डा. रिजाल



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

नेपाल चिकित्सक सङ्घ (एनएमए) को नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा डा. बद्री रिजाल अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ। डा. रिजाल निकटतम प्रतिस्पर्धी डा. मङ्गल रावललाई २५६ मतले पराजित गर्दै निर्वाचित हुनुभएको हो।

डा. रिजालले तीन हजार १९६ मत प्राप्त गर्दा डा. रावलले दुई हजार ९४० मत प्राप्त गर्नुभयो। अध्यक्षका अर्का प्रतिस्पर्धी डा. नारायण भुसालले ८६९ मत प्राप्त गर्नुभएको छ। यसै गरी बरिष्ठ उपाध्यक्षमा डा. सञ्जीव तिवारीले तीन हजार ३६ मत प्राप्त गर्दै विजयी हुनुभयो।

यस्तै महासचिवमा डा. विश्वराज दवाडीले दुई हजार ७२२ मत प्राप्त गर्दै विजयी हुनुभएको छ। कोषाध्यक्षमा डा. संयुक्त आचार्यले तीन हजार १८६ मत प्राप्त गरी विजयी हुनुभयो। सहसचिवमा डा. हुलास अग्रवाल, सहकोषाध्यक्षमा डा. तेजसुसिंह मल्ल, प्रदेश उपाध्यक्षमा कोशी प्रदेशमा डा. रोशन खड्का, मधेश प्रदेशमा डा. अमित रञ्जन मिश्र, बागमतीमा डा. सुवास भट्टराई, गण्डकी प्रदेशमा डा. यज्ञराज सिग्देल, लुम्बिनी प्रदेशमा डा. नन्दाकुमारी गुरुङ, कर्णाली प्रदेशमा डा. रविन खड्का, सुदूरपश्चिम प्रदेशमा डा. प्रमोद जोशी विजयी हुनुभयो। यसै गरी केन्द्रीय सदस्यमा डा. अमित झा, डा. राकेश शाह, डा. पल्पसा श्रेष्ठ, डा. बिना श्रेष्ठ, डा. सुस्मित काफ्ले र डा. शेषराज घिमिरे निर्वाचित हुनुभएको छ।

## विद्यालयमा दुईदिने बिदा

# असर कम गराउन दुई प्रस्ताव

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, वैशाख २३ गते*




सातामा दुई दिन सार्वजनिक बिदा दिँदा विद्यार्थीको पढाइमा पर्न सक्ने सिकाइ उपलब्धिलाई यथावत् राख्न दुई वटा प्रस्ताव अगाडि सारिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनमा पाठ्यक्रम विकास केन्द्रले अध्ययन गरेर यस्तो प्रस्ताव अघि सारेको हो। जस अनुसार विद्यार्थीलाई पढाइसँगै परियोजना कार्यमा पनि अभ्यस्त गराउने पहिलो प्रस्ताव छ। केन्द्रका महानिर्देशक युवराज पौडेलका अनुसार विद्यार्थीले सोमबारदेखि शुक्रबारसम्म कक्षामा सिकेको विषयलाई आइतबार बिदाको दिन व्यवहारमा उतार्न लगाइने छ। यस दिन आवश्यकता अनुसार विद्यार्थीलाई पाठ्यक्रमले तोके अनुसार अनुसन्धानमा लगाउने, सामाजिक गतिविधिबारे अध्ययन गर्न लगाउने तथा घरमै पनि केही सिप सिक्न लगाउनेलगायतका विकल्प दिइने छ।

अहिले पनि विद्यार्थीलाई परियोजना कार्यमा लगाउने विषय पाठ्यक्रममा समावेश गरिएको छ। अबदेखि भने यसको दायरालाई अझ फराकिलो बनाइने र विद्यार्थीको अभ्यासमूलक क्रियाकलापलाई सिकाइ उपलब्धिसँगै अनिवार्य रूपमा जोडिने छ। केन्द्रले यो प्रस्ताव मन्त्रालयमा पठाएको पौडेलले जानकारी दिनुभयो।

त्यससँगै अहिले विद्यालयले दिँदै आएको हिउँदे र बर्से बिदा कटौती गर्ने अर्को प्रस्ताव पनि केन्द्रले गरेको छ। अहिले विद्यालयले हिउँदे र बर्सातको समयमा गरेर आवश्यकता अनुसार वर्षमा ४५ दिन बिदा दिन पाउँछन्। त्यसबाहेक विद्यालयले पाँच दिन थप स्थानीय बिदा दिन पाउने कानुनी व्यवस्था छ।

दसैँतिहारलगायतका अन्य सार्वजनिक बिदा यसमा गणना हुँदैन। केन्द्रले मन्त्रालयमा पठाएको प्रस्तावमा ४५ दिनको बिदालाई १५ दिन कटौती गरेर ३० दिनमा झार्न सकिने उल्लेख छ तर यसो गर्दा हालको शिक्षा नियमावलीलाई संशोधन गर्नुपर्ने हुन्छ। किनकि शिक्षा नियमावलीको दफा ८५ मा एक शैक्षिक सत्रमा हिउँदे वा बर्खे वा दुवै गरी ४५ दिन स्कुल बन्द गर्न पाइने उल्लेख गरिएको छ। पाठ्यक्रम विकास केन्द्रको प्रस्ताव अनुसार यस्तो बिदालाई ३० दिनमा झार्नुपरेमा नियमावलीको यस दफामा परिमार्जन गर्नु पर्छ।

शिक्षा नियमावलीमा एक शैक्षिक सत्रमा २२० दिन विद्यालय खोलेर काम गर्नुपर्ने उल्लेख छ। यसको अर्थ २२० दिन नै विद्यार्थीलाई पढाउनु पर्छ भन्ने होइन। परीक्षा, नतिजा तयारीलगायतलाई पनि यसैमा समावेश गरिएको छ तर विद्यालय खुलेका दिनमध्ये र १८४ दिन पढाइ सञ्चालन गर्नु पर्छ। सरकारले आइतबारसमेत बिदा दिने निर्णय गरेपछि विद्यालय खुल्ने समय ३८ दिन घटेर १५४ दिन हुने छ। यस्तोमा पाठ्यक्रम सकिँदैन कि भन्ने आम चासो छ। तर सातामा दुई दिन बिदा दिने निर्णय कार्यान्वयनमा आइसकेको र यस वर्ष शैक्षिक सत्रसमेत दुई साता ढिला सुरु भएकाले विद्यालय थप दबाबमा परेका छन्। दुईदिने बिदा कार्यान्वयनमा आइसक्दा पनि सरकारबाट स्पष्ट निर्देशन आउन ढिलो हुँदा विद्यालय दोधारमा परेका छन्।

तर केन्द्रले तयार पारेको योजना शिक्षा, विज्ञान तथा प्रविधि अध्यक्ष रहने राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले पारित गरेपछि मात्रै कार्यान्वयनमा जाने छ।

वैशाख १५ मङ्गलबारदेखि विद्यालय भर्ना अभियान सुरु गरी शैक्षिक सत्र औपचारिक रूपमा सुरु गरिए पनि पठनपाठन २१ गतेदेखिमात्र सञ्चालन हुने छ। यद्यपि धेरै जसो स्थानीय तहले एक साताअघि नै भर्ना अभियान र पठनपाठन सुरु गरिसकेका छन्।

गत वर्ष पनि शिक्षकको आन्दोलन, जेनजी आन्दोलन र निर्वाचनका कारण समयमै पाठ्यक्रम पूरा गर्न विद्यालयलाई हम्मे हम्मे परेको थियो।

# दोस्रो चरणमा सत्र लाख सवारी लाइसेन्स छपाइ

**केदार तिमल्सिना**
*बनेपा, वैशाख २३ गते*

सरकारले दोस्रो चरणमा थप १७ लाख थान सवारीचालक अनुमतिपत्र (सवारी लाइसेन्स) को छपाइ सुरु गरेको छ। यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबिच क्युआर कोडसहितको स्मार्ट सवारी लाइसेन्स छपाइ गर्ने सम्झौता भई लाइसेन्स छपाइको काम सुरु गरिएको हो।

सुरक्षण मुद्रण केन्द्रका उपसचिव गोपालराव तिमिल्सिनाले असार मसान्तभित्र थप १७ लाख थान लाइसेन्स छपाइ गर्ने सम्झौता भई काम सुरु भएको बताउनुभयो। उहाँले विभागसँगको पहिलो चरणको सम्झौताबमोजिम वैशाख पहिलो साता सम्झौताबमोजिमको १२ लाख थान लाइसेन्स छपाइ सकेर हस्तान्तरण गरिएको बताउनुभयो। "पहिलो चरणको १२ लाख सम्झौतामध्ये केन्द्रबाट अत्यावश्यक ३७ हजार ६९८ थान, ब्याकलग प्रिन्ट ११ लाख ३१ हजार ७५ थान र दैनिक प्रिन्ट ३१ हजार २२७ थान लाइसेन्स छपाई यातायात व्यवस्था विभागलाई हस्तान्तरण गरेका हौँ," उपसचिव तिमिल्सिनाले भन्नुभयो। केन्द्र र विभागबिच छ महिनाभित्र १२ लाख सवारी लाइसेन्स छपाइ गर्ने गरी गत कात्तिक १२ गते सम्झौता भएको थियो। केन्द्रले विभागसँगको सम्झौताबमोजिम समयअगावै लाइसेन्स छपाइ सकेर हस्तान्तरण गरेको तिमिल्सिनाले बताउनुभयो।

सरकारले हालसम्म बाँकी रहेका ब्याकलग सवारी लाइसेन्सको छपाइ सम्पन्न गर्नुका साथै दैनिक मागलाई प्राथमिकतामा राखी लाइसेन्स उत्पादन तथा छपाइको कामलाई छिटोछरितो सम्पन्न गर्न दोस्रो चरणको सम्झौता गरेको हो। उपसचिव तिमिल्सिनाले दोस्रो चरणको लाइसेन्स छपाइका लागि आवश्यक पर्ने कागजलगायतका कच्चा पदार्थ खरिदका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग सम्झौता भएको बताउनुभयो। उहाँले कम्पनीसँगको सम्झौता गरिएको कच्चा पदार्थ आउनका लागि दुई साता लाग्ने बताउनुभयो। उहाँले खरिद गरिएका कच्चा पदार्थ नआएसम्म तत्कालका लागि अत्यावश्यक र २४ घन्टे सवारी लाइसेन्स छपाइको काम हुने बताउनुभयो। "विभागसँगको दोस्रो चरणको सम्झौताबमोजिम हालसम्म १८८ थान अत्यावश्यक, दैनिक प्रिन्ट चार हजार ९१३ थान गरी कुल पाँच हजार १०१ थान लाइसेन्स छपाइ सकेर विभागलाई हस्तान्तरण गरेका छौँ," उपसचिव तिमिल्सिनाले थप्नुभयो।

उहाँले हाल अत्यावश्यक २११ थान, दैनिक प्रिन्ट तीन हजार ७६३ थान लाइसेन्स छपाइको प्रक्रियामा रहेको बताउनुभयो। उहाँले केन्द्रमा ब्याकलग लाइसेन्स ५० हजार ८९७ थान प्रिन्ट भइसकेको बताउँदै हस्तान्तरणको प्रक्रियामा रहेको बताउनुभयो। यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबिच प्रतिथान लाइसेन्स १९५.१७ पैसामा छपाइ गर्ने सम्झौता भएको हो। यसै गरी केन्द्रले हुलाक व्यवस्था विभागसँग भएको सम्झौताबमोजिम हालसम्म ३० लाख थान हुलाक टिकट छपाइ गरेर हस्तान्तरण गरिसकेको छ। हुलाक व्यवस्था विभागसँग ६० लाख थान हुलाक टिकट छाप्ने विषयमा सम्झौता हुन बाँकी रहेको केन्द्रले जनाएको छ। हालसम्म जावा दाम, भैरव नाच र धुरकोट दरबार अङ्कित १०/१० लाख थान हुलाक छपाइ सकिएको छ। त्यस्तै कृषि आनुवांशिक स्रोत, इन्डेमिक वनस्पति, धार्मिक र पर्यटकीय सम्पदा, प्रथम विश्वयुद्धमा भिक्टोरिया क्रस प्राप्त गर्ने कुलवीर थापामगर र कर्णबहादुर रानामगर, प्रथम बाली प्रजानक कृषिविज्ञ नेत्रहादुर बस्न्यात र शिक्षा क्षेत्रको गरी थप ६० लाख थान टिकट छपाई बाँकी रहेको छ।

राहदानी, बैङ्क नोटलगायतका वस्तुको छपाइबापत विदेशी मुलुकमा जाने रकमलाई स्वदेशमा नै रोक्ने उद्देश्यले सरकारले आर्थिक वर्ष २०७४/७५ देखि सुरक्षण मुद्रण छापाखाना स्थापनाका लागि आफ्नो नीति तथा कार्यक्रममा बजेट व्यवस्थापन गरेर काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-५, धनेश्वरमा सुरक्षण मुद्रण छापाखाना (सेक्युरिटी प्रेस) निर्माणको काम सुरु गरेको हो।


**राष्ट्रिय वाणिज्य बैंक लि.**
RASTRIYA BANIJYA BANK LTD.
शाखा कार्यालय, जलेश्वर (१२७)

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

महोत्तरी जिल्ला, जलेश्वर नगरपालिका १ बस्ने सुब्बालाल मेहतरीको नाति, राम असेसर मेहतरीको छोरा राम रतन मेहतरीको मिति २०६७।०६।०७ मा मृत्यु भएकोले यस शाखामा रहेको बचत खाता नं. १२७०१०००२८४७६०१० मा रहेको रकम भुक्तानी पाऊँ भनी महोत्तरी जिल्ला, जलेश्वर १ बस्ने निज खातावालाको छोरा राम स्वार्थ साह, राम दुलार साह र बुहारी मिथिला देवीले मिति २०८३।०१।१७ का दिन निवेदन दिनुभएको हुनाले मृतक खातावालाको खाताको रकम उपर अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम हकदारहरूले यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय जलेश्वरमा हकदाबी गर्न आउनुहोला। यो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
RASTRIYA BANIJYA BANK
शाखा कार्यालय, विराटनगर (२१२)

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२४)

हाल मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ११ बस्ने श्री छबिलालको छोरा, केदार प्रसाद उपाध्याय अधिकारीको मिति २०६७।१२।५ मा मृत्यु भएकाले निज खातावालाको छोरा नाता पर्ने हाल मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ११ बस्ने सुरज कुमार अधिकारी (०५-०१-८०-०२८५५, २०८०।०२।२४) मिति २०८३।०१।०९ मा यस बैंकमा रहेको बचत खाता नं. २१२०१०००१७६५४०१० को रकम भुक्तानी पाऊँ भनी निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय विराटनगरमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
RASTRIYA BANIJYA BANK
शाखा कार्यालय, भैरहवा (३०८)

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२४)

रुपन्देही जिल्ला, कोटहीमाई गा.पा. वडा नं. ०१ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री डुठनी नाउनीको मिति २०८२।१२।०१ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. ३०८०१०००९२७०६०१० खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा नाता पर्ने ऐ.ऐ. बस्ने हरि कुमार नाउले यस बैंकमा मिति २०८३।०१।२३ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय भैरहवामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको**

**भूलसुधार गरिएको सम्बन्धमा।**

मिति २०८३।०१।२३ गते गोरखापत्र दैनिकको पृष्ठ नं. १६ को यस न्यायाधिकरणबाट प्रकाशित लिलाम बिक्री सम्बन्धी दोस्रो पटक (१५) दिने वादी कुमारी बैंक लिमिटेड (साविक एन सी सी बैंक लि) र प्रतिवादी पञ्चकन्या सप्लायर्स प्रा.लि. समेत भएको मु.नं. ४४९/१०१।०७४।७० को ऋण असुली मुद्दामा सूचनाको शर्त खण्डको १ नं. शर्तमा १५ दिनभित्र हुनुपर्नेमा अन्यथा भएको हुँदा १५ दिन कायम गरी सच्याइएको छ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**काठमाडौँ उपत्यका विकास प्राधिकरण**
**जिल्ला आयुक्तको कार्यालय ललितपुर**
मानभवन, ललितपुर
प्रथम पटक प्रकाशितः २०८३/०१/२४

**बोलपत्र छनोट गर्ने आशयको सूचना**

यस कार्यालयबाट मिति २०८३/०१/१७ गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र छनोट गर्ने आशयको सूचनामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ (४ङ) को अवस्था सिर्जना भएकोले पुनः मूल्यांकन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिन आएका हुँदा बोलपत्रदाता छनोट गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अंक (भ्याट र पी.एस. बाहेक) |
|---|---|---|---|
| १. | KVDA/LALITPUR/ WORKS/082/83-03 | P.P- Chinnamasta Samir JV Saptari | 1,84,81,447.86 |

जिल्ला आयुक्त

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँ**
**सडक डिभिजन काठमाडौँ**
**नि. व्य. श्री सुजल/एम.डि. ब्रो जे.भी., इलामलाई**

**ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना**

(प्रकाशित मितिः २०८३।०१।२४)

यस डिभिजनको ठेक्का नं. RDKTM/337011384/079/80/063 अन्तर्गत Improvement of Service Lanes (Both Sides) of Jadibuti Manohara Bridge Section of Araniko Highway कार्यका लागि त्यस जे.भी. सँग मिति २०८०।०२।२५ मा ठेक्का सम्झौता भएकोमा पटक-पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा हालसम्म पनि कार्य प्रगतिमा सुधार नभएको, पेश भएको कार्यतालिका बमोजिम कार्य नभएको, लामो समयसम्म ठेक्का अलपत्र अवस्थामा रहेको र पटक पटक प्रतिबद्धता व्यक्त गरेतापनि कार्य सुचारु नगरेको तथा कार्य सम्पन्न गर्ने तर्फ तदारुकता समेत नदेखाएको हुँदा ठेक्का सम्झौताको GCC Clause No. 72.1 अनुसार तथा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार ठेक्का अन्त्य किन नगर्ने ? ठेक्का अन्त्य गर्नु नपर्ने कुनै यथोचित कारण भए १५ (पन्ध्र) दिन भित्र स्पष्टीकरणसहित आधिकारिक व्यक्ति स्वयं यस कार्यालयमा उपस्थित हुनु हुन अनुरोध छ, अन्यथा ठेक्का सम्झौताका शर्तहरू तथा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुनबमोजिम ठेक्का अन्त्य गर्ने तर्फ कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

डिभिजन प्रमुख

**कागेश्वरी मनोहरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाँछी, काठमाडौँ**
**बागमती प्रदेश, नेपाल**

**बोधिचित्त वृक्षमा फलेका दाना बिक्री गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३।०१।२४

कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६ स्थित ग्रीनहील सिटीको मुख्य प्रवेशद्वारको दक्षिणतर्फ प्रहरी चौकी नजिक रमाइलो समाजमा भएको सार्वजनिक जग्गामा बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्ने र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले कागेश्वरी मनोहरा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ को आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था अनुसार निम्न शर्तहरूको अधिनमा रही रीत पूर्वकको बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ। सोको विस्तृत विवरण यस कार्यालयको website www.kageshworimun.gov.np मा गई प्राप्त गर्न सकिने छ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल मूल्य |
|---|---|---|
| Kageshwori/ Revenue /03/2082-083 | बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्ने र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्ने कार्य। | रु. १५,००,३५०।०० (अक्षरेपि रु. पन्ध्र लाख तीन सय पचास रुपैयाँ मात्र।) |

प्रमुख प्रशासकीय अधिकृत

**कर्णाली प्रदेश सरकार**
**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**
**खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय**
**खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय**
**सिमकोट, हुम्ला**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८३/०१/२४

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयद्वारा इ- बिडिङ मार्फत मिति २०८२/११/१४ मा प्रकासित बोलपत्रको सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको ठेक्काको तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनोट भई सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) एवं सम्बन्धित अन्य दफाहरूको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नम्बर | स्वीकृतिका लागि छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र प्रोभिजनल सम बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | **WIEDO/HUMLA/NCB/ KWNI/15/082-083,** (Kharpunath Tatha Lawasur Khanepani Yojana Kharpunath-4,5 and Naudhara Dekhi Bhagautibisauna Samma Sichai Kharpunath-5, Durpa) | श्री P and P-Nabadurga-Dynamic JV, Kharpunath-4, Humla | १,२८,२७,२८५।१५ | |
| 2 | **WIEDO/HUMLA/NCB/LPBI/16/ 082-083,** (Lamahi Palsa Sichai Adhanchuli-6 and Bhatgaun Ansete Sichai Kulo Tajakot-4, Humla) | श्री UPAMA - UTKRISHTI JV, Soru-05, Mugu | १,१७,९०,६७१।४५ | |

कार्यालय प्रमुख

**Practical ACTION**

**स्थानिय गै.स.स.हरु (NGOs) बाट परियोजना संचालनमा साझेदारीको लागि आशय पत्र आव्हान**

प्राक्टिकल एक्शन जैविक विविधताको ह्रास र प्रदुषणको कारणले जनसमुदायमा परेको प्रभाव कम गर्दै समृद्ध तथा समावेशी समाज निर्माण गर्न प्रतिवद्ध एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो। यसले विभिन्न साझेदार संस्थाहरुसँग मिलेर प्रभावकारी कार्यक्रमहरु संचालन गर्दै आएको छ।

नेपालमा प्राक्टिकल एक्शनले निम्न प्रदेश तथा जिल्लाहरुमा परियोजनाहरु संचालन गर्न दातृ निकायसँग विभिन्न प्रस्तावहरु पेश गर्ने प्रकृयामा रहेको छ। यदि सो प्रस्तावहरु स्विकृत भएमा साझेदारीमा कार्यक्रम संचालन गर्न उल्लेखित जिल्लाहरुमा दर्ता भई कार्यरत स्थानिय गैर सरकारी संस्थाहरुबाट आशयपत्र (EOI) का लागि यो सूचना प्रकाशित गरिएको छ।

| प्रदेश | जिल्लाहरु | प्रदेश | जिल्लाहरु |
|---|---|---|---|
| कोशी | झापा | बागमति | सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक |
| मधेश | धनुषा र सिराहा | लुम्बिनी | सबै जिल्लाहरु |
| गण्डकी | मुस्ताङ्ग | सुदुरपश्चिम | सबै जिल्लाहरु |

आवेदक संस्थाहरुले विषेशगरी जलवायु परिवर्तन तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा परियोजना संचलन गरेको अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

**आवेदन प्रकिया**

इच्छुक गैर सरकारी संस्थाहरुले **https://practicalaction.org/careers/other-opportunities/** बाट आशयपत्र (EOI) को ढाँचा डाउनलोड गरी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र, लेखापरीक्षण प्रमाणपत्र र सम्बन्धित जिल्लामा काम गर्न ईजाजत प्रमाणपत्र सहित आशयपत्र आवेदन संस्थाको ईमेल **proposals practicalaction.org.np** मा बिहिबार, १४ जेष्ठ २०८३ भित्र पेश गर्नुहुन अनुरोध गरिन्छ।

माथि तोकिएको म्याद भन्दा पछि प्राप्त आवेदनहरुप्रति कुनै कारवाही गरिने छैन। साझेदार संस्था छनौट प्रकृयामा प्राक्टिकल एक्शनले सर्बाधिकार सुरक्षित राखेको जानकारी गराउँदछौं।

**BIG CHANGE** starts small

**प्राक्टिकल एक्शन**
पानीपोखरी, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७१ ४५२३६३९/६४०/४५१३४५२

'कुनै महान् उद्देश्यमा वफादार र कुशल काम, तुरुन्तै पहिचान नहुन सक्छ, अन्ततः फल दिन्छ ।'
-जवाहरलाल नेहरू

## सम्पादकीय

# बजेट अधिवेशनको कार्यभार


**आउँदो सोमबारदेखि संसद् अधिवेशन सुरु हुँदै छ । यो बजेट अधिवेशन हो । बजेट अधिवेशन केवल वार्षिक आयव्ययको विवरणमा मात्र सीमित नभई मुलुकको शिथिल अर्थतन्त्रलाई गति दिने एउटा रूपान्तरणकारी प्रस्थानविन्दु हुनु पर्छ । बढ्दो सार्वजनिक ऋण, न्यून पुँजीगत खर्च र निजी क्षेत्रको गिरेको मनोबललाई उकास्नु यस अधिवेशनको मुख्य काम हुने अपेक्षा गरिएको छ । यस अधिवेशनमा परम्परागत वितरणमुखी बजेटको सट्टा आन्तरिक उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने, जनसरोकारका विषय सम्बोधन गर्ने ठोस कार्यक्रम ल्याइनु पर्छ । विशेष गरी कृषि, पर्यटन र जलविद्युत् क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्छ । नेपालमा विनियोजित विकास बजेट खर्च हुन नसक्ने पुरानो समस्या छ । त्यसैले पूर्वतयारी भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने र खर्च गर्ने क्षमता बढाउने संयन्त्र निर्माण गरिनु पर्छ । अर्थतन्त्रको ८० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रको विश्वास जित्न लगानीमैत्री नीति र कर सहुलियतका कार्यक्रम आवश्यक छन् । अनावश्यक प्रशासनिक खर्च र फजुल खर्च कटौती गरी स्रोतलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्नु पर्छ । ससाना र टुक्रे आयोजनामा बजेट छर्ने प्रवृत्तिलाई पूर्णतः रोक्नु पर्छ । आधुनिक युगसुहाउँदो अर्थतन्त्र निर्माणका लागि सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिई डिजिटल रूपान्तरणमा लगानी बढाउनु पर्छ । यो अधिवेशन राजनीतिक दाउपेच र प्रचारबाजीभन्दा माथि उठेर यथार्थपरक र कार्यान्वयनयोग्य बजेट निर्माणमा केन्द्रित हुनु पर्छ । बजेटले केवल सपना बाँड्ने मात्र नभई आमनागरिकले महसुस गर्ने गरी सुशासन र सार्वजनिक सेवामा सुधारको ठोस खाका प्रस्तुत गर्नु पर्छ । अहिले दुई तिहाइ नजिकको शक्तिशाली सरकार छ । आमजनताको मात्र होइन; छिमेकी मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय समुदायले समेत यो सरकारले ल्याउने बजेट र वार्षिक नीति तथा कार्यक्रमप्रति विशेष चासो राखेका छन् ।**

**राष्ट्रपति रामचन्द्र पौडेलले आउँदो सोमबार (वैशाख २८ गते) सङ्घीय संसद् अधिवेशन आह्वान गर्नुभएको छ । मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले वैशाख २८ गते दिनको २:०० बजे दुवै सदनको बैठक आह्वान गर्नुभएको हो । यसअघि वैशाख १७ गतेका लागि अधिवेशन आह्वान गरिए पनि विशेष कारणले स्थगित भएको थियो । संसद्को यस अधिवेशनमा सरकारका तर्फबाट राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम पेस गर्नुहुने छ । नीति तथा कार्यक्रमको प्रक्रिया पूरा भएपछि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (प्री बजेट) सभामा पेस हुने छन् । प्री बजेट छलफल वार्षिक बजेट पेसको १५ दिनअघि गरिसक्नुपर्ने प्रतिनिधि सभा नियमावलीमा व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार जेठ १५ गते सङ्घीय संसद्मा सङ्घीय सरकारका तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वार्षिक बजेट पेस गर्नुहुने छ । अधिवेशनमा सरकारको सिफारिसमा हालै जारी भएका आठ वटा अध्यादेश पनि पेस हुने छन् । अध्यादेश स्वीकृत र प्रतिस्थापन प्रक्रिया पनि आउँदो अधिवेशनले नै गर्ने छ । त्यस्तै कर्मचारीको आमचासोको विषय बनेको सङ्घीय निजामती सेवा विधेयकको मसौदा तोकिएकै मितिमा तर्जुमा गर्ने गरी काम तीव्र पारिएको छ । छिटोभन्दा छिटो विधेयकको मसौदा मन्त्रीपरिषद्बाट निर्णय गराई सङ्घीय संसद्मा पेस हुने छ । त्यसका लागि अहिले विधेयक मसौदा तर्जुमा गर्ने काम तीव्र भएको छ । सरकारले सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ । सोही अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधेयकको मसौदा मन्त्रीपरिषद्मा पेस गर्न कामलाई तीव्र पारेको हो ।**

**यो विधेयकको मसौदा तयार गर्न मन्त्रालयले सुझाव मागेको थियो । धेरै राय सुझाव आएका छन् । ती राय सुझाव समेटेर लोक सेवा आयोगको परामर्शका लागि विधेयकको मसौदा मन्त्रीपरिषद्मा पेस गर्ने तयारी मन्त्रालयले गरेको छ । मन्त्रीपरिषद्ले यो विधेयकको मसौदा लोक सेवा आयोगमा पठाउने छ । आयोगले विधेयकको मसौदा अध्ययन गरी छिटो परामर्श दिने छ । त्यसपछि कानुन मन्त्रालयको रायसहित विधेयकको मसौदा संसद्मा पेस गर्न पुनः मन्त्रीपरिषद्मा निर्णयका लागि पठाइने छ । मन्त्रीपरिषद्ले विधेयकको मसौदाबारे निर्णय गरेपछि मसौदा संसद्मा दर्ता गरिने छ । उक्त कार्य तोकिएकै समयसीमाभित्र गर्ने गरी मन्त्रालयले काम तीव्र पारेको छ । विधेयकको मसौदामा कर्मचारीको हालको अवकाश उमेर ५८ वर्षलाई संशोधन गरी ६० वर्ष बनाउने, सचिवको कार्यकाल दुई वर्ष मात्र हुने, कर्मचारीको दुई वर्षको 'कुलिङ पिरियड' राख्नेलगायतका प्रस्ताव गरिएको छ ।**

## १०० वर्ष अघिको गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार


प्रार्थना.
हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा,-"अबदेखी भारत-सर्कारले धनी जिमदार र व्यापारी हरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि वैङ्कटेश्वर लेखतछ.

### प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारतसर्कारले धनी ज्मिदार र व्यापारीहरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.

## चिन्तन

**यो ध्रुवाणि परित्यज्य
अध्रुवं परिषेवते ।
ध्रुवाणि तस्य नश्यन्ति
चाध्रुवं नष्टमेव हि ॥**

जसले निश्चितलाई छाडेर अनिश्चितको
सहायता लिन्छ, ऊ निश्चित नष्ट हुन्छ ।
अनिश्चित त स्वयं
नष्ट हुन्छ नै ।

**- संस्कृत सुभाषित**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# कूटनीतिक अभ्यास, समस्याको निकास



ध्रुवहरि अधिकारी


सन्दर्भ विचार
तस्बिर: इन्टरनेट

संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्य (बेलायत) का आपसी सम्बन्ध तनाउयुक्त रहेका बखत बेलायतका राजा चार्ल्स तृतीयाको राजकीय भ्रमण फलदायी हुँदैन कि भन्ने आशंका थियो । फेरि त्यसै बेला राजधानी वाशिंटनमा गोलीकाण्ड भैदियो । राष्ट्रपति डोनाल्ड ट्रम्प पत्रकारले आयोजना गरेको रात्रिभोजमा सम्मिलित रहेको होटलमै त्यो घटना भएको हुनाले राजाको यात्रा नै बिथोलिने जोखिम समेत आइपर्‍यो । तै, गोलीकाण्डमा ट्रम्प लगायत सबै गण्यमान्य सुरक्षित भएकाले शाहीयात्रा रोकिएन, तय गरिएकै तालिका अनुसार सम्पन्न भयोः-अप्रिल २७ देखि ३० सम्म । र, समग्रमा भ्रमण द्विपक्षीय सम्बन्धलाई तनाउमुक्त पार्ने दिशामा प्रभावकारी रहेको अनुभूति दुवै पक्षले गरेको देखियो । बेलायतको लागि मूल्यवान् कूटनीतिक उपलब्धि भएको लण्डनको दाबी छ ।

राजसंस्थाप्रति प्रतिबद्धता नभएका अंग्रेजहरूले समेत चार्ल्सद्वारा द्विपक्षीय सम्बन्ध सुधार गर्ने वातावरण निर्माण भएको कुरा सकारेका छन् । भ्रमण सकिएलगत्तै 'युगोभ पोल' ले गराएको सर्वेक्षणमा ७४ प्रतिशत सहभागीले राजाको काम गराइबाट आफू प्रभावित भएको बताए । केवल चार प्रतिशतले मात्र काम 'गतिलो भएन' भनेछन् । जनमत सर्वेक्षणमा ४५ सय मानिसको सहभागिता थियो ।

### युरोपको जिम्मेवारी

अमेरिका-बेलायत सम्बन्धको प्रश्नलाई ट्रम्पको पहिलो कार्यकाल (सन् २०१७-२०) देखि नै युरोपप्रति अमेरिका रुष्ट रहेको घटनाबाट केलाउनु पर्ने हुन्छ । ट्रम्प भन्ने गर्थेः-उत्तर एटलाण्टिक सन्धि संगठन (नेटो) का युरोपेली सदस्यहरूको प्रतिरक्षा खर्च पर्याप्त भएन, सबै बोझ अमेरिकाले बोक्न सक्दैन ।' उनको यस्तो किसिमको जिरह दोस्रो कार्यकाल (सन् २०२५ जनवरी) आरम्भ हुनासाथ फेरि सुनिन थाल्यो । उनले पहिलेको दृष्टिकोण झन् टड्कारो रूपमा प्रकट गर्न थाले । युरोप मात्र होइन क्यानडा र अष्ट्रेलियाजस्ता साझेदारलाई यसै निहुँमा हेप्न, करेप्न खोजे ।

परिणामस्वरूप उनको झोंकी, आवेगी र असंगत टीका-टिप्पणीबाट नेटोका सदस्य-राष्ट्रहरूमा पहिले नैराश्य छायो । त्यसपछि क्रमशः ती देशका नेता र सरकारहरू चिढिन समेत थाले । फ्रान्स, जर्मनी, बेलायत, स्पेन, इटली समेतका सरकार ट्रम्पबाट आजित हुँदै गए । मालवस्तुमा भन्सार दर बढाएर व्यापारयुद्ध चर्काएकोमा पनि उस्तै आक्रोश व्याप्त भयो । जर्मनी र बेलायत समेतका केही देशले आफ्नो सेनाको आकार बढाउने र आधुनिक सैन्य उपकरण उत्पादन बढाउने निर्णय गरेका छन् । अमेरिकाप्रतिको निर्भरता घटाउने बाटोमा देखिन्छन् ।

शान्ति-प्रवर्तक भनेर चिनिने दौडमा रहेका ट्रम्पको आगमनपछि इजरायल-हमास मुठभेड चर्कियो । इजरायलको आग्रहमा दुई पटक इरानमाथि अमेरिकी सैनिक कारबाही गर्दा त्यहाँका कतिपय उच्चपदस्थको ज्यान गयो । यता, इजरायलले लेबनानतिर पनि मोर्चा खोल्यो-इरानसमर्थित हेजबुल्लाहलाई तह लगाउने उद्देश्य सहित । यसरी पश्चिम एसिया (मध्यपूर्व) सङ्कट गहिरिनु अपरिहार्य भयो । गएको फेब्रुअरी २८ तारिखमा थालिएको दोस्रो अमेरिकी-इजरायली आक्रमणबाट इरानलाई घाइते बाघसरह बनाएको छ । इरानले पनि हर्मुज जलडमरूको समुद्री मार्गमा अवरोध गराउनुको साथै खाडीक्षेत्रका देशमा रहेका अमेरिकी सैनिक अखाडालाई निशानामा पार्दै आएको छ । युद्ध रोक्न मध्यस्थता गर्ने पाकिस्तानको प्रयास प्रभावकारी हुन सकिरहेको छैन । त्यस क्षेत्रमा तनाउको वातावरण कायमै छ । पेट्रोलियम पदार्थको आपूर्तिमा कमी र मूल्यवृद्धिले संसारै थर्काएको छ ।

### बिझाउने टिप्पणी

यही चालू द्वन्द्वकै सिलसिलामा अमेरिकाले बेलायतसँग उसका सैनिक शिविरहरूको प्रयोग गरेर इरानउपर कडा सैनिक कारबाही गर्न खोजेको थियो तर अन्य युरोपेली देशले जस्तै बेलायतले पनि 'यो तपाईंले थालेको लडाइँ हो, हामी संलग्न हुन सक्दैनौं' भन्ने प्रतिक्रिया दियो । यो ट्रम्पका लागि ननिको वचन हुन गयो । अनि उनले बेलायतका प्रधानमन्त्रीलाई 'कमजोर र पानीमरुवा' सम्मको बिल्ला लगाइदिए । तैपनि स्टारमर राजा चार्ल्सको अमेरिका-यात्रा रोक्नेतिर लागेनन् । उल्टो, राजाले अमेरिकी संसद् (कंग्रेस) लाई गर्ने सम्बोधनको लेखोट तयार पारेर उनको हातमा राखिदिए । ज्ञातव्य छ, संवैधानिक राजाले राजनीतिक/कूटनीतिक मामिलामा आफूखुसी केही बोल्दैनन् ।

सामूहिक प्रतिरक्षाका लागि सन् १९४९ स्थापित नेटोमा हाल ३२ सदस्य-राष्ट्र छन् । यसको बडापत्र (चार्टर) को धारा ५ मा लेखिए अनुसार, कुनै एक नेटो सदस्यमाथि बाहिरी आक्रमण भए त्यो सबै सदस्यमाथिको आक्रमण ठानिन्छ र सबैले मिलेर प्रतिरक्षा गर्नेछन् । (उस बखत मुख्य भय सोभियत संघको थियो ।) त्यो व्यवस्था अहिलेसम्ममा जम्मा एकपल्ट क्रियाशील भएको छ-सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामा आतंकारी हमला भएको भोलिपल्टै । त्यस बखत अमेरिकाको आह्वानमा सबै नेटो-सदस्यले आआफ्नो क्षमता अनुसार सैनिक र आर्थिक टेवा प्रदान गरे । अफगानिस्तानमा भएको सैनिक कारबाही जग-जाहेर छ । तालिबानसँग आम्ने-साम्ने हुन तैनाथ ब्रिटिश टोलीमा गोर्खा सैनिकहरू पनि थिए, केही सैनिक हताहतमा परे । परन्तु ट्रम्पले यो वास्तविकतालाई बेवास्ता गर्दै बारम्बार 'नेटो अमेरिकाको लागि काम लाग्ने निकाय रहेन' भनेर शिकायत गरिरहे, अझै गर्दैछन् । यसै क्रममा हो उनले युरोपका प्रभावशाली देशहरूको कटु आलोचना गरेको । सम्भवतः उनलाई बेलायतबाट अपेक्षा बढी थियो, तर त्यो पूरा नभएकोले लण्डनमाथि बढी खनिएका हुन् ।

राजसंस्थाप्रति प्रतिबद्धता नभएका अंग्रेजहरूले समेत चार्ल्सद्वारा द्विपक्षीय सम्बन्ध सुधार गर्ने वातावरण निर्माण भएको सकारेका छन् । भ्रमण सकिएलगत्तै 'युगोभ पोल' ले गराएको सर्वेक्षणमा ७४ प्रतिशत सहभागीले राजाको काम गराइबाट आफू प्रभावित भएको बताए । केवल चार प्रतिशतले मात्र काम 'गतिलो भएन' भनेछन् । जनमत सर्वेक्षणमा ४५ सय मानिसको सहभागिता थियो ।

अमेरिकामा ट्रम्पको दोस्रो कार्यकाल आरम्भ हुँदा बेलायतमा कञ्जरभेटिभ दल निर्वाचनमा पराजित भएर लेबर दलका नेता केएर स्टारमर प्रधानमन्त्री भएको छ महिना भएको थियो । सैद्धान्तिक कोणबाट हेर्दा ट्रम्पका लागि लेबर अनुकूल नहुनु अनौठो मानिँदैन पनि । तथापि ऐतिहासिक कारणले निकट रहेका यी दुई देशको सम्बन्ध न्यानो नै राख्न स्टारमरले प्रयत्न गरे । प्रारम्भमै 'सेतो घर' पुगेर ट्रम्पलाई राजाको त्यो पत्र दिए जसमा उनलाई दोस्रो राजकीय भ्रमणमा बेलायत आउने निम्तो दिइएको थियो । पहिलो भ्रमण महारानी एलिजाबेथकै राज्यकालमा भएको हो । ट्रम्पलाई बेलायतका प्रधानमन्त्री र सरकार मन पर्दैन तर उनी ब्रिटिश राजसंस्थाको भने प्रखर प्रशंसक हुन् । बेलायत ट्रम्पकी आमाको माइती देश हो ।

### इतिहासको पाठ

यसपालि अप्रिल २७ मा राजदम्पती वाशिंटन पुग्दाको दृश्य रोचक थियो । एकातिर कार्यकारी अधिकारसम्पन्न राष्ट्रपति ट्रम्प अर्कोतिर संवैधानिक राष्ट्राध्यक्षको सीमित भूमिकामा रहेका राजा चार्ल्स । अतिथि र आतिथेयी भएर उभिएका । 'सेतो घर' मा गरिने औपचारिक स्वागत-कार्यक्रमपश्चात्को मुख्य आकर्षण थियो दोस्रो दिन कंग्रेसलाई राजाले गर्ने सम्बोधन । सिनेट र प्रतिनिधि सभा दुवै सदनको संयुक्त भेलासमक्ष भाषण गर्दा राजा चार्ल्सले स्वतन्त्र अमेरिका जन्मेको २५० औं वर्षगाँठको उल्लेख मात्र गरेनन्, त्यसअघिका शताब्दीहरू समेटिने इतिहासका रोचक-घोचक पक्षहरू पनि सम्झाए । जस्तो, सन् १७७६ मा ब्रिटिश उपनिवेशबाट मुक्तिको एकपक्षीय घोषणाका साथ १३ वटा राज्य मिलेर 'संयुक्त राज्य अमेरिका' खडा गरेपछि लेखिएको अमेरिकी संविधानको जग सन् १२१५ को 'म्याग्ना कार्टा' मा उभिएको प्रसंग ।

त्यसैगरी, चार्ल्सले कार्यकारी अधिकारको प्रयोग 'नियन्त्रण र सन्तुलन' को आधारमा गरिनु पर्ने मान्यताको चर्चा गर्दा सभाकक्षमा तालीको गडगडाहट भएको थियो । भाषणको क्रममा सभासदहरू एक दर्जन पटक उठे होलान्, चार्ल्सको भनाइप्रति समर्थन जनाउँदै ताली बजाउन । आजको विश्व 'ठूलो अनिश्चय' को स्थितिबाट गुज्रिरहेको छ भन्ने चार्ल्सको ठम्याइलाई कसैले अनुपयुक्त मानेनन् । चार्ल्सकी आमा, महारानी एलिजाबेथ द्वितीया, ले सन् १९९१ अमेरिकी कंग्रेसलाई सम्बोधन गरेकी थिइन् ।

संयोग हो, २८ अप्रिलकै दिन परेछ । सन् १९६० मा त्यसै दिन नेपालका राजा महेन्द्रले अमेरिकी कंग्रेसको संयुक्त सत्रलाई सम्बोधन गरेको सचित्र तथ्य अभिलेखमा पाइन्छ । सम्बोधनको त्यस्तो सम्मानित अवसर अहिलेसम्म अन्य कुनै नेपालीले पाएको छैन ।

### अनावश्यक विशेषण

बेलायतका राजा अमेरिकातर्फ उड्ने समयमा बेलायत र अमेरिका माझको 'विशेष सम्बन्ध' पनि एक चर्चित विषय हुन गयो । दोस्रो विश्वयुद्धको समयमा बेलायतका प्रधानमन्त्री विन्स्टन चर्चिलले बेलायत-अमेरिका सम्बन्धलाई 'विशेष' को विशेषण लगाएका हुन् । अहिलेको परिवर्तित विश्वसम्बन्धमा यस्तो शब्दावली प्रयोग गर्ने चलन छैन । हाल अमेरिकामा कार्यरत बेलायतका राजदूत कृष्टियन टर्नर नै यो पदावली प्रयोग गर्न अनिच्छुक रहेछन् । शाहीयात्राको मुखैमा बेलायतको 'फाइन्यान्सिएल टाइम्स' पत्रिकाले राजदूत टर्नरको भनाइ छापेको थियोः- यो शब्दावली म प्रयोग गर्न चाहन्नँ, किनभने यो विगतसित जोल्ठ्याउने बोझिलो अभिव्यक्ति मात्र हो। कदाचित् कसैसँग अमेरिकाको 'विशेष सम्बन्ध' छ भन्ने नै हो भने त्यो देश इजरायल मात्र हुन सक्छ ।'

नेपाल-भारत सम्बन्धको कुरा आउँदा दिल्लीका शासक-प्रशासक 'विशेष' को फुँदा जोड्न हतार गर्छन् तर त्यसको आवश्यकता छैन । उत्तरी सिमानाबाट भारतीय सीमाचौकी हटाएकै बखत तत्कालीन प्रधानमन्त्रीले 'दी राइजिङ नेपाल' पत्रिकालाई दिएको अन्तर्वार्तामा, स्पष्ट शब्दमा, भौगोलिक र सांस्कृतिक निकटता बाहेक अन्य 'विशेष' कुरो केही छैन भनेका छन् । यसको चर्चा भारतीय लेखक अवतार सिंह भासिनको सम्पादनमा छापिएको मोटो पुस्तकमा पनि भेटिन्छ ।

### अन्त्यमा-

प्रसंगवश, कूटनीतिक वृत्तमा अन्तर्राष्ट्रिय स्तरको चासो बढाउने काम राजदूत टर्नरका पूर्ववर्ती पिटर म्यान्डलसन्ले गराएका छन् । ट्रम्पसँग निकट सम्बन्ध जोड्न सहयोग पुग्ला भनेर प्रधानमन्त्री स्टारमरले हतार-हतार यिनलाई राजदूत बनाएर अमेरिका पठाएका थिए तर अहिले त्यही कारणले स्टारमरको आसन हल्लिएको छ । राजदूत बनाउन नहुने व्यक्तिलाई सोच-विचार नपुर्‍याई नियुक्त गरेछु भनेर स्वीकारोक्ति सहित माफी माग्दा पनि बेलायतको संसद्ले प्रधानमन्त्रीलाई दुःख दिन छोडेको छैन । लेबर पार्टीका एक परिचित नेता यी म्यान्डलसन् कुनै बखत बालयौन-दुराचारी जेफ्री एप्सटीनको सङ्गतमा परेका रहेछन् । यसमा अर्को एक विडम्बना छ : त्यो के भने एप्सटीनद्वारा सञ्चालित यौनकर्मीको सञ्जालमा फसेका बेलायतका राजा चार्ल्सकै भाइ एण्ड्रुले राजपरिवारबाट बाहिरिनु परेको छ । अमेरिकामा बसेर अवैध धन्धा चलाउँदा एप्सटीनको जत्थामा मिसिएका अमेरिकी 'उपभोक्ताहरू' भने अझै कानुनी दायरामा आएका छैनन् । ढिलो-चाँडो आउलान् । र, चर्चित घटना ट्रम्प राष्ट्रपति पदमा पुग्नुभन्दा अघिका होलान्, परन्तु अमेरिकी प्रेसले यस विवादबाट उनलाई सहजै फुर्सद देलाजस्तो छैन ।

# डिजिटल युगमा हुलाक



अर्चितबाबु मर्सिफुल

हुलाकसेवा भनेको चिठीपत्र, पार्सल, आदि लिने, ल्याउने र लैजाने व्यवस्था हो । हाम्रो मुलुकमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत रहेको हुलाकसेवा विभागले सुविधा प्रदान गर्दै आएको छ । हरेक जिल्लामा यसका शाखा कार्यालयसमेत छन् । विसं २०८३ आइसक्दा पनि हुलाक ऐन, २०१९; हुलाक नियमावली, २०२०; अतिरिक्त हुलाक नियमावली, २०३४ मात्र बाट हुलाकसेवा चलिरहेको छ । पाँच दशकभन्दा पुराना कानुनले अहिलेको हुलाकसेवा सम्बन्धित आवश्यकता सम्बोधन गर्न कठिन छ । नयाँ कानुन विकास हुनु पर्छ ।

पछिल्लो समयमा हुलाकसेवामा पार्सल सेवा, नागरिक सेवाको विकेन्द्रीकरण, स्मार्ट लजिस्टिक, हुलाक बचत बैङ्कका सम्बन्धमा थप विकास, निर्वाचनमा पोस्टल भोटिङको प्रयोग, आदिको प्रस्ताव तथा चर्चा भइरहेको छ । भर्खरै मात्र जिल्ला हुलाक कार्यालय, हेटौँडामार्फत मकवानपुरको जिल्ला प्रशासन कार्यालयले घर घरमै राहदानी पुर्‍याइदिएको खबर आएको छ । यो पनि हुलाकसेवाको उचित प्रयोगको एक उदाहरण हो । इमेल प्रणालीलाई हुलाकसेवामा थप्नु पनि एक महत्त्वपूर्ण उपलब्धि हुन सक्छ ।

हुलाकसेवा विभागमार्फत इमेल सेवा प्रदान गर्नुको पहिलो फाइदा भनेको नेपालभित्रबाट प्रयोग हुने इमेल प्रणालीमार्फत हाम्रो गोप्य जानकारीमाथि विदेशी कम्पनीले नियन्त्रण गर्ने जोखिम न्यूनीकरण र समाधान हो । गुगल, माइक्रोसफ्ट, याहु आदि कम्पनी नेपाली होइनन् । नेपालमा अधिकांश प्रयोग हुने इमेल प्लेटफर्म यिनै हुन् । नेपालभित्रका जानकारी विद्युतीय रूपमा बाहिर जाने हुँदा सानोतिनो कुराको गोपनीयताप्रति हुनुपर्ने सुरक्षामाथि पनि नेपालको जिम्मेवारी रहँदैन । नेपालको आफ्नै इमेल प्रणाली हुनु भनेको डाटा सेक्युरिटी माथि स्वायत्तता हुनु हो । यसबाहेक सरकारी इमेल प्रणाली भयो भने त प्रयोगकर्ताको परिचयात्मक जानकारी पनि कानुनबमोजिम रहन्छ, जसबाट स्पाम र इमेलमार्फत हुने साइबर अपराधलाई नियन्त्रण गर्न सहज हुन्छ ।

अर्को असल पक्ष भनेको सरकारी कामकाजको विद्युतीय प्रयोगमा विकास हुनु हो । हुलाकसेवाबाट इमेल प्रणाली चलाउने हो भने त्यो सरकारी प्रणालीको हिस्सा हुन्छ । यसबाट इमेलको आधिकारिकता र औपचारिकतासमेत कायम गर्न सकिन्छ । प्रेषकले प्रापकलाई पत्राचार गर्न, निवेदन गर्न, अदालती कामकाज गर्न, म्याद जारी र तामेली गर्न, जाहेरी दरखास्त गर्न, सम्भव भएमा फिरादपत्र, पुनरावेदन वा रिट निवेदन नै दायर गर्न सकिन्छ । पञ्जीकरणको सम्बन्धमा सूचना गर्न पनि यस प्रणालीको प्रयोग हुन सक्छ । नेपाल राजपत्रमा प्रकाशन हुने आवश्यक जानकारीलाई पनि इमेलमार्फत नै सम्प्रेषण गर्न सकिन्छ ।

हुलाकको इमेल सेवाबाट हुने तेस्रो फाइदा भनेको सरकारी कागजपत्रको डिजिटलाइजेसन पनि हो । यसबाट भौतिक रूपमा पेपर बचाउन सकिन्छ, जुन वातावरणमैत्री मानिन्छ । यसबाहेक भौतिक अभिलेखको संरक्षणमा आउने चुनौती विद्युतीय अभिलेखमा हुँदैनन् । यद्यपि डाटा ब्याकअपको सुनिश्चित गर्ने र डाटा रिडन्डेन्सीको समाधान कायम राख्ने गर्नु पर्छ । नेपाल सरकारले चलाउँदै आएको नागरिक एपमा रहेका कागजातलाई पनि हुलाकको इमेलसँग जोड्न सकिन्छ, जसबाट एकीकृत अभिलेख प्रणाली बनाउन सकिन्छ । यसको प्रयोगबाट पत्राचारसम्बन्धी, दर्ता/चलानी हुनुपर्ने वा भएका, अन्य प्रशासनिक, न्यायिक, सरकारी तथा गैरसरकारी अभिलेखलाई समेत भौतिक क्षतिबाट सुरक्षित राख्न सकिन्छ ।

चौथो कुरा हुलाक इमेलको प्रयोगबाट नेपालको अर्थतन्त्रलाई पनि केही सहयोग पुग्छ । कसरी भने निजी तथा विदेशी कम्पनीबाट चल्दै आएका इमेलसेवामा थोरै भण्डारण क्षमता हुनाले थप स्टोरेजका लागि प्रयोगकर्ताले केही रकम भुक्तानी गर्नु पर्छ । यो पनि नेपाली धन बाहिरिनु हो । हुलाकबाट इमेल सेवा चलाएमा यसको समाधान गर्न सकिन्छ । यसबाहेक यस इमेल प्रणालीका प्रयोगकर्तालाई व्यक्तिगत, संस्थागत, व्यापारिक, सरकारी, आदि गरी वर्गीकरण गर्न सकिन्छ । यसमा दर्ता र नवीकरण शुल्कको व्यवस्था गरी व्यापारिक खाताबाट कानुनबमोजिम शुल्क लिई हुलाक प्रणालीबाट सरकारी राजस्व सङ्कलन गर्न सकिन्छ ।

सर्वसाधारणको व्यक्तिगत खातालाई भने सहुलियत हुने गरी व्यवस्थापन गर्नु पर्छ । यसरी हुलाक प्रणालीले आफूलाई चाहिने खर्चको व्यवस्था पनि आफैँ जुटाउन पनि सक्छ । पाँचौं उपलब्धि भनेको हुलाकसेवाको आधुनिकीकरण हो । यसबाट हुलाक कार्यालयको कार्यसम्पादनमा सहजता हुन्छ र छिटोछरितो काम हुन्छ । हुलाक इमेलकै प्रयोगबाट थप सेवा सुविधा पनि प्रचलनमा ल्याउन सकिन्छ, जस्तै : पत्रपत्रिका तथा इपेपरको अनलाइन वितरण, पार्सल सेवा, हुलाक बचत बैङ्कसँग जोडेर आर्थिक कागजातको व्यवस्थापन तथा सरकारी आर्थिक कारोबार आदि । यसका लागि हुलाक प्रणालीमा केही जनशक्ति, पूर्वाधार, बजेट, आदि थप्नुपर्ने पनि हुन सक्छ ।

हुलाकले डाटा सर्भरको निर्माण गर्ने, ई. गवर्नेन्सको योजनामा हुलाकलाई पनि समावेश गर्ने, सरकारीसेवालाई हुलाक इमेलसँग जोड्ने वा इन्टिग्रेसन गर्ने; राजपत्र तथा पत्रपत्रिका, आदिको सब्क्रिप्सन मोडेल तयार गर्ने र प्रमुख रूपमा डिजिटल साक्षरतालाई बढावा दिने जस्ता गतिविधिबाट हुलाक इमेलको सफल प्रयोग गर्न सकिन्छ ।

आजको युग इन्टरनेटको युग हो । आजभोलिका प्रयोगकर्ताले आफूलाई 'नेटिजन' नै भन्न थालेका छन् । यस्तो अवस्थामा साइबर जगत्मा हरेक नागरिकलाई सरकारद्वारा प्रदत्त पहिचान हुने अधिकारको आवश्यकता पनि बढेको छ । जसरी सिमकार्डले 'सब्स्क्राइबर आइडेन्टिटी मोड्युल' प्रयोग गरी एक प्रयोगकर्तालाई अद्वितीय पहिचान प्रदान गर्छ, इमेल प्रविधिले पनि त्यसरी नै काम गर्न सक्छ । यस्तो बेलामा सरकारी इमेल प्रणाली काम लाग्छ ।

नेपाल टेलिकम जस्तो दूरसञ्चार क्षेत्रमा भएको निकायलाई यस्तो जिम्मा दिंदा एकाधिकार हुन पुग्छ । हुलाकसम्बन्धी कामकाज इमेल प्रविधिबाट गर्न सहज पनि हुने छैन । दुवै निकायले दुई वटा इमेल प्रणाली विकास गरेमा प्रयोगकर्तालाई झन्झटसमेत हुन्छ । नेपाल टेलिकमलाई सरकारी इमेलको जिम्मा दिने विकल्प छैन । यस्तो अवस्थामा नेपाल दूरसञ्चार प्राधिकरणसँगको सहकार्यमा हुलाकसेवा विभागले सरकारी इमेल सेवाको विकास गरी सबै नागरिक, सरकारी निकाय, निजी तथा सार्वजनिक कम्पनी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था आदिलाई हुलाक सरकारी इमेल सेवाको प्रयोगकर्ताका रूपमा स्थापित गर्न सकेमा डिजिटल नेपालको युगको एक नयाँ चरणमा हामी अवश्य नै पुग्ने छौं ।

# विद्युत्गृहसँग जोडिएको गोरखापत्र



नारायण ज्ञवाली

नेपालको आधुनिक विकास यात्रामा विद्युत् उत्पादन र सञ्चार क्षेत्रको विकासले विशेष महत्त्व राख्छ। विशेष गरी नेपालमा पहिलो पटक विद्युत् उत्पादन सुरु भएको चन्द्रज्योति विद्युत गृह र देशको पहिलो पत्रिका गोरखापत्रले नेपाली समाजलाई आधुनिक युगतर्फ अग्रसर गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । चन्द्रज्योति विद्युत्गृहको शुभारम्भ र गोरखापत्रको शुभारम्भ, विकास र विस्तारलाई एक ऐतिहासिक धरोहरका रूपमा लिन सकिन्छ।

नेपालमा पहिलो पटक जलविद्युत् उत्पादन १९६८ साल जेठ ९ गते भएको मानिन्छ। काठमाडौँ उपत्यकाको दक्षिणतर्फ फर्पिङ क्षेत्रमा निर्माण गरिएको चन्द्रज्योति विद्युत्गृहबाट ५०० किलोवाट विद्युत् उत्पादन सुरु गरिएको थियो । यस परियोजनाको निर्माण तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जङ्गबहादुर राणाको पहलमा गरिएको थियो । यसबाट प्रारम्भमा बिजुली बत्ती बाल्ने काम भए पनि हाल विद्युत् उत्पादन हुन सकेको छैन। नेपालको इतिहासमा विद्युत् शुभारम्भ गरिएको केन्द्रलाई संरक्षण गरी सरकारले एक सङ्ग्रहालयका रूपमा विकास गर्न खोजेको छ। उनकै नामबाट यसलाई 'चन्द्रज्योति' नाम दिइएको थियो । यो विद्युत्गृह नेपालको मात्र नभई दक्षिण एसियाकै प्रारम्भिक जलविद्युत् परियोजनामध्ये एक मानिन्छ।

चन्द्रज्योति विद्युत्गृह सञ्चालनमा आएपछि काठमाडौँमा पहिलो पटक सडक बत्ती बाल्ने व्यवस्था गरिएको थियो । यसले दरबार, सरकारी कार्यालय र केही सार्वजनिक स्थानमा उज्यालो पुऱ्याइएको थियो । सर्वसाधारण जनताको पहुँचमा भने यस जलविद्युत्गृहबाट उत्पादन भएको विजुली पुग्न सकेको थिएन । पछि जनसङ्ख्या वृद्धि र विद्युत् माग बढ्दै जाँदा नेपालमा अन्य जलविद्युत् आयोजना पनि निर्माण हुन थाले । समयक्रममा नेपाल विद्युत् प्राधिकरण स्थापना भई देशभर विद्युत् उत्पादन, प्रसारण र वितरणको व्यवस्थापन गर्दै आएको छ । चन्द्रज्योति विद्युत्गृह अहिले ऐतिहासिक धरोहरका रूपमा पनि चिनिन्छ।

> चन्द्रज्योति विद्युत्गृह र गोरखापत्र केवल दुई ऐतिहासिक संस्था मात्र होइनन्, यी नेपालमा आधुनिकता, सूचना प्रवाह र पूर्वाधार विकासको प्रारम्भिक यात्राका महत्त्वपूर्ण प्रतीक हुन् । यी पुराना संरचना र अवशेषले नेपालको प्राविधिक र सञ्चार विकासको गौरवशाली इतिहास सम्झाइरहेका छन् ।

नेपालको पत्रकारिता इतिहासमा गोरखापत्रको विशेष स्थान छ। यसको प्रकाशन विसं १९५८ जेठ २४ गते सुरु भएको हो। यसलाई तत्कालीन प्रधानमन्त्री देवशमशेर जङ्गबहादुर राणाले सुरु गराएका थिए। गोरखापत्र प्रारम्भमा साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित हुन्थ्यो र त्यस समयको छापाखानाबाट हातले चलाइने प्रेसबाट छापिन्थ्यो । पछि क्रमशः यसको विकास हुँदै दैनिक पत्रिकाका रूपमा प्रकाशन हुन थाल्यो।

नेपालमा विद्युत् उत्पादन सुरु भएपछि सञ्चार तथा प्रकाशन क्षेत्रमा पनि आधुनिक प्रविधिको प्रयोग सम्भव भयो । छापाखानामा विद्युत् प्रयोग हुन थालेपछि पत्रपत्रिका छाप्ने काम अझ छिटो र व्यवस्थित बन्यो । यसरी चन्द्रज्योति विद्युत्गृह र गोरखापत्र दुवै नेपालमा आधुनिकता र विकासका महत्त्वपूर्ण प्रतीक बने । विद्युत्को विकाससँगै बढ्दै गएको प्रविधिले सबैलाई आकर्षण गरेको छ । प्रविधिको अधिकतम उपयोग बढाउँदै ऐतिहासिक रूपमा स्थापित गोरखापत्र र चन्द्रज्योति विद्युत्गृहको संरक्षणमा हामी सबैको भूमिका महत्त्वपूर्ण हुनु पर्छ।

नेपालमा चन्द्रज्योति विद्युत्गृहको स्थापना र गोरखापत्रको प्रकाशनले देशको विकास यात्रामा नयाँ युगको सुरुवात गरेको देखिन्छ । विद्युत् उत्पादनले आधुनिक जीवनशैलीको ढोका खोल्यो भने गोरखापत्रले सूचना, शिक्षा र चेतनाको विस्तार गऱ्यो। आज पनि यी दुवै ऐतिहासिक संस्था नेपालको विकासका महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा स्मरण गरिन्छन्।

नेपालमा विद्युत् विकासको इतिहास धेरै पुरानो छैन। यसको प्रारम्भिक चरणमा निर्माण गरिएका केही संरचना आज पनि दृढ रूपमा उभिएर सेवा दिइरहेका छन् । ती संरचनामध्ये 'चन्द्रज्योति विद्युत्' को टाँचा लगाइएका पुराना पोल विशेष रूपमा उल्लेखनीय छन् । विद्युत् वितरणको सुरुवाती समयमा गाडिएका यी पोलले केवल त्यतिबेलाको आवश्यकता मात्र पूरा गरेनन्, बरु गुणस्तर र दीर्घकालीन सोचको उदाहरण पनि प्रस्तुत गरे।



विद्युत् सेवा विस्तार गर्ने क्रममा गाडिएका काठका र फलामका पोलमा 'चन्द्रज्योति विद्युत्' भन्ने स्पष्ट छाप लगाइन्थ्यो। समयको लामो यात्रासँगै धेरै संरचना परिवर्तन भए। तीमध्ये केही पोल अझै पनि उभिएर सेवा दिइरहेका छन् । यसको जिउँदो प्रमाण काठमाडौँस्थित गोरखापत्र संस्थानको कम्पाउन्डभित्र देख्न सकिन्छ । त्यहाँ आज पनि 'चन्द्रज्योति विद्युत्' अङ्कित पुरानो पोल उभिएको छ र विगतको इतिहासलाई सम्झाइरहेको छ।

दशकौँअघि गाडिएको त्यो पोल अहिले पनि मजबुत अवस्थामा रहनु कुनै सामान्य होइन। यसले त्यतिबेलाको निर्माण कार्यमा प्रयोग गरिएको सामग्रीको गुणस्तर, कामप्रतिको इमानदारिता र जिम्मेवारीपूर्ण सोचलाई स्पष्ट रूपमा देखाउँछ । सीमित स्रोत र प्रविधि हुँदाहुँदै पनि दीर्घकालीन उपयोगलाई ध्यानमा राखेर गरिएका कामले समयको कठिन परीक्षा सजिलै पार गरेका छन्। अहिले पनि विद्युत् प्राधिकरणले सरकारी संस्थाका रूपमा उत्पादन, प्रसारण र वितरणको काम गरिरहेको छ । गाडिएका पोलमा नेपाल विद्युत् प्राधिकरणको छाप लगाइन्छ। यसको सिकाइ पनि पोलमा तत्कालको चन्द्रज्योति छाप लगाएको निरन्तरता हो।

आज विकासका नाममा धेरै संरचना निर्माण भइरहेका छन् । कतिपय संरचना छोटो समयमै जीर्ण हुने अवस्था पनि देखिन्छ । यस्तो अवस्थामा 'चन्द्रज्योति विद्युत्' लेखिएको पुरानो पोलले एउटा महत्त्वपूर्ण सन्देश दिन्छ । विकास निर्माणमा गुणस्तर, जिम्मेवारी र दूरदर्शिता अपनाइयो भने त्यसको परिणाम धेरै पुस्तासम्म टिकिरहन्छ।

यस दृष्टिले हेर्दा गोरखापत्र संस्थानको परिसरमा उभिएको 'चन्द्रज्योति विद्युत्' अङ्कित पोल केवल एउटा पुरानो सामग्री मात्र होइन; यो नेपालमा विद्युत् विकासको प्रारम्भिक यात्राको ऐतिहासिक साक्षी हो। यसले विगतको मेहनत, गुणस्तर र प्रतिबद्धतालाई आजको पुस्तासामु स्मरण गराउँदै भविष्यका विकास कार्यमा पनि गुणस्तरलाई प्राथमिकता दिन प्रेरणा प्रदान गर्छ। पुराना पोल अझै पनि उभिएर सेवा दिइरहनु विगतको कामप्रतिको इमानदारिता र गुणस्तरको दरिलो प्रमाण हो । जसले भन्छ, राम्रो काम समयसँगै झन् मूल्यवान् बन्दै जान्छ।

### गोरखापत्रको विश्वसनीयता

गोरखापत्रले नेपालको राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनका महत्त्वपूर्ण घटनालाई निरन्तर अभिलेख गर्दै आएको छ । गोरखापत्रले विश्वसनीय समाचारका अलावा, सरकारी सूचना, निर्णय, सार्वजनिक सूचना र राष्ट्रिय महत्त्वका विषयलाई जनसमक्ष पुऱ्याउने काम गरिरहेको छ । सरकारी आधिकारिक जानकारी सार्वजनिक गर्ने माध्यमको रूपमा पनि यसको विशेष पहिचान छ। आज पनि नेपालका सबै सरकारी, गैरसरकारी कार्यलयमा गोरखापत्रले राम्रै प्रवर्धन गरिरहेको छ।

इतिहासको विभिन्न चरणमा गोरखापत्र देशका महत्त्वपूर्ण परिवर्तनको साक्षी बनेको छ । प्रजातन्त्रको स्थापना, विभिन्न राजनीतिक आन्दोलन, विकासका योजना, सामाजिक परिवर्तन तथा राष्ट्रिय उपलब्धिलाई यसले जनतामाझ पुऱ्याउँदै आएको छ। गोरखापत्रलाई नेपालको पत्रकारिता इतिहासको महत्त्वपूर्ण दस्तावेजका रूपमा पनि लिइन्छ।

गोरखापत्रमा प्रकाशित समाचार र सूचना तथ्यमा आधारित तथा आधिकारिक स्रोतबाट प्राप्त हुने भएकाले यसको विश्वसनीयता उच्च मानिन्छ। सरकारी निकाय, सार्वजनिक संस्थान तथा विभिन्न सङ्घ संस्थाले आफ्ना सूचना र विज्ञापन प्रकाशित गराउन गोरखापत्रलाई प्राथमिकता दिने गरेका छन् । यसले पत्रिकाप्रतिको विश्वास अझ बलियो बनाएको छ।

आजको सूचना-प्रविधिको युगमा पनि गोरखापत्रले आफ्नो गरिमा र विश्वसनीयतालाई कायम राख्दै पाठकलाई तथ्यपूर्ण, सन्तुलित र जिम्मेवार पत्रकारिता प्रदान गर्दै आएको छ। नेपाली पत्रकारिताको इतिहास, विकास र विश्वासको प्रतीकका रूपमा पाठकका सामु गोरखापत्र सधैँ स्मरणीय रहने छ।

नेपालको आधुनिक विकास यात्रामा पहिलो विद्युत्गृह चन्द्रज्योति विद्युत्गृह र पहिलो नेपाली पत्रिका गोरखापत्र संस्थानद्वारा प्रकाशित गोरखापत्रबिच ऐतिहासिक सम्बन्ध छ । चन्द्रज्योति विद्युत्गृहबाट उत्पादन भएको विद्युत्ले नेपालमा आधुनिक सेवा सुविधाको ढोका खोलेको थियो, जसको प्रभाव छपाइ प्रविधि र सूचना प्रवाहमा पनि परेको मानिन्छ।

आज विद्युत् क्षेत्रको विकास र व्यवस्थापन नेपाल विद्युत् प्राधिकरणले गरिरहेको छ भने गोरखापत्र संस्थानले गोरखापत्रलगायत विभिन्न पत्रपत्रिका प्रकाशनको कार्य निरन्तर अघि बढाइरहेको छ । गोरखापत्र संस्थानको परिसरमा आज पनि 'चन्द्रज्योति विद्युत्' लेखिएको पुरानो पोल देखिनु इतिहासको जीवित प्रमाण हो।

चन्द्रज्योति विद्युत्गृह र गोरखापत्र केवल दुई ऐतिहासिक संस्था मात्र होइनन्, यी नेपालमा आधुनिकता, सूचना प्रवाह र पूर्वाधार विकासको प्रारम्भिक यात्राका महत्त्वपूर्ण प्रतीक हुन्। यी पुराना संरचना र अवशेषले नेपालको प्राविधिक र सञ्चार विकासको गौरवशाली इतिहास सम्झाइरहेका छन्। नेपालको पहिलो पत्रिका गोरखापत्र पनि पुरानो हुँदैमा कमजोर हुँदैन भन्ने उदाहरण हो । विसं १९५८ मा प्रकाशन सुरु भएको गोरखापत्रले आजसम्म निरन्तर समाचार, सूचना र विचार प्रस्तुत गर्दै आएको छ । समयसँगै प्रविधि परिवर्तन भए पनि यसको विश्वसनीयता र ऐतिहासिक महत्त्व भने अझै कायम छ।

पुरानो हुनु कमजोरी होइन; बरु इतिहास, अनुभव र गुणस्तरको परिचय हो । चन्द्रज्योति विद्युत्गृहका पुराना पोल र गोरखापत्रको दीर्घकालीन प्रकाशनले स्पष्ट सन्देश दिन्छ पुरानो हुँदैमा नराम्रो हुँदैन, बरु धेरै अवस्थामा त्यो अझ विश्वसनीय र मूल्यवान् हुन्छ।



# उपभोक्ताको भरोसा



माधव तिमल्सिना

नेपालको संविधान २०७२ को धारा ४४ मा उपभोक्ता हितलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । यद्यपि व्यवहारमा बजार संयन्त्र अझै पनि कार्टेलिङ, एकाधिकार, मिसावट र कृत्रिम अभाव जस्ता समस्याबाट मुक्त हुन सकेको छैन। आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा भइरहँदा आपूर्ति व्यवस्थालाई सहज, सरल र उपभोक्तामैत्री बनाउन राज्यले परम्परागत शैलीभन्दा माथि उठेर संरचनागत सुधार गर्नु आवश्यक छ। अनि मात्र संविधानप्रदत्त मौलिक हक सुनिश्चित भएको विधिको शासन र कानुनी राज्यको अनुभूति हुन्छ।

### नीति र कार्यान्वयनबिचको खाडल

विगतका नीति तथा कार्यक्रमले 'बजार अनुगमन' र 'आपूर्ति सहजता' जस्ता शब्दलाई प्राथमिकता दिए पनि तिनको प्रभावकारितामा केही गम्भीर प्रश्न बाँकी नै छन्। नीति तथा कार्यक्रममा यस विषय समावेश गरेसँगै प्रभावकारी कार्यान्वयनको दृढ इच्छाशक्ति र सङ्कल्पसमेत आवश्यक छ।

बजार अनुगमन नियमित प्रभावकारी हुनु पर्छ। अनुगमनका माध्यमबाट बजारमा सुशासन कायम गर्न सकिन्छ । यो कुनै क्षेत्र वा विषयमा केन्द्रित र मौसमी हुने गरेको छ । नियमित अनुगमनका लागि आवश्यक दक्ष जनशक्ति र प्रविधिको अभाव देखिन्छ । तिनै तहका सरकारलाई पूर्ण समन्वय गर्न सशक्त र प्रभावकारी उपभोक्ता संरक्षण प्राधिकरणको आवश्यकता छ । जसलाई आगामी नीति तथा कार्यक्रममा समावेश गरी बजेटमार्फत सुनिश्चित गर्नु पर्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ ले गरेको व्यवस्थाबमोजिम तत्काल जरिबाना गर्नेबाहेक ठुला कालोबजारी र सिन्डिकेट, कार्टेलिङ, जम्माखोरी मिलेमतोमा वस्तु र सेवाको मूल्य गुणस्तर र नापतौलमा कैफियत गर्नेलाई कानुनी कठघरामा ल्याउन सकिएको छैन । यसो गर्न सकिए उपभोक्ताको हित हुन सक्छ।

सङ्घीय, प्रादेशिक र स्थानीय तहबिच बजार अनुगमन र नियमनमा क्षेत्राधिकारको अन्योल र समन्वयको कमी रहँदै आएको छ। आपूर्ति व्यवस्थालाई आयातमुखी अर्थतन्त्रले निर्देशित गर्दा अन्तर्राष्ट्रिय बजारको मूल्यवृद्धिको प्रत्यक्ष मार नेपाली उपभोक्तामा पर्ने गरेको छ । त्यसका लागि आत्मनिर्भर कृषि उत्पादनमार्फत माग र आपूर्तिको वैज्ञानिक तथ्याङ्क सबै स्थानीय सरकारसँग समन्वय गर्न विशेष विषयविज्ञसहितको स्पष्ट कार्ययोजनासहित कार्यान्वयन हुने ग्यारेन्टी गरिनु पर्छ।

### नीतिगत व्यवस्थाका मुख्य स्तम्भ

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा आपूर्ति व्यवस्थालाई सरल बनाउन र उपभोक्ता अधिकार सुनिश्चित गर्न देहायका नीतिगत व्यवस्था समेटिनु पर्छ।

**प्रविधिमैत्री बजार अनुगमन प्रणाली** : अबको अनुगमन भौतिक उपस्थितिमा मात्र सीमित हुनु हुँदैन । डिजिटल प्रविधिको प्रयोग गरी वस्तुको उत्पादनदेखि उपभोगसम्मको 'ट्र्याकिङ' गर्ने नीति ल्याउनु पर्छ। जसको माध्यमले बजार पूर्ण रूपमा स्वच्छ प्रतिस्पर्धी र उपभोक्तामैत्री बन्न गई राज्य, व्यवसायी र उपभोक्ता सबै पक्षलाई फाइदा पुग्छ। प्रत्येक उपभोग्य वस्तुमा क्युआर कोड अनिवार्य गर्ने, जसबाट उपभोक्ताले वस्तुको उत्पादन मिति, उपभोग्य मिति, गुणस्तर र मूल्यसहित लेबल सजिलैसँग जाँची उपभोग गर्न सकिन्छ। बजारमा हुने मूल्य उतारचढावलाई रियल-टाइममा ट्र्याक गर्न 'सेन्ट्रल मार्केट इन्टेलिजेन्स सिस्टम' स्थापना गर्ने।

**आपूर्ति शृङ्खलाको सुदृढीकरण र भण्डारण क्षमता** : आपूर्ति व्यवस्थालाई सरल बनाउन राज्यको हस्तक्षेपकारी भूमिका आवश्यक हुन्छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ जस्ता संस्थाको संरचनागत सुधार गरी सातै प्रदेशमा 'खाद्य बैङ्क' र ठुला शीतभण्डार निर्माण गर्ने नीति लिनु पर्छ । उत्पादन बढी भएका बेला भण्डारण गरी मूल्य नियन्त्रणमा सरकारको प्रभावकारी उपस्थिति जनाउन नीति तथा कार्यक्रममार्फत दिशानिर्देश गर्न अनिवार्य छ । पेट्रोलियम पदार्थको भण्डारण क्षमता कम्तीमा ९० दिनका लागि पुग्ने गरी विस्तार गर्ने र 'इथानोल ब्लेन्डिङ' लाई व्यावहारिक रूपमै कार्यान्वयनमा ल्याई इन्धनको परनिर्भरता घटाउनु आवश्यक छ। जसका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा किसानलाई उत्साहित गराउन विशेष कार्यक्रम लक्षित वर्गसमक्ष पुग्ने विश्वसनीय वातावरण निर्माण गर्न विभिन्न कार्यक्रम समेटिनु पर्छ।

**मूल्य निर्धारण र लागत विश्लेषण संयन्त्र** : बजारमा उत्पादकदेखि उपभोक्तासम्म पुग्दा वस्तुको मूल्यमा हुने अस्वाभाविक वृद्धि नियन्त्रण गर्नु पर्छ । जसको मूल्य नियन्त्रण, नियमन र निर्धारण गर्ने स्वायत्त र स्थायी संयन्त्र निर्माण गरिनु पर्छ। मुख्य उपभोग्य वस्तुको 'लागत विश्लेषण' गरी अधिकतम खुद्रा मूल्य तोक्ने वैज्ञानिक मापदण्ड तयार गर्न आवश्यक छ। जसलाई कडाइका साथ कार्यान्वयन गर्न अन्तरनिकाय समन्वय, सहजीकरण गर्न आवश्यक नियम कानुन मापदण्ड परिमार्जन आवश्यकता अनुसार नयाँ बनाउन विशेष कार्यक्रम आवश्यक छ।

तहगत नाफाको सीमा तोकी बिचौलियाको सङ्ख्या न्यूनीकरण गर्ने नीति ल्याउनु पर्छ । जसका लागि तत्काल बजारको तह र अत्यावश्यक वस्तुको सूची तयार पार्न उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम कामको सुरुवात गर्न आवश्यक छ।

### आगामी रणनीति र सुझाव

स्थानीय तहलाई अधिकार र स्रोत सम्पन्न बनाउनु पर्छ । संविधानले बजार अनुगमनको अधिकार स्थानीय तहलाई दिएको छ। धेरै पालिकामा 'बजार निरीक्षक' को व्यवस्था छैन। आगामी नीतिमा प्रत्येक पालिकामा अनिवार्य रूपमा तालिमप्राप्त बजार निरीक्षक र प्रयोगशाला, आवश्यक दक्ष जनशक्ति र प्रविधिका लागि व्यवस्था गर्न बजेट विनियोजन गरिनु पर्छ।

सचेत उपभोक्ता नै बजारको सबैभन्दा ठुलो नियामक हो। विद्यालय तहको पाठ्यक्रममै उपभोक्ता अधिकारका विषय समावेश गर्ने र राष्ट्रियस्तरमा उपभोक्ता सचेतना महाअभियान सञ्चालन गर्ने रणनीति लिनु पर्छ।

नेपाल गुणस्तरलाई अनिवार्य गर्न त्यसको दायरा फराकिलो बनाउनु पर्छ। विशेष गरी औषधी, खाद्यान्न र विद्युतीय सामग्रीको गुणस्तरमा शून्य सहनशीलताको नीति अपनाउनु पर्छ । नेपाल गुणस्तर नापतौल विभागका लागि आवश्यक जनशक्ति स्रोतसाधन अत्याधुनिक भवनको व्यवस्था गर्न नीति तथा कार्यक्रम समेट्न पर्छ।

उपभोक्ताले ठगिएको महसुस गर्दा तत्काल उजुरी गर्न सक्ने गरी 'हेलो उपभोक्ता' हटलाइन र मोबाइल एपलाई थप सुदृढ बनाइनु पर्छ । उजुरी परेको २४ घण्टाभित्र कारबाही हुने गरी द्रुत कार्यटोली परिचालन गर्न आवश्यक छ । अनुगमन र नियमन स्वच्छ, प्रभावकारी पारदर्शी बनाउन एकीकृत संयुक्त टोली परिचालन गर्न विशेष कानुन व्यवस्था गर्दै दण्ड र पुरस्कार दुवै सँगसँगै लैजाने व्यवस्था गर्न आवश्यकता अनुसार उपभोक्ता हितसँग सम्बन्धित मौजुदा कानुनलाई समयसापेक्ष पुनर्लेखन परिमार्जन गरी मौलिक हकको पूर्ण कार्यान्वयन गर्न नीति तथा कार्यक्रममा समावेश गरिनु पर्छ।

आपूर्ति प्रणालीलाई सरल बनाउन उत्पादन र वितरणको सन्तुलन आवश्यक छ।

आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने गरी स्वदेशी उद्योगलाई विद्युत् महसुल र करमा सहुलियत दिनु पर्छ । आमउपभोक्तालाई स्वदेशी वस्तु प्रयोग गर्न उत्साहित बनाउन विशेष अभियान सञ्चालन गर्न आवश्यक छ। इन्धनको मूल्य बढ्दा भाडा बढ्ने तर घट्दा नघट्ने प्रवृत्ति अन्त्य गर्न 'अटोमेटिक ट्रान्सपोर्ट फेयर सिस्टम' लागु गर्नु पर्छ।

बजारसम्बन्धी ठुला मुद्दाको छिटो किनारा लगाउन उपभोक्ता अदालतको गठन प्रक्रियालाई पूर्णता दिन ढिला गर्नु हुन्न । सातै प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्दै संविधानको धारा ४४ (ख) ले प्रत्याभूत गरेको क्षतिपूर्ति प्राप्त गर्न आवश्यक रहेकाले सरकारले आगामी आर्थिक वर्षभित्र स्थापना गरिसक्ने ग्यारेन्टी गर्नु पर्छ।

### निष्कर्ष

स्वच्छ बजार र सरल आपूर्ति व्यवस्था कुनै एक निकायको प्रयासले मात्र सम्भव छैन । यो सरकारको दृढ इच्छाशक्ति, निजी क्षेत्रको इमानदारी र उपभोक्ताको सक्रियताको सङ्गम हो। आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले प्रविधि, स्थानीय सशक्तीकरण र कडा कानुनी शासनलाई आत्मसात् गर्न सक्यो भने मात्र 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षामा उपभोक्ताले वास्तविक राहतको अनुभूति गर्न पाउने छन्। राज्यले बजार नियन्त्रण मात्र गर्ने होइन, एउटा कुशल सहजकर्ताको भूमिका निर्वाह गर्दै उपभोक्ताको भान्सासम्म पुग्ने वस्तुको शुद्धता र मूल्यको सुनिश्चित गर्नु पर्छ । यसैमा नागरिकको राज्यप्रतिको भरोसा अडिएको हुन्छ।

# गोरखापत्रका ऐतिहासिक ती दिन



नातिकाजी महर्जन

> यासिका क्यामरा र टुक्रा फिल्म लिएर तरकारी बजार र दसैँ बजारका फोटो खिच्न गएँ । आफूले खिचेका फोटाका फिल्म धोएर उहाँलाई नै देखाएँ । उहाँले निकै ध्यान दिएर हेर्नुभयो । दुई वटा तस्बिर छानेर अखबारमा छाप्न पठाउनुभयो । तस्बिर गोरखापत्रमा छापिए । तस्बिर अखबारमा छापिएपछि यो कर्ममा लाग्न हौसला मिल्यो ।

नेपालको जेठो अखबार गोरखापत्र १२६ वर्षमा पाइला टेकेको छ । यो खुसियालीमा हामी सबै गौरवान्वित भएका छौँ। धेरै दुःख कष्ट झेलेर आधुनिक प्रविधिको युगमा यो अखबार प्रकाशन भइरहेको छ । हप्ताको एक पटक प्रकाशित हुने यो अखबार अहिले अनलाइन दुनियाँमा छिन छिनमै विश्वभर समाचार पुऱ्याउने माध्यम बनेको छ।

पहिले पहिले सिसाको एक/एक अक्षर केलाएर स्टिकमा राखी शब्द शब्द बनाई कम्पोज गरी वाक्य बनाइन्थ्यो । प्रत्येक १०-१२ लाइनमा कम्पोजलाई दुई हातले राम्ररी च्यापेर ग्यालीमा राखी समाचारको महत्त्व अनुसार हेडलाइन राखिन्थ्यो। हेडलाइनको अक्षर पनि सिसाकै भए पनि ठुलठुलो हुन्थ्यो। १८ प्वाइन्ट, २४ प्वाइन्ट, ३६ प्वाइन्ट र ७२ प्वाइन्टको बनाइन्थ्यो । समाचारको अक्षर १२ प्वाइन्टको हुन्थ्यो । अङ्ग्रेजीभन्दा नेपाली कम्पोज गर्न निकै गाह्रो र ढिलो हुन्थ्यो। आकार, एकार, ऐकार, उकार, ओकार आदि जोड्नु परेको हुन्छ । छिटो र चाँडो गर्नेले एक कोलम कम्पोज गर्दा तीन घण्टा लाग्थ्यो भने ढिलो गर्नेले चार/पाँच लाग्थ्यो। शीर्षक राख्ने छुट्टै, पेज बनाउने छुट्टै कर्मचारी हुन्थे। त्यस्तो दुःख गरेर कम्पोज गरेको सिसाको अक्षर-कोलम पेज कहिलेकाहीँ अकस्मात् भत्किँदा धेरै दुःख लाथ्यो। यसले अखबार निस्कन ढिलो पनि हुन्थ्यो।

विसं २०२८ साल साउन महिनादेखि मैले गोरखापत्र संस्थानको जब शाखामा काम गर्न थालेँ। त्यतिबेला ओमबहालको पन्नारत्न वज्राचार्य यो शाखाको हाकिम हुनुहुन्थ्यो । सुरुमा मलाई शनिबार बिदा पाउने गरी ज्यालादारीमा नियुक्ति दिइएको थियो। पन्नारत्न हाकिम मेरो काम देखेर निकै खुसी हुनुभयो। यसैले होला उहाँको सिफारिसमा मलाई दुई तहको जुनियर कम्पोजिटर पदमा नियुक्ति दिइयो । पाँच महिनापछि लाइनो टाइप शाखामा दक्ष कर्मचारी आवश्यक भए अनुसार मलाई लाइनो टाइप अपरेटर पदमा नियुक्त गरी लाइनो टाइप शाखामा बढुवा गरियो। लाइनो टाइप शाखामा भूपालबहादुर श्रेष्ठ प्रमुख हुनुहुन्थ्यो । लाइनो टाइप शाखाले 'दी राइजिङ नेपाल' अखबारका लागि काम गर्दो रहेछ। 'राइजिङ नेपाल' अखबार छाप्न कोलम साइजको एक लाइन एक ढिक्का ढालेर निस्कने मेसिन रहेछ । किबोर्डबाट टाइप भएपछि पित्तलको मोल्ड मेसिनमा एडजस्ट भएपश्चात् गालेर झोल भएको सिसा मेट्रिक्समा पन्चिङ भएपछि एक कोलमका एक ढिक्का भएर निस्किँदो रहेछ। त्यसमा एक अक्षर मात्र गल्ती भए पनि एकै लाइन पुनः टाइप गर्नुपर्ने हुन्थ्यो।

लाइनो टाइप शाखाका भूपालबहादुर श्रेष्ठसहित राजमान शाक्य, मोहनगोपाल रञ्जित, श्याम श्रेष्ठ, ध्रुवरत्न तुलाधर र मसहित छ जनाले 'दी राइजिङ नेपाल' को शुक्रबारका दिन परिशिष्टाङ्क हित १२ पेजको काम गर्नु पर्थ्यो। कहिलेकाहीँ बिजुलीको लाइन बन्द हुँदा मनोशाखाले पनि सहयोग गर्थ्यो। मनो टाइपले गोरखापत्रको प्रायः सबै काम गर्थ्यो। समय बित्दै गयो बेला बेलामा लाइनो मेसिन पनि बरोबर बिग्रन थाल्यो। कहिले बत्तीको लाइन बन्द भई अखबार ढिलो हुने र कहिले काम गर्न गाह्रो हुने भयो। ड्युटीमा साथीहरू नआएर एक दिन एक्लै ३६ घण्टासम्म काम गर्नु पर्थ्यो। अफिसमै बिरामी भएर गोरखापत्र संस्थान, धर्मपथदेखि मेरो घर किलागलसम्म जान तीन/चार ठाउँमा थकाइ मार्दै, बस्दै घर पुग्नु परेको थियो। त्यो दिन सम्झँदा 'धन्य रहेछु' भन्ने म आफैँलाई लाग्न थाल्यो । पछि लाइनो टाइप मेसिन बिग्रियो। यसबाट काम भएन। लाइनो शाखा नै बन्द गरियो।

फोटोग्राफी शाखाका प्रमुख गोपाल चित्रकारको माग अनुसार तस्बिरको नेगेटिभ मिलाएर राख्ने काममा मलाई उक्त शाखामा सरुवा गरियो । त्यसबेला फोटोग्राफी शाखा गोरखापत्रको पुरानो भवनको कौसीमा थियो । यो शाखामा विन्दु सुवाल, रामेश्वर कायस्थ र 'ल्याब ब्वाए' शिवहरि कार्की गरी चार जना काम गर्नुहुन्थ्यो । फोटोग्राफी शाखामा तस्बिरको नेगेटिभ मिलाएर राख्ने भनेर बदुवा भए पनि फिल्म धुने र तस्बिर बनाउनेतिर बढी काम गर्नु पर्थ्यो। फिल्म धुने, तस्बिर बनाउने काम छिटो नै सकिन्थ्यो । गोपाल चित्रकार, विन्दु सुवाल, रामेश्वर कायस्थले खिच्नुभएको नेगेटिभ धुने र श्यामश्वेत तस्बिर बनाउन जानेपछि क्यामरातिर ध्यान जान थाल्यो । फोटोग्राफी शाखामा गएको झन्डै १० महिनापछि गोपाल चित्रकारलाई आग्रह गरेँ। म पनि फोटो खिच्न जान्छु भनेर । उहाँको अनुमति पाएपछि यासिका क्यामरा र टुक्रा फिल्म लिएर तरकारी बजार र दसैँ बजारका फोटो खिच्न गएँ। ती खिचेका फोटाका फिल्म धोएर उहाँलाई नै देखाएँ। उहाँले निकै ध्यान दिएर हेर्नु भयो। अनि दुई वटा तस्बिर छानेर अखबारमा छाप्न पठाउनु भयो। तस्बिर गोरखापत्रमा छापिए।

तस्बिर अखबारमा छापिएपछि यो कर्ममा लाग्न हौसला मिल्यो । यी तस्बिर तरकारी बजार र लुगा बजारका थिए। त्यसपछि नागपञ्चमीको दिन टङ्केश्वर महादेवको पश्चिम ढोकामा नागको तस्बिर टाँसेर नागपूजा गरेको तस्बिर खिचेर ल्याएँ। त्यो पनि छापियो। त्यो तस्बिरमा 'पूजाको सम्पूर्ण अर्थ झल्किएको' भनेर शाखा प्रमुख गोपाल चित्रकारले भन्नुभयो। यस भनाइले मलाई फोटोग्राफीमा प्रेरणा मिल्यो। विन्दु सुवाल, रामेश्वर कायस्थसँग सल्लाह गरी मलाई 'फोटो-पत्रकार' को दर्जा दिइयो। अनि यही काममा अनवरत लागेँ।

विसं २०४१ साउदेखि फोटोग्राफी शाखाबाट क्यामरा र फिल्म दिएर अखबारमा छाप्ने खालको तस्बिर खिच्न उहाँहरूले भन्नुभयो । यसबाट मलाई आफूलाई लागेको समाचारमूलक तस्बिर चाडपर्व, जात्रा, सामाजिक क्रियाकलाप, राजनीतिक घटना आदिका खिच्न थालेँ र म फोटोग्राफरका रूपमा दरिएँ। अहिलेको डिजिटल युगमा भन्दा क्यामरामा नेगेटिभ राखेर समाचारमूलक फोटो खिच्न हिँड्न पनि त्यो बेला दुःख नै थियो।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

**ऐतिहासिक शुभारम्भ अङ्क**
**सन्थाली भाषा पृष्ठ**



# [illegible]



■ विश्वदिप बेस्रा



[illegible]

[illegible]

## [illegible]



■ खुदु मुर्मु

[illegible]

## [illegible]



[illegible]

## [illegible]

■ शिबु मुर्मु



[illegible]




# दाम्ता दाबु वायु नोङ चुप्ताङ खाता

**वायु जातिमु चिनारी**

वायु (हायु) जाति नेपालमु कोलु होकुना आदिवासी जनजाति समुदायहे पराइ नोम। मिखाता लंकापलंकाखेन दोङता नोमेम्। वायुमु दोङयी, मुत्यी रामेछापमु रामेछाप नगरपालिका वडा नं.कोलु गोतखेन नाँक्यू मुडाजोरहे नोम्। इनेखेन लालात्हा वायुमू मुस्च्याँङ सिन्धुली,सर्लाही,काभ्रे,सुनसरी,दोलखा,

काठमाण्डौ,भक्तपुर,ललितपुर,पोखरा नेपालगञ्ज,चितवन धरान नोङ सोफोप्पना इकहे मुमुत्हा नोमेम्। वायु(हायु) जातिहा आँकिमु दाँबुहे वायु इत्हा मिखाता सिमेम्। वायु कोलु दिक्सीमु मौलिक अस्तित्व नोङ समाजमु संरचना नोस्त होकुनामु समुदाय नोम।

कोलुगोत बुलुबालु जिरेल,सुरेल,सुनुवार,राई,लिम्बु लंकाखेनलोखा खोक्हे बालु नोङना नोत्हे ह..ई.. इइत्हाखाँमहे वायु जाति नोस्ता रामेछाप नगरपालिका वडा न.कोलु गोतखेन नाँक्यू मुडाजोर मु दाँबु जुक्यीलालदेवी वायुहा इयत्हा नोम। वायु जाति किराँत वंशि इइत्हा ले सिमेम्। वायुखाँताहा आँकिमु दाँबु हुत्मु माँङजुजुक्हा आँकिखाँता वायु नोम इत्मु माङबिङचोमी लागै नोमनोङ दाँबु माँङहुस्ता कारण आँकिमु दाँबु दादाम्हा नोम मिमाहा उम्बे वायु खाता दाँबु संरक्षणमु खातिर शब्दकोष निर्माणहे जुटैहा नोमेम्।

नेपालहे नोस्ता कोलु उमु बिइयु गोत नाँक्यु (१४२)जाति भित्रेर वायु ले नोम। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नोङ नेपाल सरकारखेन आदिवासीखाता कोलु गोत समुहहे बण्ड पापाहा दाम्यी (लोपन्मुख)आदिवासी जनजाति समूहहे ताताहा जातिमु नोमेम अन्तर्गत ।वायखामु होकुनामु विर्तामु रुपहे दोखा च्यास्कुगाँङ लोखा तुती इथा रुङगाँङ नोङ बिङमीगाँङ नोस्ता नोम। मिखेन उम्बे मिइ क्षेत्रहे सोफोप्ना वायुखाता इक माङनोस्ता नोमेम । मिमाहाना मिखाता ऐतिहाँसिक होकुनामु इकमु आधारहे लिखुमु पुछिखेन बिङबोङ उमेमु रामेछाप नगरपालिका नोङ गोलन्जोर गाँउपाली नोम। मुस्च्याङमु आधारहे सिन्धुली,सर्लाही,महोत्तरी,उदयपुर,काभ्रे,सिराहा,दोलखा, भोजपुर, ओखलढुङ्गा काठमाडौ जिल्लाखाताहे मुस्ता नोमेम,वायु जातिमु मिमुना मिखातामु च्युप्ताङ योक्ताङ नोम। मिइ दाँबु भोटबर्मेली परिवारहे पराइ नोम।मिखेन खासा दाँबुमु प्रभावहा पापाहा आँकिमु दाँबु नोतना नोतयले आँकिमु दाँबु हुतयी सोफोना मानोम।

होकुनामु हुतयीहाले दाँबु हुतहेले बोक्यीखाताहा दाँबु माहुहुतहा दाँबु दादामहा नोम। वायु आदिवासी जनजातिखातामु शारीरिक बनोट मङ्गोलियन मूलमु सिङतो थिकना नोम। मिखातामु कद मध्यम नोङ सोफोना सुनुवार, राई, लिम्बू नोङ सुरेलहे मिलाइ नोम इ जातिमु सिङतोङमु उचाइ औषत नोङ मध्यम खालमु नोम् मिखातामु चोतनो प्रायः नेप्टो नोङ लोन्ता आकारमु नोम। सोममु रङ खाक्छीमी वलता मेक नोङ हिछिङ वर्ण दावङमी कुकछ्यो नोस्ता नोमेम कालो, चिम्सो आँखा र रातो वर्ण। २०७८ सालहे पाता जनगणनाबमोजिम वायुमु जनसंख्याछिउ पिइपि (३०६९)नोङ कोलु प्रतिसत नोस्ता नोम। मिखेने कोलु पिइपी कोलु उमु गोतमु गोतखेन बिइयु (११३३) जनाहा आँकिमु दाँबु हुतयी नोमेम।

वायू जातिहा प्राकृतिक रूपहे नोङ आँकिमु देवीदेवतामु चोक पापाहा आँकिखातामु चोक्ही ना मानाइ पादक।

वायुखातामु होकुनामु पेशा इक दुही,शिकार पाही, जीवजन्तु तुन्ही,चुप्ताङ, योक्ताङ,बुनाइ पाही नोममे। मिखेन समयमु परिवतहेना मिइ क्षेत्रहे सरकारी कार्यलयहे रोजगारी पापाहा नोमेम। होकुना रोजगार नोङ मिइ काममु खातिर मिखाताहा मगर राई, सुनुवार, भुजेल जातिमु रुपहु आँकिखाता रुपान्तरण पापाहा नोङ जातिमु रुपहे आँकिखाता रूपान्तरण पापाहा नोङ उम्बे दोदोहा वायु आदिवासी जनजाति नोम पा सितयी आँकिखाता गौरव पाँचिकोक्। वायू आदिवासी जनजातिमु ऐतिहाँसिक इक क्षेत्रमु खातिरहे उम्बेले मुडाजोर पालिकेम नोम। वायुमु विर्तामु आधारहे दोखा च्यास्कुगाँङ लोखा तुती इथा रुङगाँङ नोङ बिङमीगाँङ नोस्ता नोम।

रामेछाप नगरपालिका आदिखाता आँकिमु होकुनामु थाकथलो नोम। पा इयतहा वायु आदिवासी जनजातिलहा दाबी पापाहा नोम। वायुखाताहा पायी आँकिमु आँकिमुना ओप्छेमीरानी (माहाङ्कालीदेवी) रामेछाप जिल्लामु रामेछाप नगरपालिका वडा न.कोलु गोतखेन नाँकु मुडाजोरहे नोम। मिइ ओप्छिमी रानी मुढाजोरहे नोस्ता खुटा चुकुनमु फुमहे नोम।

इयि सोफोप्ना खुटा पर्व नोङ धार्मिक थुममु रुपहे पाचिमकोक। होकु होकु प्रत्येक वर्षमु फागुन शुक्लपूर्णिमा नोङश्रीपञ्चमीहे नाँकु गोत खेन नाँक्यु नोमोबोङ पापाहा हुली आराधाना पापाहा दिकसीमुहा सोफोना वायुखाता दोदोङ मनाइ पाचिकोक। गैरवायुखाताहा ले इयी ओप्छेमरानी पूजाआराधना पापाहा मनाइ पाचिमे।मिखेन मिइ थान भित्रेरहे मिस्चोखाता फके माहुक। इयि थानमु चोक्यी (फोचो) होकुनाखेन वायु समुदायखेन जीइ मुतयी नोमेम। वायु समुदायमु नातेदार प्रथा भित्रेहे सामाजिक रुपहे दिकसिमु सम्बन्धखाता नोम मिइ दिकसाना बोकयीहा पोस्नता नोम।

मिइ सम्बन्धखाता अन्तरक्रियामु परिमाण पामु पादाक्। सिङतोङ समाजमु अस्तित्व ताइ पाइ दिकसिमु नोङ स्थायी रुपहे सञ्चालन पाही बोकयी नातामु खुटा भूमिका नोम । इमु सम्बन्धहे वायु आदिवासी जनजातिहे किरख्की,पिइपि,बुलु,बालु, नोनो,दियु, पोङपोङ,पोङपोयु,कुरख्कु,कुकुयु नोङ बैवाहिक सम्बन्धखेन चाखी,चापिमी,खुङ,खुङमेन, तामी,ताँव खाँप्चो,खाँप्चोङमी रोमी,रोचो इथा नोम। वायु जातिहा नातेदार इस्था उमु नोङ उफुखेन आँकिमु नोम हायू। वायु समुदाय भित्रेर इमु नाताहे विवाह मापाहुक । वायु समुदायमु सिङतोङखाता उमबेले नोना नोमेम्। मिस्कान इ समुदायमु सिङखाता हुतमु माङवनयी खोतयी आँकिमु समस्याखाता खुलैहा इत माङवनयी मिस्चोखाताहे मिचीले सीप दादाहा दुयी पेशा पायी बाध्य नोमेम ।

नोमोमु वंश ताँव वायू नोम्। होकुना तिई नोत्इ ठाँउखेन उत्पति नोस्ता नोम । हुजुङ कुजुङ इक,दाङदाङ,जप तेजखेन बोक्ता नोम् मिइ ठाँउ इस्ता लंका नोम्। लंकाहे राजकाज पापाहा मुस्ता नोम मिनेमु राजा नोम रावण। रावणहा १० दिव्य बर्ष तपस्या पापाहा शक्ति लोक्तो मिखेन सुहाले सितमावनई वरदान लिको। बिङचोहा राजकाज पापाहा मुस्ता नोम्।

कालन्तरहे बिङचो इस्ता सुले पाच्य नोम्। माँङबिङचोइस्ता सुदुमले माँङबिङचोव नोम्। मिस्चो, लुचो इस्ता बोक्यी नोम् मिहाना सृष्टि पुऊ बिङचोव नोत्हे। मिहाना बिनास पुऊ माङबिङचोव नोत्हे। रावण आँठ परिया आँसासेगाँसासेहा बिङमी मिइस्चोमु वर्णन पापाहा हजुरहा थुङदाक शक्तिशाली रावण मिइस्चोमु खाँतिर चुकाई नोव। मिहे सत्य चाँहि माँडगै पाता नोम। मिइस्चोमुखातिर राम नोङ रावण पापात्हा नोम १० दिव्य वर्ष तपस्यामु शक्तिहा मावनखेन लडाई हराई पाखेन मिखेन बिङमी गाँङनागाँङ खोक्कहे शिकार, पापाहा,फोकुहे मुस्ता।

लंकाखेन जोक्ता रावणमु आँठपरिया, बुलु बालु जिरेल सुरेल, सुनुवार, राई,लिम्बु, वायु नोम।

वायु इस्ता नेपाल देशमु रामेछाप जिल्ला रामेछाप नगरपालिका वडा न.कोलु गातखेन नाँक्ऊ (७) पालीकेम(मुडाजोर)। (साविक ल्याङल्याङ मध्ये वल्लो किराँत पाँलिकेम नोम) होकुना बुलुखाँता नोमे बालुखाँता नोङना। बालुखातिर सितइखाता ताताहा खोक्ता चिनो रिसा युक्ता युक्ता रिसा गास्ता बाहोरी युक्ता।युक्ता बोहोरी खाँकछिमी नोस्ता चिनो ताता पुरानो नोम।

बालुखाताहा हाथा हाथा तेस्ता। मिखेन उम्बेमु मकोलोव(च्यायु फुम) इस्ता ठाँउहे दोङखेन दुमुकुहा निकतिङनितिङ इतखेन उबे इनेना मुत्दाक पा मुस्ता। कोतनाकोत दोङता उत्छीरानी उम्बेमु देवी थानहे रोमाछिङ फुमहे दामता (अलप) उत्छिमीरानीले इनेना मस्चे,गुखाताले इनेना राजकाज पापाहा मुत्दाक पा मुस्ता। राजकाज पायी थिती चाहि नोव। मिइ थिति होकुना दोङता दिङतिचोव (जेठाबुडा ) खुटाहा मनाइ पाँदाक। मिमु अधिनहे चलाइ पादाक। मिखेन पूजा पोही फोचो चुतइ टहल,टोल टोलमु रेखदेख पाही गौरुङ,सिती मुख्या,सिधर नोम।


**वायुमो सित्ई**

> वायू जातिहा प्राकृतिक रूपहे नोङ आँकिमु देवीदेवतामु चोक पापाहा आँकिखातामु चोक्ही ना मानाइ पाद्क ।

**बिङ्चोमी गोतयीशैली**

वायू जातिमु होकुना बोकतामु पेशा पुस्च्याङ,बुस्च्याङ, नोरी,पोस्च्याङ,युक्च्याङ, योक्च्याङ,दोस्च्याङयीखाता नोम। यीखाता व्यवसाय पामुनोङ प्रवर्द्धन पामु माङववनहा नोङ केमुना नुप्मा कामखेन नोस्तामु। समयहे च्यायुमु बुस्च्याङखाता पापाहा हायी नोमेम। हाथा वायुखाताहा गोतयी नोङ दुयी पापाहा नोस्ता आम्दानी पापाहा नोम। होकुना सुकसा नोतहे मिचिदुम सुकसाहे ख्वानमु खातिर जङ्गलहे नोस्ता रापि,छोकसी,खाताङ,नोजि,चुइयाँ जाइखेन अवस्थाखेन मिखाता माआङ नोनोत्हा नोमेम् उम्बे सरकारहा दामलात्यी जाति वायुखाता सामाजमु बिङचोमी भत्ताखेन उम्बे महिनामु ब्इिउ पिइपी हानाना नोम। मिइखातामु पेल्एकु नोङ सामाजमु गोतयीशैली होकुनामु तुलनाहे बिङचोमी पोपोनहा नोम।

**बोक्यी नोङ**

वायू जातिमु बोकयी इक रामेछापमु मुढाजारहे नोम। मिइ मुतयी उमबेमु रामेछाप नगरपालिका वडा नं.कोलु गोतखेन नाँकु अन्तर्गतहे पराइनोम। मुतयीखाता बोबोनहा खोखोकहा रामेछाप नोङ सिन्धुली होकुनामु नोम पा खुटा सिङताङखाता इस्चीमेम् काभ्रेपलाञ्चोक,सर्लाही,महोत्तरी,सिरहा,उदयपुरहे ले वायुखातामु मुमुतहा नोमेम्। २०७८ मु जनगणना नोङ देशनोङ सोफोप छिइयु पिइपि कालुगोतखेन कोलु मिखेन ब्इिउ जना सिङतोङखाता नोमेम् मिइखेन वायु दाँबु हुतयी सिङतोङ कोलु कोलु उमु छिइउ छिइउ सिङतोङ नोमेम्। वायु किराँत समुदायभित्रेर परानोमेम।

## सरकारमु बिकल्प नोङ नोङनामु चुनौतिखाता

भारतीय विदेश मन्त्रालयमु हुतयी रणधिर जैसवालहा भारत साँदमु ताँमताँमहा समाधानमु खाँतिर नेपालहे दाँबु नोङ् कुटनितिक तबरखेन दाँबुमु खाँतिर खुल्ला नोनोतहाँ नोम। भारत दाँबुमु खाँतिर नोनोताहा नोम इतहे,इयी बिङचोमी नोम।

नेपालमु इक लिपुलेक नोत्नोहा भारतहा कैलाशमान सरोबरहे खोक्नामु खुलाईपाखेन नेपाल सरकारहा बैशाख नामु गोतहे नाक्पुना काँचोहे कुटनितिक बेबेकहाँ लालाताहा नोम। बेक्ता लात्खेम सार्वजनीक दुमखेन मिथाहाहे भारतहा प्रतिक्रिया दाँहा नोम् भारतमु विदेश मन्त्रालयमु कुट्यी रणधिर जैसवालहा लिपुलेक लात्यी कैलाशमान सरोबर खोक्यी सन १९५४ हे खेन थुथुक्दा होकुनामु लोम नोस्ता नोङ हानिदुम नयाँ विषय माङनोस्ता दांबी पाकोम।

सम्झौंताहे चोक्यी खाता नोङ व्यापारीहा लिपुलेक नोस्ता नोङ लोम प्रयोग पामु नोम, भारतहा नोङ चिनहा नेपालमु लोखाँमुचिनहे काँचो सम्बन्ध माङ नोस्ता नोम।

नाक्यु देशमु औपचारिक सम्बन्ध १९५८सालहे नोस्ता सुगौंली सन्धिहे लिपुलेक नोङ नोस्ता मानोम लिम्पियाधुरा बोङ नेपालमु इक नोम सुगौलीसन्धि महाँकालीहे दाङदाङमु सोफोप्ना इक नेपालमु नोत्यी नोम पाहाँ नोम, कुटनितिक मामिलामु जुक्यी नेपालहा हानुङ् हानुङ् देश हे हाँखी –हाँखी मिची सम्झौंता नोम पा इतहे नोङ हानुङ हानुङइकमुआँकिमु नोम पाईतहे जोड हाई पा इस्चिक तथ्यनोङ प्रमाणहा लिपुलेक नेपालमु नोम पा इत्खेन मी नेपालमुना नोम पा होकुनामु राजदुत निलाम्बर आचार्यहा इस्चेम।

भारतमु विदेश मन्त्रालयमु मिथाना बेला चोक्यी खोक्यी खाता लात्यी दोङ्यी नोस्ता नोम पा इतहे मिमुना आधारहे नेपालमु इक अन्य देशमु नोस्ता माङ नोत्यी जुकयी खाल्ता इस्चोमेम भारतीय सुरक्षा फौंज मुस्ता नोङ कालातियी खाँतिर आँकिमुना नोस्ता नेपालमु इक पोपनहा २०७७ हे जारी पाता नक्सामु होकुना कोलु हिसाबहा भारत नोम।

१६ कार्तिक २०७६ सर्बे अप इनिडयाहा सुगौलि सन्धी प्रावधान थेथेत्हा भारतमु आठौं राजनितिक नक्सा जारी पापाहा नोम् नक्साहे लिपुलेक,कालातिइ लिम्पियाधुरा नोस्ताहे ताताहा नोम हे असहमती पापाहा परराष्ट्र मन्त्रालयमु २०७६ सालहे कार्तिकहे विज्ञप्ती लोलोक्हा नोम।

*दाँबुमु स्रोत अनलाइन खबर*

## फोचो ताई चलन नोङ् चुप्ताङ्योक्ताङ् दाम्दाम्ना कोम्

**फोचो**

फोचो इस्ता चोकयी सिङतोङ नोम। फोचोहा ओप्छिमीथानेहे चोकदाक। खुटामेलाहे श्रीपञ्चमी नोङाना वर्षहे चोकदाक। मिखेन चोलो नोतहेमु मंगलबार चोकदाक। चोलो माङनोतहे चोक माहुक। गोक्छिङफुम भूमेथानहे टेडुबुडाथानहे चोकदाक मिने इकखाता दुउ चुतखेन बुकेन,रुक्खेन जेष्ठ नोङ असारहे चोकदाक। ताकपातैरा,तुमती छ्याजुपुजु,च्यायुसेङदाङहेले चोकदाक।

**सिरधर**

सिरधर इस्ता चाहावाइ पोइ सिङतोङ नोम। सिरधरहा खुटा मेलाहे नाउ गोत दिन बोङ चाहावाइ पादाक। चाहावाइ खुटामेलाहे सगोप पाही दिनहे बिहीबारखेन पादाक चाहावाइहे ओप्छिमी,इक,तीइ गाङ,छ्याजुपुजु,गौरापर्वत,फुम,पुङमी, गोतयी,माँङग ोस्ता,लंकापलंका,बाजागाजा,बाङचोव, इकहे नोस्ता सोफोप्ना चिजबिजमु मिङ पुकार पापाहा चावाहाइ पादाक। चाहावाइ पाइजी काम सिरधरमु नोम।

**संगीतमु समान वायुमु**

वायुमु होकुमु तोपयी समाग्री दुमुकु,दोदिङ नोङ ज्यामकी नोम। दुमुकु खुटा नाकउ नोम। दोफोम नोङ यारख्खुम दुमुकु नोम। मि दुमुकु पदेम नोङ दुङछिङमु नोम। मि याकमु कुक्छ्यो नोङ सेलेसीमु तनाहा पोस्ता नोम मि पर्वहि जिई तोपदाक। दोदिङ कोम पाहे हुली पाहे तोप्दाक। ज्यामकीले मिमाहाना तोप्दाक।

**चुप्ताङ नोङ योक्ताङ**

सुदुममु जातिहा चुप्ताङ नोङ योक्ताङ्हा मि जाति सितदाक। वायुमुले लुचोहा चिप्ताङ लगौटी कन्दानी, भोटो नोम। मिस्चोहा योक्ताङ सिप, लेहेंगा, लिकु, पिकु, खिगु नोम। पोलो, होबिलिक,मुगा चुप्चीमे।

**धर्म नोङ**

किराँत समुदायभित्रेर वायुखाता मुलतः इक चोकयी नोम। वायु जातिमु चाडपर्व आँकिमुना नोम्। गोठचोकयी नोङ आँकिमु चोक्यी नोङ हिन्दुमु सोफोना थरीमु आँकिमुना आँकिना कुलचोकुयी गोठचोक्यीहे मिलै नोम्। चोक्यीहे सुया नोङ खोवछ्यो अनिवार्य पापाहा नोम्। इमाहा वायु जातिहा सोफोना चोक्यी नोमेम् नोङ आँकिमु चाडवाडखाता दिक्सीमहा मनाइहा नोमेम्।

**वायु कोम**

वायु चोवखाता लित् लात्हे पाइ याङता कोम। चोवखाता बोङ पिङयी नोङ लित्मु बिङचोहा लित् दाक। मिइ कोम इमामु नोम :

*अँ..........ह......... इ............ए...........*
*अँ..........ह......... इ............ए...........*
*अँ..........ह......... इ............ए...........*
*अँ ........ह...........इ ...........ए..........*
*याङता याङ्ता चोवखाता........*
*याङता याङ्ता चोवखाता.........२*
*हाथाहाथाबिङ्चोवमी..........*
*हाथा हाथा बिङचोवमी..........२*
*लुचो, मिस्चो चोवखाता ..........*
*लुचो, मिस्चो चोवखाता ..........२*
*हाथा बिङ्चोवमी..............*
*हाथा बिङ्चोवमी..............२*
*लुचो, मिस्चोव हानुखेन दोङ्ता ...................*
*लुचो, मिस्चोव हानुखेन दोङ्ता ......२*
*याङता याङता चोवखाता.........*
*हाथा हाथा बिङ्चोवमी..........२*
*लुचो मिस्चो चोवखाता मिची पा दोङ्ता .....*
*लुचो मिस्चो चोवखाता मिची पा दोङ्ता .......२*
*लित दोङ्ता ............*
*सित दोङ्ता ...........*
*इत दोङता ...........*
*जिइ दोङ्ता ...........*
*दुक दोङ्ता ........... २*
*याङ्ता याङ्ता चोवखाता.........*
*हाथा हाथा बिङ्चोवमी..........२*

सिङपाहे गिरुङमी युकहे पेतहे पाइ कोम। इ कोम चाही वनपाखाहे लातहेबाङमी ,बाङ्चोवहा माँङऐहे पाइ कोमखेनना जिए गोन हानी नोनो केम लात्इ बेला दुमकी मादुम पा पाइ कोम इमामु नोम :

*अँ.............ह.............*
*अँ............ह..............*
*इथाले मानो नि बाङमी ......*
*दोखाँले मानो नि बाङमी ....२*
*वनेनी तामतो नि बाङमी बचिङकुत्ला .....*
*थाको नि बाङमी .........*
*हुते नि तामतो नि बाङमी गोरिङकुत्ला ..*
*थाको नि बाङमी .........*
*वनेनी तामतो नि बाङचो बचिङ्कुत्ला ....*
*थाकुनि बाङ्चोव .........*
*हुते नि तामतो नि बाङचोव गोरिङ्कुत्ला ..*
*थाकुनि बाङ्चोव .........*

*बेकयी : होकुचोव वायु (रमेशकमार वायु)*

## दाम्दाहाँ लात्यी वायु दाबु इत्यी

**वायु दाँबु लित्यी**

उमु दाबु वायु शब्दहे दाम्दामना नोत्यी खतराहे नोम्। इमाहा नोम इ जातिमु जनसंख्याहे हिसाबहा सोफोप्ना याङता नोनोतहा वायु समुदायहा प्रतिनिधित्व पापाहा पाइ वायु दाबु हुतयी सङितोङ नुपनाना याङनाना नोम्। मिचि वायुहा जुकता नोङ वायु दाँबु सोफोना हुत् मावचिमेम्। मिचि केही शब्दखाता नोङ बाहेक वायु दाँबुमुना दाँबु पामु वनयीखाता इथाना नोमेम।

दामयी नोङ लास्तामु वायु दाँबुखाता हुक्मुना नोतयी रामेछापमु रामेछाप नगरपालिका वडा नं कोलु गोतखेन नाँउ मुडाजोरहे नोस्ता ओप्छिमीरानी (महाकाली) आधारभुत विद्यालयहा वायू दाँबु लितनानाखेन सामेल पापाहा नोम्। वायु दाँबु नोङ पढाइहा नोतयी देशभरहेना कोलु नोङ विद्यालय नोम। ओप्छिमीरानी (महाकाली) आधारभूत विद्यालय नोम्। यी विद्यालयहे कक्षा कोलु खेन कोलु गोतखेन छिइउ बोङ चोवखाताहा (बालबालिका) वायु दाँबु लित् वनचिमेम्।

वायु समुदायमु चोवखाता (बालबालिका) नोङ माङनोस्ता मिइखाता सोफोप्ना जात नोङ समुदायमु चोवखाता (बालबालिका) हा नोङ वायु दाँबु पढ्इ नोतनाना नोम्। दिकसा नुप्ना बिल्इयुकोलुगोत मिनेट विद्यालयहे वायु दाँबु लित्ना नोकिकोक। यी विद्यालयहे गुरु (शिक्षक) श्री रमेशकुमार वायुहा वायु दाँबु लित्नाना दोदोङहा नोम्। वायू जातिमु बोकयीइक नोस्ता मुढाजोरहे दामयी नोतयी नोस्ता दाँबुमु संरक्षणमु खातिर आँकिहा जुक्ताथिक लिलितहा (पठनपाठन) पानाना दोङता गुरु (शिक्षक) श्री रमेश कुमार वायू हा इइतहा नोम।

मिइहा मिना वायुदाँबु हुतमु ववनहा नोम। वायु समाजमु दाँबु हुतयी मिइ नोङनामु पुस्ता नोम् उमबे वायु समुदायमु नोङ माङनोस्ता मिइ समुदायमु चोवखाता नोङ सोफोप्न याङता वायु दाँबु हुतयी वनयी बेक्यीखाता बेकयी,वनयी वायु चुप्ताङ योक्ताङ संस्कृति, रीतिरिवाज, बंशजमु खातिर वयी नोस्ता नोम।

आँकिहा आकिमु होकुनाहाखेन दाँबु लिस्तामु नोङ दाँबु लिपी नोङ नोस्ता नोङ लितमु माङवतिकोक् इइतहा वर्णलिपी पापाहा लिलितहा नोम पा गुरु रमेश वायुहा जानकारी हाहा नोम। पेल्एकु मु माँआङ नोनोतहा अभावमु कारणहा किताबखाता बेक माङववनहा आफुहा जुक्ता नोस्ता लिपीवद् पापाहा लिलितहा गरु वायुमु दाँबु नोम्। मिहा दाँबु संरक्षण पामु स्थानीय सरकारहा तदारुक्ता यङमु नोतहे जोड पापाहा नोम्।

कक्षा कोलु गोतखेन कोलुहे लितनाना नोस्ता लित्यी (विद्यार्थी) जागृति वायुहा हाँकिमु परिचय नोङ परिवारमु परिचय खातिर वायु दाँबुहे हुहुतहा थातिकोक। केमहु उमु,उप्पु,बुलु, बालु नोनो,दियुहे ले वायु दाँबु हुतयी नोतयीहा विद्यालयहे लिस्ता दाँबु केमहे लालात्हा इतही नोम पा इस्चेम्।

मिना विद्यालयमु कक्षा कोलु गोतखेन छिइऊहे पढाइनोतयी विवस कार्कीहा नोङ आँकिमु मिङ, ठेगाना नोङ परिवारमु सदस्यखातामु खातिर वायु दाँबुहे हुहुतहा थाकुङ। मिहा विद्यालयहे दामता नोस्ता लात्यी दाँबु लितमु पाआहे गुनोङ बिङचोमी नोस्ता नोम इस्चेम।

विद्यार्थीखाता सुले उमुउपुमुखाताहा नोङ इथा( आँशिक) नोस्ताहे वायू दाँबु जुक्ता नोम। चोवखाता( बालबालिक)हा विद्यालयहे लिस्तामु दाँबु केमहे लालातहा थास्ता आकिखाताहा माङबिर्सेहा सोफोप्ना शब्दखाता जुक्ता नोस्ताहे उँपु विक्रम वायुहा बोबोङहा नोम्। विक्रम इस्चे,होकुना दाँबु हुत्मु माँलोक माँनोम मिखेन उम्बे इथा दाँबुखाता जुक्सुङमी। गुउ इस्चुङ होकुना दाँबु हुतमु मालोक उमबे इथा दोखा दाँबु लोक नोङ जुक्सुङमी आँङ इतहे आँङमु चोवखाताहा आँकिमु दाँबु बिङचोहा हुत वतिमे।

नोङनानामु समय वायु दाँबु दाम्ता नोस्ता लास्ता चिन्ता वायु समुदायमु सिङतोङखाता नोङ माङस्ता मिची दाँबु नोस्ता हुतयी, बेक्यी दोङयीखाता नोङ याँसा एकिकोक्। उम्बे रामेछाप मुडाजोरमु भिम बहादुर कार्की उमेरहा कोलु गोतखेन छिइउ नोङ कोलु वर्ष दुम्। मिहा मुतयी पाहे केमहे वायु जातिमु सोफोप्नामु मुतयीनोम। होकुना नोङ उमबे वायु दाँबु हुतयीमु संख्या बढाइहा नोस्ता बोबोङहा नोम् केमहेमुना विद्यालयहे दाँबु लितमु सेगोप पाहे नोङ थामिखाताहा वायु दाँबु बिङचोहा हुतहे वनहे कार्की दंग नोस्ता नोम। कार्कीखाता आकिमु लास्ता नोङ उम्बेमु दाँबुमु तुलना पाहे बिङचोमी लागैनोम्।


**दाबु कक्षा थुक्यी**

ओप्छिमी (महाकाली) आधारभूत विद्यालयहे ८० प्रतिशत विद्यार्थी वायु जाति नोस्ता नोम। स्थानिय पाठ्यक्रमहे नोस्ता होकुना नाँकु वर्षखेन विद्यालयमु सोफोना चोखाताहा वायु दाँबु लित्यीनोस्तामु विद्यालयमु प्रधानाध्यापक राम बहादुर घिसिङहा इइतहहा नोम। वायु दाँबु लित्यी गुरु माङ नोस्ता नोनोत्हा स्थायी गुरु पदपूर्ति नोत्ए दोङहे मिइखाताहा टिकाई तामु इइतहा दिगो स्रोतमु रुपहे वडा नम्बर कोलु गोतखेन नाकउहा नाँउ गोत सिवओखाता हाहा नोङना नुपाहे सिवओ थाथामहा नोङ गुरु व्यवस्थापन पाइ योजना नोस्ता नोम। वायु दाँबु संरक्षणमु नोङ स्थानिय सरकार,वायु दाँबुहे हायु सरोकार तामु संस्थाहा पाठ्यक्रम निर्माण नोङ पाठ्यपुस्तक छपाईमु खातिर मिची पेएकु सहयोग पाहे प्रधानाध्यापक घिसिङ् नोम।

विद्यालय व्यवस्थापन समितिमु अध्यक्ष गोविन्द राउतहा वायु दाँबु दामहे लातहे रामेछापहे इमु संरक्षणमु खातिर विद्यालयहा सेगोप पापाहा अरु ठाउँहे मिमु अनुकरण नोम। इत्हे आकिहा चाहेमु इस्चेम। होस्टेल नोङ ताताहा दाँबु लित्दाक्मी इस्चीमे उमुउपुमु इस्चीमेम्। राउतमु इस्चेम दाँबु पढाइ नोत्ए पामु उम्बेबोङ हानी नोङ निकायखेन पेएकु सहयोग दोदोङहा मानोम्।

वायु जातिमु क्षेत्रहे काम पाइ वायु समाज नेपालहा दाँबु संस्कृतिमु संरक्षणमु खातिर मिची योजनाखाता पापाहा नोम्। संस्थामु बेकयी महासचिव सुजन वायुमु इस्च्याङहे वायु दाँबु, संस्कृति जग्रनापामु खातिर लागि केन्द्रीय समितिहा दाँबु,शब्दकोष बनाइपाइ खातिर पेएकु नोङ विनियोजन पापाहा नोम।

वायु जातिमु अस्तित्व जग्रेना होव अस्त्र दाँबु नोस्ताहा जेजेहा जेजेहा मुस्ता नोस्ता बाङचोहा नोङ दाँबु संरक्षण पामु चासो हामु वायु समाज नेपालहा अनुरोध पापाहा नोम्। वायु समुदायमु खुटा सेवा चाड (ओप्छिमी )महाकाली चोकइीहे सोफोप्ना दोङदाक नोत नोतइीहा मिइ अवसरहे वायू दाँबु नोङ संस्कृति संरक्षणमु खातिर बाङचोव पुस्ताखाता उत्प्रेरित पामु तयारी सरोकारवालाहा पापाहा नोम्। बाङचोव खाताहा सक्रियताहा वायु दाँबुमु प्रवर्द्धनहे मद्दत पामु दिक्साना यकिकोक्। मिखाताहा सक्रिय सहभागिता,सिर्जनशीलता,नोङ नेतृत्वहा यी दाँबु संरक्षणमु अभियानखाता सशक्त पादाक्मी।

इथाबाङचोव पुस्ताखाताहा दाँबु लित्यी नोङ लित्हे सक्रियता, बाङचोवखाताहा चोवखाताहा बृद्धबृद्धाखाता ताताहा वायु दाँबु लितयी कार्यक्रम सञ्चालन पापाहा, समुदायमु सदस्यखाताहा वायु दाँबुहे दैनिक दाँबु पामु प्रेरित पामु वनहे डिजिटल माध्यममु प्रयोग,वायु दाँबुमु डिजिटल अभिलेखन पापाहा मिमु संरक्षण पामु, दाँबु लित्मु अनलाइन पाठ्यक्रम, मोबाइल एप्स,नोङ युट्युब भिडियोखाता तयार पापाहा लिस्ता वायुमु संरक्षणहे मद्त पुगाइनोम्।

वयु दाँबु संरक्षणमु खातिर बाङचोखाता सक्षम नोङ प्रेरित पामु दाँबु शिक्षामु कार्यक्रमखाता, विद्यालयखाताहे वायु दाँबु लित्यी व्यवस्थामु खातिर सामुदायिक केन्द्रखाताहे दाँबु शिविर सञ्चालन, प्रदेश नोङ स्थानीय सरकार नोङ समन्वयमु टङ्कारो खाँचो एकिकोक। शिक्षा मन्त्रालयहा वायु दाँबुखाता पाठ्यक्रमहे समावेश पामु, संरक्षणमु खातिर बजेटमु व्यवस्था कन्जुस्याइँ पामाहुक्। वायु दाँबुखातिर जागरण, अभियान, बाङचोवखाताहे उमुदाँबुमु महत्वखातिर सचेतना अभियान थुकयी सञ्चालन, सञ्चार माध्यम नोङ प्रचारप्रसार, स्थानीय नेतामु नेतृत्व, वायु समुदायमु बाङचोवखाता मध्येखेन खुटा चयन पामु ताताहा संरक्षण अभियानखाता तदारुक्ताहा नोङ होकुना लात्मु आवश्यक नोम।

वयु दाँबु नोङ दाँबु नोङ मानोङ, इहा वायु समुदायमु पहिचान, इतिहास नोङ संस्कृतिमु नोङ प्रतिनिधित्व पादाँक। इमु संरक्षणहे बाङचोव पुस्ताहा महत्वपूर्ण भूमिमु खेल्न नोस्ता नोम। शिक्षा, डिजिटल प्रविधि, नोङ समुदायमु सहयोगनोङ वायु दाँबु पुनर्जीवित पामु वतिके। इमु कार्यमु खातिर स्थानीय, राष्ट्रिय, नोङ अन्तर्राष्ट्रिय स्तरहे सहकार्य पामु जरुरी नोम। दिक्सिमु (विशेषतः) बाङचोवखाता अभियानमु केन्द्रहे ताताहा काम पाहे वायु दाँबुहा नयाँ पुस्ताहे हामु पामु वतिके। बाङचोवखातामु सशक्त सहभागिता नोङ वायु दाँबुमु भविष्य नोम्। उमबेमु कदम मिइखातामु नेतृत्व नोङ सक्रियताहे निर्भर पादाक।

**पृष्ठ संयोजक** : ललिता हायु, **सह संयोजक** : रमेस कुमार हायु, **पत्राचार ठेगाना** : नयाँ नेपाल, **गोरखापत्र दैनिक**, पो.ब.नं. २३, काठमाडौं। Email : jitendradanuwar@yahoo.com

# तीन सय साठी हेक्टरभन्दा बढी वन अतिक्रमण

**अमरगढी समाचारदाता**
*डडेलधुरा, वैशाख २३ गते*

डडेलधुरामा वन अतिक्रमण बढ्दै गएको छ। वनसँगै कैलाली–डडेलधुरा जोड्ने महाकाली राजमार्गछेउछाउको जमिनमा पनि अतिक्रमण बढ्न थालेको हो।

हाल पाँच मिटर चौडा कालोपत्रे रहेको यस राजमार्गको क्षेत्राधिकार दायाँबायाँ २५/२५ मिटर बनाएर ५० मिटर फराकिलो बनाइएको छ तर राजमार्ग क्षेत्रमा अतिक्रमण गरी किनारमै पक्की घर निर्माण गरिएका छन्।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार डडेलधुराको कुल क्षेत्रफल एक लाख ५३ हजार आठ सय हेक्टर छ। यसमध्ये एक लाख १५ हजार हेक्टर क्षेत्रफलमा वन फैलिएको छ। डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार जिल्लाभरिमा हाल ३६३.३८ हेक्टर वनको जमिन अतिक्रमणमा परेको छ।

आर्थिक वर्ष २०५५/५६ यता मात्रै यो क्षेत्रफल अतिक्रमण भएको डिभिजन वन कार्यालय डडेलधुराका डिभिजनल वन अधिकृत भीमप्रसाद कँडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार डडेलधुरामा हालसम्म ४६.३२ हेक्टर अतिक्रमणमुक्त गरिसकिएको छ। आव २०७८/७९ यता अतिक्रमण हटाउन सुरु गरिएको थियो। केही दिनअघि मात्रै डडेलधुराको सिमाना गैराबजारदेखि अनारखोलीबजारसम्म अतिक्रमण गरिएको क्षेत्रको लागत सङ्कलन गरिएको छ।

उहाँले भन्नुभयो, "वन ऐनमा प्रस्ट रूपमा वनको जमिन उल्लेख गरिएको छ। वनबाहेक ऐलानी, पर्ती भन्ने उल्लेख गरिएको छैन। आवादी र वनको जमिन भनेर उल्लेख गरिएकाले ऐलानी र पर्ती जमिनका सवालमा वन ऐनमा उल्लेख गरिएको छैन।

उहाँले वन ऐन अनुसार कोहीकसैलाई जग्गा दर्ता गर्न मिल्दैन। सडक क्षेत्राधिकारको जमिन छाडेर सबै वनको हुने बताउनुभयो। महाकाली राजमार्गछेउछाउ अतिक्रमण गरी बसेकाको लागत सङ्कलन गरिए पनि सडक क्षेत्राधिकार के कति रहने भन्ने कित्ताकाट भइनसकेको उहाँले जानकारी दिनुभयो।

२०३२ सालतिर महाभारत पर्वतको हगुल्टे, साहुखर्क भएर सडक खनिएपछि यस क्षेत्रमा अतिक्रमण बढ्दै गएको थियो। साहुखर्क, मेलखर्कमा अहिले बजार बनिसकेका छन्।

सडक खनिने बेला तीन वटा घर (गोठ, खर्क) भएको साहुखर्कमा अहिले दर्जनभन्दा बढी पसल, होटेल र दुई दर्जन जति घर बनाएर स्थानीयले खेतीपाती गर्दै आइरहेको स्थानीय नारायण देउवाले बताउनुभयो। राजमार्गछेउमा हाल पक्की घरसमेत निर्माण भइरहेका छन्।

महाभारत वनले करिब ५३ हजार हेक्टर ओगटेको छ तर ४२ हजार २८७ हेक्टरमा वन छ। बाँकीमा बस्ती विस्तार भएको वन विभागकै अध्ययनले देखाएको छ। एक दशकमा करिब १८ हजार हेक्टर क्षेत्रफल अतिक्रमण भएको अनुमान छ। यस्तै उर्वर भूमिक्षेत्र चुरेको भित्री मधेशमा पहाडाबाट बसाइँसराइ गरेर जाने क्रम बढेपछि जमिन अतिक्रमण बढेको डिभिजन वन अधिकृत कँडेलले बताउनुभयो।

उहाँका अनुसार भित्री मधेशको परशुराम नगरपालिका र आलीताल गाउँपालिका महाकाली नदी, रङ्गुन, पन्तुरालगायतका दर्जनौं खोलाका बेसिन क्षेत्र भएका अन्नबाली, तरकारी, फलफूलको राम्रो उत्पादन हुन्छ। खोला किनारमा सिँचाइसमेत गर्न सहज हुने भाएकाले अधिकांश भूभाग अतिक्रमणमा परेको उहाँको भनाइ छ।

उहाँका अनुसार मन्त्रालयको परिपत्र अनुसार अतिक्रमित भूमिको लगत सङ्कलन गरेर जिल्ला प्रशासन कार्यालयमा पठाइएको छ। अतिक्रमित भूमि हटाउन प्रशासनले आवश्यक पहल थालेसँगै डिभिजन वन कार्यालयले पनि काम थाल्ने उहाँको भनाइ छ।

# पन्ध्र दिनभित्र घरटहरा हटाउन आग्रह

**वासुलिङ समाचारदाता**
*वासुलिङ (बैतडी), वैशाख २३ गते*

पहाडका हरिया डाँडा, खोल्सा र वनजङ्गलले परिचित बैतडीमा पछिल्ला वर्षमा वनक्षेत्रमा अतिक्रमण तीव्र बन्दै गएको छ। जिल्लाका विभिन्न स्थानमा वन जमिन अतिक्रमण गरेर घरटहरा निर्माण, खेतीपाती तथा व्यापारिक संरचना विस्तार हुन थालेपछि वन संरक्षण चुनौतीपूर्ण बन्दै गएको हो।

जिल्लाभर ११० हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमणमा परेको डिभिजन वन कार्यालय बैतडीले जनाएको छ। वन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित वनक्षेत्र १५ दिनभित्र खाली गर्न सम्बन्धित व्यक्ति, संस्था तथा निकायलाई आग्रह गरेको छ। जिल्लाका ढोल्यामोड, गिरिजाबगर, जमीटाँड, रसेडाखाली, रुइनचौर बजार, साँफेबजार, उचापत्थर, टकरे, जुकेपानी, भड्याखोला, गर्जे, ठाँड, चाप, लमखोला, सिरोडा, मुस्याचौर, बुढीचौर, डडिया र खोचलेकलगायतका क्षेत्रमा वन अतिक्रमण गरी विभिन्न संरचना निर्माण गरिएको वन डिभिजन कार्यालय प्रमुख भक्तराज गिरीले जानकारी दिनुभयो।

उहाँले कतिपय स्थानमा अस्थायी टहरा निर्माण गरिएको छ भने कतै पक्की घर निर्माण गरी स्थायी बसोबाससमेत गरिएको पाइएको बताउनुभयो। उहाँले भन्नुभयो, "केही क्षेत्रमा खेतीपातीसमेत भइरहेको देखिएको छ।" वनक्षेत्र अतिक्रमणको समस्या राष्ट्रिय वनमा मात्र सीमित छैन। जिल्लाका केही सामुदायिक वनसमेत अतिक्रमणको चपेटामा परेका छन्।

## भोगाधिकार प्राप्त जग्गा र उक्त जग्गामा बनेका संरचना खाली गर्ने सम्बन्धी
### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको
**सूचना !**

सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (दोस्रो संशोधन सहित) को दफा २१ को उपदफा (२) बमोजिम साविकमा भोगाधिकार प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले भोगाधिकार प्राप्त जग्गा लिजमा परिणत गर्न आउने सम्बन्धमा ६ महिनाको अवधी तोकी मिति २०७३/२/३१ र मिति २०७४/०१/२१ मा तत्कालीन भूमि सुधार तथा व्यवस्थापन विभागबाट प्रकाशित भएको सूचनाको म्यादभित्र लिजमा परिणत गर्न निवदेन नदिएका व्यक्ति, संस्था तथा निकायहरुले भोगाधिकार लिएको जग्गाको भोगाधिकार स्वतः समाप्त भइसकेकोले सम्झौताको शर्त बमोजिम तिर्न बुझाउन बाँकी रकम भए सरकारी कोषमा दाखिला गरी त्यस्तो जग्गा र त्यसमा निर्मित संरचनासमेत तत्काल खाली गर्न भोगाधिकार लिने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

शाखा कार्यालय
गुलरिया (४१४)

### निक्षेप उपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८३/०१/२४)

बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ८ बस्ने हरचन कुमार चौधरी मिति २०८२/१२/१६ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊ भनी निज खातावालाकी श्रीमती नाता पर्ने गुलरिया न.पा. वडा नं. ८ बस्ने श्री मिनाकुमारी चौधरीले यस बैंकमा मिति २०८३/०१/२२ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले बाटो म्यादबाहेक ३५ (पैंतिस) दिनभित्र आ–आफ्नो सबुद प्रमाणसहित यस बैंकको शाखा कार्यालय गुलरियामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

## रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप, बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८३/०१/२४)

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभाबग्राही तथा न्यूनतम मूल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवं दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| सि. नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मू.अ.कर सहित) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|
| 1. | RM/11/082/083, Construction of Hilepani Khelmaidan at Ramechhap Municipality-7 | Shree Manawati Construction Private Limited, Manthali Municipality-01 | 20,40,622.52 | २०८२/12/ 20, गोरखापत्र राष्ट्रिय दैनिक |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, ललितपुर

### जग्गा प्राप्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०१।२४ गते

ललितपुर महानगरपालिका वडा नं. ९ को कार्यालय भवन निर्माणका लागि तपशिल बमोजिमको जग्गा स्थायी रुपले प्राप्त गर्नु पर्ने भएकोले जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९ र १० प्रयोजनको लागि मिति २०८३।०१।२२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी सूचना प्रकाशित गर्ने मुआब्जा समितिको निर्णय भएअनुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सरोकारवाला व्यक्तिहरुले मुआब्जा दावी गर्न आ-आफ्नो हकदैया भोगचलन सम्बन्धी निस्सासहित रीतपूर्वकको निवेदन जिल्ला प्रशासन कार्यालय वा ललितपुर महानगरपालिकाको कार्यालय, ललितपुरमा दिनु होला। तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम भै जानेछ र पछि कुनै उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र. सं. | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको वा पतिको नाम | जग्गाधनीको बाजे वा ससुराको नाम | साविक ठेगाना | वडा नं. | कित्ता नं. | श्रेष्ता अनुसारको क्षेत्रफल | अधिग्रहण गरिने क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्ञान बहादुर महर्जन | जितलाल महर्जन | बुद्ध विर महर्जन | ९(च) | ९ | ६३७ | ०–५–१–२ | ०–५–१–२ |
| २ | मन माया महर्जन | पूर्ण मान महर्जन | जितलाल महर्जन | | | | | |

## रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८३।०१।२४

यस रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।०९।२९ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पी.एस. सहित) |
|---|---|---|---|
| १ | Construction of Laurighol Tal, Ward No. 13 & 14 (RAT/ CHITWAN/Works/ NCB/27/2 082-083) | श्री JV Name: Pashupati Construction JB Construction J.V., Lead: Pashupati Construction, Sub: JB Construction, Dhangadi-7 | रु. १,९५,५७,२३६।७९ (एक करोड पन्चानब्बे लाख सन्ताउन्न हजार दुई सय छत्तीस रुपियाँ र पैसा उनान्असी मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

शाखा कार्यालय, नेपालगञ्ज

### निक्षेप उपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८३/०१/२४)

सुदूरपश्चिम प्रदेश डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं.३ स्थायी ठेगाना भएको श्री तिर्थ विश्वकर्मा (ना.प्र.नं. ६८–०१–७४–०२२५६ डोटी) को मिति २०८२/०३/१० मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊ भनी निज खातावालको श्रीमती नाता पर्ने दिपायल सिलगढी न.पा. वडा नं.३ डोटी बस्ने श्री सरिता कपड्यालले यस बैंकमा मिति २०८३/०१/२१ गते निवेदन दिएको हुँदा निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदार हरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३५ (पैंतिस) दिनभित्र आ–आफ्नो सबुद प्रमाणसहित यस बैंकको शाखा कार्यालय नेपालगञ्जमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

## तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
लाम्पन्टार, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८३/०१/२४)

यस कार्यालयको मिति २०८२/१२/२२ गते गोरखापत्र राष्ट्रिय दैनिक र www.bolpatra.gov.np/egp मा निम्न कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले स्वीकृतीको लागी छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु.(भ्याट र पि.एस. समेत ) |
|---|---|---|---|
| TRM/W/ NCB/ 11/2082/083 | Infrastructure and lab grants for centre-selected model, special and technical schools under approved master plans, Tinpatan-11 Sindhuli | दिप स्क्वायर कन्स्ट्रक्सन, कमलामाई-६, सिन्धुली | ७५,००,३१९.८९ |

प्रमुख प्रशासकिय अधिकृत

## श्री सिद्धि गणेश माध्यमिक विद्यालय
कागेश्वरी मनोहरा नगरपालिका–१, काठमाडौं।

### कोटेसन स्वीकृत गर्ने आशयको सूचना

यस श्री सिद्धि गणेश माध्यमिक विद्यालयबाट मिति २०८२।१०।२६ मा प्रकाशित सूचनामा रीतपूर्वक दर्ता हुन आएका विद्यालय बस/इ.भी. भ्यानका आधिकारिक उत्पादक वा बिक्रेतामध्ये तपसिल अनुसार कोटेसन दाताले कबुल गरेको रकम सारभूत रूपमा प्रभावग्राही देखिएकोले देहाय बमोजिमको कोटेसन स्वीकृतिका लागि छनोट गर्ने मिति २०८३।०१।१७ मा बसेको वि.व्य.स.को निर्णय भएकोले प्रचलित कानुन बमोजिम सम्बन्धित सबैका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. | कैफियत |
|---|---|---|---|
| 1. | CG MOTORS PVT LTD, Chaudhary House, Sanepa-2, Lalitpur | 50,00,000 | |

## चाँगुनारायण नगरपालिका
चाँगुनारायण अस्पताल
हुचिढुङ्गा ४, भक्तपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मितिः २०८३/०१/२४

यस कार्यालयबाट मिति २०८२/०७/१३ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.सं | ठेक्का नं | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | बोल कबोल रकम रु.(भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | CM/Hospital /082/83/01 | Supply and Delivery of Medicine for Changunarayan Hospital | Sohan Medi Health | 97,84,869.00 |

अस्पताल प्रमुख

## नेपाल नागरिक उड्डयन प्राधिकरण, सिनामंगल

### बोलपत्र संशोधन सम्वन्धी सूचना

(प्रकाशित मितिः २०८३/०१/२४)

यस प्राधिकरणबाट मिति २०८३/०१/०३ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार प्राधिकरण तथा मातहतका कार्यालयको लागि १५ जना सेक्युरिटि गार्डको सेवा आपूर्ति सम्बन्धी ठेक्का नं.(NCB/04/ ADMIN//2082/83) को बोलपत्रमा केही संशोधन भएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ।

## नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र
तरकारीबाली विकास केन्द्र
खुमलटार, ललितपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८३/०१/२४

यस केन्द्रको मिति २०८२/१२/०८ गतेको हिमालय टाइम्समा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार PPMO को e GP प्रोटल मार्फत प्राप्त बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि आजैको मितिदेखि यो ७ दिने सूचना प्रकासित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यसै सूचनाद्वारा जानकारी गराइएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (PS& मु.अ.कर. सहित) |
|---|---|---|---|---|
| 1. | VCDC/ NCB/ WORKS /082/083-4 | Construction of High-Tech Structure for Vegetable Seedling Production | Birasat Multi Creators Pvt. Ltd., Kathmandu-04 | NRS. 22,62,983.62 |

केन्द्र प्रमुख

## नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८३।०१।२४

यस विभागबाट मितिः २०८२।१२।१५ गते प्रकाशित सूचना अनुसार आ.व. २०८२/०८३ को लागि सिलबन्दी दरभाउपत्रमार्फत Power Backup System (20 KVA) का सामानहरू आपूर्ति सम्बन्धमा पेस भएका सिलबन्दी दरभाउपत्रहरूमाथि कारबाही हुँदा श्री सनस्टार मल्टिपर्पोज एन्ड कन्स्ट्रक्सन कम्पनी, दोलखाले मू.अ.कर बाहेक कबोल गरेको रकम रु. ११,४८,०००।०० (एघार लाख अठचालिस हजार मात्र) को दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना विभागको वेबसाइट ठेगानाः www.dftqc.gov.np मा समेत हेर्न सकिने छ।

## ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही, मधेश प्रदेश, नेपाल

### पोखरी ठेक्का सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४ गते

| सि. नं. | पोखरी ठेक्का नं. | पोखरीको नाम (विवरण) | न्युनतम मूल्याङ्कित रकम मूल्य अभिवृद्धि कर बाहेक (रु.) मा | बोलपत्र दस्तुर (रु.) मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८२/८३ | महदेवा पोखरी, ब्रह्मपुरी-२ | २,२५,५००/- | १००० | ठेक्का अवधिः आ.व. २०८३।०८४ को श्रावण १ गते देखि आ.व. २०८७।०८८ आषाढ मसान्त सम्म |
| २ | २/०८२/८३ | सानो जोरलहिया पोखरी, ब्रह्मपुरी-२ | ५,५०,०००/- | १००० | |
| ३ | ३/०८२/८३ | नुनथरा पोखरी, ब्रह्मपुरी-२ | १९,८०,०००/- | ३००० | |
| ४ | ४/०८२/८३ | उत्पीडित दलित प्रा.वि. भेल्ही छेउको पोखरी, ब्रह्मपुरी-३ | १३,२१,१००/- | १००० | |
| ५ | ५/०८२/८३ | ठुलो जोरलहिया पोखरी, ब्रह्मपुरी-३ | १८,७०,१६६।१० | ३००० | |
| ६ | ६/०८२/८३ | पडरियाको गोइराही पोखरी, ब्रह्मपुरी-५ | १२,६५,०००/- | १००० | |
| ७ | ७/०८२/८३ | परचिलवा पोखरी, ब्रह्मपुरी-५ | १,६६,१००/- | १००० | |
| ८ | ८/०८२/८३ | कजली पोखरी, ब्रह्मपुरी-५ | १,३८,६००/- | १००० | |
| ९ | ९/०८२/८३ | पिपराको गोइरही पोखरी, ब्रह्मपुरी-६ | २६,४५,५००/- | ३००० | |
| १० | १०/०८२/८३ | नन्मोही पोखरी, ब्रह्मपुरी-६ | ५,५५,५००/- | १००० | |
| ११ | ११/०८२/८३ | भुतहा पोखरी, ब्रह्मपुरी-६ | ४,४५,५००/- | १००० | |
| १२ | १२/०८२/८३ | पिपरा सुर्जाही पोखरी, ब्रह्मपुरी-६ | ५०,६०,५५०/- | ३००० | |

**बोलपत्र-दरभाउ खरिद गर्ने अन्तिम मितिः** २०८३/०२/२२ गते समय ५:०० बजे बेलुकासम्म।
**बोलपत्र-दरभाउ पेश गर्ने मितिः** २०८३/०२/२५ गते समय दिउँसो १२:०० बजे सम्म तथा खोल्ने समय बेलुका २:०० बजे।
- शर्त सेवा सुविधा थप जानकारीको लागि ब्रह्मपुरी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न वा website: www.brahmapurimun.gov.np मा हेर्नु हुन अनुरोध छ।

# 'माथिल्लो कर्णाली विकास गर्न धेरै काम बाँकी रहेछ'



तस्बिर : नन्द सिंह

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका योजना कार्यान्वयनको अवस्था अनुगमन गर्न हुम्ला पुगेका राज्यमन्त्री गमता विक, सभामुख नन्दा गुरुङ र प्रदेश सभा सदस्य कलबहादुर हमालगायतको टोली ।**

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), वैशाख २३ गते*

कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री गमता विकले माथिल्लो कर्णालीको विकासका लागि राज्यले अझै थुप्रै काम गर्न बाँकी रहेको बताउनुभएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयका तर्फबाट हुम्लामा सञ्चालित परियोजनाको स्थलगत अनुगमनका क्रममा प्रदेश सभाका सभामुख नन्दा गुरुङसहित हुम्ला पुग्नुभएकी राज्यमन्त्री विकले जिल्लाका प्रायः गाउँपालिकाको अनुगमनका क्रममा यस्तो बताउनुभएको हो।

जिल्लाको ताँजाकोट, अदानचुली, सर्केगाड र खार्पुनाथको अनुगमन पछि जिल्ला सदरमुकाम सिमकोट पुगेकी राज्यमन्त्री विकले भन्नुभयो, "भौगोलिक हिसाबले देशकै ठुलो भूभाग ओगटेको साबिकको कर्णाली अञ्चलका पाँच जिल्ला हुम्ला, डोल्पा, मुगु, कालीकोट र जुम्लाको विकास अपेक्षित रूपमा हुने सकेकै छैन। देशको अन्य भागमा पूर्वाधारको विकासले जसरी फड्को मारेको छ। त्यो अनुपातमा कर्णालीमा अझै धेरै काम गर्नुपर्ने देखियो।"

पहिलो पटक हुम्ला पुगेको बताउँदै राज्यमन्त्री विकले देश सङ्घीय संरचनामा गएपछि केही विकासे गतिविधिले तीव्रता लिएको देखिए पनि यहाँका तिनै तहका सरकारबाट जति विकास हुनुपर्ने हो त्यो भने नभएको अनुगमनका क्रममा पाइएको स्पष्ट पार्नुभयो।

कर्णाली प्रदेशको राजधानी सुर्खेतदेखि कर्णाली कोरिडोरबाट स्थलमार्ग सिमकोट पुगेकी विकले भन्नुभयो, "मैले प्रदेश राजधानीमा बसेर परिकल्पना गरेको हुम्ला र प्रत्यक्ष रूपमा देखेको हुम्लामा निकै फरक पाएँ। सबैतिर एकै किसिमको दृष्टिकोण राख्ने नीतिले हुम्लाको विकास हुन सक्दैन। यहाँको विकासका लागि सुर्खेतकोभन्दा दोब्बर बजेट हुम्लाका लागि विनियोजन हुनु पर्छ।"

सहरी क्षेत्रमा ५० लाख रुपियाँले सम्पन्न हुने योजना हुम्लामा एक करोड रुपियाँले पनि पूरा हुन नसक्ने वास्तविकतालाई उल्लेख गर्दै राज्यमन्त्री विकले प्रदेश र सङ्घीय सरकारले आगामी नीति तथा कार्यक्रममा त्यसलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

कर्णाली प्रदेश सरकारकी भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री गमता विकले प्रदेश सभामार्फत आफैँले बनाएको कानुनले विकास योजना कार्यान्वयनका सन्दर्भमा आफ्नै हात बाँध्ने काम भएको खुलासा पनि गर्नुभयो।

प्रदेश सरकारले पारित गरेको विनियोजन विधेयकमा व्यवस्था भएको प्रदेशको अनुदानमा ५० प्रतिशत लाभग्राहीले बेहोर्नुपर्ने बाध्यकारी नीतिले अहिले प्रदेशको बजेट कार्यान्वयनमा समस्या परेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "प्रदेश सरकारको बजेट थप सदुपयोग होस् भनेर हामीले त्यस्तो व्यवस्था गरेका हौँ तर अहिले हाम्रा किसानको क्षमता कमजोर भएका कारण हामीले बनाएको कानुनले हामीलाई नै कार्यान्वयनमा समस्या पारेको छ।"

# घरैमा पुऱ्याइन्छ राहदानी

**सल्यान समाचारदाता**
*सल्यान, वैशाख २३ गते*

अब सल्यानका नागरिकले राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य भएको छ। जिल्ला प्रशासन कार्यालय सल्यान र जिल्ला हुलाक कार्यालय सल्यानबिच भएको समझदारी अनुसार राहदानी सेवा हुलाकमार्फत सेवाग्राहीको घरमै पुऱ्याइने व्यवस्था सुरु गरिएको हो।

जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटा र जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीले सम्झौतापत्रमा हस्ताक्षर भएसँगै यो सेवा औपचारिक रूपमा सुरु गरिएको हो। प्रमुख जिल्ला अधिकारी सापकोटाले नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत सरकारी सेवा सुधारसम्बन्धी कार्यक्रम अन्तर्गत 'जनताको घरदैलो सेवा' अवधारणा कार्यान्वयन गर्दै यो व्यवस्था सुरु गरिएको बताउनुभयो। उहाँका अनुसार सेवा प्रवाहलाई सहज, छिटो र प्रविधिमैत्री बनाउँदै सेवाग्राहीलाई कार्यालयसम्म धाउनुपर्ने झन्झट अन्त्य गर्ने उद्देश्यले कार्यक्रम लागु गरिएको हो।

जिल्ला हुलाक कार्यालय सल्यानका हुलाक अधिकृत चिन्तामणि रेग्मीले सम्झौता कार्यान्वयनमा आइसकेको जानकारी दिँदै बुधबारदेखि नै हुलाकका एक कर्मचारी जिल्ला प्रशासन कार्यालयमै बसेर राहदानीसम्बन्धी फाराम भर्ने व्यवस्था गरिएको बताउनुभयो।

उहाँका अनुसार 'जनताको घरदैलो सेवा' स्वेच्छिक हुने छ। जिल्ला प्रशासन कार्यालयमै राहदानी लिन चाहने सेवाग्राहीले त्यहीँ फाराम भर्न सक्ने छन् भने हुलाकमार्फत राहदानी प्राप्त गर्न चाहनेले थप फाराम भर्नुपर्ने छ। घरमै राहदानी पुऱ्याउनका लागि हुलाक ऐन अनुसार ५५ रुपियाँ दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

राहदानी विभागबाट प्राप्त राहदानी जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीको नाम, ठेगाना र सम्पर्क विवरणसहित जिल्ला हुलाक कार्यालयमा पठाएपछि एक साताभित्र सम्बन्धित सेवाग्राहीको घरमै राहदानी पुऱ्याइनेछ।

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र**
**झुम्का, सुनसरी**

कोशी प्रदेश
पर्यटन वर्ष २०८०

## चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२४**

यस तालिम केन्द्रको लागि आवश्यक चार पाङ्ग्रे सवारी साधन थान १ (एक) सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरूबीचमा मात्र प्रतिस्पर्धा गराउने विधि क्याटलग सपिङ्ग बाट खरिद कार्य गर्नु पर्ने भएको हुँदा इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख (१) अनुसार निम्न स्पेशिफिकेशन बमोजिमको सवारी साधनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा खुलेको (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयको कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको विस्तृत विवरण तालिम केन्द्रको website: https://abpstc.p1.gov.np/ मा राखिएको छ।

| क्र. सं. | खरिद गर्नुपर्ने मालसामानको नाम | सङ्ख्या | स्पेशिफिकेशन | कैफियत |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे सवारी साधन (4WD Pickup) | १ | A double-cab, right-hand-drive, 4WD pickup truck, power by a 4-stroke, water-cooled diesel engine, delivering at least 130BHP and 320Nm of torque with an engine capacity not less than 2100CC. | संक्षिप्त विवरणमा उल्लेख नभएका विषयहरू Technical Specification बमोजिम हुनेछ । |

**नेपाल विद्युत प्राधिकरण**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**

## मिटर नामसारी सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८३।०१।२४)**

यस प्रादेशिक कार्यालय अन्तर्गत पोखरा, कावासोती, तनहुँ र स्याङ्जा वितरण केन्द्रका ग्राहकहरूको विद्युत मिटर नामसारी गर्न परेका निवेदकहरूको विवरण ने.वि.प्रा.को वेबसाइट www.gandaki.nea.org.np/np मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**नेपाल विद्युत प्राधिकरण**
**सुदुरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया**

## मिटर नामसारी सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८३।०१।२४)**

यस प्रादेशिक कार्यालय अन्तर्गत महेन्द्रनगर वितरण केन्द्र, धनगढी वितरण केन्द्र र टीकापुर वितरण केन्द्रमा मिटर नामसारी गरी पाउँ भनी निवेदन दिने ग्राहकहरूको सूची नेपाल विद्युत प्राधिकरण सुदूरपश्चिम प्रादेशिक कार्यालयको वेबसाइट www.nea.org.np/regional/8/notice र सम्बन्धित वितरण केन्द्रको सूचना पाटीमा प्रकाशित गरिएको छ। उक्त बमोजिमका ग्राहकहरूको विद्युत मिटर नामसारी हुनु नपर्ने कुनै कारण भए वा कसैको हकदाबी लाग्ने भएमा यो सूचना प्रकाशित भएको ३५ दिनभित्र सम्बन्धित वितरण केन्द्रमा प्रमाणसहित लिखित उजुरी गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**हुलाक निर्देशनालय, धनुषा, जनकपुरधाम**
**जिल्ला हुलाक कार्यालय, सिरहा**

## नामनामेसी नखुलेको धरौटी रकम दाबी गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/०१/२४)**

यस जिल्ला हुलाक कार्यालय, सिरहाको क २.३ धरौटी खाता नं. २१३०१००१०२०३०००० धरौटी खातामा रु. ३९,८९३ (उनान्चालिस हजार आठ सय त्रियानब्बे रुपियाँ) जम्मा गर्ने कार्यालय, जम्मा गर्ने व्यक्ति वा संस्थाको नामनामेसी नखुलेको र गत विगतदेखि नै धरौटीमा रहेको कारण यस कार्यालयको नाममा आम्दानी बाँधिएको छ। श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाको पत्र संख्या २०८२/०८३ च.नं. २८५ मिति २०८३/०१/१६ गतेको धरौटी रकम सदर स्याहा गर्ने सम्बन्धमा प्राप्त पत्र बमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ को खण्ड (ग), (घ), (ङ) बमोजिम सदरस्याहा गरी राजश्व खातामा आम्दानी बाँध्नुपर्ने भएकोले कुनै व्यक्ति, संस्था वा कार्यालयले उक्त धरौटी खातामा जम्मा गरेको रकम सम्बन्धित कार्यालयमा आम्दानी बाँध्न छुट भएको भए आवश्यक प्रमाण कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित कार्यालय मार्फत दाबी गर्नुहुन अनुरोध गरिन्छ। उक्त समयावधि पश्चात प्रमाण कागजात नपुगेका तथा कसैको दावी नभएको धरौटी रकम नियमानुसार राजस्व खातामा दाखिला गरिने व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

**हुलाक अधिकृत**

**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा, मधेश प्रदेश, नेपाल**

## आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२४ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ बमोजिम विटौरी कर संकलन गर्ने प्रयोजनार्थ सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको हाटबजार बढाबढ प्रकृयाबाट ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि सबैला न. पा.को कार्यालय तथा website- www.sabailamun.gov.np मा सम्पर्क गर्न सकिनेछ। **तपसिल**

| आय ठेक्का नं. | बजारको नाम | स्थान | न्यूनतम मोल मू. अ. कर समेत रु | अवधि |
|---|---|---|---|---|
| १/०८२/०८३ | सबैला गुदरी बजार | सबैला न. पा. वडा नं. ३ | रु २७,१५,०००।- (सत्ताइस लाख पन्ध्र हजार रुपैयाँ मात्र )। | जम्मा ३ (तीन) वर्षका लागि मात्र |

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**आन्तरिक राजस्व कार्यालय धरान, सुनसरी**

## कागजात पेश गर्ने सम्बन्धको सूचना

**प्रकाशित मितिः २०८३।०१।२४**

यस कार्यालयलको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूको अनुसन्धानात्मक/पूर्ण कर परीक्षण गर्नुपर्ने भएको तर हालसम्म पनि आफ्नो आय विवरण पेश गरेको नदेखिएकाले करदाताको कार्यालयको दर्ता अभिलेखमा रहेको सम्पर्क नम्बरमा पटक-पटक सम्पर्क गर्दा पनि सम्पर्क हुन नसकेको तथा कारोबारस्थल समेत फेला नपरेकाले आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा ३, मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम ३१ को उपनियम ३ एवम् अन्तःशुल्क नियमावली, २०५९ को नियम ६(ख) को उपनियम ३ बमोजिम यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः तपसिलमा उल्लिखित आय वर्षहरूको आफ्नो आयविवरण पेश गरी खरिद बिक्री कारोबार बमोजिम आम्दानी खर्च र सम्पत्ति तथा दायित्व प्रमाणित गर्ने खरिद बिक्री खाता विल बिजक भरपाई तथा बैंक स्टेटमेन्ट लगायतका कारोबार सँग सम्बन्धित अन्य आवश्यक कागजातहरू यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३(१), मू.अ.कर ऐन, २०५२ को दफा २३(२) र अन्तःशुल्क ऐन, २०५८ को दफा १० (घ) (४) बमोजिम जानकारी गराइन्छ। तोकिएको म्याद भित्र माग गरिए अनुसारको कागजात तथा फाँटवारी पेश नगरेमा कार्यालयमा उपलब्ध तथ्याङ्क तथा सूचनाको आधारमा आयकर ऐन, २०५८ दफा १०१(१), मू.अ.कर ऐन, २०५२ को दफा २० तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १० (घ) बमोजिम कर निर्धारण गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| सि. नं. | स्थायी लेखा नम्बर | करदाताको नाम | ठेगाना | प्रोप्राइटर/साझेदार/संचालको नाम | आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६१५१३६१४१ | मिसन ट्रेडिङ्ग | धरान-१५, सुनसरी | मिसन राई | २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ | अनुसन्धानात्मक कर परिक्षण गर्नुपर्ने। |
| २ | ३०४३६३४८३ | उपास स्टोर | धरान-१९, सुनसरी | मिन राज सिवाकोटी | २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ | अनुसन्धानात्मक कर परिक्षण गर्नुपर्ने। |
| ३ | ६०९६३५३१९ | बराह डिपार्टमेन्ट स्टोर प्रा.लि. | धरान-१२, सुनसरी | मान बहादुर विश्वकर्मा | २०७८/०७९ | पूर्ण कर परिक्षण गर्नुपर्ने। |

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**जलेश्वर, महोत्तरी**

## प्रस्ताव अह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२४**

यस कार्यालयको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिलका कार्यक्रमहरू सञ्चालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ र २०८२" मा उल्लेखित प्रावधान तथा शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न योग्य आवेदकहरूले देहाय बमोजिमका कागजातहरूसहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८३/०२/०७) सम्म कार्यालय समय भित्र खामबन्दी प्रस्ताव दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको मो.नं.९८५४०३१०७३, अधिकृत छैठौं श्री राम शंकर शर्माको मो.नं.९८४४१४११६५ र अधिकृत छैठौं श्री विजय पाण्डेयको मो.नं.९८४१९०३९६३ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल अनुदान रकम (रु.लाखमा) | प्रति लाभग्राही अधिकतम अनुदान रकम | लागत साझेदारी | साझेदार अनुदानग्राही | पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | वटा | २२ | रु.११.४५ लाख | रु.०.५ लाख | ५०% | कृषक/कृषि फर्म/समुह/सहकारी | फारम नं.२ अनुसारको प्रस्ताव, फारम नं.३ अनुसारको संक्षिप्त कार्ययोजना |
| २ | निर्यात प्रवर्द्धनको लागि मासु उत्पादन कार्यक्रम | वटा | ५ | रु.५ लाख | रु.१ लाख (साना) | ५०% | निजिस्तरमा व्यावसायिक रुपमा पाडापाडी पालन गरिरहेका फर्म | अनुसूचि ३ अनुसारको निवेदन, अनुसूचि ४ अनुसारको संक्षिप्त कार्ययोजना, अनुसूचि ५ अनुसारको प्रतिबद्धता पत्र |
| | | | ४ | रु.८ लाख | रु.२ लाख (मझौला) | | | |
| | | | ३ | रु.१२ लाख | रु.४ लाख (ठुला) | | | |
| ३ | मत्स्य उत्पाकत्व वृद्धि कार्यक्रम | वटा | २५ | रु.२५ लाख | रु.१ लाख | ५०% | कृषक/निजी फर्म/समूह/सहकारी | अनुसूचि ३ अनुसारको निवेदन, अनुसूचि ४ अनुसारको संक्षिप्त कार्ययोजना, अनुसूचि ५ अनुसारको प्रतिबद्धता पत्र |

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | लागत साझेदारी | साझेदार अनुदानग्राही | पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|---|---|---|
| ४ | ईलेक्ट्रिक च्यापकटर मेसिन खरिद तथा वितरण | संख्या | २० | २५% | कृषक/निजी फर्म/समूह/सहकारी | फारम नं.२ र ३ बमोजिम आवेदन र संक्षिप्त कार्ययोजना, स्वघोषणा |
| ५ | डिप फ्रिज खरिद तथा वितरण | संख्या | १० | नभएको | | |

**देहाय**

१. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
२. अनुसूचि बमोजिमको ढाँचामा प्रस्ताव,
३. सम्बन्धित सरकारी निकायमा दर्ता र नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि,
४. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
५. संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
६. कार्यक्रम संचालन हुने जग्गाको हकमा कार्यक्रमको उद्देश्य अनुसार आवश्यक पूर्वाधार विकास, सेवा/बस्तु वा प्रविधिको उपयोग गरी व्यवसाय संचालन गर्न पाउने भनी सम्बन्धित जग्गाधनीको सहमति स्पष्ट रुपमा उल्लेख भएको वा गराउन सकिने कागजातको प्रमाणित प्रतिलिपि
७. अन्य आवश्यक कागजात (केही भए)

**नोटः प्रस्ताव दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट समेत प्रस्ताव दर्ता गराउन सकिनेछ।**

**कार्यालय प्रमुख**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी**
**सडक डिभिजन, इलाम**

## आर्थिक प्रस्ताव खोलिने सूचना

**प्रकाशित मितिः २०८३।०१।२४**

यस डिभिजनबाट प्रथम पटक मिति २०८२/१२/११ मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. RDILAM-082/83-11 बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति, मय र स्थान |
|---|---|---|---|
| १. | RDILAM/337011384/082/83-38 | i. M/s Mahalaxmi-Bhujel JV, Kathmandu<br>ii. M/s Amar-Pratibha JV, Arghakhachi<br>iii. M/s Devi Dada Nirman Sewa Pvt. Ltd., Ilam<br>iv. M/s Waiba & Lama-Bagmati JV, Kathmandu<br>v. M/s Gauri Ganesh- Shankar Trishakti JV, Ilam | मितिः २०८३/०१/३१ (14 May 2026)<br>समयः दिनको १२:०० बजे<br>स्थानः सडक डिभिजन इलाम |

**डिभिजन प्रमुख**

**Rajbiraj Municipality**
**Office Of Municipal Executive**
**Rajbiraj, Saptari, Madhesh Province, Nepal**

## Letter Of Intent (LOI)

**Date of publication: 2083.01.24 (7th May 2026)**

Pursuant to Clauses 27, Sub Clause 2 of Public Procurement Act, 2063 (including Amendment), this is notified to all concerned bidders who submitted their bid for the contract mentioned below the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract.

| S. N. | Contract ID | Project Name | Substantially Responsive Lowest Evaluated Bidder | Bid Price NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1. | RMUN/WORKS/NCB/2082/83-11(Re) | Construction of Road and Drain in Urban area Rajbiraj Municipality wada no 2,3,4,5,6,7,8 | M/S New Aashutosh/Arman J/V, Rajbiraj-4, Saptari. | 2,64,35,575.11 |
| 2. | RMUN/WORKS/NCB/ 2082/83-10(Re) | Agricultural Electrification, Transformer,boring works for ward no.1,7,9,10,11,12,13,14,15,16 | M/S Rishav Construction, Mahagadhimai-02, Bara. | 4,80,00,996.59 |

**Chief Administrative Officer**

# कार्यान्वयनयोग्य योजना समेट्न मुख्यमन्त्रीको आग्रह



प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक ।

**भैरहवा समाचारदाता**
*भैरहवा, वैशाख २३ गते*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा कार्यान्वयन गर्न नसकिने योजना समावेश नगर्न निर्देशन दिनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बुधबार आयोजित प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा बोल्दै उहाँले यथार्थपरक र कार्यान्वयनयोग्य योजनालाई मात्र प्राथमिकता दिन आग्रह गर्नुभयो। "काम गर्न सकिने मात्रै योजना समेट्न आवश्यक छ, कार्यान्वयन गर्न नसकिने योजना प्रस्ताव नगर्नुहोस्," उहाँले भन्नुभयो, "विकास कार्यलाई गति दिन कार्यान्वयन पक्ष बलियो बनाउनै पर्छ।" मुख्यमन्त्री आचार्यले प्रशासनिक ढिलासुस्ती अन्त्य गर्न जोड दिँदै मन्त्रालयका फाइल एक साताभित्र अनिवार्य रूपमा टुङ्ग्याउन निर्देशन दिनुभयो। उहाँले सुशासन प्रवर्धनका लागि बनेका कार्यविधिको अक्षरशः कार्यान्वयन आवश्यक रहेको उल्लेख गर्दै यसको थालनी मन्त्रालय तहबाटै हुनुपर्ने बताउनुभयो।

उहाँले कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन किताबखाना व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्ने र अवकाश कोष स्थापना आवश्यक रहेको पनि औँल्याउनुभयो। उहाँले आफ्ना अधिकार क्षेत्रभित्रका जिम्मेवारीलाई परिणाममुखी ढङ्गले सम्पन्न गर्न कर्मचारीलाई आग्रह गर्नुभयो।

बैठकमा विभिन्न मन्त्रालयका सचिवले योजना छनोट, कार्यान्वयन र अनुगमन प्रक्रियालाई अझ प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए। प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले प्रदेश सरकारका निर्णय कार्यान्वयन, कानुन तर्जुमा, जनशक्ति व्यवस्थापन तथा अन्तर निकाय समन्वयलाई व्यवस्थित रूपमा अघि बढाइएको जानकारी दिनुभयो। साथै उहाँले आगामी बजेटमा कार्यान्वयन गर्न सकिने योजना मात्र समावेश गर्नुपर्नेमा जोड दिनुभयो।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले बहुवर्षीय आयोजना छनोटका स्पष्ट मापदण्ड लागु गर्नुपर्ने र आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयनमार्फत विकासलाई दिगो र परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो।

# दुई सय स्थान बाढीपहिरोको जोखिममा

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), वैशाख २३ गते*



मुसीकोटको वामीमा स्थापना भएको सशस्त्र प्रहरीको बेस ।

पहिरोको जोखिममा रहेको पहाडी जिल्ला गुल्मीमा बर्सेनि ठुलो मानवीय तथा भौतिक क्षति हुने गरेको छ। यही कुरालाई ध्यानमा राखी गुल्मीको वामीमा विपत् उद्धारका लागि सशस्त्र प्रहरीको बेस स्थापना गरिएको छ। सम्भावित बाढीपहिरोमा तत्काल उद्धार गर्ने उद्देश्यले मुसीकोट नगरपालिका-७, वामीको रुद्रावती बहुमुखी क्याम्पसको हातामा बेस स्थापना गरिएको हो। जिल्ला सुरक्षा समितिको निर्णय अनुसार सशस्त्र प्रहरी बल ३७ नं. गुल्मका सशस्त्र प्रहरी नायब निरीक्षक टोपबहादुर कुमालको कमान्डमा १५ जनाको टोली बेसमा खटिएको छ।

टोलीले विपत् उद्धार, सडक सुरक्षा र सचेतनाको काम गर्ने छन्। सशस्त्र प्रहरी बल ३७ नं. का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक सुदीप प्रसाईंले बेसमा तालिम प्राप्त जनशक्ति परिचालन भएकाले तत्काल उद्धार गर्ने र आवश्यक परे गोताखोरकै माथिल्ला निकायसँगै समन्वय हुने बताउनुभयो। उहाँले गण्डकी प्रदेशको सीमासमेत भएकाले वामीमा स्थापना भएको बताउनुभयो।

सदरमुकामबाट टाढा रहेको क्षेत्र नं. १ का बस्तीमा हुने विपत्लाई केन्द्रमा राखेर बेस स्थापना गरिएको हो। गत वर्ष चन्द्रकोट गाउँपालिका-८ को मजुवामा बेस स्थापना भएको थियो। बडीगाडखोलाले खेत र बस्ती कटान गर्दै आएको छ। फेदी, भुवाचिदी, सोता, मजुवा, उल्लीखोला, चोरकाटे, खैरेनीलगायतका बजार डुबानको जोखिममा छन् भने दुई जिल्ला जोड्ने रिडी-रुद्रवेणी-वामी मुख्य सडकखण्डसहित शाखा सडक पहिरोका कारण अवरुद्ध हुने गरेका छन्।

जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ अनुसार जिल्लाका दुई सयभन्दा बढी ठाउँ बाढीपहिरोको जोखिममा रहेका छन्। २०६४ र २०८१ मा गरेर मुसीकोटमा मात्रै पहिरोबाट १० जनाले ज्यान गुमाएका थिए। मुसीकोटमा ५० भन्दा बढी स्थान बाढीपहिरोको जोखिममा छन्। २०८१ सालमा पहिरोले मालिकाका एकै परिवारका पाँच जनाको ज्यान गएको थियो। सत्यवती गाउँपालिकामा २०७६ सालमा पहिरोबाट १३ जनाको ज्यान गएको थियो। तत्कालीन समयमा तीन सय परिवार विस्थापित भएका थिए। बेलाबखतमा पहिरोले ठुलो मानवीय तथा भौतिक क्षति भए पनि सरकारले जोखिम न्यूनीकरणका लागि ठोस योजना कार्यान्वयन गर्न सकिरहेको छैन।

जिल्ला प्रशासन कार्यालय गुल्मीका सूचना अधिकारी हरिप्रसाद गैरेले तत्काल सडक सञ्चालन, बाढीपहिरोको जोखिम स्थान पहिचान र सतर्कतासहित नेपाल प्रहरी, नेपाली सेना र सशस्त्रको टोलीलाई तैनाथी अवस्थामा राख्ने काम भइरहेको बताउनुभयो। यो वर्षको मनसुन प्रतिकार्य योजना निर्माणको काम अगाडि बढेको छ।

# सीमा सहजीकरण समिति गठन

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, वैशाख २३ गते*

नेपाल-भारत जमुनाह नाकाको सीमाक्षेत्रमा सूचना आदानप्रदान, सचेतना अभिवृद्धि र निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ सीमा सहजीकरण समिति गठन गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउटपोस्ट (बिओपी) जैसपुरको पहलमा बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१६ स्थित जैसपुर क्षेत्रमा सीमा सहजीकरण समिति गठन गरिएको हो। वडा नम्बर १६ का वडाध्यक्ष कलिम अहमद अन्सारीको संयोजकत्वमा नौ सदस्यीय सहजीकरण समिति गठन गरिएको हो।

वडाध्यक्ष अन्सारीले प्रत्येक महिनामा कम्तीमा एक पटक समितिको बैठक बस्ने र खुला सिमानाका कारण हुन सक्ने लागुऔषध कारोबार, मानव तस्करी तथा अवैध चोरी निकासी जस्ता गतिविधि नियन्त्रण गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने बताउनुभयो। समिति गठन कार्यक्रममा सशस्त्र प्रहरी निरीक्षक डम्बरबहादुर साउद, शान्ति पुनर्स्थापना संस्था बाँकेकी जिल्ला संयोजक सम्झना चदारा, स्थानीय जनप्रतिनिधि, व्यापारी तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो। सहभागीले सीमाक्षेत्रमा हुने आपराधिक गतिविधि न्यूनीकरणका लागि समुदाय र सुरक्षा निकायबिच सहकार्य अपरिहार्य रहेकाले यस्ता समितिको भूमिका निकै महत्त्वपूर्ण हुने कुरामा विशेष जोड दिएका थिए।

नेपालगन्ज-१६ का वडाध्यक्ष तथा समितिका संयोजक अन्सारीले समितिको गठनसँगै सीमा क्षेत्रमा सूचना आदानप्रदान, सचेतना अभिवृद्धि र निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउने बताउनुभयो। उहाँले यस पहलले नाकामा शान्तिसुरक्षा कायम गर्न र सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै समितिलाई सहयोग गर्न सबैसँग अनुरोध गर्नुभएको छ।

# पालिकाले सुरु गरे अतिक्रमण हटाउन

**बुटवल समाचारदाता**
*बुटवल, वैशाख २३ गते*

रुपन्देहीका पालिकाले सडक अतिक्रमण गरेर बनाएका घरटहरा हटाउन थालेका छन्।

रुपन्देहीका १६ पालिकामध्ये केही पालिकाले सार्वजनिक सूचना जारी गरेर सडक अतिक्रमण खाली गराउन थालेका छन् भने केही पालिकाले सडक अतिक्रमण खाली गराउन सार्वजनिक सूचना निकाल्ने तयारी भइरहेको बताएका छन्। लुम्बिनी सांस्कृतिक नगरपालिकाले नगरक्षेत्रको सडक मिचेर बनाएका घरटहरा, बाटो किनारमा राखेका निर्माण सामग्री हटाउन सुरु गरेको छ।

पालिकाको महजिदिया चोक, महिलवार, पर्सा रोडलगायतका सडक क्षेत्रमा व्यवसायीले पसल राख्नुका साथै निर्माण सामग्री सडकसम्मै राखेर दुर्घटनाको जोखिम बढाएका थिए। ती संरचना र सामान हटाउन सुरु गरिएको छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजनका अनुसार मोगलहा चौराहादेखि सरसफाइ अध्ययन केन्द्र तथा हरित पार्क जाने सडक स्तरोन्नति तथा निर्माणको काम गर्न लागिएको छ। त्यसैले उक्त सडकको केन्द्रबाट दायाँबायाँ १३/१३ फिट क्षेत्राधिकार खाली गर्न सूचना गरिए अनुसार सडक अतिक्रमण खाली गराएको उहाँले बताउनुभयो।

यसै गरी रुपन्देहीकै शुद्धोदन गाउँपालिका सिसै चौराहामा सडक अतिक्रमण गरेर बनाइएका घरटहरा पालिकाले डोजर लगाएर हटाएको छ। गाउँपालिकाका अध्यक्ष विष्णु बस्यालका अनुसार सो क्षेत्रमा करिब एक दर्जन घरटहरा सडक अतिक्रमण गरी बनाइएकाले सडकभित्र पर्ने दायाँबायाँ क्षेत्र खाली गराएको बताउनुभयो।

सैनामैना नगरपालिकाले समेत सैनामैनाको सालझन्डी चोकदेखि ढोरपाटन सडक जाने क्षेत्रको सडक संरचनामा बनेका घरटहरा खाली गराउन १५ दिने सार्वजनिक सूचना जारी गरेको छ।

पशुपति माविको नाममा पुर्जा प्राप्त भएको करिब २० वटा घरटहरा हटाउनुपर्ने देखिएको पालिकाले जनाएको छ। त्यसै गरी गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले गैडहवा खुसियालपुरका स्थानीयले सडक अतिक्रमण गरी बनाएका घरटहरा खाली गराउने सहमति भएबमोजिम तत्काल घरटहरा हटाउन सार्वजनिक सूचना जारी गरिएको बताउनुभयो। पालिकाले यही वैशाख १७ गते सार्वजनिक सूचना जारी गरी ३५ दिनभित्र अतिक्रमित संरचना खाली गराउन सूचना जारी गरेको छ।

उक्त मितिमा पनि अतिक्रमित संरचना नहटाए पालिकाले सम्बन्धित व्यक्तिकै खर्चमा संरचना खाली गराउने पालिकाले जनाएको छ। बुटवल उपमहानगरपालिकाले समेत सम्बन्धित वडा कार्यालयलाई जानकारी पत्र पठाउँदै सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरधनीलाई सार्वजनिक सूचना जारी गर्न निर्देशन गरेको छ।

उपमहानगरपालिकाको वैशाख १५ गतेको बैठकले नगरका विभिन्न पाँच स्थानमा अतिक्रमण भएको निष्कर्ष निकाल्दै ती क्षेत्र खाली गराउने निर्णय गरेको हो।

## Bid Cancellation Notice

**(Date of Publication May 07, 2026)**

This is to notify all the Bidders that Invitation for the Bids for IFB No. NDCL/CTO/NCB/03/082-83 for Trenching, Ducting, Laying, Testing and Handover of Underground Optical Fiber Network ( Hulaki Sadak Route-Koshi Province) Published on 2082/10/25 (February 08, 2026) at www.bolpatra.gov.np/egp is hereby cancelled as per the decision of the company dated 2083/01/22 ( May 05, 2026)

राष्ट्रको सञ्चार

**Nepal Telecom**
Office of Chief Technical Officer
Central Procurement Department,
Bhadrakali, Kathmandu, Nepal
Tel. No: 977-1-4210310
E-mail: *procurement@ntc.net.np*

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य, मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
राप्ती उपत्यका देउखुरी (दाङ), भालुवाङ

**सेवा करार सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३।०१।२४

यस निर्देशनालयको आ.व. ०८२/८३ मा मनोविद १ जना, विद्यालय नर्स २ जना र हेल्थ असिस्टेन्ट/ स्टाप नर्स १ जना जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस निर्देशनालयको वेभसाइटः **hd.lumbini.gov.np** मा उल्लेखित शैक्षिक योग्यता, अनुभव र राजस्व तिरेको सक्कल भौचर सहित लोकसेवा आयोग लुम्विनी प्रदेशको फारामको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्वास्थ्य निर्देशनालय**
**राप्ती उपत्यका (देउखुरी) नेपाल**

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुरधाम, धनुषा**

**Notice of Cancellation Of Bids**

Date Of Publication: 7th May 2026

This is notify the concerned Bidders that all submitted bids against following Contract Identification are Cancelled Due to Technical Error.

| S. N. | Contract Identification No. | Detail of Works | Remarks |
|---|---|---|---|
| 1. | MIHS/NCB/ WORKS/2082-083/06 | Construction of Educational Building of MIHS | |

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**मधेश प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय, बारा**

**लिलाम बिक्रीको सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८३।०१।२४ गते**

यस कार्यालय अन्तर्गतको रा.व., काठमाडौं तराई मधेश द्रुतमार्ग, साझेदारी वन लगायतका वनबाट उत्पादन भई विभिन्न स्थानमा घाटगद्दी गरी राखिएको साल र अन्य जातको गोलिया थान ११६२ को १३४५८.१६ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले २१ दिने (प्रथम पटक) सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएका सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा प्रदेश वन निर्देशनालय जनकपुरधाम, जिल्ला प्रशासन कार्यालय कलैया, बारा र यस कार्यालयबाट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिन दिनको ३:०० बजेभित्र आवश्यक कागजात सहित बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। थप जानकारीका लागि यस कार्यालयको सूचना पाटीमा टाँस भएको विस्तृत सूचना, Website: www.dfobara.gov.np मा हेर्नुहुन ९८५४०७८५१६ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

**जनकनन्दिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खजुरी, धनुषा**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**प्रकाशित मिति : २०८३/०१/२४**

उपरोक्त सम्बन्धमा यस जनकनन्दिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८२/८३ अन्तर्गत मिति २०८२/१०/०२ मा प्रकाशित सूचना ठेक्का नं. JRM/WORKS/NCB-01/2082-083 को बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना https://janaknandinimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा. वडा नं. २, बस्ने मंगले तामाङले हस्त विर तामाङको नाममा नापनक्सा भई निज नापीवालाकै नाममा हालसम्मै अ-प्रमाणित स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्ता नहुँदै नापीवाला हस्तु तामाङको मिति २०४०।१०।१९ मा र निजकी पत्नी काली तामाङको मिति २०४१।७।१४ मा मृत्यु भई हकदारमा छोराहरू चन्द्र बहादुर तामाङ-१ र बुधे तामाङ-१ समेत जना २ भएकोमा हकदार मध्येका चन्द्र बहादुर तामाङको मिति २०८०।६।१० मा अविवाहित अवस्थामा मृत्यु भएको र हकदार मध्येका अर्को छोरा बुधे तामाङको मिति २०८१।१।१४ मा र निजकी पत्नी काली तामाङको मिति २०८०।१२।२९ मा मृत्यु भई हकदारमा एक मात्र छोरा मंगले तामाङ भएको र म बाहेक अन्य हकदार नभएकोमा साविक मौजा पटाप रै.नं. १३१/७२ हर्ष विर तामाङको नामको लगतबाट भिडी दर्ता हुन बाँकी रहेको तपसिलमा उल्लिखित जग्गा मेरो नाउँमा दर्ता/नामसारी गरी पाऊँ भनी एवं नापीवालाको नाम फिल्डबुकमा हष्ट विर तामाङ भएको, मोठ स्रेस्तामा हस्त विर तामाङ भएको र अन्य कागजपत्रहरूमा हस्तु तामाङ भएको उल्लिखित व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको भनी समेत स्थानीय तह शंखरापुर न.पा. वडा नं. २, को च.नं. क्रमशः १२१ र १२२ मिति २०८१।५।२ को सिफारिस सहित मंगले तामाङको द.नं. २६०२ मिति २०८१।८।२ मा माग निवेदन पेश गरेको साथै उल्लिखित नामथर भएको व्यक्ति फरक फरक भए वा उक्त जग्गामा हक लाग्ने अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स-प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको मागदाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा** **तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नाङ्गलेभारे | ८/ग | ३१७ | ०-१३-१-० | हष्ट वीर तामाङ का. ई. साँखु, पटाप | बाबु रघुवीरको नाउँमा दर्ता अंशबाट मेरो हक भएको |

**मालपोत कार्यालय, टोखा सरस्वती, काठमाडौँबाट जारी भएको रै.प. दर्ता हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, टोखा नगरपालिका वडा नं. १ बस्ने टेकनाथ अधिकारीको नाति, गणेश प्रसाद अधिकारीको छोरा, मणिराम अधिकारीले पिता गणेश प्रसाद अधिकारीको नाममा सर्भेनापीको समयमा मोही जनिएको तपसिलमा उल्लिखित जग्गा मोही पिता गणेश प्रसाद अधिकारी र आमा पुतली अधिकारीको मृत्यु पश्चात् हक खाने हकदारमा छोराहरू पुन्टे अधिकारी-१, हरिहर अधिकारी-१ र मणिराम अधिकारी-१ समेत ३ जना भएकोमा दाजु पुन्टे अधिकारी विगत ३०/३१ वर्षदेखि घर छाडी बेपत्ता भएको हुँदा उल्लिखित कित्ता जग्गा हामी हरिहर अधिकारी-१ र मणिराम अधिकारी-१ समेत २ जनाका नाममा बिर्ता उन्मूलन ऐन नियमावली बमोजिम रै.प. दर्ता नामसारी गरी ज.ध. प्रमाण पुर्जा पाऊँ भनी टोखा न.पा. १ नं. वडा कार्यालयको च.नं. १८५२ मिति २०८२।१२।१८ को सिफारिस संलग्न राखी यस कार्यालयमा द.नं. ५६३१ मिति २०८२।१२।१९ को निवेदन पेश गरेको हुँदा तपसिलमा उल्लिखित जग्गा माग बमोजिम निवेदकका नाममा दर्ता/ना.सा गर्न नमिल्ने कुनै कारण भए वा सरकारी, सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए, उक्त जग्गा सरकारी, पर्ती, ऐलानी, गुठी वा अन्य प्रकृतिको कानूनले दर्ता गर्न नमिल्ने भए, निवेदक बाहेक अन्य कोही कसैको हक लाग्ने भएमा, यसअघि कोही कसैले तपसिलमा उल्लिखित जग्गा दर्ता नामसारीका लागि मिसिल भिडाएको भए वा तपसिलमा उल्लिखित जग्गा निवेदकका नाममा दर्ता हुँदा अन्य कोही कसैको हकभोगमा असर पर्ने भए ठोस प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनुहोला/सूचना गर्नुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल : फिल्डबुकको व्यहोरा :-**

| गा.वि.स | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | जग्गावालाको | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झोरमहाकाल | १ ख | ४० | १-७-२-० | गणेश प्रसाद अधिकारी का. ई. झोर नयाँ गाउँ | | का.ई. त्रिपुरेश्वर बस्ने रबन लाल श्रेष्ठको नाउँको जग्गा हो। | |

**वर्गीकृत डिस्प्ले**

**मोटरसाइकल हरायो**

मिति २०८३।०१।०४ गते बा.प्र. ०२-०४६प ४३१२ नं. को कालो रङको Royal Enfield 350 CC मोटरसाइकल नागरर्जुन न.पा. वडा नं. ३ बाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९७४१८६८९६६ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम :** सुलभ श्रेष्ठ
**ठेगाना:** कालिका न.पा-२, चितवन
**इन्जिन नं.:** J3A5FKP2219071
**च्यासिस नं.:** ME3J3C5FKPN000465

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८१।०८।०३ मा साँखुदेखि पुल्चोकसम्म जाँदा मेरो NEB को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८४३८१४०५० मा खबर गरिदिनुहोला।
**रजिस्ट्रेसन नं. :** ६६२७०३९५३
**नाम थर :** स्वयल रन्जीत
**ठेगाना :** शंखरापुर-७, काठमाडौँ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश,नेपाल**

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४)**

यस कार्यालयबाट मिति २०८२/१२/२३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount ( with VAT and PS ) |
|---|---|---|---|---|
| 1 | SQ/GOODS/ MED/RGPMUN/ 2082/83-08 | procurement and supply of medicine and surgical item | Setidevi Medicine Suppliers Pvt.Ltd. ward No 01, Bhaktapur, lokanthali | 764,735.64 |

**प्रमुख प्रशासकीय अधिकृत**

**स्थानीय सरकार**
**कैलाश गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकाटार, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**


**नदीजन्य पदार्थको संकलन तथा विक्रीका लागि पुनःबोलपत्र आह्वानसम्बन्धी सात (७) दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८२/१०/०४**
**दोस्रो पटक प्रकाशित मितिः२०८२/१२/२४**
**तेस्रो पटक प्रकाशन मितिः २०८३/०१/२४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा११ (२) घ (६) तथा कैलाश गाउँ कार्यपालिकाको मिति २०८२/०९/२९ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी बागमती प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सूचना नं. | वोलपत्रको नाम | उत्खनन परिमाण (घ.फिट) | न्युनतम बोलपत्र रकम वातावरण सेवा शुल्क सहित (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | Khola/Rajaswa/ 02-2082/83 | गोराङ्दी दोभानदेखि नाकछेडा (१) दोभानसम्म तथा गर्खा दोभान क्षेत्र | ६७२००१.६८ | ४८,३८,४१२.०० | कबोल अङ्कको ५% | ३,००० |
| | | घुमाउने (१), ल्याङराङ, भाल्टार (२) दोभान र नामटार (१) दोभान क्षेत्र | ४३६११३.७२ | ३१,४०,०१९.०० | | |

वोलपत्रसम्बन्धी शर्तहरू तथा थप जानकारी www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ।



तनहुँको सेती–मादी नदीमाथिको निर्माणाधीन पुल । *तस्बिर : अमरराज नहर्की*

## गाउँमै जग्गाको नक्सा प्राप्त

**तनहुँ समाचारदाता**
*तनहुँ, वैशाख २३ गते*

देवघाट गाउँपालिकाका हिक्मत थापालाई जग्गाको नक्सा (ब्लु प्रिन्ट) निकाल्न यसअघि सदरमुकाम दमौली आउनुको विकल्प थिएन। घरबाट दमौली पुगेर फर्कंदा एक हजार रुपियाँ गाडीभाडा र कम्तीमा सात घण्टाको समय खर्चिन्थ्यो तर अहिले उहाँले ५० रुपियाँमै गाउँको साइबरबाट नक्सा प्रिन्ट गरेर काम फत्ते गर्न सक्ने हुनुभएको छ।

थापाले भन्नुभयो, “नक्साका लागि दिनभरिको समय र हजार रुपियाँ खर्च गरेर सदरमुकाम धाउनुपर्ने झन्झट सधैँका लागि अन्त्य भए छ। अनलाइन प्रविधिले खर्च र समय दुवै जोगाइदियो।” डिजिटल प्रविधिको प्रयोगसँगै नापी कार्यालय तनहुँको सेवा प्रवाह आधुनिक र सहज बन्दै गएको छ।

# अफ्रिकन स्वाइन फ्लु खोर रित्तै, पाइएन राहत

**कुस्मा समाचारदाता**
*पर्वत, वैशाख २३ गते*

पर्वतमा गत फागुनको तेस्रो हप्ता फैलिएको अफ्रिकन स्वाइन फ्लुले बङ्गुर मरेपछि एक दर्जनभन्दा बढी कृषि फार्मका खोर रित्तै भएका छन्। बङ्गुर मरेपछि आर्थिक नोक्सानीमा परेका कृषकले कहीँकतैबाट अहिलेसम्म आर्थिक राहत पाउन सकेका छैनन्। भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय पर्वतका अनुसार अफ्रिकन स्वाइन फ्लु महामारी फैलिएपछि जिल्लाभर करिब तीन सयको सङ्ख्यामा बङ्गुर मरेका थिए। महामारीका कारण लाखौँ रकमको नोक्सानी बेहोर्ने र खोर नै रित्तै हुने कृषकको फार्मको सङ्ख्या आधा दर्जन रहेको छ।

प्रभावित भएका कृषकले कतैबाट राहत नपाएको दुःखेसो गरेका छन्। कुस्मा नगरपालिका–८, ओडारेमा करिब एक करोड रुपियाँको लागतमा ओडारे कृषि फार्म सञ्चालन गर्दै आउनुभएका कृषक गौरव क्षेत्रीको अफ्रिकन स्वाइन फ्लु महामारीका कारण माउ र पाठापाठी सबै बङ्गुर मरेको बताउनुभयो। कोभिड महामारीपहिले कृषक क्षेत्रीको कृषि फार्ममा १५० हाराहारीमा बङ्गुर थिए। रोगले नोक्सानी पारेपछि हाल माउ र पाठापाठी गरी ४० वटा मात्रै रहेको उहाँले जानकारी दिनुभयो।

बङ्गुरपालक कृषक समूहका अध्यक्षसमेत रहनुभएका कृषक क्षेत्री भन्नुहुन्छ, “स्वाइन फ्लुका कारण आर्थिक कठिनाइले कृषक विस्थापित हुन लागेका छन्। स्थानीय सरकार र भेटेरिनरी कार्यालयले राहत दिन्छ कि भन्ने आशामा यहाँका किसान बसेका छन् तर कहीँकतैबाट राहत पाइएको छैन। पशु बिमाले समेत महामारी रोगबाट मरेका पशुको जोखिम नलिँदा थप मर्का परेको छ। कृषकलाई सस्तो ब्याजमा ऋण पाउने व्यवस्था भए पनि राहत हुने थियो।”

# सार्वजनिक बिदामा पनि सेवा प्रदान

गणतन्त्र दिवस, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, क्रिसमस डे, तमु ल्होसार, पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस, माघी पर्व/माघेसङ्क्रान्ति, राष्ट्रिय प्रजातन्त्र दिवस, ग्याल्पो ल्होसार र अन्तर्राष्ट्रिय महिला दिवसलगायत सार्वजनिक बिदामा पनि सेवा प्रवाह हुने जनाइएको छ

**लमजुङ समाचारदाता**
*लमजुङ, वैशाख २३ गते*

जिल्ला प्रशासन कार्यालय लमजुङले सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह गर्ने भएको छ। नेपाल सरकारको निर्णय अनुसार आर्थिक वर्ष २०८३/८४ भित्रका विभिन्न पर्व तथा दिवसका अवसरमा कार्यालयले नियमित सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको हो।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालका अनुसार वर्षभरि पर्ने ११ वटा सार्वजनिक बिदाका दिनमा पनि अत्यावश्यक सेवा निरन्तर उपलब्ध गराइने छ। यस अन्तर्गत नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा अवरुद्ध नहुने गरी सञ्चालन गरिने जनाइएको छ। सेवाग्राहीलाई सहज र निरन्तर सेवा दिने उद्देश्यले यस्तो व्यवस्था गरिएको प्रजिअ खनालले बताउनुभयो।

सार्वजनिक बिदाका कारण सेवा लिन समस्या भोग्नुपर्ने अवस्थालाई अन्त्य गर्न यो निर्णय प्रभावकारी हुने अपेक्षा गरिएको छ। कार्यालयले गणतन्त्र दिवसदेखि अन्तर्राष्ट्रिय महिला दिवससम्मका विभिन्न पर्व तथा दिवस समेट्दै ११ दिन सेवा खुला राख्ने जनाएको छ।

कार्यालयका अनुसार गणतन्त्र दिवस, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, क्रिसमस डे, तमु ल्होसार, पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस, माघी पर्व/माघेसङ्क्रान्ति, राष्ट्रिय प्रजातन्त्र दिवस, ग्याल्पो ल्होसार र अन्तर्राष्ट्रिय महिला दिवसलगायत सार्वजनिक बिदामा पनि सेवा प्रवाह हुने जनाइएको छ। त्यसै गरी इस्लाम धर्मावलम्बीको इद उल फित्र तथा बकर इद (इद उल अजहा) का तोकिएका दिनमा समेत सेवा सञ्चालन गरिने छ।

जिल्ला प्रशासन कार्यालय लमजुङको यस कदमलाई सेवामैत्री र नागरिककेन्द्रित पहलका रूपमा हेरिएको छ।

यसले सेवाग्राहीलाई लाइन बस्ने झन्झट कम गर्नुका साथै समयमै सेवा प्राप्त गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रमुख जिल्ला अधिकारी थमनसिंह गौतमले बताउनुभयो। उक्त दिनमा नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा नियमित रूपमा उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो।

सार्वजनिक बिदाका कारण सेवाग्राहीले भोग्ने असुविधा न्यूनीकरण गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको गौतमले बताउनुभयो। कार्यालयको यो निर्णयलाई सेवामैत्री तथा नागरिककेन्द्रित कदमका रूपमा हेरिएको छ। कार्यालयले सबै सेवाग्राहीलाई बिदाका दिनमा समेत उपलब्ध हुने सेवाको अधिकतम उपयोग गर्न अनुरोध गरेको छ।

**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ**
**विराटनगर, नेपाल**

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२४ गते)**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा फिजियोथेरापी सेवा सञ्चालनका लागि एक जना फिजियोथेरापी असिस्टेन्ट, पाँचौं तहमा स्वास्थ्यकर्मी करार सेवामा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको सक्कलै रसिद सहित कार्यालयद्वारा तोकिएको फाराम अनुसार दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद नाम | तह | सेवा/समूह | माग पद सङ्ख्या | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १–२०८२/०८३ | फिजियोथेरापी असिस्टेन्ट | पाँचौं | स्वास्थ्य | १ (एक) | लिखित (वस्तुगत बहुवैकल्पिक) र अन्तर्वार्ता | |

**नोटः–** यस सम्बन्धी विस्तृत विवरण जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङको सूचना पाटी, आधिकारिक फेसबुक पेज “जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ” (https://www.facebook.com/dahc.morang) र कोशी प्रदेश स्वास्थ्य मन्त्रालयको आधिकारिक वेबसाइटबाट समेत हेर्न सकिनेछ।

**कार्यालय प्रमुख**

**Government of Sudurpashchim Province**
**Ministry of Social Development**
**Provincial Ayurved Chikitshalaya**
**Dhangadhi, Kailali**
Invitation for Sealed Quotation for the Procurement Supply and Delivery of Raw materials for the Provincial Ayurved Ausadhi Utpadan Kendra

**Invitation for Sealed Quotation**

**Date of first Publication: 2083/01/24**

1. The Provincial Ayurved Chikitshalaya (PAC) Sudurpashchim Province invites sealed quotations from registered Suppliers for the supply & delivery of :

| Sealed Quotation No. | Description of procurement | Bid Security Amount (Nrs.) | Bid Security Validity | Source of Fund |
|---|---|---|---|---|
| PACSPP/G/ SQ-02/082-083 | Procurement Supply and Delivery of Raw materials for Provincial Ayurved Ausadhi Utpadan Kendra | 82,000.00 | 2083/04/11 (june 25, 2026) Or 75 days after bid opening | Government of Nepal |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Provincial Ayurved Chikitshalaya (PAC), Dhangadhi-13 Kailali Sudurpashchim Province, Email: setiz.aaurbed08@gmail.com, Phone no 9858483945. A complete set of Bidding Documents may be purchased from the office Provincial Ayurved Chikitshalaya(PAC), Dhangadhi-13 Kailali Sudurpashchim Province by eligible Bidders on the submission of a written application, along with up to date copy of company/firm registration certificate, Business registration, PAN/VAT registration, Tax clearance of last FY (extension letter if applicable) and upon payment of a non-refundable fee of NRs. 1,000.00 Voucher deposited in the below description account till 2083/01/30 during office hours.

**Name of the Bank** : Rastriiya Banijya Bank
**Name of Office** : Provincial Ayurved Chikitshalaya(PPC) Dhangadhi, Kailali.
**Office Code no.** : 3500777057
**Office Account no.** : 1000100200010000
**Rajaswa (revenue) Shirshak no.**: 14229

3. Sealed bids must be submitted to the office of Provincial Ayurved Chikitshalaya (PAC), Dhangadhi-13 Kailali Sudurpaschim Province by hand on 2083/01/30 within office hours. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2083/01/31, 9:30 AM at the office of Provincial Ayurved Chikitshalaya(PAC), Kailali. Bids must be valid for a period of 45 days (till 2083/02/15 after bid opening and must be accompanied by a bid security mentioned in above table, which shall be valid for 30 days beyond the validity period of the bid 2082/04/11. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the Account of Pradesh Lekha Niyantrak Karyalaya Deposit Account No. 4170100202030000 at Rastriya Banijya Bank Dhangadhi ,with name of Office Provincial Ayurved Chikitshalaya(PAC) and with office code 3500777017 and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Things remains to specify in this notice will be according to the prevailing law of Nepal, Public Procurement Act 2063 & regulation 2064.

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय सङ्खुवासभा**
**तुम्लिङटार, सङ्खुवासभा, नेपाल।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०१।२४**

यस कार्यालयको मिति २०८२/०६/०९ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना बमोजिम विद्युतीय बोलपत्र प्रणाली (e-gp) मार्फत दर्ता हुन आएका बोलपत्र दाताहरूको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस बमोजिम देहायका बोलपत्र दाताहरूले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७(२) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता | कबोल अङ्क रु. VAT र PS सहित |
|---|---|---|---|---|
| 1 | IDOSANK/ Works/ Bridge/NCB-01/2082/83 | Construction of Piluwa Khola Bridge, Bihibare, Chainpur Municipality-06, Sankhuwasabha (Guphapokhari-Chainpur-Barhbise Road), Sankhuwasabha) | M/S R.S.-Kaushitar JV, Bhaktapur. | 6,21,39,197.21 |
| 2 | IDOSANK/ Works/ Bridge/NCB-02/2082/83 | Construction of Hewa Khola Bridge Chainpur Municipality-06, Sankhuwasabha (Khandbari-Lingling-Chainpur Road), Sankhuwasabha | M/S Acharya Builders Pvt.Ltd., Ramrekha-01, Baglung. | 6,03,29,506.45 |

**कार्यालय प्रमुख**

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा, मधेश प्रदेश (नेपाल)**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८३।०१।२४)**

यस कलैया उपमहानगरपालिकाको मिति २०८२।१२।०२ गतेको प्रकाशित बोलपत्र (e bidding) आह्वानको सूचना अनुसार रीतपूर्वक पर्न आएका बोलपत्रहरूमध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिलको बोलपत्र स्वीकृत गर्नका लागि मूल्याङ्कन समितिको मिति २०८३।०१।१७ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनोट गरिएको बोलपत्र दाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/ GOODS/02-082/83 | Supply and Delivery of Sanitary Pad | Birat Healthcare Industries Pvt. Ltd. | Budiganga-2, Morang | 16,87,763.01 |
| 2 | KSMC/NCB/ GOODS/HEALTH-02-082/83 | Supply and Delivery of Medicine Items | Chirag Pharmacy Pvt. Ltd. | Ranipauwa-11, Pokhara. | 11,78,551.70 |

**प्रमुख प्रशासकीय अधिकृत**

**मालपोत कार्यालय लमही, दाङबाट जारी भएको हकदाबी गर्न आउनू भन्ने ३५ (पैँतीस) दिने सार्वजनिक सूचना।**

उपरान्त जिल्ला दाङ, सतवरीया गा.वि.स. वडा नं. २ हाल लमही नगरपालिका वडा नं. ७ बस्ने टिकाराम चौधरीको नाति, हलिराम चौधरीको छोरा, भागिराम चौधरीले आफ्नी आमा जानकी चौधरीको नाममा भएको सतवरीया २ख कि.नं.२२ ज.वि. ०–५–० को कित्ता जग्गा मेरी आमा जानकी चौधरीको नाममा स्रेस्ता गरी मेरो नाममा एकलौटी नामसारी गरिपाऊँ भनी मिति २०८३/०१/१० गते निवेदन पेश गर्नुभएकोमा उक्त कित्ता जग्गा कोही कसैको हक लाग्ने भए वा निवेदक भागरिराम चौधरीको नाममा एकलौटी नामसारी गर्न नपर्ने भए वा फिल्डबुकमा भएको हल्ला र पुर्जामा भएको नाम हलिराम चौधरी व्यक्ति फरक भए वा अन्य जानकी चौधरीको अन्य कोही हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको म्यादभित्र दाबी विरोध गर्न नआए कानून बमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ। यसमा निवेदक भागिराम चौधरीले सक्कल जग्गाधनी प्रमाण पुर्जा, मृत्यु दर्ता, नाता प्रमाणित, मालपोत रसिद, स्रेस्ता कायम नामसारी सिफारिस, फिल्डबुक समेत पेश गरी जानकी चौधरीको नाममा सक्कल पुर्जा भएको सतवरीया २ख कि.नं. ०–५–१ ज.वि. ०–५–१ को सक्कल जग्गा धनी प्रमाण पुर्जा रहेको जग्गाहरू मेरो नाममा एकलौटी नामसारी गरिपाऊँ भनी निवेदन पेश भएको हुँदा भएकोले उक्त कित्ता जग्गा एकलौटी नामसारी गरिदिँदा कोही कसैको हकदैयामा असर पर्ने भए वा जानकी चौधरीको अन्य हकदार भए वा निवेदकको आमा जानकी चौधरीको नाममा स्रेस्ता कायम गरी निवेदक भागिराम चौधरीको नाममा एकलौटी नामसारी गर्न नपर्ने भए स–प्रमाण सहित हकदाबी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी म्याद समाप्त भएपछि पेश गर्नू।

**का.म.पा.६, वडा कार्यालय बौद्धबाट जारी भएको हकदाबी सम्बन्धी ३५ (पैँतीस) दिने दोस्रो सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ६, बस्ने डोल्कर लमु शेर्पा ना.प्र.नं. ४९७७/२०६३६/१४७५/१६०५२, काठमाडौँ) ले मेरो एकाघरकी आमा पेमा छो लामा (ना.प्र.नं. १२३०५, काठमाडौँ) र दाजु आनाम लामा (ना.प्र.नं. ९९१४, काठमाडौँ) को संयुक्त नाममा चाबहिल मालपोत कार्यालयमा दर्ता स्रेस्ता कायम रहेको का.म.पा. वडा नं. ६, सिट नं. १०२८१४ को कि.नं. १९७ को क्षे.फ. ०–७–०–० मा बनेको घर रहेकोमा आमा पेमा छो लामाको मिति २०७७।११।१२ मा र दाजु आनाम लामाको अविवाहित अवस्थामा मिति २०८१।०१।०५ मा आ–आफ्नै कालगतिले मृत्यु भएको र आमा पेमा छो लामाको दुईवटा विवाह भएको जसमा छेनी भनिने रिन्जेन लामाको मृत्यु २०५६।०७।१२ मा भएको र निज रिन्जेन लामा सँगको पहिलो विवाहबाट म डोल्कर लमु शेर्पा र मेरो दाजु आनाम लामाको मात्रै जन्म भएको हो भने दोस्रो पति ङवाङ ज्युनीसँग मिति २०५५।०१।२४ मा विवाह भई कुनै सन्तानको जायजन्म नभई मिति २०५८।०३।०७ मा मृत्यु भएकोले शेष पछिको हक खाने हकदारमा म निवेदक डोल्कर लमु शेर्पा मात्रै रहेकोमा का.म.पा. वडा नं. ६, सिट नं. १०२८१४ को कि.नं. १९७ को क्षे.फ. ०–७–०–० मा बनेको घरजग्गा मेरो नाममा नामसारी गर्न भनी सिफारिस माग गरी निवेदन पेश गरेको हुँदा निवेदक बाहेक अरू हकदार भए वा माग बमोजिम नामसारी सिफारिस गर्न नमिल्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र स–प्रमाण सहित दाबी गर्न आउनुहोला भनी २०८२ जेठ ०१ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा आजका मितिसम्म पनि निवेदक बाहेक कोही पनि हकदाबी गर्न नआउनु भएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको हुँदा मृतक पेमा छो लामा (ना.प्र.नं. १२३०५, काठमाडौँ) अन्य कोही हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित वडा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ, अन्यथा कानून बमोजिम भइजाने व्यहोरा समेत यही सूचना मार्फत जानकारी गराइन्छ। साथै उक्त जग्गाको तपसिल बमोजिमको फिल्डबुक रहेको व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | सिट नं. |
|---|---|---|---|---|
| का.म.पा. बौद्ध | ६ | १९७ | ०–७–०–० | १०२८१४ |

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ३ (साविक भद्रवास–७) बस्ने रिता पुडासैनीले बूढीसासू चित्र कुमारी पुडासैनीको नाममा नापनक्सा भई निज नापीवालाकै नाममा हालसम्मै दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्ता नहुँदै नापीवाला चित्र कुमारी पुडासैनीको मिति २०२४ सालमा र निजको पति वेधनिधि पुडासैनीको मिति २०१३ सालमा मृत्यु भएको, निजहरूबाट कुनै सन्तानको जायजन्म नभएकोले हकदारमा देवरहरू देवी प्रसाद पुडासैनी–१, मेरु प्रसाद पुडासैनी–१ र चुडामणी पुडासैनी–१ समेत जना ३ भए तापनि निज चित्र कुमारी र वेधनिधि पुडासैनीको परलोक हुनुअघि पालनपोषण र मृत्यु पश्चात्को काजकिरिया माहिला देवर देवि प्रसाद पुडासैनीले नै गरेको र उक्त जग्गा देवि प्रसाद पुडासैनीले जोतभोग गर्दै आएकोमा देवि प्रसाद पुडासैनीको मिति २०३२ सलमा मृत्यु भई हकदारमा छोराहरू हेम प्रसाद पुडासैनी–१, चिरञ्जिवी पुडासैनी–१ र दुर्गा प्रसाद पुडासैनी–१ समेत जना ३ भए तापनि आपसी सरसल्लाह गरी २०२५ सालमा मानो छुट्टी उक्त जग्गा चिरञ्जिवी पुडासैनीको अंश भागमा परेको र चिरञ्जिवी पुडासैनीको मिति २०७९।१२।१६ मा मृत्यु भई हकदारमा निजकी पत्नी रिता पुडासैनी–१ र छोरा जनार्दन पुडासैनी–१ समेत जना २ भएको र निज रिता पुडासैनीले नै हालसम्म जोती कमाई आएको र अन्य हकदारहरूले कागेश्वरी मनोहरा न.पा. वडा नं. ३, को कार्यालयमा उपस्थित भई मञ्जुरीनामा दिएको हुँदा अन्य हकदार नभएकोमा साबिक मौजा चाँगु रै.नं. (शेर्मा) २५०७ को लगतबाट भिडी तपसिलमा उल्लिखित जग्गा मेरो नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी स्थानीय तह कागेश्वरी मनोहरा न.पा. वडा नं. ३, को च.नं. ४८६ मिति २०८२।९।१ को सिफारिस सहित रिता पुडासैनीको द.नं. ४२४६ मिति २०८२।९।२३ मा माग निवेदन पेश गरेकोले उक्त जग्गामा हक लाग्ने अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबीविरोध नपरे निवेदकको मागदाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**फिल्डबुकको व्यहोरा** **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | जग्गावालाको | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| भद्रवास | ७ | ७१ | १–०–०–० | उत्तिस | चित्र कुमारी पुडासैनी का.ई. स्यालडाँडा | यो जग्गा मेरो हकभोग र चित्र कुमारीको तिरोतिरान भित्रको हो भनी सहीछाप गर्ने चित्र कुमारी पुडासैनी |

**पुनश्च** : उल्लिखित जग्गाको दर्ता बाँकी मोठ स्रेस्ताको जग्गाको विवरण महलमा शरिस बुटेन लेखिएको र फिल्डबुकमा किसान महल विरहमा उत्तिस लेखिएकोमा डिभिजन वन कार्यालय काठमाडौँमा पत्राचार गर्दा सब डिभिजन वन कार्यालय गोकर्णबाट स्थलगत सरजिमिन मुचुल्का अनुसार उक्त जग्गा रुखजन्य तथा वन पैदावार नरहेको साथै सामुदायिक वन, राष्ट्रिय वन सिमानाभित्र नरहेको देखिएको एवं व्यक्तिबाट खेती गरी भोगचलन गरेको देखिएको भनी आएको।

**मालपोत कार्यालय मकवानपुरबाट मिति : २०८३।०१।२२ मा जारी भएको नामसारीको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

**निवेदक :– सरीता भुजेल** **ज.ध.: मान बहादुर आले मगर**

जिल्ला मकवानपुर, साविक पदमपोखरी गाविस वडा नं. २, को कि.नं २३९५ को क्षेत्रफल ज.वि. ०–५–१०.५ जग्गाको जग्गाधनी मान बहादुर आले मगर रहेकोमा निजको मिति २०६९।०६।२९ गते मृत्यु भएको र निजकी एक मात्र पत्नी सुना लक्ष्मी आले मगरको पनि २०३५ साल अगावै मृत्यु भएको र निजहरूबाट कुनै पनि सन्तानको जायजन्म नभएकोमा निज जग्गावालालाई पालनपोषण तथा हेरचाह गर्ने राम बहादुर भुजेललाई र.नं. १७१२ मिति २०५४।०९।१० मा शे.व. पारित गरी दिइएकोमा निज शे.व. लिने व्यक्ति राम बहादुर भुजेल पनि बेपत्ता भएको र सो सम्बन्धमा मकवानपुर जिल्ला अदालतको मिति २०८१।१२।२७ को मृत्युको न्यायिक घोषणा प्रमाणपत्र बमोजिम निजको पनि मिति २०६८ मा मृत्यु भएकोमा मुलुकी देवानी संहिता, २०७४ को दफा ४०८ (ख) बमोजिम शे.व. पाउने व्यक्ति शे.व. दिने व्यक्तिभन्दा अगावै मृत्यु भएमा त्यस्तो शे. व. लिखत स्वतः बदर हुने प्रावधान भए बमोजिम शे.व. लिने राम बहादुर भुजेल (मिति २०६८) मा शे.व. दिने मान बहादुर आले मगर (मिति २०६९।०६।२९) भन्दा अगावै मृत्यु भएकोले उल्लिखित र.नं. १७१२ मिति २०५४।०९।१० को पारित शेव. लिखत स्वतः बदर भएको र उल्लिखित जग्गाधनीको हकदार मिसिल संलग्न कागज प्रमाण तथा सिफारिसहरू अनुसार मुलुकी देवानी संहिता, २०७४ को दफा २३९ बमोजिम अपुताली पाउने हकदारहरू कोही पनि नदेखिएको साथै दफा २४१ बमोजिमको पालनपोषण गर्ने हकवालाहरू समेत नदेखिएकोमा शे.व. पारित लिने व्यक्ति राम बहादुर भुजेलको मृत्यु भइसकेको र निजकी एक मात्र पत्नी लक्ष्मी भुजेल पनि निजको मृत्यु पश्चात् राम घोरासाईनेसँग दोस्रो विवाह गरी गएकोले निजहरूको हक खाने विवाहिता छोरी सरीता भुजेल र अविवाहिता छोरी संगिता भुजेल मात्र भएको अवस्थामा उल्लिखित जग्गाधनीको बाँचुञ्जेलको पालनपोषण, स्याहार सम्भार तथा औषधि उपचार निज शे.व. लिने राम बहादुर भुजेलको मृत्युपूर्व निज तथा निजकी पत्नीले नै र निजको मृत्यु पश्चात् निजका हकदार उल्लिखित छोरीहरू सरीता भुजेल र संगिता भुजेलहरूले नै गर्दै आएको र जग्गाधनीको मृत्यु पछिको सद्‌गद् तथा काजकिरिया समेत निज छोरीहरू सरीता भुजेल र संगिता भुजेलले नै गरेकोले दोस्रो विवाह गरी जाने आमा लक्ष्मी भुजेल र अविवाहिता दिदी संगिता भुजेलको मञ्जुरीले निवेदक सरीता भुजेलको नाममा जग्गाधनीलाई पालनपोषण तथा काजकिरिया गर्ने व्यक्तिले नै अपुताली पाउने भनी मुलुकी देवानी संहिता, २०७४ को दफा २४३ मा भएको व्यवस्था बमोजिम एकलौटी नामसारी गरिपाऊँ भनी हेटौँडा उपमहानगरपालिका १४ नम्बर वडा कार्यालयको च.नं. १३४९ मिति २०८२।०९।२१ को हकदार सिफारिस, च.नं. १३४६ मिति २०८२।०९।२१ को पालनपोषण तथा काजकिरिया सम्बन्धी सिफारिस पत्र, च.नं. २३४१ मिति २०८३।०१।२१ को एकीकृत सिफारिस पत्र, वडा सर्जमिन मुचुल्काहरू, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण–पत्रहरू, मृत्युको न्यायिक घोषणा प्रमाण पत्र, का.वा. पत्र, पारित शे.व. लिखत, नागरिकता प्रमाणपत्र समेत संलग्न राखी द.नं. ८३०३ मिति २०८२।०९।२२ मा मागदाबी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः निवेदकको मागदाबी सत्य नभई झुठा भए वा जग्गाधनी र निजकी पत्नीका तर्फबाट कुनै सन्तानको जायजन्म भएको भए वा जग्गाधनीका हकदारहरू अरू कोही भए वा जग्गाधनी तथा निजकी पत्नीलाई मृत्यु अगाडिको पालनपोषण, स्याहार सम्भार, औषधि उपचार तथा मृत्यु पछाडिको सद्‌गद् तथा काजकिरिया अरूले नै गरेको भए वा उल्लिखित जग्गामा अरू कोही कसैको हकभोग भएको भए वा निवेदकको मागदाबी बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ (पैँतीस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स–प्रमाण दाबी–उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भइजानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन।

# समाचार सङ्क्षेप

## घरमै राहदानी सेवा सुरु

**कल्याणपुर (सप्तरी)** (गोरखापत्र), वैशाख २३ गते । सेवाग्राहीलाई सरकारी सेवा घरदैलोमै उपलब्ध गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय सप्तरीले हुलाक सेवामार्फत राहदानी वितरण सेवा सुरु गरेको छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०८२ साल चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. २७ अनुसार सरकारी कागजात घरमै पुऱ्याउने व्यवस्था कार्यान्वयन गर्ने क्रममा सप्तरीमा उक्त सेवा सुरु गरिएको हो।

जिल्ला प्रशासन कार्यालय सप्तरी र जिल्ला हुलाक कार्यालयबिच बुधबार सम्झौतापत्रमा हस्ताक्षर भएसँगै सेवा कार्यान्वयनमा आएको जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले जानकारी दिनुभयो। कार्यालयका अनुसार अब राहदानीका लागि आवेदन दिने सेवाग्राहीले राहदानी हुलाक सेवामार्फत घरमै बुझ्ने वा कार्यालयमै आएर बुझ्ने भन्ने विकल्प छनोट गर्न सक्ने छन्। आवेदन दिने क्रममा नै सेवाग्राहीले आफ्नो विकल्प सम्बन्धित कर्मचारीसमक्ष स्पष्ट रूपमा जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवद्वारा जारी सूचनामा सेवा प्रवाह थप सहज, प्रभावकारी र नागरिकमैत्री बनाउन हुलाक सेवामार्फत राहदानी वितरण सुरु गरिएको उल्लेख छ।

## तारजालीमा फसेको चितुवाको उद्धार

**ढल्केबर** (गोरखापत्र), वैशाख २३ गते । धनुषाको मिथिला नगरपालिकाको उत्तरी भेगमा करिब दुई महिनादेखि स्थानीयलाई त्रसित बनाउँदै आएको चितुवाको सकुशल उद्धार गरिएको छ। मिथिला नगरपालिका–७, केमलीपुरमा वन क्षेत्रनजिक किसानले लगाएको तारजालीमा फसेको अवस्थामा चितुवालाई पर्सा राष्ट्रिय निकुञ्जबाट आएको उद्धार टोलीले नियन्त्रणमा लिएको हो।

डिभिजन वन कार्यालय धनुषाका वन कमान्डर वैजनाथ सिंहले नीलगाई, बँदेललगायत वन्यजन्तुबाट बाली जोगाउन स्थानीय किसानले लगाएको तारजालीमा पासो लागेको अवस्थामा चितुवालाई नियन्त्रणमा लिइएको बताउनुभयो। निकुञ्जबाट आएको प्राविधिक टोलीको सहयोगमा चितुवालाई सुरक्षित रूपमा नियन्त्रणमा लिन सफल भएको जानकारी उहाँले दिनुभयो। उद्धार टोलीका डा. निवना ढकालले नियन्त्रणमा लिइएको चितुवालाई आवश्यक स्वास्थ्य परीक्षणपश्चात् पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा छाडिने जानकारी दिनुभयो।

मिथिला नगरपालिका–७ का वडाध्यक्ष रामबहादुर स्याङ्दनले उक्त चितुवाले विगत दुई महिनादेखि आसपासका बस्तीमा निरन्तर आतङ्क मच्चाउँदै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "चितुवाले सखीबाख्रा, गाई, पाडो र कुकुर गरी ३५ भन्दा बढी पशुचौपाया खाइदिएको छ।" तीमध्ये १४ वटा सखीबाख्रा खाएको भन्दै वडामा निवेदनसमेत परेको जानकारी उहाँले दिनुभयो।

# जनमत पार्टीको समर्थन फिर्ता
# सरकारसँग बहुमत कायमै

**धनुषा समाचारदाता**
*जनकपुरधाम, वैशाख २३ गते*

मधेश प्रदेश सरकारमा सहभागी जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेशका शाखा अधिकृत कृष्ण ठाकुरले बुधबार विज्ञप्ति जारी गर्दै जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी दिनुभएको हो।

विज्ञप्तिमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम गठन भएको मधेश प्रदेश सरकारलाई यही वैशाख २२ बाट जनमत पार्टीले समर्थन फिर्ता लिएको उल्लेख गरिएको छ। जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता चन्दन सिंहसहितका जनमत पार्टीका प्रदेश सभा सदस्यले वैशाख २२ गते मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र दर्ता गराउनुभएको थियो। प्रदेश प्रमुखको कार्यालयले विज्ञप्ति जारी गरेको प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेशका सचिव नारायणप्रसाद दाहालले जानकारी दिनुभयो।

जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ। कानुनी व्यवस्था अनुसार सरकारमा सहभागी कुनै पनि दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ।

जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि मधेश प्रदेश सरकारसँग अहिले पनि बहुमत कायम छ। मधेश प्रदेश सभामा हाल १०२ जना प्रदेश सभा सदस्य



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव ।

कायम रहेका र बहुमतका लागि ५२ जना प्रदेश सभा सदस्य चहिन्छ। मुख्यमन्त्री यादवसँग अहिले पनि सरकारमा सहभागी नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी (जसपा) नेपालका १८, नेपाली कम्युनिस्ट पार्टीका १५ र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका आठ जना प्रदेश सभा सदस्यको समर्थन कायम छ। सरकारमा सहभागी दलबाहेक मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई प्रदेश सभामा नेकपा (एमाले) र नेपाल सङ्घीय समाजवादी पार्टीले समेत समर्थन जनाएको छ। जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मधेश प्रदेशमा सरकार ढाल्न र सरकारलाई जोगाउने विषयमा नेताहरूको दौडधुप सुरु भए पनि नेकपा (एमाले) संसदीय दल मधेश प्रदेशका नेता सरोज यादवले भने आफूहरू सरकार गिराउने र बनाउने खेलमा नलागेको बताउनुभयो।

## हुलाकी सडकमा पानी जम्दा दुर्घटनाको जोखिम

**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), वैशाख २३ गते*

महोत्तरीको गौशाला–सम्सी हुलाकी सडकखण्ड अन्तर्गत औरही–सम्सी जोड्ने मुख्य सडकका खाल्टाखुल्टीमा पानी जम्न थालेपछि दुर्घटनाको जोखिम उच्च बनेको छ। सडकको कमजोर संरचना र नाला व्यवस्थापन नहुँदा दैनिक आवतजावत गर्ने सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन्।

औरही नगरपालिका–४ सेरहा, वडा नं. ६ को बैरिया तथा सम्सी गाउँपालिका–१ र २ अन्तर्गत पर्सा र देवार्ड क्षेत्रमा वर्षाको पानी सडकमै जम्ने समस्या बर्सेनि दोहोरिँदै आएको स्थानीयले बताएका छन्। पानी जमेसँगै सडकमा खाल्टाखुल्टी बढ्ने, सवारी चिप्लिने तथा दुर्घटनाको सम्भावना उच्च हुने गरेको छ।

"स्थानीय अटो व्यवसायी तथा चालक प्रकाश महराका अनुसार पानी जम्दा सडकको अवस्था अत्यन्त जोखिमपूर्ण बन्छ," महराले भन्नुभयो, "सडकमा पानी जम्दा खाल्डा देखिँदैन, सवारीसाधन अनियन्त्रित हुने जोखिम बढ्छ।"

अर्का चालक राजु महतो नुनियाले नालाको अभावका कारण पानी निकास हुन नसक्दा हरेक वर्ष यही समस्या दोहोरिने गरेको बताउनुभयो। सडकको दुरवस्था कति बढेको छ भने कतिपय समयमा सवारी सञ्चालन नै अवरुद्ध हुने गरेको स्थानीयको गुनासो छ। विशेष गरी बिहान र साँझको व्यस्त समयमा यात्रु र सवारीचालकले थप सास्ती भोग्नु परेको छ।

यता औरही नगरपालिकाले समस्या समाधानका लागि तत्काल पहल गर्ने जनाएको छ। नगरप्रमुख प्रदीप खड्काका अनुसार सडक मर्मतका लागि ग्राभेल बिछ्याउने काम सुरु गरिने छ भने जेसिबी प्रयोग गरी सडकछेउछाउका अतिक्रमण हटाउँदै नाला व्यवस्थापन गरिने छ।

# तरकारी बजारको संरचना प्रयोगविहीन

**जनार्जन खत्री**
*सर्लाही, वैशाख २३ गते*

सर्लाहीको लालबन्दी नगरपालिका–१७, रानीगन्जमा सवा करोड रुपियाँ खर्चिएर तयार पारिएको तरकारी बजारका लागि निर्माण गरिएका संरचना प्रयोगविहीन बनेका छन्।

गत वर्ष वडा कार्यालय, नगरपालिका, मधेश प्रदेश र सङ्घीय सरकारको एक करोड नौ लाख रुपियाँ खर्च गरेर रानीगन्जस्थित महेन्द्र राजमार्गछेउमा निर्माण गरिएको तरकारी बजार अलपत्र परेको हो। देवता महाकाली गुठीले प्रदान गरेको चार बिघा जग्गामा १२ वटा सटर र ३६ वटा स्टल रहेका कृषि सेड तयार पारिएको छ। यति ठुलो रकम खर्चिएर निर्माण गरिएको बजारका संरचना प्रयोगमा नआउँदा खराब बन्दै गएका छन्। बेवारिसे बनेको तरकारी बजार क्षेत्र गौचरनमा परिणत भएको छ।

लालबन्दी नगरपालिका–७ स्थित डुमडुमे मन्दिरअगाडि साँघुरो ठाउँमा लाग्दै आएको लालबन्दी थोक तरकारी बजारको विकल्पका रूपमा रानीगन्जमा नयाँ तरकारी बजार निर्माण गरिएको थियो। लालबन्दीको तरकारी बजार जम्मा १८ कट्ठा क्षेत्रफलमा लाग्दै आएको छ।

लालबन्दी नगरपालिका–१७ का वडाध्यक्ष विष्णु अधिकारीले लालबन्दीमा तरकारी बजार बस्दै आएको ठाउँ साँघुरो रहेको र रानीगन्जमा फराकिलो ठाउँमा बजार बनिसकेकाले तरकारी बजारलाई रानीगन्जमै सारौँ न भनी नगरपालिकामा बारम्बार कुरा राखे पनि बेवास्ता गरिएको गुनासो गर्नुभयो। अब अहिले महेन्द्र राजमार्ग विस्तारकै क्रममा रहेकाले लालबन्दी तरकारी बजार थप साँघुरो हुने र दुर्घटनाको जोखिम बढ्ने भएकाले रानीगन्जमा बजार सार्नु उपयुक्त हुने वडाध्यक्ष अधिकारीको तर्क छ।

तरकारी बजार प्रयोगमा ल्याउने/नल्याउने भन्ने विषय नगरपालिकाकै हातमा रहेको वडाध्यक्ष अधिकारीले बताउनुभयो। वडाध्यक्ष अधिकारीले भन्नुभयो, "तरकारी बजार रानीगन्ज जानै दिन हुन्न भन्ने मानसिकता देखिएकाले समस्या भएको हो। नयाँ बनेको बजारको पनि प्रचारप्रसार हुन्थ्यो भनेर यो पटक रानीगन्जमै लालबन्दी महोत्सव लगाऔँ न त भनेर प्रस्ताव पनि गरेँ तर लालबन्दी छाडेर यहाँ मान्छे आउँदैनन् भनेर कसैले पनि स्वीकार गरेनन्।"

तरकारी बजार निर्माणका लागि जग्गा प्रदान गर्ने गुठीका नामबाट देवता महाकाली बजार समिति गठन गरिएको थियो। सो बजार समितिका निवर्तमान अध्यक्ष रामबहादुर खड्काले सबै पक्ष नमिल्दा तरकारी बजार सञ्चालनमा आउन नसकेको बताउनुभएको छ।

बजारका संरचना बनेपछि वडा कार्यालयलाई हस्तान्तरण गरेर आफूले बजार समितिको नेतृत्व भने छाडिसकेको खड्काले बताउनुभयो। लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले रानीगन्ज तरकारी बजारमा आकर्षण नदेखिएकाले समस्या परेको बताउनुभयो। हप्तामा दुई दिन भए पनि तरकारी बजार सञ्चालनमा ल्याउन वडाध्यक्षसँग समन्वय गर्ने नगरप्रमुख अधिकारीको भनाइ छ।

# सहमतिपछि कलभर्ट निर्माण नियमित

**सर्लाही समाचारदाता**
*सर्लाही, वैशाख २३ गते*

सर्लाहीको कौडेनामा गाउँलेले अवरोध गरेपछि करिब एक महिनादेखि रोकिएको पूर्वपश्चिम हुलाकी राजमार्गको कलभर्ट निर्माण फेरि सुरु भएको छ।

गत वर्ष असोज १८ र १९ गतेको भारी वर्षापछि लखन्देहीखोलामा आएको बाढी पसेर कौडेना गाउँपालिका–३, पर्सागाउँनजिक करिब एक सय मिटर हुलाकी राजमार्ग पूर्ण रूपमा बगाएको थियो। उक्त स्थानमा धमाधम बक्स कलभर्ट निर्माण भइरहेकोमा गाउँलेले अवरोध गरेपछि चैत दोस्रो सातादेखि काम रोकिएको थियो।

लखन्देहीखोलामा तटबन्ध निर्माणको काम नभएसम्म कलभर्ट निर्माणको बाँकी काम हुन नदिने माग स्थानीयले गरेका थिए। प्राविधिक टोलीले स्थलगत अनुगमन गरी प्रतिवेदन बुझाएर गाउँलेको माग अनुसार तटबन्ध बनाउन बजेटका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने प्रतिबद्धता जनाएसँगै गाउँलेले बक्स कलभर्टको काम अघि बढाउन दिएका हुन्।

बक्स कलभर्ट निर्माणका लागि सुसम आदित्य विजय निर्माण सेवा प्रालि, उदयपुरले तीन करोड ५३ लाख तीन हजार २३ रुपियाँमा ठेक्का सकार गरेको छ। कलभर्ट बनाउन आगामी असार २५ सम्मको ठेक्का रहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ।

**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

कोशी प्रदेश पर्यटन वर्ष २०८२

**प्रकाशित मिति : २०८३/०१/२४**

यस केन्द्रबाट प्रकाशित ठेक्का नं. PHLMC-KOSHI/G/NCB-8 (Fully Automated Coagulation Analyzer)/2082-83 को सूचना अनुसार निर्धारित समय र मितिमा egp मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७(१) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | बोलपत्र ठेक्का नं. (IFB No.) | कामको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल अङ्क (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/G/NCB-8 (Fully Automated Coagulation Analyzer)/2082-83 | Procurement of Fully Automated Coagulation Analyzer. | श्री शिसाज ट्रेडिङ कन्सर्न प्रा.लि., काठमाडौँ | Rs. 14,15,929.20 |

**निर्देशक**

**Madhesh Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, *Birgunj, Parsa***

**Intention for Award of Contract**

***Date of Publication: 7th May 2026***

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify all concerned bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on Sourya National Daily Newspaper on 31st March 2026. Infrastructure Development Office, Parsa intends to award the contracts to the same.

| S. No. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT (NRs.) |
|---|---|---|---|
| 1 | IDO/PARSA/WORKS/NCB/50/2082-083 Construction of Small Building and Compound Wall at the football ground located in Jirabhawani Rural Municipality 2, Sedhwa | Anmol Nirman Sewa, Birgunj-24, Ramgadhwa | 30,11,598.88 |
| 2 | IDO/PARSA/WORKS/NCB/51/2082-083 Upgrading of Road along Chotki Tihuki Chirkut Mahato House to Atmaram Road Tinwati at Chhipharmai-2 | Anmol Nirman Sewa, Birgunj-24, Ramgadhwa | 24,94,490.78 |
| 3 | IDO/PARSA/WORKS/NCB/52/2082-083 Upgradation of Road along Sano Gadyani to Thulo Gadyani at Kalikamai-2 | Imraan Construction, Jeerabhawani-02, Parsa | 23,67,160.34 |
| 4 | IDO/PARSA/WORKS/NCB/53/2082-083 Upgradation of Road along Jhulaniya Bridge to North Road at Kalikaimai-01 | Om Shiv Construction, Birgunj-24, Ramgadhwa | 28,85,048.02 |
| 5 | IDO/PARSA/WORKS/NCB/54/2082-083 Upgradation of Road along Murli Bazar to South Road at Kalikamai-01 | Imraan Construction, Jeerabhawani-02, Parsa | 29,10,467.17 |

**Office Chief**

**Government of Madhesh Province**
Ministry of Physical Infrastructure Development
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Dhanusha**

**Notice for the Letter of Intent**

**Date of Publication: 2083/01/24 (7th May, 2026)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification no. mentioned below that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the Contract.

| Contract ID No. | Name of Work | Lowest Evaluated and Substantially Responsive Bidder | Bid Price Nrs(Including P.S. and VAT) |
|---|---|---|---|
| IDO/DHANUSHA/WORKS/NCB/09-082/083 | Road concreting work along the pulchowk-kapaleshwor road section from the house of Kapildev Yadav to the house of Dipendra Yadav via the house of Asha Devi Dash Janakpurdham,Janakpur-16 | M/S Bhaskar Construction | 2591333.85 |

**Office Chief**

Kathmandu Upatyaka Khanepani Limited
**Waste Water Operation Division**
Lalitpur,Jawalakhel

**Notice of Intent to Award**

**Date of Publication: 2083/01/2 (7th May 2026)**

For the Provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act, 2063, this is notify to all Bidders who submitted their e- bids as per the Notice published on 2082/12/11 in Gorkhapatra National Daily, that the following mentioned Lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| Contract Identification Number/IFB no: | Name of Project | Name of Successful Bidder | Bid Amount (Including VAT and PS) Nrs. |
|---|---|---|---|
| KUKL/WWOD/NCB/WORKS-01/2082/083 | Construction & Improvement of Sewer Line from KamalPokhari, Infront of Jain Mandir to Naksal Bhagawati Mandir Chowk. | PS Nirman & Suppliers, Mahalaxmi Municipality 01, Lalitpur. | 75,73,064.01 |

**Health Office, Arghakhanchi**

**Date of publication: 2083/01/24 (7th May, 2026)**

1. The Health Office, Arghakhanchi invites sealed quotations for

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Bid Purchase Date | Bid submission Date | Bid Open Date |
|---|---|---|---|---|---|---|---|---|
| 01-HO/W01/SQ/2082/083 | Supply and Installation of Hoarding Board of Information about Unhealthy Food and its Effects on Health in Community Schools of Arghakhanchi district Rural/ Municipalities. | 1288350.00 | Rs.1000.00 | 39000.00 | 75 days | 2083/1/30 (2026/05/13) 5:00 PM. | 2083/1/31 (2026/05/14 ) 12:00 Noon. | 2083/1/31 (2026/05/14) 1:00 PM. |

**Information to deposit the cost in the Bank**

**Name of the Bank:** Rastiya Banijya Bank, Sandhikharka, Arghakhanchi
**Name of Office:** Health Office, Arghakhanchi
**Office Code no.: 3700151015**
**Rajaswa (revenue) Shirshak no: 14229**

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Office Chief**

CIVIL AVIATION AUTHORITY OF NEPAL
**TRIBHUVAN INTERNATIONAL AIRPORT CIVIL AVIATION OFFICE**
CIVIL ENGINEERING DIVISION
Date of Publication: 2083/01/24 BS (2026/05/07 AD)

**NOTICE FOR LETTER OF INTENT**

In accordance with Section 27 of the Public Procurement Act, 2063, this is to notify all concerned that the Employer intends to award the contract for the execution of the work mentioned below to the bidder whose bid price, as corrected and modified in accordance with the Instructions to Bidders, has been determined to be the substantially responsive lowest evaluated bid as indicated below:

| S. N. | Name of Contract | Contract Identification No | Name of Bider | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | Various Maintenance works for International and Domestic Terminal Buildings and other Associated Works at TIA | TIACAO/CED/ VariousMaintenance/ 09/082-83 | M/S Jireshwori Builders Pvt. Ltd. (Address: Madhyapur Thimi-03, Gatthaghar, Bhaktapur) | NRs. 23,041,878.40 |

# चिया अनुसन्धान केन्द्र सञ्चालन हुने

**प्रेम अधिकारी**
*पशुपतिनगर (इलाम), वैशाख २३ गते*



*तस्बिर : प्रेम अधिकारी*

**इलामको कन्याममा निर्माण गरिएको चिया परीक्षण तथा अनुसन्धान केन्द्र ।**

इलामको सूर्योदय नगरपालिका–७, कन्याममा निर्माण भएको चिया परीक्षण प्रवर्धन तथा अनुसन्धान केन्द्र सञ्चालन हुने भएको छ । केन्द्र सञ्चालनका लागि कोशी प्रदेश योजना आयोग, उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश र सूर्योदय नगरपालिकाबिच सहमति भएपछि सञ्चालन हुने भएको हो ।

कोशी प्रदेश सरकारको ७५ प्रतिशत र सूर्योदय नगरपालिकाको २५ प्रतिशत गरी १८ करोडभन्दा बढी लागनीमा निर्माण भई प्राविधिक जनशक्ति अभावका कारण सञ्चालनमा आउन नसकेको केन्द्रको सञ्चालनका लागि कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौला, कृषि मन्त्री इस्ताइल मन्सुरसहितको सहभागितामा भएको सहमतिपछि कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक प्राविधिक जनशक्ति र उपकरण उपलब्ध गराउने भए पछि केन्द्र सञ्चालनमा आउने भएको सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विज्ञान कोइरालाले जानकारी दिनुभयो ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारीमन्त्री मन्सुरी, प्रदेश योजना आयोगका उपाध्यक्ष निरौला, प्रदेश सचिव विष्णुप्रसाद कोइराला, लगानी प्राधिकरण कोशीका प्रमुख कार्यकारी अधिकृत सरोज कोइराला, उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र राउत, सूर्योदय नगरपालिकाका कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बराल, प्रमुख प्रशासकीय अधिकृत कोइरालासहितको प्रतिनिधि मण्डलबिच प्रदेश योजना आयोगमा भएको छलफलपछि २०७६ साल फागुन ८ गते प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालय र सूर्योदय नगरपालिकाबिच भएको सम्झौता अनुसार उक्त केन्द्रको स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) र चिया परीक्षण, प्रवर्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० ले तोकेबमोजिम सञ्चालन हुने नगरका कार्यवाहक नगरप्रमुख बरालले जानकारी दिनुभयो । उहाँले उक्त सहमतिपछि मन्त्रालयले प्राविधिक जनशक्ति उपलब्ध भएपछि ल्याबसहितको केन्द्र सञ्चालनमा आउने जानकारी दिनुभयो ।

सूर्योदय नगरपालिका र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट) बिच भएको सम्झौता अनुसार कोशी प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक पर्ने दक्ष जनशक्ति र उपकरण उपलब्ध गराउने भएको छ । केन्द्रको सञ्चालनका लागि अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने सहमति भएको प्रमुख प्रशासकीय अधिकृत कोइरालाले जानकारी दिनुभयो ।

सहमति अनुसार चिया कृषक तथा चिया उत्पादनको सर्वेक्षण गरी हरियो पत्ती, तयारी चिया साथै चियामा हुन सक्ने रोग, विषादीका विषयमा सर्वेक्षण गर्न पहिलो चरणमा कोशी प्रदेश सरकार, सूर्योदय नगरपालिका र कोशी प्रदेश उद्योग वाणिज्य महासङ्घमार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

चिया परीक्षा प्रवर्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० (पहिलो, दोस्रो र तेस्रो संशोधनसहित) राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यताका लागि सरोकारवाला निकायबिच समन्वय गरेर कार्यान्वयनको सहमति भएको छ । प्रदेश योजना आयोगका उपाध्यक्ष निरौलाले योजना आयोग, प्रदेश मन्त्रालय, नगरपालिका र नाष्टबिच भएको सहमति अनुसार केन्द्र सञ्चालनमा आउने जानकारी दिनुभयो ।

निर्माण सम्पन्न भएर पनि उपकरण र प्राविधिक जनशक्तिको अभावमा केन्द्रमा रहेको चिया परीक्षण ल्याब सञ्चालन नहुँदा उपकरण जीर्ण बन्ने र लगानी खेर गएको भन्दै आलोचनासमेत हुँदै आएको थियो । नगरपालिकाले २०८३ वैशाख १४ गते प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयलाई पत्र लेख्दै आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गरी केन्द्र सञ्चालनको पहल गर्न माग गरेको थियो ।

नगरप्रमुख प्रशासकीय अधिकृत कोइरालाले उक्त केन्द्रमा ल्याब सञ्चालनको काम सङ्घीय सरकाले गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नु भयो, “नगरपालिका र प्रदेशको लगानीमा संरचना बनेको छ, अब ल्याबको काम भने अन्तर्राष्ट्रियस्तरमा मान्यता पाउने गरी सङ्घीय सरकारले सञ्चालन गर्नु पर्छ ।”

कार्यवहाक नगरप्रमुख बरालले विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अनुसार संरचना निर्माण भएको र उक्त संरचना अन्तर्गत हाल चिया परीक्षणको कामबाहेक क्याफे, सेमिनार हल, अतिथि गृह, प्रशासनिकलगायतका कक्षको एकमुष्ट सञ्चालनका लागि भाडामा लगाइएको जानकारी दिनुभयो ।

चियाको राजधानी मानिएको सूर्योदयसहित इलाम जिल्ला देशकै सबैभन्दा बढी अर्थोडक्स चिया उत्पादन गर्ने जिल्लामा पर्छ । नेपालको चियाको ८० प्रतिशत हाराहारी बजार भारत भएका कारण चिया निकासी गर्दा परीक्षणका कारण चिया उद्योगी र व्यवसायीले झन्झट बेहोर्दै आउनु परेको छ । चिया भारत निकासी गर्दा परीक्षणमा लामो समय लाग्ने गरेको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार आयोजनाका क्षेत्रीय प्रमुख इन्द्र अधिकारीले नेपालमा वार्षिक ७५ लाख किलोग्राम अर्थोडक्स चिया उत्पादन भई स्वदेश तथा विदेशमा गरी वार्षिक १५ अर्ब रुपियाँभन्दा बढीको आर्थिक कारोबार भइरहेको जानकारी दिनुभयो ।

# जुट मिलका मजदुरद्वारा उद्योग चलाउन आग्रह

**रङ्गेली समाचारदाता**
*विराटनगर, वैशाख २३ गते*

विराटनगर जुट मिल्समा विगतमा मजदुरी गरेका नागरिकले सरकारले उद्योग चलाउने योजना ल्याउनुपर्नेमा बस्ती उठाउने नीति लिएको गुनासो गरेका छन् । महानगरपालिका–१५ हड्तालिहाटस्थित जुट मिल्सको जग्गामा बसोबास गर्दै आएका मजदुर परिवारले “उद्योग चलाउ, बस्ती नहटाउ” भन्दै सरकारसँग गुहार माग्न थालेका हुन् ।

देशको पहिलो उद्योगमा काम गर्ने मजदुरलाई राज्यले आवश्यक परेको बखत बाससमेत दिएर उत्पादकत्व लिएको कुरालाई बुझिदिन मजदुर परिवारको अनुरोध छ । हड्तालिहाटका ज्ञानबहादुर विकले भन्नुभयो, “जरुरी पर्दा राज्यले नै बास दिएर परिश्रम लियो, अब हातखुट्टाले काम गर्न छोडेपछि बास पनि छोड्नुपर्ने दिन आए । सरकारले विगतका अनियमिता खोजोस्, संलग्लाई कारबाही गरोस् तर मजदुर परिवारलाई दुःख नदियोस् ।”

उद्योगमा कार्यरत मजदुरलाई राज्यले ‘गोल्डेन हेन्डसेक’ दिएर बिदा गर्दासमेत तत्कालीन मजदुर परिवारका रन्जित मण्डलका अनुसार २०६३ सालपछि जुट मिल्स सबैभन्दा धेरै दोहोन भएको हो । त्यसपछिको एक दशक मजदुरभन्दा राज्य छलेर उद्योग सिध्याउने हाबी भएका थिए । त्यही बेला मजदुर बिदा गर्न भनेर आएको ५६ करोडमध्ये ४२ करोडको मात्रै हिसाब फर्स्योटयोग्य देखिएकाले बाँकी रकम हिनामिना आशङ्का गरिएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जिल्ला प्रशासन कार्यालय मोरङमार्फत जुट मिल्सको जग्गा भोगचलन गर्दै अनाधिकृत रूपमा बनाइएका संरचनाको लगत सङ्कलन र त्यसपछि हटाउन पत्राचार गरेको छ । त्यसपछि हड्तालिहाट, हरिनगरा भट्टा, दक्षिण गेटमा बसोबास गर्दै आएका मजदुर परिवार भने निराश बन्दै न्याय पाउनुपर्ने माग गर्दै आएका छन् ।


## पालुङटार नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**पालुङटार, गोरखा, गण्डकी प्रदेश, नेपाल**

### सम्पत्ति तथा लिलाम बिक्री बढाबढको सूचना

**सूचना नं. ०३**
**तेस्रो पटक प्रकाशित मिति : २०८३।०१।२४**

यस पालुङटार नगरपालिका कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे–जस्तो अवस्थामा छन् सोही अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीहरूबाट आफ्नो फर्मको नवीकरण भएका प्रमाण पत्र, पान दर्ता तथा आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी सूचना प्रकाशित भएको मितिले ४ दिनभित्र सोझै वार्ताबाट लिलाम बिक्रीका लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशत हुने रकम नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

१. **लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण**

| सि.नं. | सामानको विवरण | परिमाण | कैफियत | सि.नं. | सामानको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भिडियो क्यामेरा | ३ | सि.नं. १ देखि २९ सम्मका सामानहरूको न्यूनतम मूल्य रु. ८,५४,०९०।– (आठ लाख चौवन्न हजार नब्बे मात्र) | १६ | स्ट्यान्ड पङ्खा | २ | सि.नं. १ देखि २९ सम्मका सामानहरूको न्यूनतम मूल्य रु. ८,५४,०९०।– (आठ लाख चौवन्न हजार नब्बे मात्र) |
| २ | डिस होम सेट | ३ | | १७ | मोटर पानी तान्ने मेसिन | ४ | |
| ३ | पानी ट्याङ्की | १ | | १८ | राउटर | २० | |
| ४ | ग्यास चुलो | २ | | १९ | मोबाइल | ७ | |
| ५ | डेस्कटप कम्प्युटर | ३० | | २० | घाँस काट्ने मेसिन | १ | |
| ६ | ल्यापटप | १२ | | २१ | स्टिल दराज | ११ | |
| ७ | प्रिन्टर | ६५ | | २२ | कम्प्युटर टेबल | ३ | |
| ८ | फोटोकपी मेसिन | १० | | २३ | डाइनिङ टेबल | २ | |
| ९ | प्रोजेक्टर | २ | | २४ | मिटिङ टेबल | ३ | |
| १० | फ्याक्स मेसिन | १ | | २५ | वेब क्यामरा | १ | |
| ११ | मोनिटर | ४ | | २६ | कुर्ची | ५८ | |
| १२ | सीपीयू | २ | | २७ | सोफासेट | २ | |
| १३ | हिटर | २ | | २८ | रिभल्बिङ चेयर | २७ | |
| १४ | भ्याकुम क्लिनर | १ | | २९ | सिलिङ फ्यान | २ | |
| १५ | वाल पङ्खा | ३ | | | **जम्मा** | १८५ | |

२. सूचना प्रकाशन भएको मितिले ४औँ दिनसम्म कार्यालय समयभित्र रु. १,०००।– को दस्तुर तिरी यस कार्यालयको राजस्व शाखाबाट फाराम खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको फाराम ४औँ दिनको १२ बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका फारामहरू ४औँ दिनको १ बजे यस कार्यालयमा दाखिला गर्ने व्यक्ति तथा फर्म/कम्पनीको प्रतिनिधिको रोहबरमा खोलिनेछ दाखिला गर्ने व्यक्ति वा प्रतिनिधि उपस्थित नभएमा फाराम खोल्न बाधा पर्नेछैन ।
३. लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि २:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।
४. लिलाम सकार गर्न डाँक बोल्नुअघि नै न्यूनतम मूल्य रु. ८,५४,०९०।– को ५% ले हुने रकम नगद धरौटी राख्नुपर्नेछ । धरौटी रकम नगरपालिकाको धरौटी खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
५. प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानुपर्नेछ ।
६. लिलाम साकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको १५ दिनभित्र उठाई लैजानुपर्दछ ।
७. लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।
८. कुनै पनि शर्त राखी पेश गरेको र रीत नपुगेको फाराम माथि कुनै कारबाही गरिनेछैन ।
९. यस सूचना र फाराममा उल्लेख भए बाहेक अन्य कुराहरू प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
१०. अन्य कुरा कार्यालयको आवश्यकता अनुसार राख्न सकिनेछ ।
११. विस्तृत जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा जानकारी लिन सकिनेछ ।


# बगाएको बेलिब्रिजको काम सुरु

**इलाम समाचारदाता**
*इलाम, वैशाख २३ गते*

गत असोज १८ गते राति वर्षापछि आएको बाढीले बेलिब्रिज बगाएपछि पुनः इलामको पुवाखोला र जोगमाईखोलाको बेलिब्रिजको काम थालिएको छ । मेची राजमार्गको वैकल्पिक मार्गका रूपमा निर्माण भइरहेका केचना कञ्चनजङ्घा सडक अन्तर्गत पर्ने पुवाखोला र मेची राजमार्गको गोदकस्थित सिमल गोलाई–तिल्केनी सडकबिच पर्ने जोगमाईखोलामा पुनः बेलिब्रिजको काम थालिएको हो ।

मेची राजमार्गको माईखोलास्थित राजदुवालीमाथिको सडक पटक पटक पहिरो गएर भरपर्दो नभएपछि वैकल्पिक मार्गमा पर्ने खोलामा पुल निर्माणलाई तीव्रता दिइएको सडक डिभिजन कार्यालय इलामले जनाएको छ ।

केचना कञ्चनजङ्घा सडकबिचमा पर्ने माइखोलाको भासिएको बेलासे पुलमा पनि बेलिब्रिज राख्ने काम सुरु भएको भट्टराईले बताउनुभयो । भट्टराईले भन्नुभयो, “बेलासेका लागि बहुवर्षीय योजनामा २५ करोड रुपियाँ छुट्टिएको छ तर यो वर्ष एक करोड रुपियाँ आयो भने बेलासेमा बेलिब्रिज राखेर यातायात सञ्चालनमा ल्याउन सकिन्छ । पुवाखोलाको बेलिब्रिजका लागि अढाइ करोड र जोगमाईको बेलिब्रिजका लागि तीन करोड २० लाख रुपियाँमा ठेक्काको काम सुरु भएको छ । यी तीन वटै पुल जेठ मसान्तभित्र सक्ने लक्ष्य छ ।” अहिले जोगमाई र पुवा दुवै खोलामा बेलिब्रिजका लागि पिल्लर, जिप, जाली र ड्रिलिङको काम भइरहेको जनाइएको छ ।

भारतीय सरकारको प्राविधिक सहयोगमा निर्माण हुने यी बेलिब्रिज जडान सुरु गर्न भने भारतबाट प्राविधिकको टोली आउने र त्यसका लागि अब खबर गर्ने अवस्थामा रहेको भट्टराईले जानकारी दिनुभयो । भट्टराईले भन्नुभयो, “वर्षाले अवरोध गरेन भने सम्झौता मितिभन्दा अगावै बेलिब्रिज निर्माण गरेर यातायात सञ्चालन गर्ने लक्ष्य छ । यसरी नै वर्षा भइरह्यो भने चाँहि ढिलो हुन सक्छ ।”


## Thaha Municipality

**OFFICE OF MUNICIPAL E ECUTIVE**
**Indrayanichaur, Makawanpur**

### Invitation for E-Bid (Second Notice)

*Date of publication: 07-05-2026 (2083-01-24)*

1. ***haha Munici ality*** invites electronic bids from eligible bidders for the ***belo entione or s*** under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

| Identification No.: | Work Description | Total amount with out VAT | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/Bid Bond Validity Period | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| TMM/NCB/SEQ/ELE-4-2082/083 | **Procurement supply and Delivery of Electrical E uipment.** | **,00,000.00** | **22,500.00** | **1000** | **5 days/75 days from last date of bid submission.** | **1 -05-2026 until 12:00pm** |

3. The employer has right to accept or reject the bid whatsoever. **For other details please visit bolpatra.gov.np/egp**

**Chief Administrative Officer**



## Government Of Madhesh Province
## Minister of Industry, Commerce and Tourism

**Tourism Development Office,** Birgunj, Parsa

### Letter Of Intent

**Date of Publication: 7th May, 2026**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Madhyanha National Daily Newspaper on 2082/12/17. Tourism Development Office, Parsa intends to award the contracts to the same.

| S. N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | TDOP/NCB/W/082/83/01(Construction of a cultural center in ward no.7, Bara Simraungadh Municipality.) | Janaki Construction, simraungadh-7, Bara | 2,444,092.60 |
| 2 | TDOP/NCB/W/082/83/02(Upgradation works of Shree Janaki and Hanuman Temple in ward no.4, Kalaiya sub-metropolitan city, Bara) | Ruhi Nirman Sewa, Kaliya-5, Bara | 3,065,903.89 |
| 3 | TDOP/NCB/W/082/83/03(Construction and beautification of the incomplete Kalwar Dharamshala of Ganj Bhawanipur, Mahagadhimai Municipality ward no.3, Bara) | Sahani Construction, Mahagadhimai-07, Bara | 2,318,016.36 |
| 4 | TDOP/NCB/W/082/83/04(Upgrading works of the incomplete Beriya Ghat Picnic Park in Kolhari-6, Bara) | Hjari nirman sewa, kaliaya SMPC-4, Bara | 2,448,045.20 |
| 5 | TDOP/NCB/W/082/83/05(Construction works of Hanuman Temple in Khajuria, ward no-2, Adarsh Kotwal Rural Municipality, Bara district) | Sahani Construction, Mahagadhimai-07, Bara | 2,202,176.59 |
| 6 | TDOP/NCB/W/082/83/06(Construction works of Brahmamai Temple at Tedha Katti, ward no.5, Adarsha Kotwal Rural Municipality, Bara district.) | Sahani Construction, Mahagadhimai-07, Bara | 2,138,897.05 |
| 7 | TDOP/NCB/W/082/83/07(Upgrading of Radhakrishna Temple in Nijgadh Municipality ward no.10, Bara District) | Siddhartha Nirman Sewa, Kohalbi-2, Bara | 1,928,688.14 |
| 8 | TDOP/NCB/W/082/83/08(Palgyun Sampling and Gumba upgrading works in Nijgadh Municipality ward no.10, Bara.) | Janak Construction, Kalaiya-04 | 2,938,298.03 |
| 9 | TDOP/NCB/W/082/83/09(Construction and Upgrading works of Janmabhumi Park in Nijgadh Municipality ward no.5, Bara.) | Prasiddha construction and suppliers, Bhimeswor-6,Charikot | 2,290,749.10 |
| 10 | TDOP/NCB/W/082/83/10(Construction and Upgrading works of Chhath Ghat in prasauni Rural Municipality ward no.5, Bara.) | Royal Construction, Bahudarmai-7, Parsa | 2,026,053.75 |
| 11 | TDOP/NCB/W/082/83/11(Construction of a boundary wall for the Cremation ground in prasauni Rural Municipality ward no.5, Bara) | Kiran Construction, Jagarnathpur-5, Parsa | 2,371,740.86 |
| 12 | TDOP/NCB/W/082/83/12(Upgrading of the Madarsa located in Belwa, ward no.31 of Birgunj Metropolitan City.) | Priya and Brothers construction, Feta-3, Bara | 2,620,746.05 |
| 13 | TDOP/NCB/W/082/83/13(Construction of a Community Building in Auraha, ward no.6 of Jagarnathpur Rural Municipality, Parsa district.) | G.N Construction, Pokhariya-01, Parsa | 2,137,735.76 |
| 14 | TDOP/NCB/W/082/83/14(Construction of Adhuro Chhath ghat in pokhariya Municipality ward no.10, Parsa district) | Arjun nirman sewa, auraha-7, parsa | 1,970,396.05 |



## Nepal Electricity Authority

### Invitation for Electronic Bids

*(Date of publication 7th May, 2026 (24/01/2083)*

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/ obs |
|---|---|---|
| Trishuli Hydropower Station. (Tel No. 010-560423) | NEA-THPS-2082/083-MST-07 | Supply and Delivery of Consumables and General items for Trishuli Hydropower Station |
| Sundarijal Hydropower Station (Tel No : 01-4153172) | NEA-SJHPS-2082/83-MSQ-05 | Supply & delivery of pelton turbine bearing at SJHPS |
| Kulekhani IIIrd Hydropower Station, Sanutar, Bhimphedihi. (Tel No : 057-591051) | NEA-KL3-2082/083-CSQ-01 | Civil Maintenance Works of office, Guest house and Power House at Kulekhani Third Hydropower Station |
| Bharatpur Distribution Centre (Tel No. : 056-594080) | NEA/BDC-2082/083-SQ04 | Construction of MS Truss & CGI Roofing (Staff Quarter) and Flooring works by interlink concrete block at Bharatpur Distribution Centre. |
| Bardaghat Distribution Centre (Tel No: 078-580204) | NEA-BRDC-2082/083-SQ 05 Re | Civil Works in Bardaghat Distribution Centre. |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details



## Nepal Electricity Authority

### Notice Regarding Intent to Award the Contract

*Notice Publication Date : 2083/01/24*

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Madhesh Provincial Office, Mujeliya, Janakpur (Tel No : 041-424268) | NEA-MPOJ/NCB/Vehicle/ 2082/083-01 | M/s Megatech Group Pvt.Ltd., Lalitpur. | NRs. 31,84,000.00 |
| | NEA/MPOJ/2082/083-PSC-L01 | M/s Renu Construction Company Pvt.Ltd., Lalitpur. | NRs. 16,28,24,780.38 |
| Central Workshop Hetauda (Tel. No. 057-520930) | CW-ST-2082/83- 30 | M/s Electric Power Protection. Aapasi tole,Hetauda-10. | NRs.48,39,451.00 |
| Anarmani Distribution Centre (Tel No. 023-531594) | NEA-ANM-2082/083-08(SQ | M/s Desentar Nirman Sewa Biratnagar 16 Morang | NRs. 7,88,514.00 |
| | NEA-ANM-2082/083-09(SQ) | M/s Desentar Nirman Sewa Biratnagar 16 Morang | NRs. 7,88,175.00 |
| Okhaldhunga Distribution Centre (Tel No: 037-520268) | NEA/Okh/2082/083/-02SQ | M/s S.M. Construction & Multi Suppliers Pvt.Ltd, Barnalu-5, Deurali, Okhaldhunga | NRs. 4,92,115.00 |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९६,८०० ▼ |
| चाँदी | : | ५०५५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७११.२२ (-१.६४) ▼ |
| कारोबार रकम | : | ३,११७,७६६,७७९ ▼ |
| कारोबार भएका सेयर | : | ७,१३१,५५७ |
| कारोबार सङ्ख्या | : | ४७,८४१ |
| कारोबार भएका कम्पनी | : | ३३६ |

### नेपाल उद्योग वाणिज्य महासङ्घको निर्वाचन

## अन्जन श्रेष्ठको अध्यक्षतामा कार्यसमिति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घमा निवर्तमान कार्यसमितिका वरिष्ठ उपाध्यक्ष रहेका अन्जनकुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ। महासङ्घको ६० औँ वार्षिक साधारण सभा तथा निर्वाचनले नयाँ कार्यसमिति चयन गरेको हो।

महासङ्घको विधान अनुसार वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्ने प्रावधान अनुसार श्रेष्ठ अध्यक्ष बन्नुभएको हो। स्वतः अध्यक्ष हुने प्रावधान यसपछिका लागि भने विधानबाटै हटाइसकिएको छ। श्रेष्ठको कार्यकाल तीन वर्षको हुने छ। महासङ्घको एक वरिष्ठ उपाध्यक्षका लागि अहिले निर्वाचित सदस्यले पूर्वपदाधिकारी प्रतिस्पर्धीबाट चयन गर्न बाँकी छ।

उपाध्यक्षतर्फ तीन उपाध्यक्ष २२ गते सम्पन्न निर्वाचनले चयन गरिसकेको छ। निर्वाचित उपाध्यक्षमा एसोसिएटतर्फबाट प्रबलजङ्ग पाण्डे विजयी हुनुभएको छ। प्रतिस्पर्धी ज्यत्सोना श्रेष्ठ सुब्बालाई पराजित गर्दै पाण्डे उपाध्यक्ष बन्नुभएको हो। त्यस्तै जिल्ला नगर उद्योग वाणिज्य सङ्घबाट कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ विजयी हुनुभएको छ। सो समूहबाट व्यवसायी उमेश डालमिया र कल्पना गैरे पनि प्रतिस्पर्धामा हुनुहुन्थ्यो। वस्तुगत समूहतर्फबाट उपाध्यक्षमा नरेशलाल श्रेष्ठ विजयी हुनुभएको छ। प्रतिस्पर्धी शिवप्रसाद घिमिरेलाई पराजित गर्दै श्रेष्ठ विजयी हुनुभएको हो। विधान अनुसार महिलातर्फ र दुई राष्ट्रियतर्फका उपाध्यक्षका लागि भने वर्तमान निर्वाचित अवस्थाले मापदण्ड पूरा नभएको देखिएको छ। महिला उपाध्यक्ष चयन गर्न १२ जना सदस्य चयन भएको हुनुपर्ने विधानमा उल्लेख छ।

नवनिर्वाचित सदस्यमध्येबाटै एक जना कोषाध्यक्ष बन्नुहुने छ। नवनिर्वाचित अध्यक्षले सात जना केन्द्रीय सदस्य मनोनयन गर्न बाँकी नै छ। मङ्गलबार सम्पन्न निर्वाचनबाट सदस्यतर्फ वस्तुगत सङ्घ समूहबाट कार्यसमिति सदस्यमा १३ जना निर्वाचित हुनुभएको छ। जस अनुसार सागर ढकाल, पशुपतिदेव पाण्डे, अरनिको राजभण्डारी, नानिराज घिमिरे, विदुर धमला, भक्तबहादुर हमाल, रविन पुरी, राजकुमार कार्की, लिलेन्द्रप्रसाद प्रधान, होमप्रसाद घिमिरे र सङ्घर्ष विष्ट विजयी हुनुभएको छ। वस्तुगततर्फ चार जनाले भने समान ५०/५० मत पाएर बराबर भएका छन्। यीमध्ये दुई जना नीराजन चलाउने र विप्लव अधिकारीले पहिलो आधा कार्यकाल (एक वर्ष छ महिना) तथा रघुनन्दन मारु र सुरज बन्जाडेले दोस्रो आधा कार्यकाल सदस्य बन्नुहुने भएको छ। वस्तुगतमा एक महिला सदस्यमा सुनिता न्हेम्हाफुकी विजयी हुनुभयो। वस्तुगत महासङ्घबाट कार्यसमिति सदस्य विश्वनाथ खनाल र सुनैना घिमिरे विजयी हुनुभएको छ।



*तस्बिर : सुजन गुरुङ*

**नवनिर्वाचित अध्यक्ष अन्जनकुमार श्रेष्ठलाई नेपाल उद्योग वाणिज्य महासङ्घको लोगो लगाइदिनुहुँदै निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकाल।**

जिल्ला नगर उद्योग वाणिज्य सङ्घबाट १५ जना कार्यसमिति सदस्य (खुला) निर्वाचित हुनुभएको छ। सो समूहबाट अर्जुनकुमार श्रेष्ठ, उज्ज्वलप्रसाद कसजु, केशवप्रसाद भण्डारी, कृष्ण कटुवाल, गोकुल श्रेष्ठ, छत्रधर आत्रेय, ताराबहादुर कार्की निर्वाचित हुनुभएको छ। त्यस्तै प्रयास कार्की, मोहनप्रसाद श्रेष्ठ, लक्ष्मणराज पौडेल, शङ्कर गिरी, सन्तोष खड्का, सुदर्शन कार्की र हरिप्रसाद अर्याल पनि सदस्य निर्वाचित हुनुभएको छ। सोही समूहको दुई महिला सदस्यमा गीता अमात्य र हिरा भट्टराई निर्वाचित हुनुभयो।

प्रदेशतर्फ जिल्ला र नगर उद्योग वाणिज्य समूहबाट कार्यसमिति सदस्यमा १४ जना निर्वाचित हुनुभएको छ। जस अनुसार कोशीबाट जीवन पराजुली र रमेश विश्वकर्मा, मधेशबाट अमरनाथ साह र विकासकुमार सारडा, बागमतीबाट प्रकाश मानन्धर र सविन श्रेष्ठ विजयी हुनुभएको छ।

गण्डकी प्रदेशबाट पवीन्द्रकुमार श्रेष्ठ र सुविन श्रेष्ठ, लुम्बिनी प्रदेशबाट यज्ञप्रसाद भट्टराई र बालकृष्ण सुवेदी, कर्णालीबाट पदमबहादुर शाही र पुरीचन्द्र देवकोटा निर्विरोध निर्वाचित हुनुभयो। सुदूरपश्चिमबाट पीताम्बर जोशी मात्र विजयी हुनुभएको छ।

एसोसिएटतर्फ कार्यसमिति सदस्य १७ जना निर्वाचित हुनुभएको छ। जसमा अम्बिकाप्रसाद पौडेल, ईश्वरबहादुर जिसी, उज्ज्वलकुमार श्रेष्ठ, ऋषि अग्रवाल, कृष्णलाल महर्जन, दिवश न्यौपाने, प्रियराज रेग्मी र बटु लामिछाने विजयी हुनुभएको छ। यसै गरी बाबुकाजी कार्की, राजेशकुमार अग्रवाल, रामशरण भण्डारी, शक्तिकुमार बेगानी, सचिन ढकाल, सुयस प्याकुरेल, सुरज उप्रेती, सुशील थापा र हेमन्त गोल्छा पनि विजयी हुनुभएको छ।

एसोसिएट महिलामा अभिज्ञा मल्ल र जुना माथेमा विजयी हुनुभयो। द्विराष्ट्रिय उद्योग वाणिज्य सङ्घबाट एक कार्यसमिति सदस्य निर्वाचित हुने प्रावधान अनुसार मनोज पौडेल विजयी हुनुभएको छ। संस्थापक सदस्य समूहबाट गोपाल श्रेष्ठ र सुमनकुमार श्रेष्ठ विजयी हुनुभएको छ।

## जनकपुरधाममा पाँचतारे होटेल बन्ने

**ढल्केबर समाचारदाता**
*ढल्केबर, वैशाख २३ गते*

मधेश प्रदेशको राजधानी जनकपुरधाममा पाँचतारे स्तरको पहिलो होटेल निर्माण सुरु भएको छ। मिथिला हस्पिटालिटीले जनकपुरधाम उपमहानगरपालिका–१४, मुजेलियामा करिब दुई अर्ब रुपियाँको लगानीमा सुविधा सम्पन्न होटेल निर्माणका लागि भूमि पूजन गरेको हो। मधेश प्रदेशमै पहिलो पटक यति ठुलो लगानीमा होटेल परियोजना अघि बढाइएकाले यसले स्थानीय पर्यटन तथा आर्थिक गतिविधिमा नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ। होटेलमा अन्तर्राष्ट्रियस्तरका आधुनिक पूर्वाधारसहित १२४ वटा सुविधायुक्त कोठा रहने बताइएको छ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**फोन ५७२१२२०, एक्सटेन्सन नं. २४११, १३१७**

**आन्तरिक लेखा परीक्षण परामर्श सेवाको प्रस्ताव स्वीकृति गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८३।०१।२४ गते)

यस बैंकको १३३ वटा एकाइहरूको आन्तरिक लेखा परीक्षण कार्यको परामर्श सेवाको लागि सूचीकृत फर्महरूबाट प्रस्ताव माग गरिएअनुरूप अन्तिम समयावधिसम्ममा प्राप्त प्रस्तावहरूको मूल्याङ्कनपश्चात् गुणस्तर तथा लागत (७०% तथा ३०%) विधिबाट सबैभन्दा उच्चतम अंक हासिल गरी सारभूत रूपमा प्रभावग्राही तपसिलको प्रस्तावदाताको प्रस्ताव स्वीकृतिको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित) को दफा ३८(२) बमोजिम प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै प्रस्तावदाताहरूलाई जानकारी गराउने प्रयोजनार्थ सात (७) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | परामर्श सेवाको विवरण | गुणस्तर तथा लागत विधिबाट उच्चतम अंक हासिल गरी सारभूत रूपमा प्रभावग्राही एवम् स्वीकृतीको लागि छनोट भएको प्रस्तावदाता | गुणस्तर तथा लागत विधिबाट हासिल गरेको कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक लेखा परीक्षण, परामर्श सेवा **(EOI No. : RBBL/GSD/EOI/IA/02/082/83) (RFP No.: RBBL/GSD/CS/INTERNAL AUDIT-133 UNITS/RFP/082/83)** | PYC & Associates Putalisadak, Kathmandu | 89.89 |

**स्थानीय सरकार**
**कैलाश गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

मितिः २०८३/०१/२४ गते

यस कार्यालयका सडक निर्माणसम्बन्धी योजनाहरूको मिति २०८२/०८/०७ गते सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार रीतपूर्वक पेस हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरूको नियमानुसार अध्ययन, जाँच परीक्षण तथा मूल्याङ्कन गर्दा तपसिल बमोजिमका निर्माण कम्पनीहरूले पेस गरेका प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो निर्माण कम्पनीहरूले पेस गरेको आर्थिक प्रस्ताव निम्न बमोजिमको मिति, समय र स्थानमा खोलिने व्यहोरा सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१ ज (५) अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिलः**

| S.N. | Name of the Project | Name of The Successful Bidders in Technical Evaluation | Date , Time And Place for Opening Financial Proposal |
|---|---|---|---|
| 1. | Upgrading of Fastar-Sukubhanjhang Motorbato Kailash-7,8 (Contract No. KRM/UFSM/NCB-\13/2082/83) | M/S Aayushree Builders and Suppeliers Pvt.Ltd, Indrasarobar RMC-2, Makawanpur | 14th May,2026 12:00 noon At Kailash RM office, Kalikatar (मिति २०८३/०१/३१ गते दिउँसो १२ बजे कैलाश गाउँपालिकाको कार्यालय, मकवानपुर) |
| | | M/S Gole-Susan J.V., Hetauda, Nepal | |
| | | M/S Hamal/Historical/Three J.V, Lalitpur-13, Kusunti | |
| | | M/S Amrita construction Bagmati -05, Makawnpur | |
| | | M/S Timely Construction Pvt.Ltd. Hetauda-04, Makawanpur | |
| | | M/S SRB Builders Pvt. Ltd. Chautara, Sindhupalchowk | |

## अवैध सामान बरामद



**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, वैशाख २३ गते*

भारतबाट सय रुपियाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने नियमलाई कडाइका साथ लागु गर्नुका साथै यहाँस्थित नेपाल–भारत नाकामा अवैध आयात निर्यात नियन्त्रण अभियान पनि तीव्र पारिएको छ।

अवैध आयातनिर्यात नियन्त्रण अभियानमा सक्रिय प्रहरीले भारतबाट भन्सार छली गरी ल्याइएका आठ लाख रुपियाँभन्दा बढीका विभिन्न सामानलाई नियन्त्रणमा लिएको छ। भन्सार राजस्व छलेर भित्र्याइएको आठ लाख ४५ हजार ६६० रुपियाँ बराबरको फलफूल, लत्ताकपडा, खाद्यान्न, कस्मेटिक तथा हार्डवेयरका सामान प्रहरीले नेपालगन्ज उपमहानगरपालिका–१० क्षेत्रबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

## नवौँ दिनमा भयो भन्सार जाँचपास

### व्यवसायीलाई एक पटक एमआरपी स्वघोषणाको अवसर

**नवराज कट्टेल**
*विराटनगर, वैशाख २३ गते*

विराटनगर भन्सार कार्यालयमा रोकिएका मालवाहक सवारीका मालवस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) व्यवसायीलाई स्वघोषणा गराएर नौ दिनपछि जाँचपास गरिएको छ। भन्सार विभागकै निर्देशनबमोजिम एक पटकलाई व्यवसायीले यो सुविधा पाउने भएका हुन्।

विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठका अनुसार भन्सारविन्दुमा प्रवेश भएका मालवस्तुको हकमा अब व्यवसायीले मूल्य स्वघोषणा गर्न पाउने छन्। त्यसका आधारमा भन्सारको प्रणालीमा तथ्याङ्क प्रविष्ट हुने छ। त्यसपछि सामान छुट्ने छ।

सरकारले एमआरपी घोषणाका लागि पहिले दिएको १५ दिनभित्र यसको व्यवस्थापन गर्न नसक्नेका लागि यो बाटो खुलाइएको भन्सार प्रमुख श्रेष्ठको भनाइ छ। त्यसपछि अर्डर भएर आयात हुने मालवस्तुका हकमा भने उत्पादन स्थलमै एमआरपी उल्लेख भएको हुनुपर्ने नियम यथावत् रहेको श्रेष्ठ बताउनुहुन्छ। "हाम्रो उद्देश्य भनेको एमआरपीबिनाको मालवस्तु भन्सारविन्दुबाट जाँचपास नगर्ने हो, त्यही उद्देश्यबमोजिमको निर्देशनलाई कार्यान्वयनमा ल्याउन कडाइ गरिने छ," प्रमुख भन्सार अधिकृत श्रेष्ठले भन्नुभयो, "सबैलाई त्यही अनुसार मात्रै हुन्छ भनेर हामीले भनिदिएका छौँ।"

विराटनगर भन्सार एजेन्ट सङ्घका अध्यक्ष देवकी शर्माले भन्सारले तत्काल मालवस्तु जाँचपास सहजीकरण गर्ने निर्णय गरेपछि व्यवसायीले वस्तुको मूल्य घोषणा गरेका छन्। त्यसका लागि व्यवसायीले आफ्नो फर्मको नाममा लिखित दिनुपर्ने हुन्छ। बजारमा पुगेका ती वस्तु बिक्री गर्दाका बखत भन्सारमा घोषणा भएको मूल्यसँग मेल खाए कि खाएनन् भन्ने कुराको नियमनसमेत हुने छ। अध्यक्ष शर्मालि एक पटकलाई मात्रै यो सहजीकरण भएको भन्ने कुरा प्रशासनले जानकारी गराएको हो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले भन्सार जाँचपास सहजीकरणका लागि एक पटकलाई व्यवसायीले अनुरोध गरेबमोजिम भएको बताउनुभयो। उहाँले व्यवसायीले अर्को पटक यही सुविधा नपाउनेमा ढुक्क हुनुपर्नेमा जोड दिनुभयो। प्रमुख जिल्ला अधिकारी कट्टेलले मूल्य स्वघोषणा गरेर बजारमा आएका वस्तु बिक्री हुँदा घोषणा गरेको मूल्य कायम छ कि छैन भनेर हेर्नकै लागि लिखित कागजात माग गरिएको बताउनुभयो। भन्सारविन्दुमा झन्डै दुई सय मालवाहक सवारी रहेका थिए।

## मोतीपुर औद्योगिक क्षेत्र निर्माण अन्योलमा

**बुटवल समाचारदाता**
*बुटवल, वैशाख २३ गते*

बुटवलको मोतीपुरमा औद्योगिक क्षेत्र बनाउने विषय जग्गा विवादका कारण अघि बढ्न सकेको छैन।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले मोतीपुर औद्योगिक क्षेत्र परियोजना कार्यालयलाई पत्र पठाउँदै मोतीपुर औद्योगिक क्षेत्रको स्वामित्वमा रहेको जग्गा खाली गराउने प्रक्रिया अघि बढाउन निर्देशन दिएपछि स्थानीय मोतीपुरका बासिन्दा आन्दोलित छन्। जसका कारण औद्योगिक क्षेत्र बनाउने विषय तत्कालका लागि अघि बढाउन समस्या भएको छ।

सरकारले २०७२ चैत १ देखि सातै प्रदेशमा औद्योगिक क्षेत्र बनाउने घोषणा गर्दै लुम्बिनी प्रदेशको बुटवलमा पनि मोतीपुर औद्योगिक क्षेत्र बनाउने निर्णय गरेको थियो। जग्गा व्यवस्थापन गर्न नसक्दा सरकारकै घोषणा लामो समयसम्म अलपत्र परेको हो।

विसं २०७७ वैशाख २१ गते तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले मोतीपुरमै औद्योगिक क्षेत्रको शिलान्यास गर्नुभएको थियो तर स्थानीयले अवरोध गरेपछि त्यसयता काम अघि बढ्न सकेको छैन।




बुटवल उपमहानगरपालिका–१७ र १८ को तिनाउ नदीको उकास मोतीपुर क्षेत्रमा २०५७ सालदेखि बसोबास गर्दै आएका स्थानीय मोतीपुरवासी र मोतीपुर औद्योगिक क्षेत्रबिच जग्गालाई लिएर किचलो हुँदै आएको छ।

बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका प्रमुख दीपक आचार्यले मोतीपुरमा औद्योगिक क्षेत्र बनाउने विषयमा जग्गा विवादका कारण समस्या देखिएको बताउँदै सङ्घीय सरकारको निर्देशन अनुसार आफूहरूले काम गर्ने जानकारी दिनुभयो।

उहाँले मोतीपुर औद्योगिक क्षेत्रको नाममा ८१३ बिघा जग्गाको पुर्जा रहेको तर त्यही जग्गामा मोतीपुर र रानीगन्ज क्षेत्रका बासिन्दाको बसोबास रहेकाले कसरी व्यवस्थापन गर्ने भन्ने विषय अझै अन्योलमा रहेको बताउनुभयो।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जग्गा अतिक्रमण हटाउन भन्दै पठाएको पत्रमा आवश्यक कारबाहीका लागि आफूहरूले जिल्ला प्रशासन कार्यालय रुपन्देही र बुटवल उपमहानगरपालिकासँग समन्वय गरिरहेको उहाँले बताउनुभयो।

यसअघि स्थानीय मोतीपुरका बासिन्दाले बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै मोतीपुर औद्योगिक क्षेत्र पनि बन्ने र बस्ती पनि हटाउन नपर्ने गरी बिचको माध्यम प्रयोग गरी औद्योगिक क्षेत्र बनाउन सुझाएका थिए।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले पनि मोतीपुर औद्योगिक क्षेत्र पनि बन्ने र स्थानीय बासिन्दालाई पनि हट्नु नपर्ने गरी खाली जग्गामा औद्योगिक क्षेत्र बनाउन सकिने बताउनुभएको छ।

यसअघि धेरै पटक सङ्घीय सरकार, जिल्ला समन्वय समिति र बुटवल उपमहानगरपालिकाले औद्योगिक क्षेत्र बनाउने गरी बिचको बाटो अपनाउने भन्दै मोतीपुर क्षेत्रको जग्गाको नापजाँच गरेका थिए।

सरकारले तिनाउ नदी उकास क्षेत्र बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारी गाउँपालिकासम्मको तिनाउ नदीको पश्चिमतर्फको ८१३ बिघा क्षेत्रफलको जग्गालाई २०७३ वैशाख २९ र असार १४ मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका नाममा ल्याउने निर्णय गरेको थियो।

नदी उकास क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयले औद्योगिक क्षेत्रको नाममा सरकारले बनाएको ८१३ बिघा क्षेत्रफलको लालपुर्जा जग्गामध्ये झन्डै २५० बिघा क्षेत्रफलमा आफूहरूको बस्ती, स्थानीय विद्यालय र मठमन्दिर भएको दाबी गर्दै स्थानीयले उक्त जग्गा आफूहरूको हुनुपर्ने माग गर्दै आएका छन्।

**राष्ट्रिय आवास कम्पनी लिमिटेड**
**(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)**
**केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर – हालः बुद्धनगर, काठमाडौँ**

**घडेरी बिक्रीको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८३/०१/२४

यस कम्पनीबाट सञ्चालित श्रीखण्डपुर आवास तथा बजार क्षेत्र धुलिखेल न.पा. वडा नं.५ काभ्रेपलान्चोकमा बिक्री हुन बाँकी रहेका २ (दुई) वटा घडेरीहरू सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिक एवं संघ संस्थाहरूले आफूले खरिद गर्न चाहेको घडेरीको मूल्य अंक र अक्षरमा प्रष्ट उल्लेख गरी नागरिकताको फोटोकपी एवं संघ संस्था भए नवीकरण गरिएको फर्मको दर्ता प्रमाणपत्रको फोटोकपीसहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनसम्म कार्यालय समयभित्र आई देहाय बमोजिम सर्त र बन्देजमा रही सिलबन्दी बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएकों छ।

१. घडेरी खरिद गर्न बोलपत्र फारम दस्तुर रु.३०००/– (पछि फिर्ता नहुने)।
२. प्रत्येक घडेरीको लागि बेग्ला बेग्लै बोलपत्र पेस गर्नु पर्नेछ। बोलपत्रदाताले घडेरीको स्थलगत अवलोकन गरी घडेरीको भौगोलिक अवस्थिति हेरेर बोलपत्र पेस गर्नुपर्ने छ र बोलपत्र स्वीकृत भएमा घडेरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ।
३. खरिद गर्न चाहेको घडेरीको १०% ले हुने रकम नेपाल बैंक लिमिटेड कुपनडोलस्थित यस कम्पनीको खाता चल्ती हिसाब नं. १३५००१००१५७००७००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेस गर्नु पर्ने छ। बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम, थर, ठेगाना, मोबाइल नं र आफूले खरिद गर्न चाहेको घडेरीको कि.नं. र क्षेत्रफल उल्लेख गर्नु पर्नेछ।
४. बोलपत्र यस कम्पनीको केन्द्रीय कार्यालयबाट खरिद गर्न सकिने छ।
५. बोलपत्र २१ (एक्काइस) औं दिनभित्र कार्यालय समयमा केन्द्रीय कार्यालय बुद्धनगर काठमाडौँमा पेस गरी सक्नुपर्ने छ।
६. बोलपत्र २२ औं दिन दिनको २ बजेपछि केन्द्रीय कार्यालयमा खोलिने छ।
७. बोलपत्र साथ टिकट दस्तुर बापत रु.१० नगद नत्थी गर्नु पर्ने छ।
८. बोलपत्र खरिद गर्ने, बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन सो बोलपत्र खोलिनेछ।
९. घडेरी खरिदको लागि निर्णय भएका बोलपत्रदाताले बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना दिएको मितिले २१ दिनभित्र सि.नं.३ मा उल्लेखित खातामा जम्मा गर्नु पर्नेछ। तोकिएको समय र मितिभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम जफत हुने छ र प्लटको दाबी गर्न पाउने छैन।
१०. माथि उल्लेख नभएका विषयहरूको हकमा कम्पनीको ऐन, नियम र प्रचलित कानुन अनुसार हुनेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कम्पनीमा रहनेछ।
१२. विस्तृत जानकारीको लागि के.का. को फोन नं. ०१–४७९०५२१ मा सम्पर्क गर्न सकिने छ।

**बिक्री गरिने घडेरीको विवरण**
**श्रीखण्डपुर आवास तथा बजार क्षेत्र धुलिखेल न.पा. वडा नं.५– काभ्रेपलान्चोक**

| सि. नं. | श्रेणी | प्लट नं | कित्ता नं | क्षेत्रफल व.मि | न्यूनतम मूल्य प्रति व.मि | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|
| १. | उच्च (क) | ७१ | १५३२ | ३७०.३७ | ४५,५८२।०० | १,६८,८२,२०५।३४ |
| २. | उच्च (क) | ७२ | १५३२ | ३०६.५७ | ४५,५८२।०० | १,३९,७४,०७३।७४ |

# पदयात्रा अनुमति अनलाइनबाटै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

अध्यागमन विभागले पदयात्रा (ट्रेकिङ) गर्न चाहने विदेशी नागरिकका लागि अनलाइन प्रणालीमार्फत अनुमति लिन अनिवार्य व्यवस्था लागु गरेको छ।

विभागका प्रवक्ता टीकाराम ढकालका अनुसार पदयात्रा अनुमति प्रक्रिया थप व्यवस्थित, छिटो, पारदर्शी तथा प्रविधिमैत्री बनाउन यस्तो व्यवस्था गरिएको हो। यसअघि कागजी प्रक्रियामार्फत अनुमति लिनुपर्ने झन्झट हटाउँदै सबै प्रक्रिया डिजिटल माध्यमबाट सम्पन्न हुने गरी व्यवस्था मिलाइएको हो। आवश्यक मापदण्ड पूरा गरेमा एकल पदयात्रीलाई समेत अनुमति प्रदान गरिने स्पष्ट पारिएको छ।

यसका लागि अब हिमाली क्षेत्रलगायतका संवेदनशील तथा निषेधित क्षेत्रमा भ्रमण गर्न चाहने विदेशी पर्यटकले स्वीकृत भिसा नम्बर प्रयोग गरी अनलाइन प्रणालीमार्फत पदयात्रा अनुमति आवेदन दिनुपर्ने छ। सेवाग्राहीलाई कार्यालयमै उपस्थित हुन पर्दैन।

विभागले सार्वजनिक बिदाका दिन बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पदयात्रा अनुमतिसम्बन्धी सेवा उपलब्ध गराउने जनाएको छ। आवश्यक कागजात, प्रक्रिया वा प्राविधिक समस्यासम्बन्धी सहजीकरणका लागि विभागले सम्पर्क नम्बर उपलब्ध गराएको छ।

यसैबिच केही ट्रेकिङ एजेन्सीले अनुमति नलिई विदेशी पर्यटकलाई निषेधित क्षेत्रमा लैजाने, स्थानीय प्रशासनको स्वीकृति नलिई गतिविधि सञ्चालन गर्ने जस्ता कार्य गरेको पाइएको भन्दै विभागले गम्भीर ध्यानाकर्षण गराएको छ।

# घट्यो पर्यटक आगमन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

पदयात्रा र हिमाल आरोहणको प्रमुख सिजनमै नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या घटेको छ। नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२६ को अप्रिलमा नेपालमा एक लाख सात हजार ९३४ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। यो सङ्ख्या अघिल्लो महिनाको तुलनामा करिब १३ हजारले कम हो। यसअघि मार्च महिनामा एक लाख २० हजार ५१६ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। अप्रिलमा दक्षिण एसियाली (सार्क) मुलुकबाट ३३ हजार ४३२ पर्यटक नेपाल आएका छन्। जुन कुल आगमनको करिब ३१ प्रतिशत हो। त्यस्तै दक्षिण एसियाली मुलुकबाट २६ हजार ७२६, युरोपबाट २१ हजार ९८८, ओसिनिया राष्ट्रबाट पाँच हजार ८९८, अमेरिकाबाट दुई हजार ५१८, पश्चिम एसियाली मुलुकबाट एक हजार ६९७, अफ्रिकी मुलुकबाट ३१५ र अन्य मुलुकबाट १५ हजार ३६० पर्यटक भित्रिएका छन्।

तथ्याङ्क अनुसार अप्रिलमा सैबभन्दा बढी भारतबाट २५ हजार १९६ र चीनबाट ११ हजार ७२२, अमेरिकाबाट आठ हजार ७२४, अस्ट्रेलियाबाट पाँच हजार ३२७, बङ्गलादेशबाट पाँच हजार २३१ पर्यटक भित्रिएका छन्। पश्चिम एसियामा जारी तनावका कारण हवाई पहुँचमा अवरोध सिर्जना हुँदा र अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाल प्रवर्धनलगायतका कार्यक्रम प्रभावित हुँदा पर्यटक आवागमन घटेको बोर्डले जनाएको छ।

**Alternative Energy Promotion Centre (AEPC)**
**Renewable Energy for Rural Livelihood (RERL)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: **+977-1-5253775, 5253785**, Email: **rerl@aepc.gov.np**
Website: **www.aepc.gov.np, https://rerl.aepc.gov.np/**

**Request for Expression of Interest (REoI)**

**for Individual Consultant (Environment and Social Safeguard Expert)**

Date of Notice Publication: **7 May 2026**

Alternative Energy Promotion Centre (AEPC) is the national focal agency promoting renewable energy technologies in Nepal. UNDP and AEPC agreed in March 2020 for provision of Technical Assistance (TA) to implement South Asia Sub regional Economic Cooperation Power System Expansion Project (SASEC) Off-Grid Component mainly installation of mini hydro subprojects and grid based solar or solar/wind hybrid systems, institution establishment and strengthening for smooth operation of RE systems, utilization of electricity for economic activities and capacity development of key stakeholders including AEPC considering GESI mainstreaming throughout the project cycle. AEPC/RERL now invites qualified and experienced individual consultants to express their interest in the position of **Environment and Social Safeguard Expert (ESSE)** to ensure the implementation of environment and social safeguard related activities.

- The details of the Terms of Reference (ToR) can be obtained from the website mentioned above.
- The selection will be carried out based on the qualifications and experience mentioned in the ToR.
- The interested individual applicants should provide the information demonstrating that they have the required qualifications and relevant experiences to perform the services according to the ToR.
- Interested individual consultants are requested to submit their updated **Curriculum Vitae (CV)** along with a **Cover Letter** to the AEPC/CREF at the contact address mentioned above or by mail, or by email to **rerl@aepc.gov.np** no later than **22 May 2026.**

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रकाशित मिति : २०८३।०१।२४)**

यस बैंकको देहाय बमोजिमका शाखाहरूमा कायम रहेका निक्षेप खातावालाहरूको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा उल्लिखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आ–आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखाहरूमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने र पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

| सि. नं. | बैंक शाखा/खाता नं. | खातावाला मृतकको नाम र तीन पुस्ते विवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता |
|---|---|---|---|---|
| १ | **भोजपुर शाखा** (१७५)<br>१७५११९००९५६८१४००००01 | मृतक – **प्रेम बहादुर तामाङ**<br>बाबु – नर बहादुर तामाङ<br>बाजे – फुर्वा तामाङ | कोशी प्रदेश, भोजपुर जिल्ला, भोजपुर न.पा. ०९, | निर्माया तामाङ (श्रीमती) |
| २ | **दुहबी शाखा** (०७९)<br>०७९०१०००९०७६५१००००01 | मृतक – **योग नारायण चौधरी माझी**<br>बाबु – भुटाई माझी (चौधरी)<br>बाजे – ध्यानी माझी | कोशी प्रदेश, सुनसरी जिल्ला, दुहवी न.पा. ११ | नवीन चौधरी (छोरा) |
| ३ | **गाईघाट शाखा** (१७२)<br>१७२०१००६८६४०६००००००१ | मृतक – **राम प्रसाद श्रेष्ठ प्रधान**<br>बाबु – ईन्द्र बहादुर श्रेष्ठ<br>बाजे – पुन नारायण श्रेष्ठ | कोशी प्रदेश, उदयपुर जिल्ला त्रि.न.पा. १२ | मिश्र थकु श्रेष्ठ (श्रीमती) |
| ४ | **सिराहा शाखा** (१४५)<br>१४५०१००७५७५४०१००००0१ | मृतक – **विल्टू यादव**<br>बुबा – धनिक लाल यादव<br>पत्नी – राम कूमारी देवि | मधेश प्रदेश, जिल्ला सिरहा, सिरहा न.पा. १९ सन्हैठा | राम कुमारी देवि (श्रीमती) |
| ५ | **काठमाडौँ बैंकिङ अफिस** (००२)<br>००२०१०००५०१७६१००००0१<br>**कीर्तिपुर शाखा** (०४५)<br>०४५०१०००१०१५७१००००0१ | मृतक – **जनक नन्दिनी पाण्डे**<br>बाबु – सिताराम पन्त<br>श्रीमान् – भरत राज पाण्डे | बागमती प्रदेश, काठमाडौँ जिल्ला, का.म.न.पा. ०४ | अजय राज पाण्डे, अनिल राज पाण्डे (छोराहरू) |
| ६ | **काठमाडौँ बैंकिङ अफिस** (००२)<br>००२०१३००५३२२९८००००0१<br>**पाल्पा शाखा** (०१७)<br>०१७०१०००९८१००१००००0१ | मृतक – **छेत्र बहादुर बस्नेत**<br>बाबु – पुर्ण बहादुर बस्नेत<br>बाजे – जङ्ग वीर बस्नेत | लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा ०६ | बाल कुमारी बस्नेत (श्रीमती) |
| ७ | **रत्ननगर शाखा** (०४८)<br>०४८०१००१००६१८२००००0१ | मृतक – **देवकी शर्मा**<br>बाबु – भवानी शंकर आचार्य<br>बाजे – लिलाधर आचार्य | बागमती प्रदेश, चितवन जिल्ला, रत्ननगर न.पा. ०२, टाँडी। | श्री कुमारी लक्ष्मी शर्मा (कान्छी छोरी) |
| ८ | **जावलाखेल** (१९१)<br>१९१०१०००१७५००३००००0१ | मृतक – **केशर बहादुर गिरी**<br>बाबु – गणेश बहादुर गिरी<br>बाजे – बहादुर गिरी | बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर १४ | कबिन्द्र गिरी (नाति) |
| ९ | **जावलाखेल** (१९१)<br>१९१०१०००१७२०१४००००0१ | मृतक – **लक्ष्मी पोडे**<br>बाबु – राम प्रसाद पोडे<br>बाजे – कान्छा पोडे | बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर ४ | श्याम कुमार पोडे (श्रीमान्) |
| १० | **ठैव शाखा** (१७६)<br>१७६०१००६३९०८१००००००१ | मृतक – **पुरुषोतम बिष्ट**<br>बाबु – मेघ बहादुर बिष्ट<br>बाजे – जय बहादुर बिष्ट | बागमती प्रदेश ललितपुर जिल्ला, गोदावरी न.पा. १३, झरुवारासी | पुष्कर बिष्ट (छोरा) |
| ११ | **कीर्तिपुर शाखा** (०४५)<br>०४५०११०६३२६९८३००००0१ | मृतक – **चिनी आचार्य**<br>बाबु – नारायण प्रसाद नेपाल<br>बाजे – विष्णु प्रसाद नेपाल | बागमती प्रदेश, काठमाडौँ जिल्ला, का.म.न.पा ०६, चोभार | रविन्द्र आचार्य (छोरा) |
| १२ | **सि.अ. पोखरा** (००९)<br>००९०१०००५५७९१५००००0१ | मृतक – **डिल वहादुर खत्री क्षेत्री**<br>बुबा – सन्त वहादुर खत्री<br>बाजे – जंगविर खत्री | पोखरा महानगर पालिका १०, कास्की | चोक वहादुर खत्री क्षेत्री, देवि वहादुर खत्री, राम वहादुर खत्री (छोराहरू) |
| १३ | **दाङ शाखा** (०२७)<br>०२७०१०००२७२३२९००००0१ | मृतक – **प्रेम वहादुर हमाल**<br>बाबु – टेक वहादुर हमाल<br>बाजे – थाहा नभएको | लुम्बिनी प्रदेश दाङ जिल्ला, घोराही उप.म.न.पा. १५ | हिरा देवी सार्की (श्रीमती) |
| १४ | **दाङ शाखा** (०२७)<br>०२७०१०००२७५८२८००००0१ | मृतक – **विश्वेश्वर पाण्डेय**<br>बाबु – टोपाराम पाण्डेय<br>बाजे – थाहा नभएको | लुम्बिनी प्रदेश दाङ जिल्ला, घोराही उप.म.न.पा. २ | डोमा देवि पाण्डे (श्रीमती) |
| १५ | **दाङ शाखा** (०२७)<br>०२७०१०००२६८०१२००००0१ | मृतक – **कले रोका**<br>बाबु – विर्ख रोका<br>बाजे – थाहा नभएको | लुम्बिनी प्रदेश दाङ जिल्ला, तुलसीपुर उप.म.न.पा. १८ | गंगा मगरनी (श्रीमती) |

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply & Sewerage Management**
**Water Supply and Sewerage Management Office, Biratnagar**

**Notice of Intent to Award the Contract**

Date of Publication: May 07, 2026 (2083/01/24)

This is to notify all concerned bidders that Pursuant to sub clause 27.2 and 27.3 of Public Procurement Act 2063, we intend to award the following contracts in the table below bid published in different dates in Daily Newspaper as well as PPMO's website www.bolpatra.gov.np/egp. The Bidder's bid price is as follows:

| S. N. | Contract ID | Contract Name | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price in NRs. (Including PS and VAT) | Bid published on |
|---|---|---|---|---|---|
| 1 | 08/082-83/ Bhaluwapachira/ WSSMO_BRT | Construction of Office Building, Deep Tubewell, Borehole Plateform, Pump House, Boundary Wall, Pipeline and Etc. for Bhaluwa Pachira Duhabi Na.Pa.-02 Water Supply Project, Duhabi Na.Pa.-02, Sunsari | Doleshwor Mahadev Nirman Tatha Suppliers PVT. LTD. Shankhmul-10, Kathmandu | 2,84,62,567.66 | Corporate Daily 2082/12/04 |
| 2 | 09/82-83/NCB-Bayarban/ WSSMO_BRT | Construction Work (Pump Installation & its fitting, pipeline etc) of Bayarban Co-Finance WSP Kanepokhari-7, Morang | Brijrama Infra Pvt. Ltd., Shiv marg Biratnagar-05, Morang | 41,43,188.56 | Nepal Samacharpatra 2082/12/10 |
| 3 | 11/082/083/ Tarahara/ WSSMO_BRT | Construction of storeroom, pipe line and etc for Tarahara Water Supply Project, Tarahara, Sunsari | Brijrama Infra Pvt. Ltd., Shiv Marg Biratnagar-05, Morang | 38,91,946.39 | Madhyanha Daily 2082/12/12 |
| 4 | 12/82-83/ NCB-Kerabari/ WSSMO_BRT | Construction Work (pipeline Work etc) of Kerabari brihat water supply project, Kerabari 6 & 7 Morang | Shahaya Engineering Group Pvt. Ltd., Biratnagar-04, Morang | 39,63,811.00 | Madhyanha Daily 2082/12/12 |

**Office Chief**

## आर्थिक प्रस्ताव खोलिने सम्बन्धीको सूचना

(प्रकाशित मितिः२०८३/०१/२४)

यातायात पूर्वाधार निर्देशनालय, बागमती प्रदेशबाट मिति २०८२/१२/०८ तथा २०८२/१२/१९ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना (०१/०८२/८३ तथा ०३/०८२/०८३) को लागि रीतपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम योग्यताको सबै आधारमा सफल भई सारभुतरुपमा प्रभावग्राही देहायानुसारका बोलपत्रदाताहरुको मिति **२०८३/०१/३१ गते दिनको १:०० बजे** यस निर्देशनालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना जारी गरिएको छ।

| S. N. | सूचना नं. | Contract Name and Contract ID | Names of the Substantially Responsive Bidder in Technical Evaluation, Address |
|---|---|---|---|
| **Fabrication, Supply, Transportation, Construction and Erection of LSTB Through Construction Turnkey Package(CTP)** | | | |
| 1. | 01/082/83 | Golche Khola Jho Pu, Sindhupalchok (TID/BAG/W/NCB/CTP/2/2082-83) | 1. M/S Shailendra Nirman Sewa, Bidur 10, Nuwakot<br>2. M/S Dawa Construction, Bigu-1, Dolakha |
| 2. | | Melamchi Khola Jho Pu (Thapataar Piplechaur6, Bhangtaar 2), Sindhupalchok (TID/BAG/W/NCB/CTP/4/2082-83) | 1. M/S Shailendra Nirman Sewa, Bidur 10, Nuwakot<br>2. M/S Chandrodaya Nirman Sewa, Malumela 6 Thalara Gaupalika 9<br>3. M/S Y.K Sisne Construction Company And Suppliers Pvt.Ltd, Kathmandu 32<br>4. M/S Swarnim Nirman Sewa, Syastri, Kaski<br>5. M/S D Gautam Nirman Sewa, Kathmandu-32 |
| 3. | | Dhau Khola Jho Pu Nilkantha 08 andJwalamukhi 04, Dhading (TID/ BAG/W/NCB/CTP /6/2082-83) | 1. M/S KARNALI-UJJWAL JV, Tarkeshwor-10, Kathmandu<br>2. M/S BHUMIKA- Y.K. SISNE J.V., Nilkantha-3, Dhading<br>3. M/S Shailendra Nirman Sewa, Bidur 10, Nuwakot |
| 4. | | Chamkharka Puchar Jho Pu, Kailash, Makwanpur (TID/BAG/W/NCB/CTP/7/2082-83) | 1. M/S Dawa Construction, Bigu-1, Dolakha<br>2. M/S Chandrodaya Nirman Sewa, Malumela 6 Thalara Gaupalika 9<br>3. M/S Y.K Sisne Construction Company And Suppliers Pvt. Ltd, Kathmandu 32<br>4. M/S Swarnim-Raite JV, Ward no 4 Syastri, Kaski |
| 5. | | Kitte Dada Jantibase Khani Khola Trail Bridge,Thaha-8,Makawanpur (TID/ BAG/W/NCB/CTP/8/2082-83) | 1. M/S Y.K Sisne Construction Company And Suppliers Pvt.Ltd, Kathmandu 32 |
| 6. | | Tin Bhangale Majhitole Ghattadamar Chiruwa Khola Jho Pu, Bagamati 03, Makwanpur-8 (TID/BAG/W/NCB/ CTP/10/ 2082-83) | 1. M/S Dawa Construction, Bigu-1, Dolakha<br>2. M/S Chandrodaya Nirman Sewa, Malumela 6 Thalara Gaupalika 9<br>3. M/S Shailendra Nirman Sewa, Bidur 10, Nuwakot<br>4. M/S D Gautam Nirman Sewa, Kathmandu-32<br>5. M/S Junction/ Y.K Sisne Jv, Kathmandu-32 |
| **Procurement of Bailey Bridge** | | | |
| 1. | 03/082/83 | DESIGN, SUPPLY AND DEVLIVERY OF TWO SETS OF SINGLE SPAN BAILEY BRIDGES (TID/BAG/G/NCB/01/2082-83) | 1. M/S Machhapuchhre Engineering Private Limited, ward no 10, Pokhara<br>2. M/S Jalap Nepal (P) Ltd, Bharatpur 08, Gauriganj, Chitwan<br>3. M/S RIDARC-Safe JV, Nakhhu, Lalitpur |

**यातायात पूर्वाधार निर्देशनालय**
**हेटौंडा, मकवानपुर**

**Infrastructure Development Office**
**Lamjung, Gandaki Province, Nepal**

**Notice for the Letter of Intent**

*Publication Date: 7th of May, 2026 (2083/01/24)*

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification no. mentioned below as per the Invitation for Bids published in "Aadrsh samaj Rastriya dainik" newspaper on 17th of March, 2026 that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Name of Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including PS and VAT) |
|---|---|---|---|
| Construction/Upgrading of Timure to Borangkhola Road, Rainas 1,2,3-Lamjung (Ch:0+568-2+420) | IDO/LAMJUNG/ NCB/W/ROAD/ 01/082-083 | M/S Santosh Nirman Sewa, Lamjung | 2,91,16,468.46 |
| Construction/Upgrading of Damaru Jyakhand BakhrejagatNalma Road, Besishahar -05, Lamjung (Ch:0+000-2+280) | IDO/LAMJUNG/ NCB/W/ROAD/ 02/082-083 | M/S Ratna Shrestha Nirman Sewa,Nuwakot | 3,63,99,331.19 |
| Construction of Galaudi Khola Motorable Bridge,Madhyanepal 2 &3, Lamjung. | IDO/LAMJUNG/ NCB/W/BRIDGE/ 01/082-083 | M/S Oasis construction Company Pvt Ltd, Makwanpur | 2,55,31,009.22 |

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र
कीर्तिपुर, काठमाडौँ, नेपाल

## त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले प्रदान गरेको समकक्षता छानबिनबारेको सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०१/२४*

प्रस्तुत विषयमा भारतको मेघालय राज्य सरकार शिक्षा विभागको सन् २०२५ अगस्त २० को CMJ University, Jorabat विघटनको सार्वजनिक सूचनामा भारतीय सर्वोच्च अदालतको सन् २०२५ फेब्रुअरी १३ को निर्णयको आधार लिई सन् २०१४ र सोपछि CMJ University, Jorabhat बाट जारी भएका शैक्षिक उपाधिलाई अवैध भनिएको र सन् २०१४ अघि जारी भएका शैक्षिक उपाधि अनियमितरूपमा प्रदान गरेको आधारमा राज्यस्तरबाट छानविन भई प्रमाणिकरण भएका उपाधिलाई मात्र मान्यता दिएको सूचनाका आधारमा सो विश्वविद्यालयबाट जारी भएका शैक्षिक उपाधिहरूको तपसिलमा उल्लिखित तपाईंहरूको नाममा यस केन्द्रबाट जारी भई प्रदान गरिएको समकक्षता पत्र छानबिन भइरहेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले प्राप्त गरेको समकक्षता पत्रको सक्कल प्रति तथा आफूले प्राप्त गरेको उल्लेखित शैक्षिक उपाधिको मेघालय राज्य सरकार शिक्षा विभागबाट गरेको प्रमाणिकरण एवं उपाधिको वैधता पुष्टि गर्ने अन्य कुनै आधार प्रमाण भए सोसहित यस केन्द्रमा लिखित रुपमा पेश गर्नुहोला। तोकिएको समयभित्र प्रमाणसहित पेश नभएमा उल्लेखित समकक्षता त्रिभुवन विश्वविद्यालय उपाधि मान्यता तथा समकक्षतासम्बन्धी विनियम २०८२ को विनियम २१ बमोजिम हुने व्यहोरा सुचित गरिन्छ।

**तपसिल**

| S. N. | Name & Address | Degree Obtained | Recognized Equivalence |
|---|---|---|---|
| 1. | Sapana Pandey, Dhading, Bagmati Province | Bachelor of Commerce | Bachelor's Degree in Relevant Subject. |
| 2. | Ramesh Kumar Jha, Mahottari, Madhesh Province | Doctor of Philosophy in Management. | Ph.D. in Management. |
| 3. | Sabita Adhikari, Bhaktapur, Bagmati. | Bachelor of Arts. | Bachelor of Arts. |
| 4. | Bablu Kumar Jha, Dhanusha, Madhesh Province | Bachelor of Technology (Civil). | Bachelor's Degree in Civil Engineering. |
| 5. | Sangam Kumar Jha, Lalitpur, Bagmati. | Bachelor of Physiotherapy. | Bachelor's Degree in Relevant Subject. |
| 6. | Hari Kesh Verma, Bankey, Lumbini Province | Bachelor of Law (LL.B). | Bachelor's Degree in Relevant Subject (3 yrs). |
| 7. | Devendra Desar, Lalitpur, Bagmati Province. | Bachelor of Computer Application | Bachelor's Degree in Relevant Subject (3 yrs). |
| 8. | Dakt Prasad Dhital, Banke, Lumbini Province. | Master of Arts (Journalism and Mass Communication). | Master's Degree. |
| 9. | Lalit Narayan Yadav, Dhanusha, Madhesh Province. | Ph.D. in Clinical Biochemistry. | Ph.D. in Relevant Subject. |
| 10. | Dindayal Chaudhary, Bara, Madhesh Province. | Doctor of Philosophy in Management. | Ph.D. in Relevant Subject. |
| 11. | Saroj Kumar Thakur, Dhanusha, Madhesh Province. | Ph.D. in Clinical Microbiology. | Ph.D. in Clinical Microbiology. |
| 12. | Sudeep Gautam, Dang, Lumbini Province. | Doctor of Philosophy in Political Science. | PhD in Political Science |
| 13. | Shivendra Labh Karna, Dhanusha, Madhesh Province. | Doctor of Philosophy in Management. | Ph.D. in Relevant Subject. |
| 14. | Rajib Kumar Jha, Dhanusha, Madhesh Province. | Bachelor of Arts (Political Science). | Bachelor of Arts (3 yrs). |
| 15. | Dipendra Saud, Kailali, Sudur Paschim Province | Bachelor of Computer Application | Bachelor's Degree in Relevant Subject (3 yrs). |
| 16. | Jaya Raj kapadi, Baitadi, Sudur Paschim Province | Bachelor of Commerce | Bachelor's Degree in Relevant Subject (3 yrs). |

**नोटः** उल्लेखित सूचीमा नाम समावेश नभएका कसैले CMJ University, Meghalaya बाट उपाधि लिई समकक्षता लिएको भए यहि सूचनालाई आधार मानी नाम भएसरह यस केन्द्रमा लिखितरूपमा पेश गर्न सूचित गरिन्छ।

**कार्यकारी निर्देशक**

## महिला क्रिकेट टिम घोषित

**काठमाडौँ** (गोरखापत्र), वैशाख २३ गते । नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसियन गेम्स छनोट र एसिसी महिला प्रिमियर कपका लागि नेपाली टोलीको घोषणा गरेको छ । क्यानले बुधबार घोषणा गरेको टिममा इन्दु वर्माको कप्तान पद कायम छ । उपकप्तानमा पूजा महतो हुनुहुन्छ । अन्य खेलाडीमा विन्दु रावल, सम्झना खड्का, रुबी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, सीता रानमगर, अनु कठायत, मनीषा उपाध्यक्ष, रुविना क्षेत्री, सोनी पाख्रिन र सिमाना केसी रहनुभएको छ ।

सोनीले टोलीमा पुनरागमन गर्नुभएको हो । यसै गरी सीताले पनि हालै रुवान्डामा भएको आइसिसी महिला २०–२० च्यालेन्ज ट्रफीमा खेल्नुभएको थिएन । पाँच राष्ट्र सहभागी सो प्रतियोगितामा नेपाल उपविजेता बनेको थियो ।

टिममा सावित्री धामी, सोमु विष्ट, सना प्रवीण र लक्ष्मी साउदलाई वैकल्पिक खेलाडीका रूपमा समावेश गरिएको छ । एसियन गेम्स छनोट मलेसियामा मे २३ देखि ३१ तारिखसम्म र एसिसी महिला प्रिमियर कप जुन १ देखि १३ तारिखसम्म हुने छ ।

यसै गरी क्यानले बुधबार नेपालको 'ए' टिमले स्कटल्यान्ड र अमेरिकासँग खेल्ने तालिका पनि सार्वजनिक गरेको छ । नेपाल 'ए' ले मे ७ र ९ मा स्कटल्यान्ड र मे ८ र मे ११ मा अमेरिकासँग एकदिवसीय अभ्यास खेल खेल्ने छ । सबै खेल माथिल्लो मूलपानी क्रिकेट मैदानमा खेलिने छ ।

## चापाकोट क्रिकेट लिग हुने

**स्याङ्जा** (गोरखापत्र), वैशाख २३ गते । चापाकोट नगरपालिका सुन्तलीटार गङ्गालाल माविको खेल मैदानमा 'मुन लाइट गुप्र' पहिलो चापाकोट क्रिकेट लिग हुने भएको छ । चापाकोट क्रिकेट सङ्घले नगरपालिकाको संरक्षकत्वमा आयोजना गरेको प्रतियोगिता यही वैशाख २६ देखि जेठ २ गतेसम्म चल्ने छ । पाँच समूहको सहभागिता रहने उक्त प्रतियोगिता टी–२० रोविन सिस्टममा खेलाइने चापाकोट नगर क्रिकेट सङ्घका अध्यक्ष प्रेमनारायण रेग्मीले जानकारी दिनुभयो । विजेताले एक लाख १० हजार र दोस्रोले ६० हजार रुपियाँ पुरस्कारसहित सिल्ड प्राप्त गर्ने छन् ।

यस प्रतियोगितामा अक्सनमार्फत आएका देशैभरका खेलाडीको सहभागिता रहने छ । प्रतियोगितामा एक जना यु–१६ र एक जना यु–१९ खेलाडी अनिवार्य खेलाउनुपर्ने छ । प्रतियोगितामा पहिलो हुने सिधै फाइनलमा पुग्ने छ भने दोस्रो र तेस्रो सेमिफाइनल खेलेर फाइनलमा पुग्ने छ ।

# आर्सनल च्याम्पियन्स लिगको फाइनलमा



तस्बिर : एपी

**आर्सनलका बुकायो साका एट्लेटिको म्याड्रिडविरुद्ध गोल गरेपछि ।**

**लन्डन**, वैशाख २३ गते । बुकायो साकाको गोल निर्णायक बनेपछि आर्सनलले बुधबार एट्लेटिको म्याड्रिडलाई सेमिफाइनलको दोस्रो लेगमा १–० ले हराएर च्याम्पियन्स लिगको फाइनलमा स्थान बनाएको छ । आर्सनलले पछिल्लो पटक २००६ मा च्याम्पियन्स लिगको फाइनल खेलेको थियो । सो बेला बार्सिलोनासँग हारेर आर्सनल निराश बनेको थियो ।

२४ वर्षीय साकाले खेलको ४५ औँ मिनेटमा 'रिबाउन्ड' मा गोल गर्नुभयो । लियान्ड्रो ट्रोसार्डको प्रहार एट्लेटिको म्याड्रिडका जान ओब्लाकले रोकेपछि साकाले फाइदा उठाउनुभएको हो । त्यसपछि आर्सनलको कडा डिफेन्सले बाँकी काम पूरा गर्‍यो । साकाको गोलले आर्सनललाई दुई खेलपछि समग्रमा २–१ को जित दिलायो । गत हप्ता स्पेनमा भएको पहिलो लेग १–१ ले बराबरीमा सकिएको थियो ।

साका पहिलो पटक च्याम्पियन्स लिग फाइनल खेलेको चार वर्षपछि मात्र क्लबको एकेडेमीमा भर्ना हुनुभएको हो । आठ वर्षको उमेरमै आर्सनलसँग सम्झौता गरेका साकाले पुनः आफ्नो क्लबलाई विश्व फुटबलको सबैभन्दा ठुलो मञ्चमा पुर्‍याउनुभएको छ । आर्सनल दोस्रो पटक च्याम्पियन्स लिगको फाइनलमा पुगेको हो ।

प्रिमियर लिग उपाधि जितको नजिक रहेको आर्सनलको प्रदर्शन च्याम्पियन्स लिगमा अझ सानदार रहेको छ । लिग चरणका सबै आठ खेल जित्दा प्रतियोगितामा सबैभन्दा कम चार गोल मात्र खाएको आर्सनलले नकआउट चरणका तिनै घरेलु खेलमा 'क्लिन सिट' राखेको छ । आर्सनलले मे ३० मा हङ्गेरीको बुडापेस्टमा हुने फाइनलमा गत विजेता पेरिस सेन्ट जर्मन (पिएसजी) अथवा बायर्न म्युनिखमध्ये एकसँग उपाधि भिडन्त गर्ने छ । यसै गरी आर्सनल २२ वर्षपछि प्रिमियर लिग उपाधि जित्नबाट मात्र तीन खेल टाढा छ ।

साका भन्नुहुन्छ, "अहिले हामी च्याम्पियन्स लिगको फाइनलमा छौँ र प्रिमियर लिगका लागि लडिरहेका छौँ, म आशा गर्छु कि बुडापेस्टमा यसको अन्त्य राम्रो होस् ।" एट्लेटिको म्याड्रिड सन् २०१४ र २०१६ मा च्याम्पियन्स लिगको फाइनल पुगेको थियो । दुवै पटक रियल म्याड्रिडले एट्लेटिकोलाई निराश पारेको थियो । एपी

# पुलिसलाई राइनो संरक्षण गोल्डकप



**होमराज रानाभाट**
*कावासोती, वैशाख २३ गते*

नेपाल पुसिल क्लबले बुधबार फाइनलमा आयोजक राइनो क्लब कोल्हुवालाई टाइब्रेकरमा ५–४ ले हराएर राइनो संरक्षण गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । च्याम्पियन नेपाल पुलिस क्लबले ट्रफीसहित आठ लाख र उपविजेता राइनो क्लब नवलपुरले चार लाख रुपियाँ पुरस्कार प्राप्त गरे ।

दुर्लभ एकसिङे गैँडा संरक्षणको सन्देश प्रवाहका लागि पूर्वी नवलपरासीको मध्यविन्दुमा भएको प्रतियोगिता वैशाख १२ गते सुरु भएको हो । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा विगतदेखि नै गैँडालगायतका वन्यजन्तु संरक्षणको अभियान सञ्चालन हुँदै आएको सन्दर्भमा खेलकुदमार्फत पनि संरक्षणको सन्देश प्रवाह गर्ने उद्देश्यले राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्दै आएकोमा त्यसको निरन्तरता स्वरूप आठौँ संस्करण भएको क्लबका अध्यक्ष दोमनबहादुर भण्डारीले जानकारी दिनुभयो ।

प्रतियोगितालाई अझ प्रभावकारी बनाउँदै आगामी पाँच वर्षभित्र एकसिङे गैँडा पाइने दक्षिण एसियाली राष्ट्रबिच प्रतिस्पर्धा गराई 'दक्षिण एसियाली राइनो संरक्षण एसियन कप' तथा १० वर्षभित्र एकसिङे र दुईसिङे गैँडा पाइने देशबिच 'राइनो संरक्षण मैत्रीपूर्ण वर्ल्डकप' फुटबल प्रतियोगिता सञ्चालन गरिने बताइएको छ ।

# बजेट अभावमा कभर्ड हल निर्माण अधुरै

**कृष्णबहादुर धामी**
*दार्चुला, वैशाख २३ गते*

बजेट अभावका कारण निर्माणको काम रोकिएर अधुरै रहेको सदरमुकाम खलङ्गास्थित खुलामञ्चको कभर्ड हल सरकारले ल्याउने बजेट पर्खिरहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेट एक करोडमार्फत कभर्ड हलको मुख्य संरचना निर्माण गरिएको भए पनि आव २०८२/८३ का लागि विनियोजित बजेट तीन करोड रुपियाँ जेनजी आन्दोलनपछि बनेको सरकारले काटेपछि कभर्ड हल निर्माणको काम अधुरै रहेको हो । जेनजी आन्दोलनपछि असोजको पहिलो हप्ता तीन करोडको टेन्डर गरिएकोमा सरकारले बजेट काटेपछि निर्माणको काम रोकिएको सघन सहरी तथा भवन निर्माण आयोजना पाटन बैतडीका सूचना अधिकारी विशाल श्रेष्ठले जानकारी दिनुभयो । कभर्ड हलको निर्माण पूरा गर्न आगामी वर्षका लागि आवश्यक बजेट माग गरेको उहाँले बताउनुभयो । कभर्ड हलमा ट्रस राख्ने, स्टिल राख्ने, फिनिसिङ र फ्लोरिङको काम बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

२०७० सालमा महाकाली नदीमा आएको बाढीले खलङ्गास्थित एक मात्र खुलामञ्च, खेल मैदान र कभर्ड हल बगाएको थियो । १२ वर्षपछि नयाँ कभर्ड हल निर्माण भइरहेको हो । जिल्लामा कभर्ड हल नहुँदा इन्डोर खेल खेलाउन र खेल्न निकै समस्या भइरहेको एथलेटिक्सका खेलाडी ओमकार पालले बताउनुभयो । इन्डोर खेलका खेलाडी सीमावर्ती भारतको धारचुला गएर खेल खेल्न बाध्य रहेको उहाँको भनाइ छ । कभर्ड हल नभएकै कारण जिल्लास्तरीय खेलसमेत खेलाउन समस्या हुने गरेको भलिबलका पूर्वराष्ट्रिय खेलाडी भोजराज जोशीले बताउनुभयो ।

टेन्डर भइसकेको अवस्थामा निर्माणाधीन कभर्ड हलको बजेट काटिनु खेल क्षेत्रका लागि दुःखद खबर भएको जिल्ला खेलकुद समिति दार्चुलाका अध्यक्ष मानसिंह बुढाथोकीले बताउनुभयो । कभर्ड हलको काम अधुरो रहनाले सरकारको लगानी खेर जाने अवस्थामा पुगेको तथा खेलकुद गतिविधि सञ्चालन गर्न समस्या सिर्जना भएको उहाँले बताउनुभयो ।

# 'नेपाल–५ के रन च्यालेन्ज' शनिबार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २३ गते*

एथलेटिक्स परिवार, नेपालको आयोजना तथा चाँगुनारायण नगरपालिकाको सहयोगमा पहिलो चरणको 'नेपाल–पाँच के रन च्यालेन्ज' शनिबार हुने भएको छ । सो दौडमा छ स्पर्धामा प्रतिस्पर्धा हुने एथलेटिक्स परिवार, नेपालका अध्यक्ष राजन खत्रीले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो ।

खुला महिला/पुरुष र ४५ वर्षमाथि पुरुष भेट्रानतर्फ पाँच किलोमिटर दुरीमा प्रतिस्पर्धा हुने छ । १८ वर्षमुनि महिला/पुरुष र ३५ वर्षमाथि भेट्रान महिलातर्फ तीन किलोमिटर दुरीमा प्रतिस्पर्धा हुने छ । आयोजकले करिब २५० भन्दा बढीको सहभागिता रहने अपेक्षा गरेको छ । सबै इभेन्टमा शीर्ष १० स्थानमा रहने धावकधाविकालाई नगद पुरस्कार प्रदान गरिने छ ।

पाँच किलोमिटर खुलातर्फ महिला तथा पुरुष दौडमा शीर्ष १५ स्थानमा रहने खेलाडीलाई क्रमशः १५ देखि एक अङ्क प्रदान गरिने छ । यो दौड दुई महिनाको अन्तरालमा तीन चरणमा हुने छ । बाँकी दुई चरणको दौडमा पनि पहिलो चरण सरह नै अङ्क प्रदान गरिने । तेस्रो चरणको समाप्तिपछि ग्रान्ड प्रतियोगिता हुने छ । ग्रान्ड प्रतियोगितामा आकर्षक पुरस्कारको व्यवस्था गरिने आयोजकले जनाएको छ ।

दौड चाँगुनारायण नगरपालिका भवनपरिसरबाट सुरु भई भद्रकाली मोड, घट्टाडिल चोक, घट्टेखोला, पगरी टोल, कुशलटार चोक, सुविधानगर सडक हुँदै पुनः नगरपालिका भवनमा सम्पन्न हुने छ । चाँगुनारायण नगरपालिका नगर खेलकुद संयोजक रघु केसीले नगरमा खेलकुद गतिविधिमा उत्साह जगाउन प्रतियोगिता आयोजना गर्न लागेको बताउनुभयो ।

## कला / साहित्य

## 'जोन एन्ड दी लोकल्स' मा राईको प्रस्तुति

**काठमाडौँ** (गोरखापत्र), वैशाख २३ गते । 'जोन एन्ड दी लोकल्स' मा गायक जोन चाम्लिङ राईले प्रस्तुति दिनुभएको छ । जोनले 'बादलसरी वरिपरि', 'साधना', 'समयले', 'के गरौँ', 'मुटुदेखि', 'मनका कुरा' गीत गाउनुभयो । यी गीतमा उहाँलाई दर्शकले पनि सँगसँगै गाएर साथ दिएका थिए । इलामको जसबिरेमा सम्पन्न कार्यक्रमलाई हेलिबोध क्लबले आयोजना गरेको हो । सो कार्यक्रममा स्थानीय कला केन्द्रका कलाकारले नृत्य प्रस्तुत गरेका थिए ।

पर्यटन प्रवर्धनमा टेवा पुर्‍याउन यस्तो कार्यक्रम गर्दै आएको अध्यक्ष पूर्णफत्र लिम्बूले बताउनुभयो । रहरै रहरमा बनाएको गीत अचानक लोकप्रिय भएपछि उदाएको समूह अहिले आफ्नै चिनारी र धुन बोकेर विश्व परिक्रमा गरिरहेको छ ।

## 'हावा चल्यो सिरिरी' सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), वैशाख २३ गते । 'हावा चल्यो सिरिरी' बोलको नयाँ गीत सार्वजनिक भएको छ । मनोज चौलागाईंको सङ्गीत तथा संयोजन रहेको गीतमा सुरज पौडेल र अनु चौधरीको स्वर रहेको छ । गीतको शब्द प्रमोद ढुङ्गानाले लेख्नुभएको हो ।

नितिन चन्द निर्देशित गीतमा रोहितसिंह ठकुरीको कोरियोग्राफी तथा कमल सिंह र जुना कार्कीको अभिनय रहेको छ । सोखिन तिमल्सिनाले सम्पादन गर्नुभएको गीतको भिडियो म्युजिक मन्त्र युट्युब च्यानलबाट सार्वजनिक भएको हो ।

## त्रियुगा प्रज्ञा–प्रतिष्ठान गठन

**गाईघाट** (गोरखापत्र), वैशाख २३ गते । उदयपुरको त्रियुगा नगरपालिकाले भाषा, कला र साहित्य क्षेत्रको विकास गर्ने उद्देश्यले साहित्यकार राममणि पोखरेलको अध्यक्षतामा त्रियुगा प्रज्ञा–प्रतिष्ठान गठन गरेको छ । नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रका भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, संवर्धन तथा विकास गर्ने उद्देश्यसहित १३ सदस्यीय परिषद् समिति र नौ सदस्यीय कार्यसमिति गरी २२ सदस्यीय त्रियुगा प्रज्ञा–प्रतिष्ठान गठन गरिएको नगरप्रमुख वसन्तकुमार बस्नेतले बताउनुभयो ।

महेन्द्र राई उपाध्यक्ष, कौशल चेम्जोङ सचिव तथा अन्य सदस्यमा सीमा मास्के, सन्जा दनुवार, शैलेन्द्र खतिवडा, वासु पोखरेल, गोपाकृति तिम्सिना र टङ्कबहादुर आले हुनुहुन्छ ।

यसै गरी परिषद् सदस्यहरूमा वीरेन्द्र बस्नेत, सम्झना असफल राई, चन्द्रनारायण चौधरी, कीर्तिबहादुर खड्का, कुवेरकान्त काफ्ले, हिरामान मोते, बिरेशबाबु शाही, ऋषिकेश पोखरेल, हरि केसी, चन्द्र तामाङ, हर्षनारायण श्रेष्ठ, अनन्त दनुवार र मिथुन ठाकुर रहनुभएको छ ।

# लुम्लेको नयाँ गन्तव्य : कविता पार्क



तस्बिर : गोरखापत्र

**कविता पार्क अवलोकनका क्रममा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीलगायत ।**

**फडिन्द्र अधिकारी**
*लेखनाथ, वैशाख २३ गते*

नेपालमा सबैभन्दा बढी पानी पर्ने ठाउँका रूपमा चर्चित लुम्लेको कृषि अनुसन्धान निर्देशनालय यहाँको मुख्य पर्यटकीय स्थल हो । कास्कीको अन्नपूर्ण गाउँपालिका–६ मा पर्ने लुम्लेमा यही महिना नयाँ गन्तव्य थपिएको छ, कविता पार्क । पर्यटन राजधानी पोखराको मुख्य बजार शिवालयमार्ग घर भएका कवि/गीतकार विनोद गौचनको अग्रसरतामा 'कविता गाउँ' घोषित लुम्लेमा अहिले पृथक् खालको पार्क बनेको छ । कवि गौचनको परिवारको साथमा गाउँलेले पनि यसमा होस्टेमा हैंसे गरेका छन् ।

अन्नपूर्ण गाउँपालिका–४ का बासिन्दा चिनबहादुर खत्रीले पार्कका लागि जग्गा दान गर्नुभएको छ । अन्नपूर्ण गाउँपालिका, वडा कार्यालयसहित गौचनका देशविदेशमा भएका शुभेच्छुक र आफन्तले आर्थिक सहयोग गरेका छन् । पर्यटकीय राजधानी पोखराबारे विनोद गौचनले दर्जनौँ चर्चित गीत/कविताको रचना गर्नुभएको छ । यद्यपि उहाँको स्मृतिमा पोखरामै कुनै कार्यक्रम भएका छैनन् । १२ वर्षअघि आफ्ना सिर्जना छाडेर भौतिक रूपमा अस्ताउनुभएका गौचन बाँचुञ्जेल पनि गाउँमै रमाउनुभयो । सिर्जना यात्रामा लामो समय उहाँले बिताएको कास्कीको लुम्लेमा भने उहाँको सम्झना भइरहन्छ ।

उहाँका दाजु विश्वमोहन गौचन चार बिस कटे पनि भाइको वाङ्मयिक योगदानलाई प्रवर्धन गर्ने योजनामा लागिरहनुभएको छ । "विनोदका अझै धेरै कविता/गीत प्रकाशित हुन बाँकी छन्, पहिले निस्किएका किताब पनि बजारमा छैनन्," विश्वमोहन भन्नुहुन्छ, "हामी उनका प्रकाशित र अप्रकाशित सबै रचना प्रकाशन गर्ने तयारीमा छौँ ।" पार्कमा गत वर्ष कवि विनोदको अर्धकदको सालिक बनिसकेको छ । पार्कसम्म जाने सिँढी, तारबार र रङरोगन पनि भइसकेको छ । कविता गाउँ लुम्लेका अध्यक्ष भरत देवकोटा कविता पार्क हेर्न कवि/साहित्यकार बेला बेलामा आउने गरेको बताउनुहुन्छ । "पार्क, बहुउद्देश्यीय भवन, पुस्तकालयसहितका संरचना बनाउने योजना छ । एक पटक पुग्नैपर्ने साहित्यिक एवं पर्यटकीय गन्तव्य बनाउन चाहन्छौँ," उहाँ भन्नुहुन्छ ।

अन्तर्मुखी र गम्भीर स्वभावका सर्जक विनोदका 'पोखरामा फूल फुल्दैन (२०५५)' र ढुङ्गेसाँघुको मेलामा (२०६३) गरी दुई कविता सञ्चयन प्रकाशित छन् । २३ वर्षको हुँदा लेखेको 'जति माया लाए पनि' गीतले अरुण थापासहित उहाँको पृथक् पहिचान बनाइदियो । 'तगारोमा रुमाल राखी बाटो छेक्यौ तिम्ले', 'कस्तो ठाउँमा फुल्यौँ तिमी टिप्नै गाह्रो भो', 'चोली फाटे पनि तिम्रो जोवन फाट्या छैन' लगायतका चर्चित गीतका सर्जक उहाँले लामो समय अध्ययन, अवलोकन र अनुसन्धानबाट उपयुक्त साधना भूमि ठानी २०६५ साल चैत १५ गते कविता गाउँ घोषणा गर्नुभएको थियो ।

# अदालतको आदेशसँगै 'लालीबजार' प्रदर्शन हुने

**गोरखापत्र समाचादाता**
*काठमाडौँ, वैशाख २३ गते*

नेपाली फिल्म 'लालीबजार' प्रदर्शन गर्ने बाटो खुलेको छ । बुधबार उच्च अदालत पाटनका न्यायाधीशद्वय खडानन्द तिवारी र नेत्रप्रसाद आचार्यको संयुक्त इजलासले यसअघि 'लालीबजार' को प्रदर्शनमा रोक लगाउँदै दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ । यस आदेशसँगै फिल्म आगामी शुक्रबार, अर्थात् वैशाख २५ गतेदेखि प्रदर्शनमा आउने निर्माण कम्पनी षट्कोण आर्ट्सले जनाएको छ ।

फिल्मका निर्माता म्याक्स दीपेश खत्रीले सम्मानित अदालतको आदेशसँगै फिल्म आगामी शुक्रबारदेखि प्रदर्शन हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले कुनै पनि समुदाय वा वर्गको भावनामा ठेस पुग्ने गरी फिल्म तयार गरेका थिएनौँ । हामीले आमा र छोरीको कथामा फिल्म निर्माण



गरेका छौँ । फिल्मले छोरीका लागि आमाले गर्ने सङ्घर्षको कथा प्रस्तुत गर्छ ।"

निर्देशक तथा लेखक यम थापाले फिल्म हेरेपछि कुनै पनि समुदायको भावनामा आहत नहुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "अहिले अनुमानका भरमा फिल्मलाई लिएर विभिन्न अडकलबाजी भएका छन् । फिल्म हेरेपछि कसैको चित्त दुख्दैन भन्नेमा म विश्वस्त छु ।" सो चलचित्रमा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, प्रदीप ढकाल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश बादी, सरस्वती अधिकारी, जानकी कडायत, निश्चल पन्थी, वीरवल चौधरीलगायतका कलाकारको अभिनय रहेको छ ।

यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले पदार्पण गर्दै हुनुहुन्छ । विशाल थिएटरमा अभिनेता तथा निर्देशकका रूपमा सक्रिय कलाकार हुनुहुन्छ । प्रशंसा जेनजी पुस्ताकी उदीयमान अभिनेतृका रूपमा परिचित हुनुहुन्छ । निर्देशक यम थापाको कथा तथा निर्देशनमा तयार भएको फिल्म 'लालीबजार' को पटकथा र संवाद निर्देशक थापा र प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गर्नुभएको हो ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – प्रिय लाभ हुने छ । कान्ति वृद्धिका साथै कला सिर्जनाको क्षेत्र सफल रहने देखिन्छ ।

**वृष** – व्यय भारमा वृद्धि हुन सक्ने छ । शत्रु भयका साथै शारीरिक आलस्यता रहन सक्ने देखिन्छ ।

**मिथुन** – मित्र सुख मिल्ने छ । कान्ति वृद्धिका साथै जलीय वस्तुबाट लाभ रहने छ ।

**कर्कट** – यात्राको योग देखिन्छ । प्राविधिक कार्यमा रुचि रहनुका साथै व्यवसायमा वृद्धि हुने छ ।

**सिंह** – द्रव्य लाभ हुने छ । आर्थिक उन्नतिका साथै व्यवसायमा सफलता मिल्ने छ ।

**कन्या** – शत्रुपक्ष सबल रहन सक्ने छन् । निर्णय प्रक्रियामा बुद्धिपक्षको प्रयोग सुखद रहने छ ।

**तुला** – द्रव्य लाभ हुने छ । कान्ति वृद्धिका साथै मित्रजनबाट सुख मिल्ने छ ।

**वृश्चिक** – सिर्जनात्मक कार्यमा रुचि रहने छ । प्रिय सुखका साथै पारिवारिक सुख मिल्ने छ ।

**धनु** – कर्म क्षेत्र सबल रहने छ । बौद्धिक कार्यमा रुचिका साथै अध्ययनमा सफलता मिल्ने छ ।

**मकर** – स्वास्थ्यको भाव मध्यम रहने छ । शत्रु भयका साथै खर्चमा पनि वृद्धि हुन सक्ने देखिन्छ ।

**कुम्भ** – द्रव्य लाभ हुने छ । कान्ति वृद्धिका साथै कलात्मक पक्ष सुखद रहने देखिन्छ ।

**मीन** – प्रिय सुख मिल्ने छ । कान्ति वृद्धिका साथै अध्ययन अध्यापनमा सफलता मिल्ने छ ।

## नेपाल राष्ट्र बैङ्क

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

**२०८३ साल वैशाख २४ गते (मे ०७, २०२६) बिहीबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५१।०८ | १५१।६८ |
| युरो | १ को रु. | १७८।०५ | १७८।७५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०६।०४ | २०६।८६ |
| स्विस फ्रैङ्क | १ को रु. | १९४।२० | १९४।९७ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०९।७० | ११०।१३ |
| क्यानेडियन डलर | १ को रु. | १११।०९ | १११।५३ |
| सिङ्गापुर डलर | १ को रु. | ११९।२६ | ११९।७३ |
| जापानी येन | १० को रु. | ९।६९ | ९।७३ |
| चिनियाँ युआन | १ को रु. | २२।१८ | २२।२७ |
| साउदी अरब रियाल | १ को रु. | ४०।२७ | ४०।४३ |
| कतारी रियाल | १ को रु. | ४१।४५ | ४१।६१ |
| थाई भाट | १ को रु. | ४।७१ | ४।७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।१४ | ४१।३० |
| मलेसियन रिङ्गिट | १ को रु. | ३८।४९ | ३८।६४ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।४७ | १०।५१ |
| स्विडिस क्रोनर | १ को रु. | १६।४५ | १६।५१ |
| डेनिस क्रोनर | १ को रु. | २३।८३ | २३।९२ |
| हङ्कङ डलर | १ को रु. | १९।२८ | १९।३६ |
| कुवेती दिनार | १ को रु. | ४९३।२४ | ४९५।२० |
| बहराइन दिनार | १ को रु. | ४००।०० | ४०१।५९ |
| ओमानी रियाल | १ को रु. | ३९२।३९ | ३९३।९४ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

**गोरखापत्र संस्थान**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

गोरखापत्र
gorkhapatraonline.com

१७६ वर्ष प्रवेश

# सुशासन यात्रा

२०८३ साल वैशाख २४ गते बिहीबार
2026 May 7 Thursday



कृष्ण ज्ञवाली

‘सुशासन’ शब्द यतिखेर के सरकार, के नागरिक सबैको प्रिय बनेको छ । यो शब्द अहिले आमजनजिब्रोमा झुन्डिएको छ । हामी सबैको गन्तव्य निःसन्देह सुशासन हो तर सुशासन भनेकै आखिर के हो, त्यसतर्फको यात्रा कसरी तय गर्ने, त्यहाँ पुग्ने मार्गचित्र के हो, के हामी सही बाटोमा त छौँ र बाटोमा आइपर्ने बाधा अडचनलाई कसरी निराकरण गर्ने भन्ने जस्ता कुरालाई नछिचोलीकन हामी गन्तव्यमा पुग्न सक्दैनौँ।

सुशासन संस्कृत शब्द हो। शासु अनुशिष्टौ धातुबाट शासन शब्द बन्दछ। यसबाट थाहा हुन्छ– शासनको मूलमै अनुशासन छ। अनुशासनको अर्थ आदेश, निर्देश र नियमको बन्धन हो । त्यही शासन शब्दमा शुभार्थक ‘सु’ उपसर्ग लागेपछि सुशासन शब्द बन्दछ । यसरी सुशासन शब्दको व्युत्पत्तिमै अनुशासन, मर्यादा, शिष्टाचरण र सद्भाव लुकेको हुँदा सुशासन शब्दले निरोध, नियन्त्रण, निर्देशन र नियमनमा पनि अनुशासनलाई पछ्याउँछ। शासन शब्दको अङ्ग्रेजी रूप ‘गभर्नेन्स’ ग्रिक भाषाको ‘काइबरनान’ बाट आएको मानिन्छ, जसको अर्थ निर्देशन वा सुपरिवेक्षण हो। त्यसमा ‘गुड’ विशेषण लागेपछि त्यो सुशासन बन्ने हो तर सुशासन शब्दको संस्कृत व्युत्पत्तिमूलक अर्थ अङ्ग्रेजीभन्दा विशिष्ट छ, किनभने यसमा शासन कसरी गर्ने भन्ने सोच छ, संस्कार छ र शैली छ। सारमा भन्दा यसमा अनुशासन छ, शिष्टाचरण छ र मर्यादा छ।

सुशासनको नेपालीमा अर्थ हुन्छ, असल शासन । एउटा यस्तो शासनप्रणाली जहाँ विधि, पद्धति र प्रक्रिया तथा त्यसबाट अपेक्षा गरिएको परिणामका बिच एउटा मिठो सन्तुलन स्थापित गरिन्छ । जहाँ विधि र प्रक्रिया उपेक्षित हुँदैनन् तर तिनको मूल्याङ्कन गर्दा परिणामसँग जोडेर मात्र गरिन्छ । अथवा एउटा यस्तो शासकीय पद्धति जहाँ शासकको सदिच्छालाई संस्थागत परामर्श र निर्णय प्रक्रियाले मात्र सुरक्षा कवच प्रदान गर्दछ।

» बाँकी पृष्ठ ख मा




- जनताको सुख नै शासकको सुख हो, जनताबाट कर उठाउँदा मौरीले फूललाई नमारीकन रस निकाले जस्तै उठाउनु पर्छ ।
- भर्खरै जारी भएका अध्यादेशबाहेक पनि संशोधन, प्रतिस्थापन वा नवनिर्माण गर्नुपर्ने कानुन थुप्रै छन् ।
- सुशासनको सुनिश्चितताका लागि चाहिने पहिलो कुरा असल नियत नै हो । नियत दूषित छैन भने विधि र प्रक्रियामा कहीँकतै चुक भएको छ भने पनि सरकारले शङ्काको लाभ पाउँछ ।

## भित्र

सरकारको शासकीय सुधार

» पृष्ठ घ

राजस्व चुहावट नियन्त्रण

» पृष्ठ ङ

जेनजी आन्दोलन सुशासनको आधार

» पृष्ठ ज

सुशासनको आर्थिक लाभ


» पृष्ठ त




CIMEX INC. PVT. LTD.
Naxal, Kathmandu
01-5970733,9802396101

BANEPA: 9849769643 I BHAIRAHAWA: 9857088804 I BHAKTAPUR: 9851038377 I BIRATNAGAR: 9820730353 I BIRGUNJ: 9855022964 I BIRTAMODE: 9817021197
BUTWAL: 9857088805 I CHITWAN : 9801368497 I DAMAK: 9842753415 I DANG: 9766682137 I DHANGADI: 9801020415 I ITAHARI: 9802600501
JANAKPUR : 9844039594 I LAHAN: 9824705794 I LALITPUR: 9801981531 I NEPALGUNJ: 9858061501 I POKHARA: 9802853085 I SOLTEEMODE: 9801188666

# सुशासन...




जहाँ कानुनको पालना गर्दा/गराउँदा केवल निर्जीव अक्षर हेरिँदैन। ती अक्षरभित्र निहित मर्म र अभिप्राय पनि उत्तिकै र झन् बढी हेरिन्छ । जहाँ विधिको शासनको वैधानिकता मात्र होइन, जनअनुमोदित संस्थागत निर्णयको वैधता अर्थात् 'लेजिटिमेसी' को पनि महत्त्वपूर्ण स्थान रहन्छ। सङ्क्षेपमा भन्दा विवेकसम्मत विधि, विधिसम्मत परिणाम, परिणामको दिगोपन, पारस्परिक परामर्श, सार्वजनिक संवाद, प्रचुर पारदर्शिता, कठोर सदाचार र न्यायपूर्ण दण्डनीयता सुशासनका अभेद्य आधारभित्ति हुन्।

नेपालमा सुशासन शब्दले चर्चा पाएको सन् ९० को दशकपछि नै हो। यसको अङ्ग्रेजी स्थानापन्न 'गभर्नेन्स' शब्दको आयात हुँदा अर्थ पनि आयातित जस्तो हुन पुग्यो, यद्यपि यो हाम्रा लागि बिलकुलै नयाँ अवधारणा भने थिएन। मनुस्मृति, महाभारत, कौटिल्यको अर्थशास्त्र जस्ता राजनीति र धर्मनीतिका प्रतिपादक पूर्वीय ग्रन्थमा 'राजधर्म' (राजा वा राज्यको आचारसंहिता) को वर्णन गर्दा सुशासनको अवधारणालाई राम्ररी समाहित गरिएको पाइन्छ। मनुस्मृतिमा 'पिताऽचार्यः सुहृन्माता भार्या पुत्राः पुरोहितः। नादण्ड्यो नाम राज्ञोऽस्ति यः स्वधर्मे न तिष्ठति॥' भनेर आफ्नो धर्ममा नरहेमा अर्थात् अनैतिक, दुराचारी र भ्रष्ट भएमा आफ्नै पिता, गुरु, मित्र, माता, पत्नी, छोराछोरी र पुरोहित भए पनि नछाड्नू, दण्ड दिएरै छाड्नू भनिएको छ। दण्डनीयताको योभन्दा ठुलो र साहसी मानक निर्देश अरू हुन सक्ला ? महाभारतमा त राजधर्मको वर्णन ठाउँ ठाउँमा गरिएको पाइन्छ, खास गरी शान्ति पर्व र अनुशासन पर्वमा। शान्ति पर्व अन्तर्गत त 'राजधर्मानुशासन' पर्वको एउटा उपखण्ड नै छ, जसमा शरशय्यामा सुतेका भीष्मपितामहले युधिष्ठिरलाई राजधर्मको व्याख्यान दिन्छन् । यस अन्तर्गत जनताको सुख नै शासकको सुख हो (प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्), जनताबाट कर उठाउँदा मौरीले फूललाई नमारीकन रस निकाले जस्तै उठाउनु पर्छ ('यथा मधुं समादत्ते रक्षन् पुष्पाणि षट्पदः'), शासक र सरकारी अधिकारीले इन्द्रियमाथि विजय प्राप्त गर्नु पर्छ, अर्थात् लोभ र मोह, जुन पापको कारण हो, त्यसलाई त्याग्नु पर्छ र त्यही नै परम तपस्या हो (इन्द्रियाणां निग्रहो हि परमं तप उच्यते) जस्ता कैयन् नीति उपदेश वर्णित छन्। त्यसै गरी आचार्य विष्णुगुप्त चाणक्यद्वारा अभिलिखित 'कौटिल्यको अर्थशास्त्र' ले त स्वामी (शासक, कार्यकारी प्रमुख), मन्त्रीमण्डल, राष्ट्र (भाषा, धर्म, जाति र संस्कृतिको समष्टि रूप), किल्ला वा सिमाना (परराष्ट्र सम्बन्ध वा विदेश नीति), कोष (अर्थतन्त्र), बल (सुरक्षाकर्मी, सेना) र सुहृत् (समर्थक र सहयोगी जनता) यति सात वटा अङ्ग मिलेर मात्र राज्य पूर्णाङ्ग र सबलाङ्ग बन्छ। एउटै अङ्ग पनि बिग्रियो भने राज्य सञ्चालनमा गडबडी आउने भएकाले सबै अङ्ग सुचारु राख्न बेला बेलामा ती सबैको हेरचाह गरिराख्नु पर्छ भनेको छ (स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोषो बलं सुहृत्। परस्परोपकारीदं सप्ताङ्गं राज्यमुच्यते॥ एकाङ्गेनापि विकलमेतत्साधु न वर्तते। तस्य समग्रमन्विच्छन् कुर्वीत सुपरिवेक्षणम्॥)।

## नेपालको सुशासन यात्रा

नेपालमा आधुनिक शासनप्रणालीको आरम्भ २००७ सालको राजनीतिक क्रान्तिपछि मात्र भएको हो । यद्यपि त्यसअघिका किराँत, लिच्छवि, मल्ल र शाह/राणा/शाहकालका केही शासक आफ्ना विशिष्ट गुण र योगदानका कारण इतिहासकारद्वारा असल शासकमै दरिएका पाइन्छन् । ती सबैको उल्लेख यहाँ सम्भव नहोला तर राम शाहको न्यायप्रेमिता, बहादुर शाहको सीमा विस्तार, भीमसेन थापाको देशभक्ति, पृथ्वीनारायण शाहको राज्य एकीकरण सोच र सामर्थ्य अनि उनीद्वारा उपदिष्ट सूक्तिग्रन्थ 'दिव्योपदेश', जङ्गबहादुर र चन्द्रशमशेरको राजकीय कौशल, देवशमशेरको सुधारक छवि र जुद्धशमशेरको अर्थ र उद्योग क्षेत्रको योगदानलाई चाहिँ कहिल्यै बिर्सन सकिन्न।

विसं २००७ देखि २०१५ सम्मको कालखण्ड मूलतः राजनीतिक परिवर्तनलाई संस्थागत गर्न खोजेको तर नसकिरहेको अस्थिर एवं शिक्षार्थी सङ्क्रमणकालबाटै प्रभावित रह्यो भन्दा हुन्छ। यद्यपि यसै अवधिमा कर्मचारीतन्त्रमा धेरै संरचनात्मक र संस्थागत सुधार भए। २००८ साल असार १ गते निष्पक्ष कर्मचारी प्रशासनको धरोहर लोक सेवा आयोग स्थापना भयो। त्यसै वर्ष माघ २१ गते मुलुकको पहिलो बजेट सार्वजनिक भयो। त्यसपछि नेपालको पहिलो प्रशासन सुधार आयोग २००९ सालमा बन्यो। यो 'रैथाने' भने थिएन। यसको नेतृत्व महेश नीलकण्ठ (एनएम) बुच भन्ने भारत सरकारका गृह मन्त्रालयका सहसचिवले गरेका थिए र सदस्यमा केपी मथरानी र एसके आनन्द थिए। यस कालखण्डको सर्वाधिक उल्लेखनीय उपलब्धि भनेको तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्य (प्रधानमन्त्रित्वकाल : २०१२ पुस–२०१४ असार) को अध्यक्षतामा प्रशासनिक पुनर्गठन योजना आयोग गठन भई आंशिक रूपमा नै भए पनि यसका सिफारिस कार्यान्वयन हुनु हो। २०१३ साउनमा गठित यो उच्चस्तरीय आयोग पूर्णतः 'रैथाने' थियो, किनकि यसका सबै सदस्य नेपाली (तत्कालीन १२ वटा मन्त्रालयका बहालवाला सचिव) थिए। सदस्यसचिवमा कुलशेखर शर्मा थिए, जो पछि राज्यप्रदत्त विभिन्न जिम्मेवारीमा नियुक्त भई नेपालका सुप्रसिद्ध सरकारी अधिकारीका रूपमा प्रतिष्ठित भए। यसै आयोगको सिफारिसमा निजामती सेवा ऐन बन्यो। नेपालको पहिलो पञ्चवर्षीय योजना (२०१३–१८) को आरम्भसँगै राष्ट्रिय योजना आयोग स्थापना भयो। २०१२ मङ्सिर २९ गते नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्यसमेत बन्यो र २०१३ वैशाख १४ गते केन्द्रीय बैङ्क खुल्यो।

नेपालको शासकीय इतिहासमा पहिलो पटक सम्पन्न संसदीय आमनिर्वाचनमा अहिलेसम्मकै बलियो (दुई तिहाइ) जनादेश पाएको, काम गर्न पनि खोजेको तर मूलतः दुई शीर्ष शासकीय व्यक्तित्वबिचको अवचेतन द्वेष र द्वन्द्वका कारण सत्ता नै विघटन हुँदा काम गर्न नपाएको सरकार चाहिँ बिपी कोइराला (प्रधानमन्त्रित्वकाल : २०१६ जेठ १३–२०१७ मङ्सिर २९) कै रह्यो। एउटा उदाहरण, त्यो बेला जम्मा १८ महिनाको अवधिमा १७ वटा ऐन संसद्बाट बनेका थिए र २०१३ को आयोगका सिफारिसमा टेकेर थप प्रशासनिक सुधारका काम अगाडि बढाउन खोजिएको थियो तर दुर्भाग्यवश सहसा त्यसमा क्रमभङ्ग भयो।

विसं २०१७ को राजनीतिक परिवर्तनपश्चात् नेपालको शासकीय स्वरूप र चरित्रले नयाँ मोड लियो । परिवर्तनका सूत्रधार राजा महेन्द्र देशमा केही गरौँ भन्ने हुटहुटी भएका र महत्त्वाकाङ्क्षी शासक थिए। उनमा विमति र विपक्षलाई समेटेर लैजान नसक्ने कमजोरी थियो, जसका कारण मुलुकलाई चाहिने दुइटा क्षमतावान् नेता सँगैसँगै जान सकेनन् र ३० वर्षपछि देशको शासनप्रणालीले कोल्टो फेर्नु पर्‍यो। महेन्द्रीय शासनकाल (२०१७–२०२८) मा शासकीय सुधारका र खास गरी दूरगामी भौतिक तथा सामाजिक विकासका निकै काम भए र साँच्चै भन्ने हो भने बहुदलीय राजनीतिलाई निषेध नगरी विचार, चेतना, अभिव्यक्ति र सङ्गठनको स्वतन्त्रतामाथि नियन्त्रण नगरिएको भए वा भनौँ, संवैधानिक राजतन्त्रको पुनर्स्थापनाका लागि राजा वीरेन्द्र (शासनकाल २०२८–२०५८) कै प्रतीक्षा गर्नु नपरेको भए, 'महेन्द्रीय विकासपथ' को यात्राले सफलतापूर्वक राम्रै दुरी पार गरिसकेको हुन्थ्यो तर दुर्भाग्य, त्यसो हुन सकेन। फलस्वरूप एकपछि अर्को राजनीतिक प्रणाली (राजाको सक्रिय र प्रत्यक्ष नेतृत्वमा निर्दलीय पञ्चायत, बहुदलीय संवैधानिक राजतन्त्र, पुनः सक्रिय र निरङ्कुश प्रकृतिको राजतन्त्र र राजतन्त्रविहीन गणतान्त्रिक लोकतन्त्र) एवं तदन्तर्गतका दर्जनौँ सरकार (२०४६ यताका ३६ वर्षमा ३२ सरकार) को अस्थिर शृङ्खला मुलुकले भोग्नुपर्ने थिएन।

## विगतको सिंहावलोकन

सुशासनको कोणबाट समीक्षा गर्दा निर्दलीय पञ्चायतकालको सर्वोपरि सकारात्मकता के देखिन्छ भने त्यो कालखण्डमा सामान्यतः (एक/दुई अपवादबाहेक) कर्मचारी आफ्नो विषयमा सक्षम, इमानदार र अनुशासित थिए । त्यो अनुशासन भने थोरै स्वस्फूर्त र बढी भयजन्य थियो जस्तो लाग्छ। राजकाजमा वा शासकीय बन्दोबस्तमा दरबार नै निर्णायक थियो तर सार्वजनिक पदमा योग्य र इमानदार व्यक्तिको नियुक्तिप्रति सचेत पनि थियो। राम्रा मान्छे भरसक सबै क्षेत्र, जाति र वर्गबाट छानेर ल्याइन्थ्यो र शासकीय (राजनीतिक तथा प्रशासनिक) जिम्मेवारी दिइन्थ्यो। डा. हर्क गुरुङ, डा. भेषबहादुर थापा, डा. मोहम्मद मोहसिन, हिमालयशमशेर राणा, डा. यादवप्रसाद पन्त, पशुपति शमशेर जबरा, डा. प्रकाशचन्द्र लोहनी, कुलशेखर शर्मा, सरदार यदुनाथ खनाल, नरकान्त अधिकारी, भुवनेश्वर खत्री, विन्देश्वरी शाह आदि केही त्यस्ता स्मरणीय नाम हुन्; जसको इमान र काबिलियतलाई नेपालको शासकीय वृत्तले अझैसम्म पनि आदरणीय ठान्छ। यस्ता त कति नाम छन् कति। यी केवल प्रतिनिधि पात्र मात्र हुन्।

पञ्चायती कालखण्डको नकारात्मक शासकीय पक्ष चाहिँ शक्ति, सत्ता र अधिकारमा दरबारको एकल प्रभुता, निर्णय प्रक्रियामा कर्मचारीको स्वतन्त्र विवेक शक्तिको न्यूनता, दरबार निर्देशित नीति निर्माण तथा कार्यान्वयन र भ्रष्टाचार छानबिनको पहुँचबाहिरको दरबारिया वृत्त नै हो जस्तो लाग्छ तर पनि नेपालमा प्रशासनिक संरचना र प्रणालीको एउटा बलियो जग बसाल्ने काम त्यो कालखण्डले गर्‍यो, जसको विरासत जोगाउनमा त्यसपछिका ठुलठुला राजनीतिक उथलपुथलका बखत पनि प्रशासन संयन्त्र सफल नै भएको मान्नु पर्छ। २०३६ को जनमतसङ्ग्रह, २०४६ को जनआन्दोलन, २०४७ को संविधान निर्माण, २०५२–२०६२ को माओवादी द्वन्द्व, २०५८ को राजदरबार हत्याकाण्ड र २०६२–६३ को दोस्रो जनआन्दोलनका बखत नेपालको प्रशासन संयन्त्रले आफ्नो सक्दो सामर्थ्य देखाएकै हो। त्यसै गरी चाहे २०६५ मा राजतन्त्रको अन्त्य तथा गणतन्त्रको घोषणा, २०६४ र २०७० मा गरी दुई पटक संविधान सभाको निर्वाचन, २०७२ को महाभूकम्प र २०७५–७६ को कोभिड महाव्याधि होस् वा भदौ २३–२४, २०८२ को युगान्तकारी नवयुवा (जेनजी) आन्दोलन र त्यसको पटाक्षेपको पृष्ठभूमिमा संसद् विघटन, नागरिक सरकार गठन र संसद्को आकस्मिक निर्वाचनका परिघटनाहरू हुन्; यी परिघटनामा नेपाली प्रशासनयन्त्र (सुरक्षाकर्मी सङ्गठनसमेत) ले आफ्ना जतिसुकै कमीकमजोरी (युगानुकूल प्रतिस्पर्धात्मक क्षमताको अभाव, अत्यधिक दलीय राजनीतीकरण र भ्रष्टाचारको व्यापकीकरणका बिच पनि) आवश्यक लचकता, उत्थानशीलता (रेजिलियन्स) एवं अपेक्षित क्षमता र जवाफदेहिता देखाएर तत् तत् उथलपुथलबाट देशलाई पार लगाउन र नेपाललाई असफल राज्य वा राष्ट्रको सूचीमा पर्नबाट जोगाउनमा अहम् भूमिका खेलेकै हो भन्दा पक्कै पनि अभिमान र अतिरञ्जना ठहरिने छैन।

## सुशासनको नयाँ यात्रा

भदौ २३ र २४ को जेनजी आन्दोलनको शीर्ष माग भनेकै सुशासनको बहाली र भ्रष्टाचार अन्त्य भएकाले त्यसकै जगमा बनेको वर्तमान निर्वाचित सरकार सर्वप्रकारले यो एजेन्डामा समर्पित रहनु बिलकुल स्वाभाविक ठहर्छ। यी दुई माग फेरि हेर्दा छुट्टाछुट्टै जस्तो लागे पनि वस्तुतः अन्तरआबद्ध छन् र यी दुईबिच परस्परमा कार्यकारण सम्बन्ध छ । जस्तो सुशासन भयो भने भ्रष्टाचार नियन्त्रित वा निवारण हुन्छ भने भ्रष्टाचार नरोकिईकन सुशासनको अनुभूति हुन सक्दैन। त्यसैले निर्वाचन सुरु नहुँदै वर्तमान सत्तारूढ दलले जारी गरेको आफ्नो ४० पृष्ठको वाचापत्रको शीर्षक नै 'थिति बसाल्ने सङ्कल्प' राखिएको छ। त्यसै गरी दोस्रो पृष्ठमै संलग्न 'नागरिक करार' भनिने नौलो र प्रायोगिक प्रकृतिको दस्ताबेजको पहिलो प्राथमिकतामै 'सदाचार र असल शासन' लाई स्थान दिँदै राज्य संरचनाको दलीय दोहन, प्रक्रियाकेन्द्रित भ्रष्टाचार र सेवा प्रवाहमा बिचौलियाको बिगबिगीलाई हाल विद्यमान अवस्थाका रूपमा चित्रण गरिएको छ । त्यसको समाधानका रूपमा 'नीति, आचरण र संस्थागत सुधारका लागि 'भ्रष्टाचारविरोधी महाअभियान' मार्फत 'विश्वसनीय र सदाचारी राज्यको निर्माण', 'सरकारी सेवाको सर्वव्यापी डिजिटल डेलिभरी', 'दलीयकरणको अन्त्य' र '२०४६ देखिकै सम्पत्ति छानबिन गर्न उच्च आयोग गठन' लाई अगाडि सारिएको छ।

त्यसै गरी करिब दुई तिहाइको विपुल मतादेशसहित निर्वाचित वर्तमान सरकारले शपथ लिएकै दिन अर्थात् २०८२ चैत १३ गते बसेको मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत र सार्वजनिक २० पृष्ठको 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' ले त जम्मा १२ शीर्षकका विषयक्षेत्र अन्तर्गत समयसीमा नै तोकेर सय वटा कार्य निर्धारण गरेको छ, जसमा अधिकांश यही एजेन्डासँग सम्बन्धित प्रतिबद्धता छन्। त्यसै गरी सोही कार्यसूचीको बुँदा नं. ३ मा प्रतिबद्धता व्यक्त गरिए अनुसार छ वटा प्रमुख राजनीतिक दलका घोषणापत्र समेटेर तयार गरिएको २२ पृष्ठको १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धतापत्र' को बुँदा १०, ११ र १२ मा 'सुशासन तथा भ्रष्टाचार नियन्त्रण', 'प्रशासनिक सुधार तथा सेवा प्रवाह' र 'विद्युतीय सुशासन तथा प्रविधि' शीर्षक अन्तर्गत सम्पत्ति छानबिन आयोगको गठन, नीतिगत भ्रष्टाचारलाई अन्त्य गर्न नीतिगत निर्णयको परिभाषा, स्वार्थको द्वन्द्वसम्बन्धी कानुन निर्माण, कर्मचारीको दलीय आबद्धता अन्त्य गर्न ट्रेड युनियनको खारेजी, मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीमा आधारित न्यायाधीश नियुक्ति, सङ्घीय मन्त्रालयको सङ्ख्या २२ बाट १७ मा न्यूनीकरण, राष्ट्रिय योजना आयोगलाई 'थिङ्क ट्याङ्क' मा रूपान्तरण, नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना, उच्चस्तरीय प्रशासन संरचना पुनरवलोकन आयोगको गठन, आउँदो पाँच वर्षमा सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति भर्ना जस्ता प्रतिबद्धता समाविष्ट छन्।

सरकारका उक्त प्रतिबद्धताको निर्माणमा सम्भवतः सुशीला कार्की प्रधानमन्त्री हुँदा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा गठित एक कार्यदलद्वारा छ वटा कार्यदिशालाई दुई सयभन्दा बढी बुँदामा समेटेर बुझाइएको सुशासनको मार्गचित्रसम्बन्धी प्रतिवेदनले पनि मद्दत गरेको देखिन्छ। त्यसैबिच त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागले तीन महिना लगाएर देशैभर गरेको भनिएको 'जेनजी आन्दोलनको मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' नामक अध्ययन प्रतिवेदनले समेत जेनजी आन्दोलन युवाको 'क्षणिक आक्रोश' मात्र नभई भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव एवं सामाजिक अन्याय र संस्थागत असफलताविरुद्ध प्रतिक्रिया भएको निचोड निकालेको थियो।

## प्रतिबद्धता कार्यान्वयन

सामान्यतया सरकार गठन भएको सय दिनलाई 'मधुमास' का रूपमा ग्रहण गर्ने परम्परा छ। अमेरिकाका ३२ औँ राष्ट्रपति एफ डी रुजवेल्टको कार्यकाल (१९३३–४५) का सुरुका सय दिनको कामलाई मानक (बेन्चमार्क) बनाएर प्रयोग गर्न थालिएको यो शब्दावलीको रोचक अपवादका रूपमा नेपालका ४३ औँ प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वको वर्तमान सरकार उभिएको छ । शपथ लिएको लगत्तै सार्वजनिक गरिएको न्यूनतम २४ घण्टादेखि अधिकतम चार हजार ३२० घण्टा (छ महिना) को अभूतपूर्व समयसीमासहितको सयबुँदे सुशासन कार्यसूचीलाई समातेर थालिएको कामको गतिको तीव्रता अहिले सबैका लागि साँच्चिकै विस्मयकारी देखिएको छ। १५ दिन पनि नपुग्दै जटिल र महत्त्वाकाङ्क्षी कार्यादेशसहितको सम्पत्ति छानबिन आयोगको गठन भएको छ, ३५ दिन नपुग्दै काठमाडौँ उपत्यकाभित्रका नदीतटमा अवस्थित अवैध र अव्यवस्थित बसोबासजन्य बस्ती भत्काएर खाली गराई वास्तविक 'सुकुमवासी' हरूको पहिचान, प्रमाणीकरण र स्थानान्तरणको प्रक्रिया आरम्भ भएको छ र त्यति नै अवधिभित्रमा, आसन्न संसद् अधिवेशनकै छेको पारेर आठ आठ वटा महत्त्वपूर्ण, संवेदनशील र दूरगामी प्रभाव पार्नेसमेतका अध्यादेश जारी भएका छन्। वास्तवमा सरकारले गरेका यस्ता आवश्यक एवं आँटिला तर प्रक्रिया, परामर्श, प्रभाव र समयसीमाका दृष्टिले कठोर प्रकृतिका शासकीय कदम हुन्; जसले नागरिकमाझ प्रशंसा र आलोचना दुवै निम्त्याएका छन्।


## अध्यादेशको 'अस्त्र'

पेस भएका अध्यादेश सबै जारी भइसकेका छन्, जुन मुलुकका लागि एकदमै आवश्यक थिए । खास गरी सहकारीपीडितको रकम फिर्ता, सम्पत्ति शुद्धीकरण र सार्वजनिक खरिदका साथै पूर्वाधार विकासको सहजताका लागि जग्गा प्राप्ति एवं वन तथा वातावरण, राजस्व परिचालन र शिक्षासम्बन्धी विभिन्न ऐनका तत् तत् संशोधनीय प्रावधानहरूलाई एउटै डालोमा हालिएको केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशहरू सुशासन र समुन्नतिका सन्दर्भमा निर्विवाद देखिन्छन् भने विश्वविद्यालय तथा स्वास्थ्य प्रतिष्ठानको गैरराजनीतीकरणसम्बन्धी अध्यादेश पनि उत्तिकै समयानुकूल छ। सबैभन्दा चर्चित चाहिँ सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेश भएको छ, जसले एकै झट्कामा विश्वविद्यालयसमेत ११० संस्थाका एक हजार ५९४ वटा विभिन्न प्रकृतिका सार्वजनिक नियुक्तिलाई तत्काल लागु हुने गरी खारेज गरिदिएको छ। केही विश्लेषकले यी सबै पद शुद्ध राजनीतिक नियुक्तिका मात्र नभई सम्बन्धित संस्थाका छुट्टै कानुनद्वारा निर्धारित प्रतिस्पर्धात्मक छनोट प्रक्रियाद्वारा पूर्ति गरिएका पद पनि भएकाले समान व्यवहारका हकदार थिएनन् भन्ने मत राखेका छन्, तथापि नयाँ निर्वाचित शक्तिशाली सरकारलाई आफ्नो कार्यसूचीको कसिलो समयसीमाबद्ध कार्यान्वयनका लागि योग्यता र गुणवत्तामा कुनै सम्झौता नगरी नयाँ नियुक्ति गर्न पाउने सुविधाको हक छ। बरु रिक्त पदपूर्तिमा भने विलम्ब गरिनु हुँदैन भन्ने प्रतिमत पनि उत्तिकै बलियो छ। राष्ट्रपतिबाट पहिलो पटक फिर्ता पठाइएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेशसमेत सरकारका तर्फबाट थप औचित्य पुष्टिसहित पुनः पेस गरिएपछि जारी भइसकेको छ। यो अध्यादेश विगतका नजिरसमेतका कारण केही पेचिलो त बनेको छ तर त्यसको विवादमुक्त कार्यान्वयनका लागि प्रधानमन्त्री र राष्ट्रपतिबिच शिष्टाचार संवाद हुनु उपयुक्त देखिन्छ। अध्यादेश जारी गर्ने विषय नितान्त संविधानसम्मत लोकतान्त्रिक प्रावधान भए पनि यो अस्त्रलाई विशेष आपत्कालीन परिस्थिति (इमर्जेन्सी) वा विषयगत अपरिहार्यता (अर्जेन्सी) का लागि अपवादस्वरूप सुरक्षित राख्दा नै विधिको शासनको मर्यादा संरक्षित रहने भएकाले सरकारको ध्यान त्यसतर्फ जाने नै छ।

भर्खरै जारी भएका अध्यादेशबाहेक पनि संशोधन, प्रतिस्थापन वा नवनिर्माण गर्नुपर्ने कानुन थुप्रै छन् । अख्तियार, भ्रष्टाचार निवारण, सुशासन, बजार नियमन तथा आपूर्ति व्यवस्थापन, उपभोक्ता हित संरक्षण, आयोजना कार्यान्वयन द्रुतीकरण र पूर्वाधार विकाससँग सम्बन्धित कैयन् ऐन सुशासन र समुन्नतिका दृष्टिले उत्तिकै जरुरी छन्। सरकारले प्राथमिकतासाथ प्रक्रिया अघि बढाइसकेको अति नै विलम्बित निजामती सेवा ऐन त झन् भन्नै परेन। यी सबै कानुन सरकारको कार्यसूचीमा समेटिएकै छन्, अब यिनलाई समयबद्ध द्रुत विधायन प्रक्रिया अपनाएर संसद्बाटै पारित गराउनु श्रेयस्कर हुन्छ।

## विश्वासको लाभ

सुशासनको सुनिश्चितताका लागि चाहिने पहिलो कुरा असल नियत नै हो। नियत दूषित छैन भने विधि र प्रक्रियामा कहीँकतै चुक भएको छ भने पनि सरकारले शङ्काको लाभ पाउँछ । अहिले सरकारले प्रचुर मात्रामा त्यो लाभ पाएको छ। आएको एक महिनामै शिक्षा क्षेत्र र कर्मचारीतन्त्रमा दलीय राजनीतिक आबद्धताको अन्त्य, डिजिटल सर्भिस डेलिभरी (सवारीचालक इजाजतपत्र, नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र आदिमा सहजता), मन्त्रालय विभागलगायत सरकारी सङ्गठनको पुनर्संरचना (विघटन, विलय वा पुनर्गठन) को थालनी, अनधिकृत सरकारी सवारीसाधनको कडाइका साथ नियन्त्रण र राजनीतिक एवं संवैधानिक पदमा योग्य एवं इमानदार व्यक्तिको नियुक्तिको अग्रसरता– यी यस्ता केही कदम हुन्, जसले सरकारको असल नियतलाई निःसन्दिग्ध प्रदर्शित गर्छ तर त्यो शङ्काको लाभलाई अझ एक कदम अगाडि बढेर 'विश्वासको लाभ' मा बदल्नका लागि भने सरकारले विधि र पद्धतिको समुचित पालना गर्नैपर्ने हुन्छ। त्यो विधिको पालनासँगै सरोकारवालासँग पर्याप्त परामर्श र संवादसमेत भयो भने पारस्परिक विश्वासको वातावरण निर्माण हुन्छ; जुन कुनै पनि कामको परिणामलाई दिगो र पत्यारिलो बनाउनका लागि भरपर्दो आधार बन्दछ । जनअनुमोदित वैधता (लेजिटोमेसी) बिनाको कानुनी प्रक्रिया प्राविधिक मात्र हुन्छ। त्यसैले साध्यको पवित्रतासँगै साधनको पवित्रता पनि सुशासनका लागि उत्तिकै महत्त्वपूर्ण छ भन्ने गान्धीजीको भनाइ हृदयङ्गम गर्ने हो भने नियत, नीति र नियमसँगै संवाद, परामर्श, सहमति र सहकार्यतर्फ पनि उत्तिकै ध्यान पुर्‍याउनु मनासिब हुन्छ। निश्चय पनि नेपालको आजसम्मको निर्वाचनको इतिहासमा सर्वाधिक लोकप्रिय मत ४७.८ प्रतिशत (बिपीले पाएको ३७.२३ प्रतिशतभन्दा पनि बढी) को हकदार बनेको वर्तमान सरकारको ध्यान यसतर्फ जाने नै छ भन्ने आशा र विश्वाससँगै आगामी दिनका सरकारका निर्णय उत्तरोत्तर अझ परिमार्जित र विधिसमर्थित भई पूर्णतः आलोचनारहित बन्न सकून् भनी शुभकामना दिनु नै अहिले समयोचित ठहर्छ।




राष्ट्रपति



राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

शुभकामना

नेपाली पत्रकारिताको धरोहर र इतिहासको जीवन्त साक्षी गोरखापत्र १२५ वर्षको गौरवशाली यात्रा पूरा गरी १२६ औं वर्षमा प्रवेश गरेको तथा गोरखापत्र संस्थानले आफ्नो ६४ औं वार्षिकोत्सव मनाउन लागेको सुखद अवसर तथा पत्रकारिता दिवसको उपलक्ष्यमा म संस्थान परिवार एवं सम्पूर्ण पाठक तथा सञ्चार जगतप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

वि.सं. १९५८ वैशाख २४ गतेबाट सुरु भएको गोरखापत्रको यात्रा केवल एक प्रकाशन गृहको कथा मात्र होइन, यो नेपालको राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको गाथा पनि हो। राणाकालीन समयदेखि गणतन्त्रसम्मका हरेक घुम्ती र मोडहरूको साक्षी बनेको यस पत्रिकाका पन्नाहरूमा नेपालको आधुनिक इतिहास सुरक्षित छ।

गोरखापत्रले नेपाली समाजको विविधतालाई जसरी आत्मसात् गरेको छ, त्यो आफैंमा प्रशंसनीय छ। ४९ वटा राष्ट्रिय भाषामा सामग्री प्रकाशन गरेर यसले नेपालको बहुभाषिक र बहुसांस्कृतिक पहिचानलाई राज्यको मूलधारसँग जोड्ने काम गरेको छ। साना जाति, सिमान्तकृत समुदाय र क्षेत्रीय आवाजहरूलाई प्राथमिकता दिएर गोरखापत्रले समावेशी लोकतन्त्रको मर्मलाई व्यवहारमा उतारेको छ। 'गिद्ध प्रेस' को प्रारम्भिक जगदेखि आधुनिक डिजिटल प्लेटफर्मसम्मको यसको विकासक्रमले नेपाली पत्रकारिताको मानक तय गरेको छ। आजको द्रुत डिजिटल युगमा पनि सामाजिक सञ्जालमार्फत सूचनाको पहुँचलाई व्यापक बनाउनु यसको समयसापेक्षताको प्रमाण हो।

संस्थानले आफ्नो वार्षिकोत्सवमा प्रकाशन गर्न लागेको 'सुशासन' विशेषाङ्क र ऐतिहासिक दस्तावेजका रूपमा आउन लागेको सामग्रीले मुलुकको समृद्धि र पारदर्शिताका लागि महत्वपूर्ण दिशानिर्देश गर्नेमा म विश्वस्त छु। यस्ता प्रकाशनहरूले वर्तमान पुस्तालाई विगतको सङ्घर्ष बुझ्न र भविष्यको स्पष्ट मार्गचित्र कोर्न मद्दत पुऱ्याउनेछन्।

अन्त्यमा, राष्ट्र निर्माणको यात्रामा सत्य, तथ्य र निष्पक्ष सूचनाको भूमिका अपरिहार्य हुन्छ। गोरखापत्रले सदैव राष्ट्रिय एकता, सामाजिक सद्भाव र लोकतान्त्रिक मूल्यको पहरेदार बनेर जनताको निर्भीक आवाज बनिरहोस्। शिक्षा, स्वास्थ्य, आर्थिक न्याय र सुशासनको जगमा समृद्ध नेपाल निर्माण गर्ने साझा राष्ट्रिय सङ्कल्पमा यस संस्थानको कलम अझ सशक्त ढङ्गले, अगाडि बढोस् भन्ने कामना गर्दछु।

ऐतिहासिक गौरवलाई अक्षुण्ण राख्दै डिजिटल भविष्यतर्फ लम्किरहेको गोरखापत्रको उत्तरोत्तर प्रगतिको पुनः शुभकामना।

जय नेपाल !
मितिः २०८३ साल वैशाख २१ गते सोमवार

रामचन्द्र पौडेल

उपराष्ट्रपति



काठमाडौं, नेपाल

शुभकामना सन्देश

गोरखापत्र नेपालको पत्रकारिताको इतिहास मात्र होइन, राष्ट्रिय चेतना र सामाजिक रूपान्तरणको जीवन्त अभिलेख हो। वि.सं. १९५८ वैशाख २४ गते सुरु भएको गोरखापत्रले १२६ वर्षको गौरवशाली यात्रामा निरन्तर प्रगति र नवप्रवर्तनको उदाहरण प्रस्तुत गरेको छ । साप्ताहिक प्रकाशनबाट सुरु गरी दैनिक, बहु-संस्करण, साहित्यिक पत्रिका, बालबालिकामुखी सामग्री, अनलाइन संस्करण र बहुभाषिक सामग्रीसम्म विस्तार गर्नु यसको ऐतिहासिक उपलब्धि हो।

गोरखापत्रले नेपाली पत्रकारितामा 'पहिलो' हुने गौरव प्राप्त गर्दै वि.सं. १९८४ वैशाख १३ गते वीरगन्जकी १२ वर्षीया सूर्यमती श्रेष्ठिनीले चन्द्रकामधेनु चर्खाबाट धागो काटिरहेको पहिलो तस्बिर प्रकाशन, १९९८ मा पहिलो विशेषाङ्क 'उदयाङ्क', २०५७ मा शताब्दी वर्ष प्रवेश, नेपालकै पहिलो अंग्रेजी ब्रोडसिट दैनिक 'द राइजिङ नेपाल' प्रकाशन र ४९ वटा राष्ट्रिय भाषामा समाचार प्रस्तुत गर्ने 'नयाँ नेपाल' पृष्ठको प्रकाशन गरी कीर्तिमान स्थापित गरेको छ। यी नेपालको पत्रकारिताका लागि ऐतिहासिक कदमहरु हुन् । गोरखापत्रले लोकतन्त्रको उदयदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा नजिकबाट नियाल्दै सत्य, निष्पक्षता र समावेशिताको अभ्यासलाई निरन्तर सबल बनाएको छ।

सम्पादकीय नेतृत्वमा पण्डित नरदेव पाण्डे, जयपृथ्वीबहादुर सिंह, प्रेमराज, बालकृष्ण सम, टेकबहादुर खत्री 'नवीन' जस्ता व्यक्तित्वहरूले गोरखापत्रलाई बौद्धिक र व्यावसायिक दिशा दिएका छन् । आधुनिक छपाइ प्रणाली, डिजिटल संस्करण, रङ्गीन स्वरूप, क्षेत्रीय प्रकाशन तथा संवेदनशील समाचारमा 'स्टप द प्रेस' जस्ता कीर्तिमानहरूले यस संस्थानलाई विश्वसनीय र अग्रणी बनाएका छन्।

बदलिँदा व्यवस्था, फेरिँदा समय र अनेक सामाजिक-राजनीतिक रुपान्तरणबीच गोरखापत्रले नेपालको भाषा, संस्कृति, राष्ट्रिय एकता र सार्वजनिक चेतनाको विश्वसनीय संवाहकका रुपमा विशिष्ट पहिचान कायम राख्दै आएकोमा उच्च प्रशंसा गर्दै हार्दिक बधाई दिन चाहन्छु।

अन्त्यमा, गोरखापत्र १२६औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा सम्पूर्ण सञ्चालक, सम्पादक, पत्रकार, प्राविधिक, कर्मचारी तथा पाठकवर्गलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । गोरखापत्रले विगतमा जस्तै भविष्यमा पनि सत्य, निष्पक्षता, समावेशिता र राष्ट्रिय हितलाई सर्वोपरि राख्दै पत्रकारिताको जगलाई अझ सबल बनाउन सकोस् भन्ने विश्वास लिएको छु। यस ऐतिहासिक क्षणमा गोरखापत्र संस्थानलाई निरन्तर प्रगति, नवप्रवर्तन र जनसेवामा समर्पित रहन शुभकामना व्यक्त गर्दछु।

जय नेपाल

धन्यवाद !

२०८३ वैशाख २१ गते सोमबार
ने.सं. ११४६ बछलागा, तृतीया

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

प्रधानमन्त्री



काठमाडौं, नेपाल

शुभकामना

नेपाली पत्रकारिताको जीवन्त इतिहास र हाम्रो गौरवशाली राष्ट्रिय सम्पदा गोरखापत्र १२५ वर्षको ऐतिहासिक यात्रा पूरा गरी १२६ औं वर्षमा प्रवेश गरेको तथा गोरखापत्र संस्थानले आफ्नो ६४ औं वार्षिकोत्सव मनाउन लागेको यस विशेष उपलक्ष्यमा संस्थान परिवार, पत्रकार, कर्मचारी एवम् सम्पूर्ण पाठकमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आजको युग परिवर्तनको युग हो । जेन्जी (Gen Z) आन्दोलनले स्थापित गरेको नवीन चेतना र सुशासनको भोकलाई आत्मसात् गर्दै वर्तमान सरकारले समृद्ध नेपालको जग बसाल्ने सङ्कल्प लिएको छ । हामीले सरकारको 'सय दिनको सय बुँदे मार्गचित्र' सार्वजनिक गरी नतिजामुखी कामहरू अगाडि बढाइरहेका छौं । यो सन्दर्भमा गोरखापत्र संस्थानले आफ्नो वार्षिकोत्सवको अवसरमा 'सुशासन' विशेषाङ्क प्रकाशन गर्न लागेकोमा मलाई निकै खुसी लागेको छ । सुशासन केवल नारा मात्र होइन, यो डेलिभरी र पारदर्शिताको कडा मानक हो भन्ने सन्देश यस विशेषाङ्कले दिने मेरो विश्वास छ ।

वि.सं. १९५८ बाट सुरु भएको गोरखापत्रको यात्रा केवल सूचना प्रवाहमा मात्र सीमित छैन; यो नेपालको राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको साक्षी पनि हो । राणाकालदेखि आजको डिजिटल युगसम्म आउँदा गोरखापत्रले आफूलाई समयको पदचापसँगै परिवर्तन गरेको छ । ४९ राष्ट्रिय भाषामा सामग्री प्रकाशन गरेर यसले समावेशी नेपालको वास्तविक तस्विर संसारलाई देखाएको छ ।

आजको डिजिटल युगमा गोरखापत्र अनलाइन, राइजिङ नेपाल अनलाइन सामाजिक सञ्जालका विभिन्न माध्यममार्फत विश्वभरका नेपालीलाई जोडिरहनु संस्थानको प्रशंसनीय कार्य हो । प्रविधिले सूचनाको गति बढाएको छ, तर यो गतिसँगै 'सत्यता' र 'विश्वसनीयता' जोगाउनु आजको प्रमुख चुनौती हो । गोरखापत्रले सधैं सरकार र जनताबीच पुलको काम गर्दै सत्य र न्यायको पक्षमा आफ्नो कलम चलाइरहनेछ भन्ने मेरो दृढ विश्वास छ ।

अन्त्यमा, पत्रकारिताले समाजको ऐना मात्र होइन, समाज परिवर्तनको इन्जिन पनि बन्नुपर्दछ । गोरखापत्रको आगामी यात्रा अझ आधुनिक, प्रविधिमैत्री र सुशासनको पक्षमा निर्भीक बनोस् । तपाईंहरूको सिर्जनात्मक कार्यले नै समृद्ध नेपालको सपना साकार पार्न बल पुग्नेछ ।

सबैलाई पुनः हार्दिक बधाई र शुभकामना !

१५ वैशाख, २०८३

बालेन्द्र शाह

# समुन्नतिको कार्यसूची



गोपीनाथ मैनाली

सुशासनका विषयमा दिनहुँ जसो चर्चा हुन्छ तर यो व्यावहारिक बुझाइबाट पर पुग्दा भ्रम पनि उत्पन्न हुने गरेको छ। सुशासनलाई आआफ्नै अर्थ, आवश्यकता र सन्दर्भमा बुझ्ने गरिएको पाइन्छ। राजनीतिक कार्यकर्ता, कर्मचारी, अभियन्ता तथा विकास साझेदारले यसलाई आआफ्नै अनुकूलतामा लिँदै आएका छन् र आफूलाई भने समेट्दैनन् । सैद्धान्तिक अर्थभन्दा व्यावहारिक अनुभूतिले सुशासनको अर्थवत्तालाई सिद्ध गर्दछ भन्ने भुलिएको पनि छ।

सुशासन सार्वजनिक जीवनमा खोजिन्छ । सार्वजनिक पदाधिकारीको कार्यव्यवहारमा खोजिन्छ किनकि उनीहरूको व्यवहारले सर्वसाधारणको जीवनलाई प्रभाव पार्दछ । जब सार्वजनिक निकायका पदाधिकारीले आफूले गर्नुपर्ने काम सहज रूपमा गरेर सर्वसाधारणको विश्वास जित्छन्, त्यस अवस्थामा सुशासन प्राप्त हुन्छ । यस अर्थमा पदाधिकारीको सर्वसाधारणप्रतिको व्यवहारजन्य नतिजा सुशासन हो; जुन व्यवहार स्रोत, साधन र शक्तिको आदर्श अभ्यासमा प्राप्त गर्न सकिन्छ। सामान्य रूपमा सार्वजनिक संस्थाको मूल्य सिद्धान्त अनुसार काम गर्नु, जिम्मेवारीप्रति ग्रहणशील हुनु, असल आचरण अपनाउनु, सेवाग्राहीलाई शीघ्र सेवा दिनु, गरिएका काम र लिइएका निर्णयमा जवाफदेही हुनु, कार्यसम्पादन क्षमता विकास गर्नु र कार्यसम्पादन प्रभावकारिता बढाई प्रत्यक्ष जवाफदेही बन्नु सुशासन हो। यो भनेर होइन गरेर, गरेर मात्र होइन इमानदार बनेपछि प्राप्त गरिने विषय हो। सुशासन नतिजा र अनुभूतिमा देखिने गर्दछ।

प्रत्येकप्रति प्रत्येक जवाफदेही हुने शासकीय संस्कृति सुशासन हो । नैतिक, कानुनी र नतिजा जवाफदेहिता भएका संस्था सुशासनका खम्बा बन्छन्, पदाधिकारी त्यसका चालक। अरूबाट मात्र असल व्यवहारको अपेक्षा गर्ने तर आफूबाट त्यसै अनुरूपको व्यवहार सुरु नगर्ने प्रवृत्तिले सुशासन हुँदैन । नैतिक र कानुनी रूपमा जवाफदेही पदाधिकारी काम मात्र गर्दैनन्; निष्ठामा रहन्छन्, मिठो बोल्छन्, सेवाग्राहीप्रति समानुभूति राखी मानवीय मर्यादा देखाउँछन् र व्यावसायिक प्रवीणताको पुष्टि गर्छन्। पदीय अहम्ता होइन, पदलाई मर्यादा गर्छन्। सेवाग्राहीलाई ईश्वर ठानी उनीहरूप्रति जवाफदेही हुनु कर्तव्य ठान्छन् । संस्थाको मर्यादा उनीहरूको दायित्व हो। त्यसो भएपछि मात्र शासन सेवामा बदलिन्छ। आधुनिक अर्थमा शासन भनेको सेवा हो । लोकतन्त्रमा अवसरको निर्माण र तिनको न्यायपूर्ण वितरण भएपछि सुशासन संस्थागत हुन्छ । लोकतन्त्रले सुशासनको अभीष्ट पूरा गर्छ।

सुशासनको सैद्धान्तिकभन्दा व्यावहारिक तथा भौतिकभन्दा भावनात्मक र नैतिक आयाम बृहत् हुन्छ। सार्वजनिक जीवनका मूल्यमानक र सिद्धान्तप्रति खरो उत्रिएपछि सुशासनको नैतिक आयाम पूरा हुन्छ। यस अर्थमा पदाधिकारीहरू स्वार्थहीन हुनु पर्छ। संस्था र सरोकारवालाको स्वार्थबाहेक उनीहरूको कुनै स्वार्थ रहनु हुँदैन । सदाचारी हुनु पर्छ । निर्णय मनोगत होइन, वस्तुपरक हुनु पर्छ । सधैँ प्रश्न उठाउन सकिने गरी पारदर्शी हुनु पर्छ। सम्पादित काममा जवाफदेही हुनु पर्छ । उच्च तहको इमानदारी देखिनु पर्छ र सबैभन्दा महत्त्वपूर्ण पक्ष उसको व्यवहार अनुकरणीय हुनु पर्छ। पदाधिकारी र पात्रमा यी गुण नभएमा सुशासन भन्ने कुरा मात्र हो। यी कुरा व्यवहारमा देखिए सुशासनको बहस गरिरहनु नै पर्दैन। यी गुण निर्वाचित पदाधिकारी, नियुक्त पदाधिकारी, मनोनीत पदाधिकारी, शासकीय र स्वायत्त संस्थाका व्यक्तिहरू र पेसा समूहमा देखिनु पर्छ। यी पदाधिकारीले नै सर्वसाधारणको स्रोत, साधन, शक्ति उनीहरूकै नाममा अभ्यास गरी उनीहरूलाई नै प्रभाव पार्छन्। त्यसैले सेवाप्रदाता जवाफदेही (ड्युटी होल्डर) र सर्वसाधारण (राइट होल्डर) जवाफग्राही अधिकारमा रहन्छन्। जनता जागरुक छन्। उनीहरू आफ्ना विषयमा के हुनु पर्छ, के भइरहेको छ भन्ने प्रश्न उठाउन सक्ने चेतनामा छन्। अब उनीहरू सेवाका निष्क्रिय उपभोक्ता नभई सेवा (शासन) का स्वामी हुन्।

सुशासन प्रत्याभूतिका लागि कानुन, नीति तथा संरचना बनाइने परम्परा छ; जुन सुशासनको औपचारिक र नकारात्मक पक्षबाट खोजिने उपचार विधि मात्र हो । नेपालले सुशासन व्यवस्था ऐन जारी गरेको छ। बृहत् रूपमा भन्दा सबै नीति तथा संरचना सुशासनका लागि हुन् न कि सुशासन ऐन मात्र। यसले सुशासनका केही सिद्धान्त मात्र उल्लेख गरेको छ। संविधान र यसका आशय कार्यान्वयन गर्ने सबै नीति संयन्त्र सुशासनका संरचना हुन्। यसर्थ राज्य संयन्त्र संवैधानिक अभीष्ट पूरा गर्न क्रियाशील हुनु सुशासन हुनु हो । त्यसैले सुशासन सिद्धान्त र मूल्यबाट निर्दिष्ट हुन्छ । कानुन र संरचना मात्र पर्याप्त नहुन सक्छन्। बेलायत, अमेरिकालगायतका समृद्ध मुलुकले सार्वजनिक जीवनका सिद्धान्तलाई राज्य प्रक्रियामा संस्थागत गरेका छन् (तर पनि त्यसको व्यावहारिक नेतृत्व सापेक्ष देखिँदै आएको छ) । क्यानडाले लोकतान्त्रिक मूल्य, व्यावसायिक मूल्य, नैतिक मूल्य र जनताको मूल्यलाई सुशासनका चार खम्बा मानेको छ । सार्वजनिक प्रशासनमा अब्बल मानिएको न्युजिल्यान्डले निष्पक्ष, जवाफदेही, विश्वासिलो, जिम्मेवार र आदरभावी सेवालाई सुशासन मानेको छ। नेपालले व्यावसायिक, सदाचारयुक्त, उत्तरदायी, निष्पक्ष, स्वच्छ, सकारात्मक, प्रवर्तनशील र प्रविधिमैत्री सेवामार्फत सुशासनलाई प्रत्याभूत गर्न खोजेको देखिन्छ । विभिन्न लोकतान्त्रिक मुलुकमा यसलाई आआफ्नै सहजतामा लिइए पनि सुशासनका आधारभूत मूल्यका रूपमा सदाचारिता, निष्पक्षता, कामप्रतिको समर्पणभाव, सेवाग्राहीप्रति समानुभूति, संयमता, अनुराग जस्ता मानवीय मूल्यले सुशासनलाई मार्गदर्शन गरिरहेको हुन्छ।

नीति तथा संस्थाहरू जे जस्ता भए पनि, जे जस्ता सङ्कल्प वा घोषणा गरिए पनि नतिजा नदेखिएसम्म सुशासन हुँदैन । कानुन, विधि, प्रविधि, घोषणा र संहिताहरू सुशासन (सेवा सन्तुष्टि र नतिजा) लाई लिकमा ल्याउने सामान्य संयन्त्र मात्र हुन्। नीति नतिजामा नपुगे, सेवा सन्तुष्टिमा नपुगे, शासन सेवामा नपुगे, कर्मचारी काममा नपुगे, प्रतिनिधिले जनभावनालाई प्रतिनिधित्व नगरे सुशासन सधैँ भनिने विषय बन्छ। सर्वसाधारणले मागेको सेवा सजिलो र स्तरीय रूपमा भनेको बेलामा पाए पाएनन्, विद्यार्थीले स्तरीय शिक्षा पाए पाएनन्, किसानले मलबिउ चाहिएको बेला पाए पाएनन्, पीडितले भनेको बेला न्याय र सुरक्षा पाए पाएनन्, गरिएका नीति निर्णयले सामाजिक वास्तविकतालाई बोके बोकेनन्, नेताको भनाइ र गराइमा फरक आयो आएन, सर्वसाधारणले नागरिक हुनुको गर्वबोध गर्न पाए पाएनन्, समाजमा नैतिकता र सदाचारको स्थिति छ छैन जस्ता विषयका सापेक्षमा सुशासनको अवस्था प्रतिविम्बित हुन्छ । राज्यका निकायमा बाध्यात्मक रूपमा जानुपर्ने अवस्थाले सुशासन पाइँदैन, संस्थाहरू बाध्यताका नभई विश्वासका स्थल बन्नु पर्छ। शासनमा सुशासन र समाजमा सदाचार भएपछि समृद्धिले लिक पक्डिन्छ। त्यसैले सुशासन र समृद्धि एकअर्कालाई परिपूरण गर्छन्।

> नीति संरचनाको नेतृत्व गर्ने राजनीतिक पदाधिकारी र संरचनालाई चलायमान बनाई नीतिलाई नतिजामा पुऱ्याउने प्रशासनको व्यवहारजन्य मनोवृत्ति सुधारबाट मात्र मुलुकले सुशासन र समृद्धि प्राप्त गर्न सक्छ । अब राजनीतिले प्रियताको सजिलो बाटो र प्रशासनले हिँडिरहेको हिजोको बाटो छोड्नु पर्छ ।

सुशासनको अहिलेको अवस्थाको विश्लेषण गर्दा सुधारका प्रशस्त सम्भावना देखिने मात्र होइन, यसका कतिपय पाटोमा निराशालाग्दा चित्रसमेत देखिन पुग्छन् । हुन त सुशासनलाई अङ्क-आँकडा, सूत्र-सिद्धान्त जस्ता औपचारिक कुराले मापन गर्न सकिँदैन । तैपनि नागरिक सेवाका अनुभूति, स्रोतसाधन अभ्यासको अवस्था, विकास र समृद्धिका अवस्थालाई मापन गर्ने प्रचलनका सापेक्षमा कुनै पनि मुलुकको सुशासनको अवस्थालाई विवेचना गर्न सकिन्छ । कार्यसम्पादनको उचित प्रक्रिया, कार्यसम्पादनमा लागेको समय र लागत, कार्यस्तर, प्रभावकारितालगायतका मापनबाट सुशासनको मूल्याङ्कन गर्ने शास्त्रीय पद्धति छ।

सर्वोच्च लेखा परीक्षण निकाय महालेखा परीक्षकले मुलुकको प्राप्ति र खर्चको परीक्षण गर्छ । उसको ६२ औँ प्रतिवेदनले काम टुङ्ग्याउन बाँकीसमेत जम्मा १२ खर्ब ८४ अर्ब रुपियाँ बेरुजु उल्लेख गरेको छ। यो आँकडामा नीतिगत पक्षहरू समेटिएका छैनन्, रकम मात्र देखिएको छ। यसले सार्वजनिक वित्तीय कारोबारलाई सुधार गर्नु पर्छ भन्ने सङ्केत गरेको स्पष्ट छ । अधिकार र स्रोतसाधन प्रयोगको प्रतिक्रियामूलक वैधता हेर्ने अर्को संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औँ प्रतिवेदनले गत आर्थिक वर्षमा ३७ हजार २६ अख्तियार दुरुपयोगको उजुरी परेको देखाएको छ। विशेषतः नागरिक दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने अग्रपङ्क्तिका कार्यालयलक्षित उजुरी धेरै परेका छन् । यी दुई प्रतिवेदनको आँकडाले सुशासनको अवस्था कमजोर रहेको र सार्वजनिक व्यवस्थापनका पक्षमा सुधार आवश्यक छ भन्ने माग देखाएको छ। सरकारले केही वर्षअघि जनतासँग प्रत्यक्ष सरोकार रहने कार्यालयमा गरेको सेवा अनुभूति सर्वेक्षणले २६.८ प्रतिशत सेवाग्राही सन्तुष्ट छैनन् भन्ने देखिएको थियो । सेवाग्राहीको भनाइमा सेवा लिन अर्को व्यक्तिको सहयोग लिन पऱ्यो, प्रतिसेवा लागत दुई हजार ६५८ रुपियाँ लाग्यो र सेवा पहुँच पनि कम भएको भनेका थिए। सबैभन्दा पीडादायी कुरा त सेवाका लागि औसत १,१६० रुपियाँ मध्यस्थकर्तालाई दिनु परेको भनेका थिए । केही वर्षअघि जग्गा प्रशासन सेवाका अग्रपङ्क्तिका निकायमा एकैदिन नौ वटा कार्यालयमा सम्बद्ध मन्त्रालयबाट गरिएको सर्वेक्षणमा ५९ प्रतिशत सेवाग्राही सन्तुष्ट नरहेको प्रतिक्रिया दिएका थिए, जसका आधारमा मालपोत कार्यालयमा सुधारको कार्ययोजना तर्जुमा गरिएको थियो । यी प्रतिनिधि कुराले अग्रपङ्क्तिका कार्यालयलाई सेवा स्थल बनाउनुपर्ने आवश्यकता देखाएको छ । सरकारको सबैभन्दा महत्त्वपूर्ण संयन्त्र वार्षिक बजेटको विषयमा संसद्मा छलफल हुँदा कैयन् जनप्रतिनिधिले विनियोजन न्याय र बजेटका सिद्धान्त अवलम्बन नगरी बजेट तर्जुमा गरिएको र नीति प्रभावीको क्षेत्रमा मात्र रकम विनियोजन भएको आवाज उठेको थियो । सरकारका महत्त्वपूर्ण निर्णय र नियुक्ति अपारदर्शी र आग्रही रहेको आलोचना भइरहेको छ । मुलुकको वित्त संरचनाको महत्त्वपूर्ण हिस्सा ओगट्ने सहकारी क्षेत्र समस्याग्रस्त छ। त्यहाँ निक्षेप भएको सदस्यको खर्बभन्दा बढी रुपियाँ अनिश्चय र जोखिममा छ। प्रत्येक वर्ष सरकारले सहकारी सुधारका लागि कार्यक्रम ल्याउने घोषणा गरे पनि कार्यसम्पादन भने भएको छैन । सरकारप्रति जनताको विश्वास गिराउने एउटा कारण सहकारी समस्या पनि बनेको छ।

त्यस्तै अन्तर्राष्ट्रिय निकायका प्रतिवेदनले पनि सुशासन सुधारका स्वरूप देखाएका छन्। ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनले भ्रष्टाचार अनुभूति सूचकमा नेपालको स्कोर ३४ र १८२ मुलुकमा १०९ औँ स्थानमा परेको देखिाएको छ । राष्ट्रसङ्घीय विकास कार्यक्रमको गत वर्षको मानव विकास प्रतिवेदनले नेपालको मानव विकासको अवस्थामा सामान्य सुधार भई ०.६२२ मा उक्लिएको देखाएको छ तर प्रदेश, वर्ग, भौगोलिक क्षेत्र र सामाजिक समूहमा मानव विकासको अवस्था निकै असमान रूपमा वितरण भएको देखिएको छ । समृद्धिको जग गरिबी निवारण हो। चौथो जीवनस्तर सर्वेक्षणमा गरिबीको रेखामुनि रहेका मानिसको सङ्ख्या २०.२७ प्रतिशत रहेको देखियो। प्रदेशगत, भौगोलिक, गाउँसहर र वर्गीय रूपमा गरिबीको भार असमान छ। इन्टरनेसनल बजेट पार्टनरसिप, इन्टिग्रिटी वाच, एम्नेस्टी इन्टरनेसनल र नेपालकै विभिन्न गैरसरकारी संस्थाले सुशासनको विधि पक्षमा सुधारका सुझाव दिइरहेका छन् । आमसञ्चार, सार्वजनिक बौद्धिक मञ्च र सामाजिक सञ्जालमा सुशासनको स्वर देखिएको छ । यी आधारबाट सुशासन, समृद्धि र रूपान्तरणका सुधारापेक्षी कार्य आवश्यक देखिएको छ।

नेपाल सरकारले केही समयअघि 'सुशासनको मार्गचित्र' नामक सयबुँदे सुधार कार्ययोजना प्रकाशनमा ल्याएको छ । कार्ययोजनामा धेरै कुरा समावेश भए पनि मूलतः सेवा प्रवाहको सुधार, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, उत्तरदायित्व, कानुनको शासन, गुनासो व्यवस्थापनलगायतका क्षेत्रलाई प्राथमिकतासाथ सम्बोधन गर्नुपर्ने भनिएको छ । नागरिकहरू प्रशासनिक सास्तीबाट मुक्ति खोजिरहेका छन्। शीघ्र र अनुभूत आवश्यकतालाई सम्बोधन गर्ने सेवा उनीहरूको अधिकार हो। उनीहरू प्रत्यक्ष जवाफदेहिताको माग गरिरहेका छन् र सरकार त्यसलाई कार्यरूप दिन प्रतिबद्धता देखाइरहेको छ। शीघ्र सेवा, भ्रष्टाचारमा शून्य सहनशीलता सरकारको पनि एजेन्डा हो । सेवामा सहज पहुँच र अधिकारमुखी सेवाका लागि आधार सिर्जना गरिएका छन् । पारदर्शिता बढाउन सकिने सूचना प्रणाली यसअघि नै विस्तार भएको छ । २०७७ सालदेखि क्रियाकलापमा आधारित लेखा प्रणालीलगायत सार्वजनिक वित्त व्यवस्थापन सुधारका संरचना विस्तार भएका छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका प्रावधान यति सबल छन् कि तिनलाई अभ्यासमा ल्याउन सक्दा सरकारका सबै वित्तीय कारोबारलाई सुशासनको आधार बनाउन सकिन्छ । सूचना अधिकार ऐनले २० प्रकारका जानकारी सर्वसाधारणले नमागीकन स्वयम् खुलासा गर्नुपर्ने सार्वजनिक निकायको दायित्व तोकेको छ। सङ्घीय शासन संरचनामा घरआँगनदेखि स्थानीय शासन व्यवस्था संस्थागत गर्न र सर्वसाधारणको सेवा पाउने अधिकारलाई मुकाममै सम्बोधन गर्न, विकासलाई स्थानीयकरण गर्न र स्थानीय सम्भावनालाई त्यहीँ उपयोग गर्न सकिने अवस्था छ तर 'सुधारको स्वर ठुलो हुन्छ, कार्यान्वयन चाहिँ सानो' भने झैँ सुशासनका कार्यसूचीलाई कार्यसंस्कृतिले अपनत्वमा लिने काम बाँकी छ । नीति संरचनाको नेतृत्व गर्ने राजनीतिक पदाधिकारी र संरचनालाई चलायमान बनाई नीतिलाई नतिजामा पुऱ्याउने प्रशासनको व्यवहारजन्य मनोवृत्ति सुधारबाट मात्र मुलुकले सुशासन र समृद्धि प्राप्त गर्न सक्छ। अब राजनीतिले प्रियताको सजिलो बाटो र प्रशासनले हिँडिरहेको हिजोको बाटो छोड्नु पर्छ । धेरै गिरेको प्रशासनिक मनोबल नउठाई यसबाट नतिजा पाइँदैन भन्ने अन्तरबोध राजनीतिक कार्यकारीले गर्नु पनि उत्तिकै आवश्यक छ।



# सरकारको शासकीय सुधार



चाँदनी हमाल



जनताका आवश्यकता र आकाङ्क्षा पूरा गर्न सार्वजनिक मामिला र स्रोतहरूको व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता, कानुनी शासन र नागरिक सहभागिता सुनिश्चित गर्दै भ्रष्टाचारमुक्त, जनमुखी र प्रभावकारी सेवा प्रवाह गर्ने प्रक्रिया सुशासन हो । जनतालाई सुशासनको प्रत्याभूति गराउन झन्डै दुई तिहाइको सरकारले शासकीय सुधारका एक सय कार्यसूचीलाई कार्यान्वयनको ढोकामा प्रवेश गराएको एक महिना बितिसकेको छ; जसमा १२ विषयक्षेत्र सामेल गर्दै सरकारले सुशासनका लागि शासकीय सुधारको लालमोहर लगाएको हो। नेपालमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रस्तावनाले पनि मुलुकको सार्वजनिक प्रशासनले चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य, स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरेको छ । सर्वसाधारणले पाउनुपर्ने सार्वजनिक सेवा छिटोछरितो तथा कम खर्चिलो ढङ्गबाट पहुँचयोग्य बनाउनु सरकारको दायित्व रहेको हालसम्मकै शक्तिशाली प्रधानमन्त्री कार्यालयले महसुस गरेको देखिन्छ। नेपालको संविधानको कानुनी शासनको मान्यतालाई सरकारले जनहितमा शीघ्र निर्णय गर्न संसद् अधिवेशन नचल्दाको अवस्थामा लगातार आठ वटा अध्यादेश पारित गरेर कार्यान्वयनमा लगेको छ।

सुशासन पाउने नागरिकको अधिकार हो । यसलाई व्यवहारमा उतार्दै प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन सरकारले एक सय कार्यसूची कार्यान्वयनमा ल्याएको छ। देशभरका सुकुमवासीको समस्या समाधान गर्न लगत सङ्कलन र पुर्जा व्यवस्थितीकरणको काम सुरु भएको छ। काठमाडौँ उपत्यकासहितका नदीकिनारका अतिक्रमित जग्गा खाली गरी वास्तविक सुकुमवासीको लगत लिने काम सुरु भएको छ। हालसम्म एक हजार ८१६ परिवार सम्पर्कमा आएका छन् । थप व्यवस्थित गर्न प्राधिकरण गठन गरिने भएको छ । अध्यादेश जारीसँगै सहकारीपीडितको रकम फिर्ता गर्न लगत लिने काम तीव्र बनाइएको छ । अध्यादेशमार्फत सार्वजनिक निकायको एक हजार ५९४ राजनीतिक नियुक्ति खारेज गरिएको छ । सरकारले शासकीय सुधारको मार्गचित्रका रूपमा प्रस्तुत गरेको एक सय प्रतिबद्धता प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएकै दिन चैत १३ गतेको मन्त्रीपरिषद्ले पारित गरेको थियो। सरकारले आफ्नै काम कसरी भइरहेको छ भनेर आन्तरिक कार्यक्षमता सञ्जाल निर्माण गरेर आफैँलाई हेर्ने प्रतिपक्षरूपी ऐना तयार पारेको छ। प्रधानमन्त्री कार्यालयभित्र रहेको उक्त सञ्जालमा कुन मन्त्रालय, विभाग, कार्यालय वा निकायले के काम गऱ्यो र के काम बाँकी छ भनेर हेर्न सकिन्छ । परिणाममुखी बनाउन पल्टाउने र परिमार्जनसहित परिणाम दिने व्यवस्था गरेको छ; जसमा काम भयो कि भएन र भएन भने किन भएन भनेर सोध्ने चलन बसालिएको छ।

गरिबलाई अस्पतालमा निःशुल्क औषधी र शय्यादेखि जलनका लागि अस्पतालमा वार्ड, भन्सारमा थन्किएका सवारीको लगतको खोज र सहकारीपीडितलाई राहतका विषय सँगसँगै अघि बढेका छन् । आफैँलाई गरिएको निगरानी अन्तर्गत गठन भएको प्रतिपक्ष डट कमका अनुसार तत्काल सम्पन्न गर्नुपर्ने कार्यहरूमध्ये ५० प्रतिशत काम भएका छन्। अन्य धेरै काम सुरु भएका छन् । सरकारका कामकारबाहीलाई व्यवस्थित गर्न पाँच वटा समिति (राजनीतिक, प्रशासन, सामाजिक, आर्थिक तथा पूर्वाधार र विधेयक समिति) लाई सक्रिय पारिएको छ। कार्यान्वयनको अवस्था हेर्ने हो भने विभिन्न अवधिमा १२० प्रतिबद्धतामध्ये ७२ वटा निर्णय कार्यान्वयनका लागि विभिन्न मन्त्रालयमा पठाएर त्यसको अनुगमन जारी राखिएको छ । कार्यान्वयनमा गएका महत्त्वपूर्ण विषयमा १३ वटा सम्पन्न भए भने २८ वटाको काम जारी छ। बाँकी २९ वटा प्रक्रियामा छन् भने ३१ वटा सुरु हुन बाँकी छ।

> सुशासन पाउने नागरिकको अधिकार हो । यसलाई व्यवहारमा उतार्दै प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन सरकारले एक सय कार्यसूची कार्यान्वयनमा ल्याएको छ ।

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउँदै नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउन नतिजामा आधारित शासकीय प्रबन्ध लागु गर्ने गरी काम अघि बढाइएको छ । प्रत्येक मन्त्रालयले प्रमुख १० काम, तिनको समयसीमा, जिम्मेवारी, आधिकारिक अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहित कार्ययोजना प्रधानमन्त्रीसमक्ष तोकिएको सात दिनभित्रै बुझाएका छन् । ती कार्ययोजनालाई नतिजा व्यवस्थापन महाशाखाले अनुगमन गरिरहेको छ। तेस्रो बुँदा अन्तर्गत राष्ट्रिय प्रतिबद्धता प्रस्ताव तयार गरी रायसुझावका लागि वेबसाइटमा राखिएको छ । उक्त प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सुधार एजेन्डासँग आबद्ध गरी कार्यान्वयनका लागि मन्त्रीपरिषद्को कार्यालयमा संरचनासहित व्यवस्थापन गरिने भएको छ । महत्त्वपूर्ण मानिएको चौथो बुँदाको संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाहको संयोजकत्वमा गठित कार्यदलले काम अघि बढाएको छ । यी काम कसरी अगाडि बढाउने भन्ने सवालमा सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित भएर सरकार अघि बढेको प्रधानमन्त्री कार्यालयका सञ्चारविज्ञ दीपा दाहालले प्रस्ट्याउनुभयो । दलित समुदायका लागि सुधारमुखी कार्यक्रमको मसौदा तयार पारिँदै छ।

भदौ २३ र २४ को जेनजी आन्दोलनका प्रभावित परिवार र नागरिकको न्याय पुनर्स्थापनासँगै राज्यप्रतिको विश्वास बढाउन एकीकृत पहल सुरु भएको छ। यसका लागि गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयनमा लगिनुका साथै प्रभावित परिवारका लागि रोजगारीको अवसर, सिप विकास, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना, नीति तथा कार्यक्रम तयार गरी आगामी बजेटमा समावेश गरिने भएको छ। विगतका आयोगका प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रालयहरूलाई पत्र काटिएको छ । मन्त्रालयहरूले प्रतिवेदनको खोजी तथा एकीकृत गरिरहेको जवाफ दिएका छन्। प्रशासकीय सुधार तथा मितव्ययितातर्फ मन्त्रालयको सङ्ख्या १७ कायम गर्ने गरी प्रक्रिया अघि बढेको छ। सरकारी निकायका रूपमा दोहोरो तथा अनावश्यक वित्तीय भार उत्पन्न गरिरहेका उस्तै खालका काम गर्ने निकाय, बोर्ड, समिति, आयोजनाको सङ्ख्या यकिन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्न सबै मन्त्रालयसहितको कार्यदलले काम थालेको छ। सार्वजनिक प्रशासनलाई पूर्ण रूपमा राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने पहल सुरु भएको छ; जसका लागि सङ्घीय निजामती सेवा विधेयक मसौदा तर्जुमा कार्य सुरु गरिएको छ। विधायन ऐन, २०८१ को उपदफा २ बमोजिम रायसुझावका लागि वेबसाइटमा राखेर छलफल थालिएको छ। राष्ट्रिय सतर्कता केन्द्रलाई अनुगमनकर्ताको भूमिका दिँदै सबै मन्त्रालय, आयोग तथा निकायलाई सतर्क पारिएको छ।

## सक्रिय कर्मचारीतन्त्र

सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन नयाँ विधि अनुसार प्रभावकारी कार्यान्वयनमा लगिएको छ । हप्ताको दुई दिन बिदा र दैनिक आठ घण्टा काम अनिवार्य गरिएको छ । सरकारले सहुलियत दिनुपर्ने ठाउँमा सहुलियत दिँदै नतिजामुखी प्रशासनिक सुधारमा जोड दिएको छ। पारदर्शिता बढाउँदै भ्रष्टाचार, ढिलासुस्ती र सेवाग्राहीप्रतिको असहज प्रवृत्तिमा सुधार गर्न त्यस्ता कार्यलाई निष्क्रिय गर्ने काम प्रधानमन्त्री कार्यालयबाटै सुरु गरिएको सञ्चारविज्ञ दाहालले बताउनुभयो । सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड तयार भई कार्यान्वयनमा गएको छ । कर्मचारीको कार्यसम्पादनलाई परिणामसँग जोड्न सङ्घीय मामिला मन्त्रालयको नेतृत्वमा सबै मन्त्रालयमा कार्यसम्पादन सूचक तर्जुमा गरिएको छ । सार्वजनिक सेवाको गुणस्तर प्रमाणीकरणका लागि कायम अभ्यासलाई पुनरवलोकनसहित मसौदा निर्माण भएको छ। कर्मचारी डिजिटल प्रोफाइलका लागि कार्यदल गठन गरी परामर्शदाता छनोटको सूची बनाइएको छ। नागरिकता, राहदानीलगायतका सार्वजनिक सेवालाई नागरिकको हातमै पुऱ्याउने लक्ष्य लिइएको छ । बिचौलियामुक्त प्रणालीको विकासका लागि प्रधानमन्त्री कार्यालयमै समिति गठन गरेर बिचौलिया पक्राउ तीव्र पारिएको छ । एकद्वार प्रणाली लागु गर्दै नागरिकता जारी गर्ने अधिकारी सनाखत गर्ने कोठामै बस्नुपर्ने भएको छ । बेजिल्ला नागरिकता जारीका विषयमा पुनरवलोकन थालिएको छ । कानुन, कार्यविधि र प्रणालीमा आवश्यक सुधारका लागि गृहकार्य सुरु भएको छ। एकीकृत सेवा व्यवस्थापनका लागि राष्ट्रिय परिचयपत्र र पञ्जीकरण विभागसँग समन्वय गरिएको छ।


## विद्युतीय शासनमा जोड

गाउँ गाउँमा सूचना प्रविधिको पहुँच पुऱ्याउँदै विद्युतीय शासनलाई प्रभावकारी बनाउन सरकार लागिपरेको छ। सूचना प्रविधि र डाटा एकीकृत गर्ने पहल जारी छ । नो अब्जेक्सन प्रमाणपत्रलाई नागरिक एपमा ल्याउने कसरत थालिएको छ । फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारीलाई दक्ष बनाउन विभिन्न मन्त्रालयमार्फत तीन हजार २०४ जनाको नामावली सङ्कलन गरिएको छ। हेलो सरकारमा गुनासो गर्नेको सङ्ख्या बढ्दो छ। उक्त कक्षबाट मात्र हालसम्म करिब ६० हजार गुनासोको सुनुवाइ भएको छ। हालसम्म दर्ता भएका करिब एक लाख गुनासो दर्ता भएको छ; जसमा सबैभन्दा बढी सरकारकै वेबसाइटमा उजुरी दर्ता भएका छन्।

सुशासन नियमावली संशोधनमा गएको छ । सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक प्रधानमन्त्री कार्यालयले बनाउने गरी कानुन मन्त्रालयले राय दिएको छ। भ्रष्टाचार कम गर्न जाँचबुझ आयोग सक्रिय भएको छ। अवैध रूपमा चलिरहेका सट्टेबाजी एप तथा १० हजार वेबसाइट बन्द गरिएका छन् । सदाचार नीति कार्यान्वयनमा ल्याइने भएको छ । भौतिक पूर्वाधार निर्माणमा प्रधानमन्त्री कार्यालय जिम्मेवार रहने व्यवस्था गरिएको छ। प्रधानमन्त्री कार्यसम्पादन एकाइको अवधारणापत्रको मसौदा तयार भएको छ। सम्पत्ति शुद्धीकरणको विषयमा अर्थ मन्त्रालयले काम थालेको छ। कर्णाली, सुदूरपश्चिम तथा पूर्वी नेपालका बहुचर्चित पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्दै एसियाली विकास बैङ्कको सहकार्यमा काम गरिने भएको छ। ग्रेट हिमालयन ट्रेल वा धार्मिक/सांस्कृतिक, पर्यटकीय पूर्वाधार पदमार्गको बृहत् अवधारणा अघि सारिएको छ। अर्को वर्ष आरोग्य वर्ष मनाउने तयारी पनि भएको छ।

## किसानलाई सहुलियत

किसानको उत्पादनलाई समर्थन मूल्य प्रदान गर्न तदारुकता देखाइएको छ। उधारो भुक्तानी २५ दिनभित्र उपलब्ध गराउने गरी योजना ल्याउने काम सुरु भएको छ। कृषिबजार सूचनाप्रणाली तथा चिस्यान केन्द्र व्यवस्थितीकरणसँगै सिमानामा कडाइ गरिएको छ। आन्तरिक उत्पादन प्रवर्धन गरिएको छ। मल र बिउ सममयै उपलब्ध गराउने गृहकार्य सुरु भएको छ। अन्तर्राष्ट्रिय सङ्कट समाधानका लागि परराष्ट्र मन्त्रालयको नेतृत्वमा गठित कार्यदलले प्रतिवेदनको मसौदा तयार पारेको छ। झन्डै दुई तिहाइको सरकार जनचाहनाबाट बाहिर नजाने प्रतिबद्धतामा अडिग रहनु अहिलेको आवश्यकता हो । काम गर्दा आइपर्ने अप्ठ्यारा र आलोचनाका बिच सकारात्मक सोचका साथ अघि बढ्नुपर्ने साहस सरकारले राख्नैपर्ने बाध्यता पनि छ। आफ्नो वाचा अनुसार सुशासन कायम गर्न शासकीय सुधारको लालमोहर लगाउँदै अघि बढेको सरकारको काम देशको समृद्धि र जनताको खुसीमा झल्किन पुगे सुनमा सुगन्ध हुने पक्का छ।



सङ्घीय संसद्
प्रतिनिधि सभा

डोल प्रसाद अर्याल
सभामुख

फोन: ०१-४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

शुभकामना सन्देश

गोरखापत्रले आफ्नो गौरवशाली १२५ वर्षको ऐतिहासिक यात्रा सफलतापूर्वक पूरा गरी १२६औं वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा म गोरखापत्र संस्थान परिवार, आदरणीय पाठकवर्ग तथा आमसञ्चार क्षेत्रसँग सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु।

वि.सं. १९५८ वैशाख २४ गतेको कठिन राणाकालीन परिवेशमा प्रकाशन आरम्भ भएको गोरखापत्र नेपाली पत्रकारिताको जग बसाल्ने ऐतिहासिक अभियानको प्रस्थानविन्दु हो। प्रारम्भदेखि नै यसले सत्य, तथ्य र विश्वसनीय सूचनाका माध्यमबाट समाजलाई सुसूचित गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। समयक्रमसँगै मुलुकले विभिन्न राजनीतिक परिवर्तनहरू पार गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको वर्तमान अवस्थासम्म आइपुग्दा गोरखापत्रले ती सबै कालखण्डको एक सजीव दस्तावेजका रूपमा आफ्नो अस्तित्वलाई सुदृढ बनाएको छ।

'सर्वे भवन्तु सुखिनः' को मूल मन्त्रलाई आत्मसात् गर्दै गोरखापत्रले केवल समाचार सम्प्रेषण मात्र होइन, सामाजिक चेतना अभिवृद्धि, राष्ट्रिय एकताको प्रवर्द्धन तथा समावेशी समाज निर्माणमा समेत विशिष्ट योगदान पुऱ्याएको छ। नेपालका विभिन्न भाषा, संस्कृति र पहिचानलाई समेट्दै ४९ मातृभाषामा सामग्री प्रकाशन गर्नु यसको प्रशंसनीय विशेषता हो, जसले विविधतायुक्त राष्ट्रलाई भावनात्मक एकताको सूत्रमा बाँध्न सहयोग पुऱ्याएको छ।


विशेषगरी, नेपालको संसदीय यात्राको अभिलेखकर्ताका रूपमा समेत यसको भूमिका अतुलनीय छ। यही जेठो अखबारको जन्म दिनमा 'राष्ट्रिय पत्रकारिता दिवस' मनाइनु हामी सबैका लागि गौरवको विषय हो।

लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, उत्तरदायी र मर्यादित पत्रकारिता मेरुदण्ड हो। सञ्चार माध्यमले नागरिकको आवाजलाई सशक्त रूपमा मुखरित गर्दै सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि निरन्तर खबरदारी गर्नु आवश्यक हुन्छ। यस सन्दर्भमा गोरखापत्रले आफ्नो ऐतिहासिक जिम्मेवारीलाई अझ प्रभावकारी ढङ्गले निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, गोरखापत्र आगामी दिनमा अझ आधुनिक, प्रविधिमैत्री र जनउत्तरदायी सञ्चार माध्यमका रूपमा विकसित हुँदै आफ्नो ऐतिहासिक गरिमालाई थप उचाइमा पुऱ्याउन सफल रहोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु। धन्यवाद।

२०८३ वैशाख २२ गते मङ्गलबार
नेपाल संवत् ११४६, बाछलागा ४

डोल प्रसाद (डीपी) अर्याल
सभामुख, प्रतिनिधि सभा



संघीय संसद
राष्ट्रिय सभा

नारायण प्रसाद दाहाल
अध्यक्ष

फोन : ०१-४२११७५६
सिंहदरबार, काठमाडौं, नेपाल
www.parliament.gov.np

शुभकामना

**गोरखापत्र प्रकाशनको १२६ औं वर्ष प्रवेश तथा राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा** पाठक वर्ग, गोरखापत्र परिवार एवम् समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवम् प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

वि.सं. १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक प्रकाशनका रूपमा 'गोर्खापत्र'को शुरूवात भएको थियो। त्यसयताका १२५ वर्षको अवधिमा गोरखापत्रले नेपाली पत्रकारिता क्षेत्रमा निकै महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। यति लामो गौरवशाली यात्रामा गोरखापत्र एउटा अखबारको रूपमा मात्रै रहेको छैन, नेपाली पत्रकारिताको जीवन्त इतिहास, राष्ट्रको गौरव र इतिहासको दस्तावेजका रूपमा रहेको छ। सरकारी सञ्चारमाध्याम भएतापनि गोरखापत्रले समयानुकूल नेपाली जनताले गरेका बलिदानीपूर्ण सङ्घर्ष र सामाजिक-राजनीतिक परिवर्तनहरूलाई आत्मसाथ गर्दै अगाडि बढेको मैले महसुस गरेको छु। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको समावेशी मर्मलाई आत्मसात गर्दै हाल गोरखापत्रले नेपालमा बोलिने ४९ वटा राष्ट्रभाषामा सामग्री प्रकाशन गर्नु निकै प्रशंसनीय कार्य हो।


हामीले विभिन्न कालखण्डमा भएका राजनीतिक सङ्घर्षहरू र ठूलो बलिदानबाट संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं। संघीय लोकतान्त्रिक गणतन्त्रलाई समृद्ध र जीवन्त बनाउने काम पत्रकारिताले गर्दछ। भ्रष्टाचारमुक्त समाज र जवाफदेही शासन प्रणालीका लागि सञ्चार माध्यमले सरकार र सरोकारवाला निकायलाई निरन्तर खबरदारी गरिरहनुपर्दछ। यस कार्यमा गोरखापत्र अग्रपङ्तिमा नै रहनेछ भन्ने मैले विश्वास लिएको छु।

सूचना प्रविधिको तीव्र विकास र सञ्चार माध्यमहरूको प्रतिस्पर्धात्मक युगमा पनि गोरखापत्रले आफ्नो गरिमा, विश्वसनीयता र जिम्मेवार पत्रकारितालाई कायम राख्दै समयानुकूल रूपान्तरण गर्न सफल भएकोमा प्रशंसा व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि यसले सत्य, तथ्य, निष्पक्ष र जनमुखी पत्रकारितामार्फत् समाजलाई सूचित, सचेत र सशक्त बनाउन अझ प्रभावकारी भूमिका खेल्ने विश्वास लिएको छु।

वि.सं. २०८३ वैशाख २४ । नै.सं. ११४६ बछलागाः ५, बिहीबार

अध्यक्ष

chairperson@parliament.gov.np fb/NAChairperson youtube/@ChairpersonNPDahal x/@NAChairperson



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. डा. विक्रम तिमिल्सिना
सञ्चार तथा सूचना प्रविधि मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

शुभकामना सन्देश

गोरखापत्र नेपालबाट प्रकाशित पहिलो अखबार मात्र होइन, यो दक्षिण एसियाकै पत्रकारिताको एउटा दह्रो स्तम्भ हो। वि.सं. १९५८ वैशाख २४ गते साप्ताहिक रूपमा आफ्नो यात्रा प्रारम्भ गरेको गोरखापत्रले आज वि.सं. २०८३ वैशाख २४ गते १२६ औं वर्ष प्रवेश गरेको छ। यस अवसरमा म सम्पूर्ण नेपाली जनसमुदाय, पाठकवर्ग र विशेषगरी नेपाली पत्रकारिता जगत्मा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु।

गोरखापत्रको सवा शताब्दी लामो यात्रा गोरखापत्रको एकल यात्रा मात्र होइन, यो त सिंगो नेपाली पत्रकारिताको विकासक्रम, लोकतन्त्रको संघर्ष र सामाजिक–सांस्कृतिक रूपान्तरणको ऐतिहासिक अभिलेख पनि हो।

संस्थानको संस्थागत विकासका लागि २०१९ सालमा ऐन ल्याई २०२० सालमा गोरखापत्र संस्थान स्थापना भएयता यसले लामो यात्रा तय गरेको छ । सूचना प्रविधिको तीव्र विकास र डिजिटल मिडियाको बढ्दो प्रभावसँगै यस ऐतिहासिक संस्थाको पुनर्संरचना आजको अपरिहार्य आवश्यकता हो। नेपाल सरकार गोरखापत्र संस्थान ऐनमा समयसापेक्ष परिमार्जन गर्दै यसलाई एक स्वायत्त, व्यावसायिक र नवीन सञ्चार संस्थाको रूपमा विकास गर्न प्रतिबद्ध छ।

यसै सन्दर्भमा, संस्थानले आफ्नो स्थापनाको ६४ औं वार्षिकोत्सव तथा राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा 'सुशासन' नामक विशेषाङ्क प्रकाशन गर्न लागेकोमा म खुसी व्यक्त गर्दछु।

आम निर्वाचनमार्फत व्यक्त जनमतलाई सार्थक बनाउन वर्तमान सरकार 'सय दिनका सय कार्य' को स्पष्ट कार्ययोजनाका साथ अगाडि बढेको छ। डिजिटल प्रशासन र पारदर्शी सुशासन हाम्रो मूल प्राथमिकता हुन्। गोरखापत्रका सामग्रीहरूले सरकार र जनताबीचको सेतु बन्दै सुशासनको यो यात्रालाई थप बल पुऱ्याउनेछन् भन्ने मेरो विश्वास छ।


'गोरखापत्र' लगायत संस्थानका अन्य प्रकाशनहरू – 'दि राइजिङ नेपाल', 'गोरखापत्र डिजिटल', 'मधुपर्क', 'युवामञ्च' र 'मुना' ले नेपाली वाङ्मय र पत्रकारितामा आफ्नो छुट्टै पहिचान स्थापित गरेका छन्। साथै 'बहुभाषिक नेपाल' को मर्मलाई आत्मसात् गर्दै ४९ भाषामा सामग्री प्रकाशन गरी गोरखापत्रले समावेशी पत्रकारिताको जुन नमुना प्रस्तुत गरेको छ, त्यसले राष्ट्रिय एकतालाई थप मजबुत बनाएको छ।

अन्त्यमा, गोरखापत्र प्रकाशनकै ऐतिहासिक दिनलाई आधार मानेर 'राष्ट्रिय पत्रकारिता दिवस' मनाउन पाउनु हामी सबैका लागि गौरवको विषय हो। यस सुखद घडीमा म गोरखापत्र संस्थान र यससँग सम्बद्ध सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८३ वैशाख २४ गते बिहीवार
नेपाल संवत् ११४६, बछलागा पञ्चमी

डा. विक्रम तिमिल्सिना
मन्त्री

फोन नं.: ९७७-४२११५५५, ४२११६४०, ४२११७०१ (कार्यालय), फ्याक्स नं. : ९७७-१-४२११६००
ईमेल: bikram.timilsina@mocit.gov.np, मोबाइल नं. : ९८५१४१०१०१, वेब साइट : www.mocit.gov.np



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

शुभकामना सन्देश

नेपाली पत्रकारिताको जीवन्त इतिहास गोरखापत्रले आफ्नो गौरवशाली १२५ वर्षको ऐतिहासिक यात्रा सफलतापूर्वक पूरा गरी १२६औं वर्षमा प्रवेश गरेको तथा गोरखापत्र संस्थान ६४औं वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा म संस्थान परिवार, कार्यरत पत्रकार, कर्मचारी र सम्पूर्ण पाठकवर्गमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

गोरखापत्रले आफ्नो स्थापना देखि नै नेपाली समाजलाई सुसूचित र सुसंस्कृत बनाउन अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। नेपालको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय चरित्रलाई आत्मसात् गर्दै ४९ मातृभाषामा सामग्री प्रकाशन गर्नु र मुलुकको विविधतालाई एउटै पृष्ठमा समेट्नु गोरखापत्रको सबैभन्दा विशिष्ट र समावेशी पक्ष हो। नेपालमा अखबारको प्रकाशन आरम्भ भएको दिनलाई 'राष्ट्रिय पत्रकारिता दिवस'का रूपमा मनाइनुले नेपाली सञ्चार क्षेत्रमा यसको गरिमा र योगदानलाई थप उचाइ प्रदान गरेको छ।

राष्ट्रिय पत्रकारिता दिवस, २०८३ को अवसरमा यस वर्षको लागि "सुशासनको आधारः प्रविधिमैत्री जिम्मेवार पत्रकार" राष्ट्रिय नारा तय गरिएको छ। नाराको मर्म अनुसार सूचना प्रविधिको तीव्र विकाससँगै संस्थानले आफूलाई समयानुकूल रूपान्तरण गर्नुपर्नेछ। यस क्रममा संस्थानले सञ्चार प्रविधिको नवीनतम् उपलब्धिलाई आत्मसात् गर्दै 'कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी नीति' पारित गरी कार्यान्वयनमा ल्याएको छ जुन संस्थानको लागि दूरगामी र सकारात्मक कदम हो। गोरखापत्रका ऐतिहासिक पुराना अङ्कहरूको 'डिजिटल अर्काइभिङ' (विद्युतीय अभिलेखीकरण) गरी नयाँ पुस्ताका लागि अध्ययन र अनुसन्धानको स्रोत बनाइनुले नेपाल सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क' को लक्ष्यलाई समेत टेवा पुग्ने मेरो विश्वास छ।

नेपाली पत्रकारिताको धरोहरका रूपमा रहेको गोरखापत्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण उपयोग गर्दै नागरिकको सूचनाको हकको संरक्षण गर्ने तथा सरकारका नीति तथा कार्यक्रमहरूलाई आम जनतासम्म पुऱ्याउने र जनसरोकारका विषयमा सङ्घ, प्रदेश तथा स्थानीय सरकारलाई निरन्तर खबरदारी गर्दै जिम्मेवार पत्रकारिताको नमुना प्रस्तुत गर्न संस्थानले कुनै कसर बाँकी राखे छैन भन्ने समेत विश्वास छ।
अन्त्यमा, गोरखापत्र संस्थानका आगामी दिनहरू अझ व्यावसायिक, प्रविधिमैत्री र समृद्ध रहून् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

लक्ष्मी कुमारी बस्नेत
सचिव
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२०८३ वैशाख २२ गते मङ्गलबार
नेपाल संवत् ११४६, बाछलागा ४

# राजस्व चुहावट नियन्त्रण





कृष्णहरि बाँस्कोटा

मुलुकमा लगभग दुई तिहाइ बहुमत भएको सरकार गठन भएको छ। यो सरकार गठन हुनुपूर्व नै राष्ट्रिय योजना आयोगको स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि १८ खर्ब ९० अर्ब रुपियाँ बजेटको आकार तोकेको छ। यस्तो बजेटका लागि करिब १४ खर्ब ५० अर्ब रुपियाँ आन्तरिक राजस्व असुलीबाटै पुऱ्याउनुपर्ने हुन्छ। चालु आव २०८२/८३ मा १९ खर्ब ६४ अर्ब रुपियाँको बजेट घोषणा गरिएको थियो। यस्तो खर्च थेग्ने स्रोतमा राजस्वको अंश १४ खर्ब ८० अर्ब रुपियाँ तोकिएको थियो। यसलाई मध्यावधि समीक्षाबाट १२ खर्ब ९८ अर्ब रुपियाँमा झारिएको छ, जस अनुसार २०८२ चैत मसान्तसम्मको असुली आठ खर्ब ९१ अर्ब ५६ करोड रुपियाँ मात्रै छ। यो गत वर्षको तुलनामा छ प्रतिशत मात्रैको वृद्धि हो। यस अनुसार २०८३ वैशाखदेखि असारसम्मको बाँकी तीन महिनामा चार खर्ब सात अर्ब रुपियाँ सङ्कलन हुनु पर्छ।

चालु आवको पहिलो नौ महिनाको राजस्व असुलीलाई नियाल्दा मूल्य अभिवृद्धि करतर्फ दुई खर्ब ६१ अर्ब ४२ करोड रुपियाँ असुली भएको छ। यसै गरी आयकरतर्फ दुई खर्ब १५ अर्ब ९१ करोड रुपियाँ असुली भएको छ। यस अतिरिक्त भन्सार महसुलतर्फ एक खर्ब ७८ अर्ब ५७ करोड रुपियाँ असुली भएको छ। साथै अन्तःशुल्कतर्फ एक खर्ब २३ अर्ब ९८ करोड रुपियाँ मात्रै असुली भएको छ। यहाँ प्रश्न उठ्छ, के हाम्रो राजस्व असुलीको अधिकतम उठ्ने हद नै यही हो ? यसको सिधा जवाफ हो, होइन। नेपालमा अत्यधिक राजस्व चुहावट भइरहेको छ। यसै पङ्क्तिकार आव २०६५/६६ मा राजस्व सचिव हुँदा ३३.३ प्रतिशतले राजस्व वृद्धि भएको थियो। यो नै हालसम्मको सर्वाधिक राजस्व वृद्धिदर हो। हालको वृद्धिदर छ प्रतिशत मात्रै हुनु भनेको राजस्व चुहावट भइरहनु हो। यसमा केकस्तो चुहावट भइरहेको छ भन्ने यस आलेखमा विश्लेषणको प्रयास गरिएको छ।

## २०४६ सालपछिका उपलब्धि

प्रजातन्त्रको पुनर्स्थापना २०४६ सालको आन्दोलनले गऱ्यो। तत्पश्चात् मुलुकमा खुला अर्थनीति अर्थात् आर्थिक उदारीकरण लागु भयो। सो बखत मुलुकको आर्थिक वृद्धिदर सात प्रतिशत कायम भयो तर यसलाई हामीले धेरै समय टिकाइरहन सकेनौँ। हाल हाम्रो औसत आर्थिक वृद्धि चार प्रतिशत छ। २०६२/६३ सालको जनआन्दोलनको पूर्वसन्ध्यामा भने राजस्व असुलीको वृद्धिदर लगभग शून्यमा पुगेको थियो।

२०६२/६३ सालको जनआन्दोलनको सफलतापछि राजस्व असुलीमा उत्साहजनक प्रगति भयो। बिस्तारै मुलुकको चालु खर्च थेग्न सक्ने गरी राजस्व असुलीको वृद्धिदर कायम हुन थाल्यो। आव २०६५/६६ मा राजस्वको वृद्धिदर ३३.३ कायम भयो। त्यसपछिका वर्षमा पनि राजस्व वृद्धिदर २५ प्रतिशतको वरिपरिमै रहे। बिस्तारै राजनीतिक खिचातानीले राजस्वको वृद्धिदरमा कमी आउन थाल्यो। अब हामीले विगतको सफलतालाई निरन्तरता दिँदै राजस्व असुलीका कमजोरीमा सुधार गर्नुको विकल्प छैन।

## सफलताको कारण

विसं २०६२/६३ सालको जनआन्दोलनपछि गठन भएका सरकारले लगभग ऋणात्मक तहमा पुगेको राजस्व असुलीलाई उच्च दरमा वृद्धि गर्न सफलता हासिल गऱ्यो, जस अनुसार आव २०६५/६६ र त्यसपछिका केही आवमा राजस्व वृद्धिदर उच्च रह्यो। त्यसको सबल पक्षलाई केलाउँदा पहिलो, अर्थ मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्व प्रभावकारी हुनु नै हो। अर्थमन्त्री, अर्थ सचिव, राजस्व सचिव र राजस्व असुली गर्ने विभागका महानिर्देशक र कार्यालय प्रमुखले आफ्नो सफलता नै उच्च राजस्व असुलीको दरमा देखेपछि सफलता हात पर्नु स्वाभाविकै हो। कर्मचारीको सरुवा र थमौती राजस्व असुलीसँग लगभग आबद्ध थियो। राजस्वको लक्ष्य नपुऱ्याउने र सोको पुष्टि गर्ने दुष्प्रयास गर्नेको सुनुवाइ हुँदैनथ्यो। सके तोकिएको राजस्वको लक्ष्य पुऱ्याऊ, नसके मैदान खाली गर भन्ने नीति नै सफलताको द्योतक थियो।

> अनौपचारिक अर्थतन्त्र फस्टाएको छ। राजस्व छुटको मात्रा ठुलो छ। सङ्घीय शासनप्रणालीका कारण राजस्व असुलीमा दोहोरोपना देखिन्छ। राजस्व प्रणालीलाई स्वचालित तुल्याउन सकिएको छैन। अन्तरनिकाय समन्वयको अभाव छ। राजस्वसम्बन्धी विवादको निरूपण शीघ्र गर्न सकिएको छैन।

दोस्रो, खुला सिमानामा हुन सक्ने सम्भावित चोरीनिकासी, पैठारीप्रति निकै चनाखो भइन्थ्यो। खुला सिमानामा हुन सक्ने सम्भावित तस्करी, क्यारियरले सामान सप्लाई गर्दा लाग्ने खर्च र भन्सार दरबिच तारतम्य हेरिन्छ। सिमानापारिका मुलुकको मूल्य र त्यसमा लगाइने राजस्वका कारण सामान चोरी गर्नुभन्दा भन्सारमा ल्याउँदा फाइदा हुने विचार गरिन्थ्यो। सिमानामा खटिएका सुरक्षाकर्मीको मूल्याङ्कन चोरीपैठारी नियन्त्रण गरे अनुसार हुन्थ्यो। यसको प्रत्यक्ष असरबाट राजस्व वृद्धि भएको हो।

तेस्रो, आन्तरिक राजस्व विभाग र भन्सार विभाग तथा मातहत कार्यालयमा तुलनात्मक रूपमा सक्षम अधिकृत र कर्मचारी पठाइएको थियो। उनीहरूको विषयविज्ञता र अनुभवले पनि राजस्व बढोत्तरीमा सफलता हात परेको थियो। कर्मचारीमा केही हदमा भए पनि माथिल्लाप्रति डर थियो। यसको कारण ती सदाचारी थिए। कर्मचारीमा अनुशासन थियो। सामाजिक प्रतिष्ठाको तुष बाँकी नै थियो।

चौथो, निजी क्षेत्रलाई उद्योग र व्यापार सञ्चालनमा सहजीकरण गरिएको थियो। यसको बदलामा राजस्व असुलीमा दबाब दिइएको थियो। उनीहरूलाई आस र त्रासबिचमा राखिएको थियो। यसले पनि राजस्व असुलीमा अनुकूल प्रभाव परेको थियो। निजी क्षेत्र पनि नाफा कमाउनुका साथै राज्यको ढुकुटी पनि बलियो हुनु पर्छ भन्ने पक्षमा थियो। निजी क्षेत्रको छाता सङ्गठनमा प्रायः असल उद्योगी र व्यवसायीले मात्रै स्थान पाउँथे।

पाँचौँ, करको दर बढाउनुको सट्टा दायरा फराकिलो गर्ने सोच राखिन्थ्यो। सरकार निजी क्षेत्रका लागि सहजकर्ता हो भन्ने मान्यता थियो। दिनहुँ अन्डा पार्ने कुखुरालाई काट्ने होइन, पालनपोषण गरेर दिनहुँ एउटा सुनको अन्डामै खुसी हुने बानी परेको थियो। यी र यस्तै रचनात्मक कार्य र सोचले राजस्व असुलीमा टेवा पुगेको थियो। यसर्थ हालका दिनमा पनि यिनै उपाय र विधिलाई समयसापेक्ष रूपमा परिमार्जन गरी निरन्तरता दिनु बुद्धिमानी हुने छ।

## राजस्वको योगदान

मुलुकलाई आत्मनिर्भर तुल्याउने राजस्वले नै हो। राज्य सञ्चालनका लागि खर्चको जोहो गर्नै पर्छ। यसका लागि आन्तरिक राजस्व असुली गर्न सकिएन भने मुलुकले खर्च थेग्न दातासँग सहयोगका लागि हात फैलाउनु पर्छ। कुनै पनि सार्वभौम मुलुकका लागि आफ्नो राज्य सञ्चालन गर्न अरूसँग सहयोग माग्नु कदाचित् सहज विषय होइन। त्यसमा पनि मेघा प्रोजेक्टहरू सबै दाताको सहयोगमा सञ्चालन हुनु थप पीडाको विषय हो।

नेपालमा असुली हुने राजस्वले चालु खर्च थेग्न नै हम्मे हम्मे छ। यसबाट विकासनिर्माणको काम गर्न र लिएको ऋणको साावाँब्याज भुक्तानी गर्न कठिन छ। साथै प्रदेश र स्थानीय सरकारलाई अनुदान प्रदान गर्न र मेघा प्रोजेक्टमा लगानी गर्न कठिनाइ छ। यस अतिरिक्त सन् २०२६ पछि नेपाल अति कम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने छ। यसबाट पनि दाताको अनुदान रकम कटौती हुन सक्छ।

मुलुक सङ्घीय शासन प्रणालीमा अघि बढिरहेको छ तर हालै सङ्घीय सरकारले जारी गरेको श्वेतपत्र अनुसार प्रदेश र स्थानीय सरकारले कुल राजस्वको १० प्रतिशत अंश मात्रै असुली गरेका छन्। राजस्व तिर्ने निजी क्षेत्र सधैँ राजस्व अधिक भयो भनिरहेको छ। जबकि तिनै तहको सरकारको प्रशासनिक खर्च बढिरहेको छ। यसै गरी आमजनताले पनि सरकारबाट बढी नै सेवा र सुविधाको अपेक्षा गरिरहेका छन्। ज्येष्ठ नागरिकको मासिक भत्ता वृद्धि हुनुपर्ने कुरा बर्सेनि उठ्ने गर्छ। यसै क्रममा बढ्दो महँगीलाई मनन गरी कर्मचारीले पनि तलब वृद्धिको माग गर्नु स्वाभाविकै हो।

यी तथ्यका आधारमा आन्तरिक राजस्व असुलीमा दबाब बढ्नु स्वाभाविकै हो। यसमा हामी सफल हुनुको विकल्प नै छैन। यसर्थ वर्तमान सरकारको एउटा महत्त्वपूर्ण ध्येय राजस्व वृद्धि हुनुपर्ने विषय अकाट्य छ।

## सङ्कुचित राजस्वको दायरा

नेपालको राजस्वको दायरा सङ्कुचित छ। अधिकांश घरजग्गाको कारोबार राजस्वको दायराभन्दा बाहिर नै छ। यसमा दलालीतन्त्र अत्यधिक छ। वैदेशिक रोजगारी र मानव बेचबिखनले पनि मुलुकको शिर निहुरिएको छ। सामान्यतः व्यावसायिक र विज्ञ व्यक्तिहरू आयकरको दायरामा छैनन्। यसमा चिकित्सक, इन्जिनियर, परामर्शदाता, कानुन व्यवसायी, कलाकार, खेलाडीलगायत पर्छन्। मुलुकमा करिब एक तृतीयांशभन्दा बढी आर्थिक कारोबार अनौपचारिक क्षेत्रमा रहेको अनुमान छ।

बचत रकम भएकाहरू उत्पादनशील क्षेत्रमा लगानी गर्न हिचकिचाइरहेका छन्। फुटपाथमै करोडौँको व्यापार हुन्छ, जसमा राजस्व गुमिरहेको छ। खुला सिमानापारि सामान सस्तो पाइन्छ भनी मानिसको भिड अन्यत्र जाँदा सरकारको राजस्व गुमिरहेको छ। हाल सरकारले एक सय रुपियाँमाथिको सामान पैठारीमा राजस्व तिर्नुपर्ने प्रचलित कानुन कार्यान्वयन गर्न खोज्दा सरकारले ठुलै आलोचना खेप्नु परिरहेको छ। यसरी राजस्वको दर बढाउन नहुने र दायरा बढाउनुपर्ने कुरा सैद्धान्तिक रूपमा ठिक छ तर नयाँ क्षेत्रमा कर लागु गर्न नसक्दा सरकार आर्थिक रूपमा कमजोर हुँदै गएको छ, जसका कारण जनअपेक्षा अनुसार काम गर्न नसक्दा सरकार जनताको विश्वासको दायराबाहिरै रहन बाध्य भइरहेको छ।

## राजस्वका चुनौती

केही वर्षपहिले नेपाल राजस्व परामर्श समितिले राजस्व प्रशासनका क्षेत्रमा विविध समस्या र चुनौती औँल्याएको थियो, जसमा राजस्व आयातमुखी हुन पुगेको छ। नेपालले बहुपक्षीय र द्विपक्षीय सन्धिसम्झौताबाट अपेक्षित लाभ लिन सकिरहेको छैन। अनौपचारिक अर्थतन्त्र फस्टाएको छ। राजस्व छुटको मात्रा ठुलो छ। सङ्घीय शासनप्रणालीका कारण राजस्व असुलीमा दोहोरोपना देखिन्छ। राजस्व प्रणालीलाई स्वचालित तुल्याउन सकिएको छैन। अन्तरनिकाय समन्वयको अभाव छ। राजस्वसम्बन्धी विवादको निरूपण शीघ्र गर्न सकिएको छैन। मूलतः राजस्व चुहावटको परिमाण अपेक्षा गरेभन्दा ठुलै रहेको प्रस्टै छ। यसरी स्वयम् सरकारी निकायले नै पहिचान गरेका समस्याको पनि सम्बोधन गर्न नसके हामी घर न घाटको हुने पक्कै छ।

## राजस्व छुट घटाउने

नेपाल सरकारले राजस्वमा थरीथरीका छुट सुविधाको व्यवस्था गरेको छ। यस्ता छुट सुविधाले विकृति विसङ्गति निम्त्याएका छन्। सरकारमाथि निरन्तर नीतिगत भ्रष्टाचारको आरोप लागिरहेको छ। करिब तीन/चार वर्षअघि नेपाल राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदनमा बर्सेनि मूल्य अभिवृद्धि करबापत मात्रै वार्षिक एक खर्ब ३० अर्ब रुपियाँ छुट दिइरहेको अनुमान गरेको थियो। यो रकम बर्सेनि वृद्धि भइरहेको छ। २०५२ सालमा मूल्य अभिवृद्धि कर लागु गर्दा ऐनको अनुसूची-१ मा छुटको छोटो सूची थियो। यो सूची क्रमशः घटाउँदै लैजाने भनिएको थियो तर बर्सेनि यस्तो छुटको सूची विस्तार हुँदै गयो। यो राजस्व क्षयीकरणमा स्वयम् सरकार लागिपरेको प्रमाण हो। यसलाई निर्मम ढङ्गले रोक्नुको विकल्प छैन। सरकारले राजस्व छुट नदिई नहुने अवस्थामा नगद अनुदान दिनु पर्छ भनी बारम्बार सुझाव प्राप्त भए पनि कार्यान्वयन हुन नसक्नु एउटा दुःखद पक्ष हो।

नेपालको आयकर ऐनले पनि व्यक्ति र दम्पतीलाई निश्चित आयमा कर छुट दिएको छ। यसै गरी द्विपक्षीय र बहुपक्षीय सन्धिसम्झौता तथा विभिन्न मुलुकसँग भएको दोहोरो कर उन्मुक्तिको सम्झौताबाट पनि कर छुट हुने गरेको छ। कृषिमा कर छुट छ। सहकारीमा छुट छ। निश्चित सङ्ख्यामा रोजगारी दिने उद्योगलाई छुट छ। दुर्गम स्थानका उद्योगलाई छुट छ। यस्तो सूची पनि लामो छ। नेपाल सरकारले भन्सारमा पनि अनेकौँ छुट सुविधा दिएको छ। भारतबाट हुने आयातमा सबैभन्दा बढी छुट छ। त्यसपछि चीनबाट आयात हुनेमा छुट छ। यसै गरी साफ्टा र बिम्स्टेक मुलुकको पैठारीमा पनि छुट छ। एम्बुलेन्स, शववाहनलगायतको पैठारीमा छुट छ। यस्ता छुट सुविधाबाट गुमेको राजस्व र राजस्वमा प्रत्यक्ष भइरहेको चुहावटको आकार अनुमान गर्दा पनि कहालीलाग्दो छ।

## राजस्व वृद्धिका उपाय

मुलुकभित्र आर्थिक कारोबार वृद्धि नभई राजस्व वृद्धि हुन सक्दैन। यसर्थ आन्तरिक र बाह्य लगानी आकर्षित गर्नु पर्छ । करको दायराबाहिर रहेका विरुद्ध सरकार निर्मम रूपमा क्रियाशील हुनु पर्छ। नेपाल एफएटिएफको 'ग्रे लिस्ट' मा परेकाले सम्पत्ति शुद्धीकरण ऐनको प्रभावकारी कार्यान्वयनमा खरो उत्रिनु पर्छ। यसले करको दायरा फराकिलो तुल्याउन पनि मद्दत गर्ने छ। सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट राजस्व असुलीका क्षेत्रमा दोहोरोपन हटाउन छाता ऐन (अम्रेला एक्ट) जारी गर्न ढिला गर्नु हुँदैन।

राजस्वको दर वृद्धि गर्ने होइन, दायरा बढाउने हो। तथापि केही वस्तुमा दर बढाउनै पर्छ। विशेष गरी सुर्तीजन्य वस्तु, मदिरा र विलासिताका सामानमा राजस्व वृद्धि गर्न सकिन्छ। छद्मभेषी व्यापारीलाई नियन्त्रण गर्दा पनि राजस्व बढोत्तरी हुने छ। राजस्व वृद्धिका लागि तिनै तहका सरकार र सबै सरकारी निकाय परिचालन हुनु पर्छ। खर्च गर्ने प्रयोजनका लागि जसरी उच्च पदाधिकारीहरू स्वयम् अर्थ मन्त्रालयमा लबिङ गर्न जबरजस्त उपस्थित हुन्छन्, सोही ढङ्गले आआफ्ना स्थानबाट राजस्व असुली गर्न पनि मन, वचन र कर्मले कार्यक्षेत्रमा खरो उत्रिनु पर्छ। करको क्षेत्रगत मूल्याङ्कन गर्दा मूल्य अभिवृद्धि करतर्फ शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता महत्त्वपूर्ण क्षेत्रबाहेकको कर छुट भारी सङ्ख्यामा कटौती गर्नु पर्छ। कर राजस्वको मेरुदण्डका रूपमा रहेको मूल्य अभिवृद्धि करको अंश हाल कुल असुलीको करिब ३५ प्रतिशत छ। यसलाई करिब ५० प्रतिशतमा पुऱ्याउनु पर्छ। यसका लागि आमव्यापारिक स्थलमा मूल्य अभिवृद्धि करको बिलबीजक अनिवार्य रूपमा जारी हुने कुराको सुनिश्चित गर्ने कठोर अनुगमन हुनु पर्छ। यसका लागि 'थ्रेसहोल्ड' लाई पुनर्विचार गर्न सकिन्छ। साथै मूल्य अभिवृद्धि कर फिर्तालाई सहज तुल्याउनु पर्छ। पैठारी र उत्पादनमा भइरहेको न्यून बीजकीकरणलाई निर्ममतापूर्वक प्रहार गर्ने आँट सरकारमा हुनै पर्छ। अन्यथा राजस्व वृद्धिको योजना कागजमै सीमित हुने कुरा ठोकुवासाथ भन्न सकिन्छ।

अन्तःशुल्कतर्फ सुर्तीजन्य, मादक पदार्थ जस्ता सीमित वस्तुमा मात्रै अन्तःशुल्क लाग्नु पर्छ। हामीले विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्तिका लागि भन्सारका दर घटायौँ। यसलाई भरणपोषण गर्न करिब १६ सय वस्तुमा अन्तःशुल्क लाग्यो। हामीले पैठारीमा पनि अन्तःशुल्क लगाएका छौँ। अब यिनमा सुधार गरी अल्पअवधिका लागि लगाइएको करबाट सरकार बाहिरिनु पर्छ। साथै अन्तःशुल्कमा स्वयम् निष्कासन प्रणाली लागु गर्दै प्रविधिमा आधारित तुल्याउनु पर्छ। अन्तःशुल्कले आन्तरिक उत्पादन गर्ने उद्योगलाई भने निरुत्साहित गर्नु हुँदैन।

भन्सार महसुलतर्फ विश्लेषण गर्दा यसलाई राजस्वमुखीभन्दा व्यापार सहजीकरणतर्फ उन्मुख गराउनु पर्छ। अनलाइन भन्सार घोषणा प्रणालीलाई सरल तुल्याइनु पर्छ। भन्सारमा वस्तु वर्गीकरणलाई पनि सहज तुल्याइनु पर्छ तर न्यून बिजकीकरणमा वस्तु आयात गर्नेलाई पूर्णतः निरुत्साहित गर्नु पर्छ। हाल बजारमा बिलबीजक जारी हुन सकिरहेको छैन। 'मिसम्याच' को केस बढेको छ। खुद्रा मूल्यमा एमआरपी खुलाउन सकिएको छैन। बजार अनुगमनमा एकप्रकारले हुलहुज्जत भइरहेको छ। भन्सारमा वस्तुको मूल्य ढाँट्दा हुन्डी जस्तो गैरकानुनी कारोबारले प्रश्रय पाइरहेको छ। यी सबैको कारक तत्त्व न्यून बीजकीकरणमा पैठारी हुनु नै हो। यसबाट नै राजस्व ठुलो आकारमा गुमिरहेको छ।

आयकरतर्फ व्यक्ति र दम्पतीले पाउने छुट सुविधा वृद्धि गर्नु पर्छ। आयकरको दर हाललाई नचलाई यथावत् राख्नु नै बुद्धिमानी हुने छ। वार्षिक रूपमा उच्च आय गर्नेको हकमा आयकरले औषधी उपचार खर्च, दानबापतलगायतका रकम कट्टी गर्न पाउने सुविधाको सीमा बढाउनु पर्छ। यस करमा पनि धेरै प्रकारका छुट छन्। यिनलाई समायोजन गर्नु पर्छ। गैरकर राजस्वतर्फ नियाल्दा यो करलाई बजार मूल्यका आधारमा लगाउनु पर्छ। साथै बेवारिसे अवस्थामा रहेको गैरकर राजस्वलाई मन्त्रालयगत जिम्मेवारीमा तोकिनु पर्छ।

## कर प्रशासन

अन्त्यमा कर प्रशासनमा काबिल र विवेकी अधिकृत र कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा हुन जरुरी छ। कर अधिकृत र निजी क्षेत्रले एकै ठाउँमा बसेर तालिम लिनु पर्छ। सकभर कर प्रशासनलाई स्वचालित, कागजविहीन, सम्पर्कविहीन र अनुहारविहीन बनाउनु पर्छ। तीन तहका सरकारले कम्तीमा एकै शीर्षकमा कर उठाउन निषेध गर्नु पर्छ। कर विवाद सल्टाउने समयसीमा तोकिदिनु पर्छ। यी सुधारले राजस्व वृद्धिमा प्रत्यक्ष रूपमा सघाउने छ। जति राजस्व वृद्धि भयो, सोही गतिमा मुलुकमा विकासनिर्माणको कामले तीव्रता पाउने छ। अनि राज्य प्रणालीबाट आमजनताले पाउने सेवा सुविधा बढोत्तरी हुने विषयमा ढुक्क हुन सकिन्छ।



१७६ वर्ष प्रवेश

सुशासन यात्रा





# सङ्घीयताको आधार

खिमलाल देवकोटा

सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी, लोकतन्त्र र विधिको शासन संविधानका आधारभूत स्तम्भ हुन् । यी स्तम्भमा एउटा मात्र तलमाथि हुनेबित्तिकै संविधान रहँदैन । मुलुकको स्थायित्वमा गम्भीर समस्या आउँछ । सङ्घीयताको प्रतीकका रूपमा प्रदेश तह छ तर प्रदेशप्रतिको दृष्टिकोण धेरैको नकारात्मक छ । पुराना पार्टी विचारमा प्रदेशप्रति उदार थिए तर व्यवहार अनुदार थियो ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रदेशप्रतिको धारणा स्पष्ट छैन । व्यवहार कस्तो हुने हो । नीति तथा कार्यक्रमपश्चात् मात्र थाहा होला तर पनि प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले निर्वाचनताका जनकपुरमा अधिकारका लागि काठमाडौँ जानु पर्दैन भन्नुले उहाँ प्रदेशप्रति उदार हुनुहुन्छ भन्ने सन्देश दिन्छ । निर्वाचनकै समयमा दमकमा मतदातासँग प्रदेश संरचना महँगो छैन भन्ने धारणासमेत उहाँले राख्नुभएको थियो । केही हप्ताअघि उहाँले प्रदेशका मुख्यमन्त्रीसँग छलफल गर्नुभएको थियो । छलफलपश्चात् मुख्यमन्त्रीहरू उत्साहित थिए । यस घटनाले पनि प्रधानमन्त्री प्रदेशप्रति सकारात्मक हुनुहुन्छ भन्ने सन्देश गएको छ ।

बालेन सरकारको मन्त्रीपरिषद्को २०८२ चैत १३ को बैठकले शासकीय सुधारसम्बन्धी सय कार्यसूची स्वीकृत गऱ्यो । कार्यसूचीमा मन्त्रालयको सङ्ख्या १७ गर्ने, अनुत्पादक बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचना खारेज वा पुनर्संरचना गर्ने, सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी र भ्रष्टाचारमुक्त बनाई सुशासनको प्रत्याभूति गर्नेलगायतका विषय छन् । मन्त्रालय कटौती गर्ने विषय त कार्यान्वयन नै भइसक्यो । शासकीय सुधारसम्बन्धी कार्यसूचीमा प्रमुख राजनीतिक दलका निर्वाचन घोषणापत्र, प्रतिबद्धतापत्र र वाचापत्रमा उल्लेख भएका साझा सरोकारलगायतका विषय समेटेर राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गर्ने र यसको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने उल्लेख थियो, जस अनुसार सरकारले राष्ट्रिय प्रतिबद्धता दस्तावेज पनि सार्वजनिक गरिसकेको छ । यसमा सरकारका तहबिचको सम्बन्धलाई प्रभावकारी बनाउने, अनावश्यक र कार्यगत दोहोरोपन हटाउने, सार्वजनिक प्रशासनको पुनर्संरचना गर्नेलगायतका विषय छन् । यी सबै पाटो हेर्दा वर्तमान सरकार प्रदेशप्रति नरम छ, यसको कार्यान्वयनमा प्रतिबद्ध छ भन्ने सन्देश पनि दिन्छ ।

प्रदेश संरचना खर्चिलो र बोझिलो भयो भन्ने धेरैको प्रश्न छ तर सङ्घ, प्रदेश र स्थानीय तहको कुल खर्चमा प्रदेशको कुल खर्च १० प्रतिशत पनि नभएको अर्थमन्त्री स्वर्णिम वाग्लेद्वारा हालै सार्वजनिक नेपालको वर्तमान आर्थिक स्थितिपत्रमा उल्लेख छ । तीन तहको कुल खर्चमा प्रदेशको खर्च ९.८ प्रतिशत मात्र छ । सङ्घको ६५.६ प्रतिशत र स्थानीय तहको २४.६ प्रतिशत छ । अझ पदाधिकारीको तलब सुविधाको खर्चको कुरा गर्ने हो भने निकै थोरै छ । महालेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०८१/८२ को तिनै तहको सरकारको एकीकृत वित्तीय विवरण अनुसार तिनै तहका पदाधिकारी र कर्मचारीको पारिश्रमिक सुविधा खर्च तीन खर्ब १० अर्ब रुपियाँ भएकामा प्रदेशको खर्च जम्मा १४ अर्ब ५४ करोड रुपियाँ छ, जुन तीन तहको कुल खर्चको ४.६९ प्रतिशत मात्र हो । सयमा पाँच रुपियाँ पनि प्रदेशको खर्च छैन । यी तथ्यले अहिलेकै संरचनामा पनि प्रदेशको खर्च कम छ भन्ने देखाउँछ । एकीकृत वित्तीय प्रतिवेदनमा प्रदेशको कुल खर्चमा पुँजीगत खर्च ६०.८६ प्रतिशत छ । सङ्घीय र स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्च क्रमश १४.८० प्रतिशत र ३४.६७ प्रतिशत छ । विश्व बैङ्कको सन् २०२३ र २०२४ को वित्तीय सङ्घीयता अपडेट प्रकाशनमा पनि प्रदेशको विकास खर्च सही दिशामा रहेको उल्लेख छ । यी विवरणले प्रदेशको खर्च संरचना सही छ, विकासोन्मुख छ भन्ने पुष्टि गर्छ । उदाहरणका रूपमा कर्णाली प्रदेशको सात वर्षको खर्च जम्मा एक खर्ब ३५ अर्ब रुपियाँ छ । सडक निर्माणका क्षेत्रमा मात्र यो प्रदेशले आव २०८१/८२ सम्म तीन हजार ८९६ किमी बनाएको छ । यसै गरी १०४ वटा झोलुङ्गे पुल बनाएको छ । कालीकोटको रास्कोट, जाजरकोटको जुनीचाँदे र बारेकोट, डोल्पाको मुड्केचुला, मुगुको खत्याड, हुम्लाको ताँजाकोटलगायतका स्थानका विपन्न परिवारका लागि चार हजार ३६२ घर निर्माण गरिएको छ ।

वास्तवमा प्रदेशसँग डराउनुपर्ने स्थिति छैन । एक त प्रदेशको वित्तीय पर्स सानो छ । सानो स्रोतको पनि खर्च प्रणालीमा निराश हुनुपर्ने स्थिति छैन । वित्तीय पर्सकै कुरा गर्ने हो भने आव २०७५/७६ देखि आव २०८१/८२ सम्म सात वटै प्रदेशको आवको कुल खर्च जम्मा १२ खर्ब ३२ अर्ब छ; जुन सङ्घीय सरकारको एक आव (२०८१/८२ को कुल १५ खर्ब १३ अर्ब) को खर्चभन्दा पनि कम हो ।

संविधानतः प्रदेशलाई राज्यको शक्ति प्राप्त छ (धारा ५६) तर प्रदेशसँग आफ्नो कर्मचारी छैन, प्रहरी छैन । पर्याप्त वित्तीय स्रोतसाधन छैन । उद्योग व्यवसाय सञ्चालन गरी निजी क्षेत्र आकर्षित गर्न र प्रदेशका लागि आवश्यक संस्थागत संरचना निर्माणलगायतका लागि भूमि/जग्गा छैन ।

सरकारका तहबिचको कार्य जिम्मेवारीको कुरा गर्ने हो भने साबिक एकात्मक व्यवस्थाका आधाभन्दा बढी कामको भार अहिले प्रदेश र स्थानीय तहमा छ तर काम अनुसारको दाम, कर्मचारी, कानुन, कार्यालय, क्षमता अभिवृद्धिलगायतमा हुनुपर्ने सामञ्जस्य छैन । प्रदेशले प्राप्त गर्ने अनुदानको हिस्सा न्यून छ । कर राजस्वको अधिकार एकदम कम छ । सङ्घीय सरकारले अनुदान पनि कम दिन्छ । अनि दिएको समानीकरण अनुदानमा पनि बेला बेलामा कैँची लगाउँछ ।

एकल अधिकारमा भए पनि प्रहरी प्रशासन र शान्तिसुरक्षाको अधिकार प्रयोग गर्न अहिलेसम्म दिइएको छैन । प्रदेशको बजेट निर्माणका बेलामा प्रदेशको अर्थ/आर्थिक मामिला सचिव हुँदैन, सरुवा गरिन्छ । जेनतेन बजेट निर्माण भए पनि कार्यान्वयन गर्ने बेलामा पर्याप्त कर्मचारी हुँदैन । महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार प्रदेशमा अहिले ११ हजार कर्मचारीको न्यूनता छ । महालेखालगायत संवैधानिक आयोगको प्रतिवेदनलाई नै आधार मान्ने हो भने सङ्घीय सरकारले प्रदेशको नीति निर्माण, बजेट तर्जुमा र कार्यान्वयन, कर्मचारी व्यवस्थापनलगायतका क्षेत्रमा असहयोग गरेको छ । हस्तक्षेप गरेको छ । एक त संविधानले नै प्रदेशलाई सङ्कुचन गरेको छ । सङ्कुचित अधिकार पनि प्रयोग गर्न दिइएको छैन । त्यसैले प्रदेशको चलायमानको पहिलो र अनिवार्य सूत्र संविधानप्रदत्त प्रदेशको अधिकार कार्यान्वयन गर्नु हो । आफ्नो कर्मचारी, प्रहरी, वित्तीय स्रोतसाधन, कानुन आदि हुने वातावरण निर्माण गरिनु हो ।

प्रदेशलाई क्रियाशील गराउन संसदीय समिति र अन्तरप्रदेश परिषद्लगायतका निकायले सरकारलाई दिएको निर्देशन र सल्लाह/सुझावको कार्यान्वयन पनि हो । संविधानको धारा २३४ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा गठित अन्तरप्रदेश परिषद्को २०७५ पुस ३ मा बसेको दोस्रो बैठकले २९ बुँदे सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना स्वीकृत गरेको थियो । कार्ययोजनामा कानुन तर्जुमालगायत ८४ वटा सुधारका क्रियाकलाप पहिचान गरिएको थियो । ती क्रियाकलापमध्ये कैयौँ क्रियाकलापको कार्यान्वयन अहिलेसम्म पनि भएको छैन । प्रधानमन्त्रीकै अध्यक्षताको राष्ट्रिय समन्वय परिषद्को २०८० असार १६ मा बसेको पहिलो बैठकले कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गरी तिनै तहको अधिकारमा स्पष्टता ल्याउने, तिनै तहबाट जाने अनुदानलाई व्यवस्थित गर्ने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना हटाउने, विकास आयोजनामा दोहोरोपन हटाउने, प्रदेश र स्थानीय तहमा रहेको कर्मचारीको समस्या समाधान गर्ने आदि थिए तर यी काम पनि पूरा हुन सकेका छैनन् ।

राष्ट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९ ले प्रदेश चलायमान, सङ्घीयता सुदृढीकरणलगायतसँग सम्बन्धित ९९ बुँदे सिफारिस गरेको थियो । सिफारिसमा सङ्घीयता कार्यान्वयन कार्ययोजना, प्रहरी समायोजन, सङ्घीय तहमा मन्त्रालय/मन्त्री, कर्मचारीलगायत संस्थागत संरचनाको व्यापक कटौती, कार्य जिम्मेवारी अनुसारको

> प्रदेश संरचना खर्चिलो र बोझिलो भयो भन्ने धेरैको प्रश्न छ तर सङ्घ, प्रदेश र स्थानीय तहको कुल खर्चमा प्रदेशको कुल खर्च १० प्रतिशत पनि नभएको अर्थमन्त्री स्वर्णिम वाग्लेद्वारा हालै सार्वजनिक नेपालको वर्तमान आर्थिक स्थितिपत्रमा उल्लेख छ ।

वित्तीय हस्तान्तरण, समानीकरण अनुदानको बढोत्तरी, योजनाको सीमा निर्धारण, कानुन निर्माणमा प्रदेश र स्थानीय तहको संलग्नता, अन्तरतह समन्वयकारी संस्थाको क्रियाशीलतालगायतका सुझाव दिएको थियो । यसको कार्यान्वयनको प्रतिबद्धता तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संसद् बैठकको रोस्ट्रमबाटै गर्नुभएको थियो तर समितिका अधिकांश सुझाव कार्यान्वयन गरिएन ।

प्रदेशलाई हेर्ने दृष्टिकोण नेताको सकारात्मक छैन । प्रदेशका मुख्यमन्त्रीले आफ्नो विवेकले काम गर्न पाउँदैनन् । ससाना निर्णय गर्दा पनि नेताको सहमति लिनुपर्ने परिस्थिति छ । साँच्चिकै राजनीतिक दल प्रदेशप्रति उदार छन् । संविधानप्रदत्त अधिकार कार्यान्वयनमा प्रतिबद्ध छन् भने आफ्नो पार्टीको संरचना पनि प्रदेश अनुकूल बनाउन जरुरी छ । प्रदेश कमिटी पनि अधिकारसम्पन्न हुनु पर्छ । केन्द्रीय राज्यसत्ता केन्द्रीय कमिटी, प्रदेश राज्यसत्ता प्रदेश कमिटी र स्थानीय राज्यसत्ता जिल्ला कमिटीप्रति जवाफदेही हुने विधि जबसम्म बसालिँदैन तबसम्म पार्टी र सरकारको सम्बन्ध पनि घनीभूत हुँदैन । प्रदेशको सम्बन्धमा त सधैँ निरीह नै रहिरहन्छन् ।

संविधानप्रदत्त प्रदेशको अधिकार कार्यान्वयन गरिए, राजनीतिक दलका संरचना प्रदेश अनुकूल भए, प्रदेशको स्थायित्वमा निकै सुधार आउँछ तर सङ्घीयतालगायत राज्य सञ्चालनको अन्तर्राष्ट्रिय अभ्यास र नेपालका राजनीतिक दलको व्यवहार हेर्दा यसमा तात्त्विक सुधार हुने सम्भावना छैन । सङ्घात्मक होस् वा एकात्मक केन्द्रीकृत सोच र मानसिकता भएका राजनीतिक दल र कर्मचारी प्रशासनले तल्लो तहका सरकार/निकायलाई अधिकार दिँदैनन् । संविधानप्रदत्त अधिकार कार्यान्वयनमा पनि व्यवधान गर्छन् । पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा पनि प्रदेशले प्रहरीको अधिकार प्रयोग गर्न पाएनन् । माओवादी आन्दोलन, मधेश तथा आदिवासी जनजाति आन्दोलनबाट आएका मन्त्री हुँदा पनि अधिकांशले मन्त्रालयलाई केन्द्रीकृत गरे । विभिन्न बहानामा प्रदेशको अधिकार मिचे/मिच्दै छन् । प्रदेशको वित्तीय स्रोतको प्रमुख आधार समानीकरण अनुदान हो । त्यही अनुदानमा कटौती लगाए ।

प्रदेशले सङ्घीय सरकारसँग लबिङ त्यसबेला मात्र गर्न सक्छ, जब प्रदेशमा स्थायित्व हुन्छ । यसका लागि संविधान नै संशोधन जरुरी छ । निर्वाचन प्रणालीमा सुधारले पनि प्रदेशलाई स्थायित्व दिन्छ । सङ्घीय संसद् जस्तै प्रदेश सभामा पनि मिश्रित निर्वाचन प्रणाली छ । सात वटै प्रदेश सभाको कुल सङ्ख्या ५५० छ । यसमा ३३० प्रत्यक्ष निर्वाचन र २२० समानुपातिक निर्वाचन प्रणालीबाट आउँछन् । प्रदेशको स्थायित्वको सवाल मात्र होइन, सानो र चुस्त पनि जरुरी छ । यसका लागि समानुपातिकबाट निर्वाचित हुने २२० सहितको समानुपातिक निर्वाचन प्रणाली खारेज गर्नु पर्छ तर यसको क्षतिपूर्तिका रूपमा प्रत्यक्ष निर्वाचन प्रणालीमा नै समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुन जरुरी छ । यसका लागि महिला, दलित, आदिवासी जनजाति, मुस्लिम आदि पछाडि परेका वर्ग र समुदायको सिट सङ्ख्या सुनिश्चित गरेर उनीहरूका बिचमा मात्र प्रतिस्पर्धा गराउने विधिमा जानु पर्छ । यस विधिमा प्रदेश सभाको सङ्ख्या घट्छ । महँगो भनिएको प्रदेश संरचनाको खर्च घट्छ तर अहिलेको निर्वाचन प्रणालीमा पनि बहुमत मात्र होइन, दुई तिहाइ नै आउँदो रहेछ भन्ने सन्देश प्रतिनिधि सभाको निर्वाचनले दिएको छ । प्रदेश सभामा पनि निश्चित रूपमा बहुमत आउँछ । कुनै एक पार्टीको बहुमतका कारण स्थायित्व हुन्छ तर खर्च कम गर्ने बहस भएको स्थितिमा सांसदको सङ्ख्या कम गर्ने विकल्प अगाडि सारिएको हो ।


संविधानले प्रदेशलाई विकासको वाहक मानेको स्थितिमा प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री प्रणालीमा जाँदा पनि हुन्छ । मुलुकको प्रधानमन्त्री खराब भए, संविधान र कानुनको खिलाफ गए सबै नागरिकले दुःख पाउँछन् तर कुनै एक प्रदेशको मुख्यमन्त्री सीमाभन्दा बाहिर गए खासै फरक पर्दैन । सिङ्गो मुलुकले दुःख पाउँदैन । सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताभन्दा बाहिर गए प्रदेश सरकारलाई विघटन गरेर निर्वाचन गराउने अधिकार सङ्घीय सरकारलाई छ । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणालीमा जान १० पटक सोच्नु पर्छ तर प्रदेशमा यो विकल्पमा जाँदा केही फरक पर्दैन ।

अहिले सबैभन्दा खड्किएको विषय भनेको प्रदेश सरकारको आकार हो । यसका लागि न्यूनतम पाँच जनामा नघट्ने गरी प्रदेश सभाको १० प्रतिशत उत्तम विकल्प हुन सक्छ । सङ्ख्या नै तोक्ने हो भने पाँचदेखि सात जनासम्म ठिक छ । भारतको दिल्ली सरकारमा मन्त्रीको सङ्ख्या पनि दिल्ली सभाको १० प्रतिशत छ । अधिकांश मुलुक, सङ्घीय सरकार होस् वा प्रदेश सरकार; मन्त्रालय/मन्त्रीको सङ्ख्या चुस्त छन् । स्विट्जरल्यान्डमा त संविधानमा नै सङ्घीय मन्त्रीको सङ्ख्या राष्ट्रपतिसहित सात जना छन् । नेपालमा पनि सङ्घीय मन्त्रीको सङ्ख्या अधिकतम १५ भए पुग्छ । मन्त्रालयको योजनाको प्रकृतिका आधारमा १० मात्र भए पनि पुग्छ भनेर मैले त संसद्मै तथ्यसहित प्रस्तुत गरेको थिएँ ।

संविधानले अधिकार दिएको छ भन्दैमा सिंहदरबारले दिँदैन । जस्तो संविधानतः स्थानीय र प्रदेशलाई प्राकृतिक स्रोतबाट रोयल्टी प्राप्त गर्ने अधिकार छ । रोयल्टीका सम्बन्धमा, साबिक स्थानीय निकायले ५० प्रतिशतसम्म वित्तीय स्रोत प्राप्त गर्दथे तर अन्तरसरकारी वित्त व्यवस्थापन विधेयक, २०७४ मा स्थानीय तहलाई जम्मा पाँच प्रतिशत र प्रदेशलाई १० प्रतिशत मात्रै रोयल्टी दिने गरी प्रस्ताव आएको थियो । पछि प्रदेश र स्थानीय तहका लागि २५/२५ प्रतिशत भयो । विगतमा हामीले सिंहदरबारका अधिकारलाई तल पुऱ्याउन निक्षेपण गर्नेलगायतका केही राम्रा नीति ल्याएका पनि थियौँ । जस्तो आव २०५९/६० देखि नै प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य, कृषि, पशु, हुलाक, स्थानीय पूर्वाधार आदि विषयगत सेवाका क्षेत्रलाई तत्कालीन स्थानीय निकायमा निक्षेपण गर्ने कानुन बनेको पनि थियो । यसै गरी इलाका बराबर स्थानीय निकायको सङ्ख्या निर्धारण गरी स्थानीय निकायलाई अधिकारसम्पन्न बनाउने अध्ययन पनि भएको थियो तर सुधारका कुनै पनि कार्यक्रम कार्यान्वयन भएनन् । दक्षिण एसियामै उत्कृष्ट भनिएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा उल्लिखित जिविसमा विषयगत शाखा खोल्ने, स्थानीय सेवा ऐन जारी गर्ने र न्यायिक समिति गठन गर्ने भन्ने ऐनको व्यवस्थासमेत कार्यान्वयन भएन । साबिकका विकेन्द्रीकरण, निक्षेपणलगायत सुधारका कार्यक्रम लागु भएको भए सायद २०६२/६३ को नागरिक आन्दोलन, १० बर्से माओवादी आन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजातिलगायतका परिवर्तनकामी आन्दोलन पनि हुने थिएनन् होला ।

सङ्घीयता चाहिन्छ । प्रदेश चाहिन्छ भन्ने आवाज २००८ सालदेखिको हो । भौगोलिक रूपमा, जातीय रूपमा, प्रशासनिक रूपमा विभेद छ । यो विभेदको अन्त्यलगायतका लागि सङ्घीयता चाहिन्छ । प्रदेश संरचना बन्नु पर्छ भनेर नेपाल तराई कांग्रेसको गठन २००८ सालमा भएको हो । पछिल्लो पटक २०४६ सालको परिवर्तनपछि नेपाल सद्भावना पार्टीले यसलाई मुखरित गऱ्यो । प्रदेशको अवधारणा अगाडि साऱ्यो । २०६३/६४ सालमा मधेश आन्दोलनले यसलाई सार्थकता दियो । प्रत्येक नागरिकको आवाज राज्यले सुन्नु पर्छ । हामी दबिएका छौँ । हेपिएका छौँ । हाम्रो स्वाभिमानमा चोट लागेको छ । यो समस्याको समाधान जवाफदेहितासहितको प्रदेश संरचना हो । यसले मुलुकलाई कमजोर होइन, थप बलियो बनाउँछ । अब कर्णालीको विकास कर्णालीवासीले नै गर्ने हो, मधेशको विकास र शासन मधेशका जनताले नै गर्ने हो । सधैँ हेपिएको र दबिएको महसुस गर्ने सुदूरपश्चिमको विकास र शासन पनि उनीहरूले नै गर्ने हो । सिंहदरबारको काम समन्वय गर्ने हो, वैदेशिक सहयोग जुटाउने हो, सुरक्षा र राष्ट्रिय हितको काम गर्ने हो । यसै अवधारणा अनुसार नेपालमा सङ्घीयता आएको हो । प्रदेश संरचना बनेको हो । यसलाई हुर्किन दिनु पर्छ । सबैले मलजल गर्नु पर्छ ।



# शिक्षा : नीतिमा सुधार
# व्यवहारमा समस्या






सूर्यप्रसाद पाण्डे

> शिक्षा क्षेत्र लामो समयदेखि थुप्रै नीतिगत तथा व्यावहारिक समस्यामा अल्झिरहेको छ । झन्डै दशकदेखि छलफलमा आएको विद्यालय शिक्षा ऐन, विश्वविद्यालयसम्बन्धी छाता ऐन र प्राविधिक शिक्षासम्बन्धी ऐनले अझै मूर्त रूप लिन सकेको छैन । यी ऐनको अभावमा मुलुकको शिक्षा क्षेत्रले सङ्घीयताको असल अभ्यास गर्न पाएको छैन ।

मुलुकको आर्थिक, प्रशासनिक, सामाजिक क्षेत्रमा सुधारको बहस भइरहँदा कहिल्यै नछुट्ने विषय हो– शिक्षा । जसरी गाँस, बास र कपासलाई नागरिकको नैसर्गिक अधिकार मानिन्छ; सर्वसुलभ गुणस्तरीय शिक्षा पनि हरेक नागरिकको अनिवार्य आवश्यकता बनिसकेको छ । संविधानले नै शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्वीकार गरेको छ । विद्यालयदेखि विश्वविद्यालय तहसम्मको शिक्षालाई पहुँचयोग्य, स्तरीय र सर्वसुलभ बनाउन सरकारका तर्फबाट पनि थुप्रै नीतिगत प्रबन्ध गरिएको छ । कतिपय नीति व्यवहारमा पूर्ण कार्यान्वयनमा आइसकेका छन् भने केही कार्यान्वयनकै चरणमा छन् । समग्रमा भन्नुपर्दा पछिल्लो समय शिक्षामा नीतिगत सुधारको थालनी गम्भीर रूपमा अघि बढेको छ । त्यसको सफल कार्यान्वयन पक्षबारे पनि चर्को बहस हुन थालेको छ।

### पाठ्यपुस्तकको सहज वितरण

विद्यालय तहको शिक्षामा भएको पहिलो सुधारात्मक काम सामुदायिक विद्यालयका विद्यार्थीलाई सहज रूपमा पाठ्यपुस्तक पुर्‍याउनु हो । विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक छपाइ र वितरणको मुख्य जिम्मा सरकारले आफ्नै स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई दिएको छ। केही कक्षाका पुस्तक छपाइको जिम्मेवारी आवश्यकताका आधारमा निजी मुद्रण संस्थालाई पनि दिने गरिएको छ।

एक दशकअघिसम्म शैक्षिक सत्र सुरु भएर पहिलो र दोस्रो त्रैमासिक परीक्षा सुरु हुँदासमेत विद्यार्थीले पाठ्यपुस्तक नपाएका समाचार बग्रेल्ती आउँथे सञ्चार माध्यममा । दुर्गम भेगमा त पुस्तकबिना नै विद्यार्थीले वार्षिक परीक्षा दिनु परेका खबर पनि आउँथे तर विगत तीन/चार वर्षदेखि यो समस्या करिब अन्त्य भएको छ।

पाठ्यपुस्तक छपाइका लागि आवश्यक पर्ने कागज किन्न सरकारले बेलैमा निर्णय गरेर समस्याको गाँठो फुकाइदिनेदेखि पाठ्यपुस्तक छपाइका लागि पाठ्यक्रम विकास केन्द्रले तयार पार्ने क्यामरा रेडी कपी (सिआरसी) समयमै उपलब्ध गराउने गरेका कारण यो समस्या हाललाई टरेको छ । आर्थिक रूपमा जनक शिक्षा पनि सबल बन्दै गएका कारण विद्यालय तहमा पाठ्यपुस्तक अभावको समस्या टरेको हो । केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेल अबका दिनमा विद्यालय तहका विद्यार्थीका लागि कहिल्यै पनि पाठ्यपुस्तक अभावको समस्या नदोहोरिने ठोकुवा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "समस्या सबै ठाउँमा हुन्छन् तर समस्याको मूल जरो के हो पत्ता लगाएर समाधानतर्फ लागियो भने गन्तव्यमा पुग्न सकिन्छ। जनक शिक्षाले अहिले प्राप्त गरेको सफलताको कारण पनि यही हो।"

> एक दशकअघिसम्म शैक्षिक सत्र सुरु भएर पहिलो र दोस्रो त्रैमासिक परीक्षा सुरु हुँदासमेत विद्यार्थीले पाठ्यपुस्तक नपाएका समाचार बग्रेल्ती आउँथे सञ्चार माध्यममा ।

### एसइईमा सुधार

विद्यालय तहको शिक्षामा सबैभन्दा धेरैको चासो रहने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा पनि मन्त्रालयले ऐतिहासिक सुधारको काम गरेको छ । अहिलेसम्मको अभ्यास हेर्ने हो भने परीक्षा नियन्त्रण कार्यालयले एसइई सकिएको तीन महिनाभित्र नतिजा सार्वजनिक गर्ने गरेको छ। विगतदेखिको परम्परा भएका कारण हरेक जसो परीक्षा नियन्त्रकले यही पद्धति अपनाउँदै आएका थिए तर यस पटक भने परीक्षा सकिएको एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने तयारी राष्ट्रिय परीक्षा बोर्डले गरेको छ। एसइई सुरु हुनुभन्दा एक साताअघि मात्रै हालको सरकार गठन भएको थियो। सोही सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलको विशेष जोडबलमा मन्त्रालय र बोर्डको नेतृत्व सम्मिलित बैठकले परीक्षा सकिएको महिना दिनभित्रै नतिजा सार्वजनिक गर्ने निर्णय गरेको थियो। एसइई चैत २९ गते सकिएको थियो। सोही अनुसार ढिलोमा वैशाख २९ भित्रै नतिजा सार्वजनिक गर्ने तयारीमा बोर्ड लागेको छ।

एक महिनामै नतिजा सार्वजनिक भएमा एसइई लिएपछि लामो समयसम्म खाली हात बस्नुपर्ने विद्यार्थीका समस्या अन्त्य हुने छन्। उनीहरूले समयमै कक्षा ११ मा भर्नाको अवसर प्राप्त गर्ने छन्।

### विद्यालयको शुल्कमा नियमन

पछिल्लो समय विद्यालय तहमा विद्यार्थी भर्नाका नाममा हुने गरेको मनपरी रोक्ने सरकारी प्रयास पनि बिस्तारै प्रभावकारी बन्दै गएको छ । विशेष गरी निजी तथा संस्थागत विद्यालयले विद्यार्थी भर्नाका नाममा मनपरी शुल्क असुली गरेको, शिक्षा नियमावली तथा भर्नासम्बन्धी निर्देशिकाविपरीत शुल्क उठाउने गरेको समस्या टड्कारो रूपमा उठ्ने गरेको छ।

अहिले यस्ता समस्या पूर्ण रूपमा निरूपण त भइसकेको छैन तर पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले पटक पटक सार्वजनिक सूचना जारी गरेर विद्यार्थी भर्ना र शुल्क असुलीको विषयमा प्रचलित कानुनको पूर्ण रूपमा पालना गर्न झकझक्याइरहेको छ । यसले विद्यार्थी र अभिभावकलाई थोरै भए पनि राहत दिएको छ । यद्यपि पूर्ण भने भएको छैन। यसबिचमा विद्यार्थी भर्ना र शुल्क व्यवस्थापन, शैक्षिक क्यालेन्डर सुधारका कामलाई पनि कार्यान्वयनमा ल्याइएको छ।

### निजीको छात्रवृत्तिमा कडाइ

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम संस्थागत विद्यालयले अनिवार्य रूपमा छात्रवृत्ति उपलब्ध गराउन मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र गरेको छ । छात्रवृत्ति वितरणमा हुने गरेको अनियमितता अन्त्य गर्न यसले ठुलो सहयोग गर्ने विश्वास लिइएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले विद्यार्थीलाई दिनुपर्ने छात्रवृत्ति (निःशुल्क शिक्षा) सम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ।

यस ऐन अनुसार निजी विद्यालयले प्रारम्भिक बाल विकास शिक्षादेखि बाह्र (१२) कक्षासम्मका कुल विद्यार्थी सङ्ख्याका आधारमा निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ; जस अनुसार पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १२ प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने हुन्छ। शिक्षा मन्त्रालयले हरेक स्थानीय तहलाई कडा निर्देशन दिँदै यसको पूर्ण पालना गराउन र छात्रवृत्ति प्रदान गरिएको तथ्याङ्क केन्द्रमा पठाउन निर्देशन दिएको छ।

त्यस्तै जेनजी आन्दोलनबाट प्रभावित परिवार र नागरिकलाई सरकारी, सार्वजनिक र निजी क्षेत्रमा रोजगारीका अवसर, सिप, विकास, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना गर्नका लागि मन्त्रालयबाट परिपत्र भएको छ।

प्रमाणपत्रहरू नागरिकले आधिकारिक मोबाइल एप, नागरिक एप वा इमेलमा डाउनलोड गर्न मिल्ने व्यवस्था मिलाउनका लागि विश्वविद्यालयलाई पत्राचार गरिएको छ । यसको तयारीमा विश्वविद्यालयहरू लागिसकेका छन्। नेपाललाई आरोग्य पर्यटनको हब बनाउन पाठ्यक्रम विकास केन्द्रलाई मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जनका बखत आरोग्य पर्यटनको नीति र सिद्धान्तलाई अनुसरण गर्न परिपत्र गरिएको छ।

### घरैबाट एनओसी

मुलुकबाट उच्च शिक्षा अध्ययनमा जाने विद्यार्थीका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हरेक वर्ष सवा लाखभन्दा धेरै वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) वितरण हुने गरेको छ। स्वदेशमा बस्न नसकेर वा मन नलागेर बिदेसिनुपर्ने विद्यार्थीका बाध्यताको पीडा त छँदै थियो, त्यसैमाथि एनओसी लिने क्रममा बेहोर्नु परेका हैरानीको व्याख्या गरेर साध्य हुन्नथ्यो। यी सबै समस्यालाई एकमुस्ट रूपमा पार लगाउन मन्त्रालयले घरैबाट एनओसी लिन पाउने व्यवस्था गरेको छ । अर्थात् मन्त्रालयकै भाषामा एनओसी वितरणलाई 'फेसलेस', 'पेपरलेस' र 'क्यासलेस' बनाइएको छ।

यस व्यवस्थाले विद्यार्थीलाई लामो समयसम्म लाइनमा बस्नुपर्ने झन्झटबाट मुक्ति दिएको छ भने समयमा कार्यालय पुग्न नसकेको अवस्थामा एनओसीको फाराम नै भर्न नपाइने बाध्यताको पनि अन्त्य गरिदिएको छ।

एनओसी वितरणलाई अझ प्रभावकारी बनाउन मन्त्रालय अन्तर्गतको सानोठिमीस्थित एनओसी शाखाले एनओसी सर्टिफिकेटलाई 'फेसलेस' बनाउन 'एनओसी अनलाइन पोर्टल' र त्रिभुवन विश्वविद्यालय (त्रिवि) तथा काठमाडौं विश्वविद्यालय (केयु) बिच 'एपिआई' गर्ने कार्य सम्पन्न गरेको छ।

उक्त प्रयोजनका लागि यही वैशाख ४ गते त्रिविसँग सम्झौता भएको थियो भने केयुसँग यसअघि नै सम्झौता भइसकेको थियो। योसँगै विद्यार्थीले घरमै बसेर अनलाइनमार्फत एनओसीका लागि आवेदन दिन सक्ने छन्। साथै सम्पूर्ण प्रक्रिया पूरा भएपछि आफ्नो प्रमाणपत्र आफैँले प्रिन्ट गरी प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

दुवै विश्वविद्यालयसँग अन्तरआबद्धता हुनुभन्दा अघि आवेदकले आवेदन दिइसकेपछि, आवेदकले राखेको नागरिकताको विवरण गृह मन्त्रालयसँग अन्तरआबद्धता भएको 'सिटिजन इन्फरमेसन म्यानेजमेन्ट' (सिआइएमएस) मा भेटिएको अवस्थामा र आवेदकले राखेको एनइबीको रजिस्ट्रेसन नम्बर, जन्ममिति विवरणका आधारमा एनइबीसँग अन्तरआबद्धता भएको सिस्टमबाट प्रमाणपत्र देखिएमा आवेदक विवरण रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनु नपर्ने भएको छ तर 'फेसलेस' बनाउँदा आवेदकले स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गर्न जाँदाको हकमा आवेदनमा विश्वविद्यालयको सर्टिफिकेट राख्नुपर्ने र विश्वविद्यालयका प्रणालीसँग अन्तरआबद्धता नभएकाले आवेदक सर्टिफिकेट विवरण रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनुपर्ने अवस्था रहेको थियो।

महालेखा नियन्त्रणको कार्यालयको 'रेभिन्यु इन्फरमेसन क्यासलेस म्यानेजमेन्ट सिस्टम' (रिमास) सँग अन्तरआबद्धता भएकाले एनओसीको राजस्व पूर्ण रूपमा अनलाइनमार्फत लिइएको छ। एप्रुभ भएको एनओसी सर्टिफिकेट आवेदकले आफ्नै प्रोफाइलबाट पेपरलेस डाउनलोड गर्न सक्ने छन् । सर्टिफिकेटमा क्युआर कोड भएकाले क्युआर स्क्यानरबाट हेर्न सकिने छ।

त्रिवि र केयुसँग अन्तरआबद्धता भएपछि आवेदकले स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गर्न जाँदाको हकमा आवेदकले आवेदनमा राखेको विश्वविद्यालयको रजिस्ट्रेसन नम्बर, जन्ममिति विवरणका आधारमा त्रिवि र केयुसँग फेसलेस अन्तरआबद्धता भएको सिस्टमबाट प्रमाणपत्रका विवरण देखिने र आवेदक सर्टिफिकेट विवरण रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनु नपर्ने एनओसी शाखाले जनाएको छ।

### दलीय आबद्धता अन्त्यको प्रयास

मुलुकको समग्र शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत र संरचनागत सुधारका कामसँगै शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न विद्यालय र विश्वविद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउनेदेखि शैक्षिक वातावरण, गुणस्तर अभिवृद्धि, अनलाइनबाट एनओसी लिने जस्ता महत्त्वपूर्ण निर्णय भएका छन्।

शिक्षामन्त्री पोखरेलले शिक्षा क्षेत्र दलीय राजनीतिमुक्त बनाउन हस्तक्षेपकारी पहल गर्नुभएको छ । दलीय सङ्गठनको विकल्पमा विद्यार्थीको वास्तविक प्रतिनिधित्व गराउन आगामी ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' जस्ता गैरराजनीतिक संयन्त्रको विकास गरिने मन्त्रालयको योजना रहेको छ। ६० दिनभित्र शिक्षण संस्थाबाट दलीय आधारमा बनेका सङ्गठनका संरचना हटाइने विषय प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रीपरिषद्ले सार्वजनिक गरेको शासकीय सुधारका सयबुँदे कार्यसूचीमा समेत समावेश गरिएको छ । यसलाई कार्यान्वयन गर्न विश्वविद्यालय समन्वय समितिको बैठक बसेर विद्यार्थी सङ्गठन स्थापनाका लागि भवन, जमिन उपलब्ध नगराउने; सङ्गठनका भौतिक सङ्केत हटाउने र कुनै कानुनी व्यवस्था गरेको भए खारेज गर्ने निर्णयसमेत भइसकेको छ।

### नागरिकता नचाहिने

शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने निर्णय भएको छ । सार्वजनिक भएको शासकीय सुधारको सयबुँदे कार्यसूचीको बुँदा नम्बर ८८ मा विद्यार्थीलाई स्नातकसम्मको अध्ययनका लागि नागरिकता आवश्यक नपर्ने गरी विश्वविद्यालयले तत्काल कार्यविधि बनाउनुपर्ने उल्लेख छ । काठमाडौं विश्वविद्यालयले कार्यविधि बनाउन लागेको छ भने अन्य विश्वविद्यालय कार्यान्वयनमा गइसकेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ। यस्तै शैक्षिक क्यालेन्डर अनुसार समयमै नतिजा सार्वजनिक गर्ने र आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षा बन्द गरी 'वैकल्पिक मूल्याङ्कन प्रणाली' लागु गर्ने तयारी गरिएको छ।

नतिजामा आधारित शासकीय प्रबन्ध 'डेलिभरी बेस्ट गभर्नेन्स' का लागि परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्न विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा परिपत्र गरिएको छ।

### समस्या पनि अनगन्ती

शिक्षा क्षेत्र लामो समयदेखि थुप्रै नीतिगत तथा व्यावहारिक समस्यामा अल्झिरहेको छ। झन्डै दशकदेखि छलफलमा आएको विद्यालय शिक्षा ऐन, विश्वविद्यालयसम्बन्धी छाता ऐन र प्राविधिक शिक्षासम्बन्धी ऐनले अझै मूर्त रूप लिन सकेको छैन । यी ऐनको अभावमा मुलुकको शिक्षा क्षेत्रले सङ्घीयताको असल अभ्यास गर्न पाएको छैन। गुणस्तर वृद्धिमा पनि केही असर पारेको छ। मुख्यतया सङ्घीय शिक्षा ऐन नहुँदा स्थानीय तहले आफ्ना शिक्षा ऐन जारी गर्न पाएका छैनन् । संविधानतः विद्यालय तह (कक्षा १–१२) सम्मको सञ्चालन र व्यवस्थापनको क्षेत्राधिकार स्थानीय तहको हो तर यही ऐनको अभावमा विद्यालय शिक्षामा सुशासन कायम गर्न कठिन परेको छ । सबै प्रकारका विद्यालयमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा समान ढाँचा बनाई लागु गर्ने र निजी लगानीमा सञ्चालित विद्यालय शिक्षकका लागि राष्ट्रिय मापदण्डका आधारमा शिक्षक छनोट, आपूर्ति, विकास, उपयोग गर्नेलगायतका विषय शिक्षा ऐनको अभावमा रोकिएका छन्।

त्यस्तै मुलुकमा एक दर्जन विश्वविद्यालय स्थापना भइसकेका छन्। यही सन्दर्भमा दुई दशकअघिदेखि विश्वविद्यालयसम्बन्धी छाता ऐनको माग भइरहेको छ । विश्वविद्यालयको शैक्षिक, प्रशासनिक र आर्थिक अनुशासन कायम गर्न यस ऐनको आवश्यकता महसुस गरिएको हो । पटक पटक छलफल भएर विधेयकको खाका बनाउने काम पनि विगतमा भएका थिए तर छोटो समयमै सरकार परिवर्तन र मुलुकको राजनीतिक उथलपुथलका कारण यसले पनि अहिलेसम्म आकार लिन सकेको छैन। साथै सरकारले पछिल्लो समयमा प्राविधिक शिक्षाको धारलाई ७५ प्रतिशतसम्म विस्तार गर्ने नीति लिएपछि यसको व्यवस्थापनका लागि नयाँ कानुनको आवश्यकता महसुस गरिएको छ। विभिन्न समयमा गठन भएका समिति तथा कार्यदलले यससम्बन्धी ऐन निर्माणका लागि विधेयकको खाका तयार गरेका थिए।



# जेनजी आन्दोलन
# सुशासनको आधार



अशोक अधिकारी



*एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलट–पुलट, उथल–पुथल, हेरफेर ल्याउँछ।*
...
*खरानी हुन्छ भरभराउँदो, हुरी चल्न थाल्दछ*
*कायर पनि वीर हुन्छन्, वेग चल्छ जोशको*
*हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ*
*एक जुगमा एक दिन एकचोटि आउँछ !*

**गोपालप्रसाद रिमालको गीतमा भनिए जस्तै २०८२ भदौ २३ र २४ नेपालको इतिहासमै कहिल्यै बिर्सिन नसकिने दिन रहे । भदौ २३ गते नवयुवाको सहादतपछि भदौ २४ गते सिंहदरबार, सर्वोच्च अदालत, सङ्घीय संसद् भवन जले। तीसँगै हजारौँ राज्य संरचना र त्यहाँ रहेका दस्तावेज जले। नवयुवाको सहादतसँगै देशमा गैरदलीय सरकार बन्यो । भदौ २७ गते पूर्वप्रधान न्यायाधीश सुशीला कार्की देशको पहिलो महिला प्रधानमन्त्री बन्नुभयो। खरानी टक्टक्याउँदै सरकारले फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न गरायो। राष्ट्रिय स्वतन्त्र पार्टी झन्डै दुई तिहाइ मतसहित पहिलो दल बन्यो। प्रधानमन्त्रीमा वरिष्ठ नेता वालेन्द्र शाह नियुक्त हुनुभयो । राजनीतिमा नयाँ प्रयोग र अभ्यास आरम्भ भयो । सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था र संविधान सही मार्गमा अघि बढ्यो । नेपालले युवा नेतृत्व पायो । नागरिकमा नवीन आशा र विश्वासको जग बसाल्ने कोसिसमा सरकार लागेको छ।**

**सरकारले समयानुकूल संविधान संशोधन गर्ने, सुशासनको प्रत्याभूति दिलाउने र कानुनी शासन स्थापित गर्ने मार्गचित्रको लक्ष्य निर्धारण गरेरै कार्यकाल आरम्भ गरेको छ। भ्रष्टाचारका फाइलमाथि अध्ययन र कारबाही, सम्पत्ति शुद्धीकरणका मुद्दामा अनुसन्धानसँगै राज्य संरचनाको दोहन गर्नेहरूलाई कानुनी दायरामा ल्याउन सरकार दृढ छ। नागरिकको भरोसालाई विश्वासमा बदलेर रूपान्तरणको युगीन अध्याय थालनी गर्ने लक्ष्यका लागि सरकारले सुशासनको मार्गचित्र कार्यान्वयनमा ल्याएको छ। युवा नेतृत्वले देश हाँकिरहँदा अबका अवसर र चुनौतीबारे जेनजीबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सांसद, जेनजी आन्दोलनका घाइते र अभियन्तासँग गरिएको संवाद यहाँ प्रस्तुत छ :**

## समुन्नतिको सङ्कल्प



**ऋषि थापा**
जेनजी अभियन्ता

सरकारको शासकीय सुधार र रूपान्तरणको मार्गचित्रमार्फत नवीनतम लक्ष्य निर्धारण गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाहसँगै मन्त्रीपरिषद्का सबै सदस्य समुन्नत र सुशासनयुक्त नेपालको उद्घोषसहित राष्ट्रिय दायित्व पूरा गर्ने अभिभारा वहन गरेर अघि बढिरहनुभएको छ। मुलुकको समग्र रूपान्तरणका लागि शासकीय सुधार, जनमुखी प्रशासन र भ्रष्टाचारमुक्त राज्यप्रणाली निर्माण गर्ने सङ्कल्प गरी उच्च प्राथमिकताका साथ कार्य भइरहेको छ। सरकार गठनको छोटो अवधिमै अघि सारिएका दूरगामी योजना र तिनको कार्यान्वयनले नागरिकमा आशा जगाएको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले २०८२ चैत १३ गतेको मन्त्रीपरिषद् बैठकले शासकीय सुधार र सुशासनका लागि 'सयबुँदे कार्यसूची' स्वीकृत गरेको छ।

यस कार्यसूचीले आर्थिक विकास, प्रशासनिक सुदृढीकरण र भ्रष्टाचार न्यूनीकरणलाई मुख्य आधारस्तम्भ मानेको छ। सरकारले एक महिनाको अवधिमा नवीनतम योजना र लक्ष्यहरू निर्धारण गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने दृढता व्यक्त गरेको छ। सुशासनको मार्गचित्रका धेरै काम कार्यान्वयनमा र केही सम्पन्न भइसकेका छन्। सरकारले कार्यसम्पादनलाई मापनयोग्य र जवाफदेही बनाउन प्रत्येक मन्त्रालयलाई सात दिनभित्र मुख्य १० कार्य र तिनको समयसीमासहितको कार्ययोजना पेस गर्न निर्देशन दिएको छ। प्रशासनिक सुदृढीकरण र सेवा प्रवाहमा सरलीकरणका लागि काम अघि बढाइएको छ। सरकारले सार्वजनिक सेवामा विद्यमान दोहोरोपन, प्रक्रियागत जटिलता र ढिलासुस्ती अन्त्य गर्न प्रशासनिक प्रक्रियामा व्यापक पुनरवलोकन सुरु गरेको छ। सेवाग्राहीमैत्री प्रशासन सुनिश्चित गर्न कर्मचारी आचारसंहिता लागु गरिएको छ। कर्मचारीतन्त्रलाई उत्तरदायी, निष्पक्ष र व्यावसायिक बनाउँदै नागरिकको भरोसा अभिवृद्धि गर्ने लक्ष्य सरकारले राखेको छ।

### सहरी व्यवस्थापन र प्रविधिमैत्री सुधार

सरकारले काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा रहेका सरकारी जग्गा र नदीकिनारका अतिक्रमित बस्ती खाली गराउने अभियानलाई निरन्तरता दिएको छ। वर्षायाममा हुन सक्ने दुर्घटनालाई दृष्टिगत गरी अतिक्रमित क्षेत्र खाली गराएर नागरिकलाई सुरक्षित स्थानमा सारिएको हो। आर्थिक स्थायित्व र समृद्धिका लागि सरकारले १८ बुँदे राष्ट्रिय प्रतिबद्धतामा सुझाव मागेर काम अघि बढाएको छ। इतिहासमै पहिलो पटक प्रमुख राजनीतिक दलका घोषणापत्रलाई समेट्दै कृषि, पर्यटन, ऊर्जा, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा साझा धारणा बनाइएको छ। संविधान जारी भएको एक दशकको समीक्षा गर्दै आगामी मार्गचित्र तय गर्न सरकारले गठन गरेको 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल, २०८२' ले सुझाव लिने कार्य तीव्र पारेको छ। मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउने अभिभारासहित सरकार सुशासनको प्रत्याभूति र नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने गरी नीतिगत स्पष्टता एवं कार्यान्वयनमा दृढता कायम राखेर अघि बढेको छ। यी लक्ष्य सार्थक हुने छन्।

## परिवर्तनको निर्णायक मोड



**पुरुषोत्तम यादव**
प्रतिनिधि सभा सदस्य
एवं जेनजी अभियन्ता

बिहानीले दिनको सङ्केत गर्छ भने झैँ सरकारले द्रुत गतिमा अग्रगामी रूपान्तरणको अठोट प्रस्तुत गरेर आशाको सञ्चार गरेको छ। विसं २०८२ नेपालको राजनीतिक इतिहासमै सबैभन्दा ठुलो परिवर्तनको निर्णायक मोड हो। पात्रोमा एक वर्ष बदलिएको छ। साथै नेपाली राजनीतिक इतिहासमा पनि ठुलै परिवर्तन आएको छ। ३० वर्षसम्म नेपाली नागरिकले भोगेको कुशासनलाई दुई दिनको जेनजी आन्दोलनले नामेट पारिदिएपछि सुनौलो राजनीतिक अध्यायतर्फ हामी अघि बढेका छौँ।

सुशासनका पक्षमा नवयुवाले देखाएको उत्साह र सङ्घर्षले नेपाललाई समुन्नति र भ्रष्टाचारमुक्त बनाउने अध्यायतर्फ अघि बढाएको छ। सरकार र संसद्मा नयाँपन आयो। नयाँ सोच आयो। युवा जागरणको प्रतीकका रूपमा समावेशी र दक्ष युवाको प्रतिनिधित्व सुनिश्चित भयो। यो केवल प्रतिनिधित्व होइन; नवीन जागरण, सोच र ऊर्जाको प्रवेश पनि हो। समावेशी राजनीतिको अर्को ऐतिहासिक उपलब्धि हो।

नागरिकको परिवर्तनको आकाङ्क्षा प्रबल हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ मत प्राप्त गरेको छ। यो सत्ता वा शासकको अनुहार परिवर्तन मात्रै होइन; समग्र प्रणाली, प्रवृत्तिमा सुधारको सन्देश हो। त्यसैले आगामी पाँच वर्षमा नीति, विधि र थिति बसाल्दै नेपाललाई समुन्नत बनाउनेतर्फ सरकार अघि बढ्नु पर्छ। अहिलेसम्मका सरकारका प्रयास पनि देशलाई समुन्नतिको उचाइ प्रदान गर्ने उद्देश्यले प्रेरित छन्। कानुन निर्माण गर्दै भ्रष्टाचार अन्त्य गर्ने, बेरोजगारी न्यूनीकरण र नागरिकका आममुद्दा सम्बोधन गर्नकै लागि सरकार सुशासनको मार्गचित्र प्रस्तुत गरेर जनविश्वास आर्जन गर्नेतर्फ अघि बढिरहेको छ।

## संसद्लाई बिजिनेस दिनु पर्छ



**मनिष खनाल**
प्रतिनिधि सभा सदस्य एवं
जेनजी प्रतिनिधि

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारसँग झन्डै दुई तिहाइ बहुमत छ। सरकारले सुशासन र विकासनिर्माणका लागि निश्चित समयभित्रै काम सम्पन्न गर्ने लक्ष्य राखेको छ। निर्धारित समयभित्रै काम सम्पन्न गर्नु चुनौतीपूर्ण पनि छ। जस्तै– सुशासनको सयबुँदे मार्गचित्र कार्यान्वयन गर्न प्राथमिकता तोकेरै काम अघि बढाइएको छ। ती प्राथमिकता हेर्दा सरकारको जुन गति छ, त्यो गतिलाई भेट्टाउने गरी अध्यादेश पनि ल्याइएको छ। सँगसँगै विकासनिर्माणका विभिन्न कार्यसँगै सुशासनको एउटा मानक स्थापित गर्नका लागि पनि सरकारले विभिन्न कानुनमा संशोधन गर्नुपर्ने छ। कतिपय भएकै कानुन संशोधन गरेर नयाँ कानुन ल्याउनुपर्ने छ। कतिपय नयाँ कानुन बनाउनुपर्ने छ। सबै पक्ष समेटेर समाज र राष्ट्रको माग अनुसार कानुन ल्याउनुपर्ने छ। सरकारले कानुन निर्माणका लागि संसद्को आगामी अधिवेशनमा बिजिनेस दिने मेरो विश्वास छ।

### सुधारको सङ्कल्प

विगतमा एउटै शैलीका राजनीतिक दलबाट सरकार सञ्चालन हुन्थ्यो। सदनमा पनि तिनै पार्टीको बाक्लो उपस्थिति हुन्थ्यो। फलस्वरूप अपेक्षा अनुरूप काम र सेवा प्रवाह भएन। सुशासन स्थापना गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र राज्य संरचनालाई सुशासनमार्फत सुदृढ गर्ने विषयमा नागरिकको जुन अपेक्षा थियो, त्यो अपेक्षा सम्बोधन हुन सकेन। त्यसैले जेनजी आन्दोलन भयो।

संसद् र सरकारको रूपरेखा बदलियो। जेनजी आन्दोलनपछि निर्वाचन सम्पन्न भयो। निर्वाचनले दिएको म्यान्डेट अनुसार सरकार अघि बढ्नु पर्छ। जनविद्रोहको मर्म अनुरूप भ्रष्टाचार नियन्त्रणका लागि, सुशासन स्थापनाका लागि र सँगसँगै त्यो विद्रोहका मागका सन्दर्भमा सरकारसँग जुन सम्झौता भयो; त्यो सम्झौतापत्रमा सामाजिक न्यायका महत्त्वपूर्ण मुद्दा छन्।

तत्कालीन सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो, त्यो प्रतिबन्धको विरोध गर्दै जेनजी आन्दोलन भएको थियो। डिजिटल स्वतन्त्रताका कुरा, 'डेटा प्राइभेसी' का कुरा पनि छन्। यी विषय पनि समेटेर सरकारले आगामी कामकारबाही अगाडि बढाउनु पर्छ। प्रविधिमैत्री भन्दै गर्दा प्रविधिमैत्री कानुन ल्याउनु पर्छ। सँगसँगै प्रविधिभित्रको स्वतन्त्रताका कुरा, स्वतन्त्रताभित्र पनि सुरक्षाका कुरामा सरकारले ध्यान दिएर काम गर्नु पर्छ। सरकारले यी विषयमा ध्यान दिए जेनजी आन्दोलनको मर्म, भावना र मुद्दा सम्बोधन हुन सक्छ।

## नागरिकसँग प्रगाढ सम्बन्ध बनाउनु पर्छ



**मोनिका निरौला**
सदस्य, सुशासन मार्गचित्र-२०८२
एवं जेनजी अभियन्ता

सरकारले केही महत्त्वपूर्ण थालनी गरेको छ तर केही काम संशय उत्पन्न गर्ने किसिमका पनि छन्। सरकारले अहिले एकदमै उच्च प्राथमिकताका साथ विस्थापित भएका सुकुमवासी परिवारलाई व्यवस्थापन गर्नु पर्छ। सरकारले १५ दिनभित्र व्यवस्थापन गर्छौं भनेर बस्ती खाली गराएको छ। जनतालाई बिचल्ली पार्नु हुँदैन। यस्तो हृदयविदारक दृश्यले सरकारप्रति प्रश्न उठ्छ। त्यसैले अहिले विस्थापनमा परेका नागरिकलाई आवास र खाने प्रबन्ध गर्नु पर्छ। उनीहरूको व्यवस्थापन नभएसम्म डोजर चलाएर बस्ती खाली गराउने कार्य स्थगन गर्न सकिन्छ। पहिलो चरणमा विस्थापितको आवासको हक सुनिश्चित गर्ने; त्यससँगै शिक्षा, स्वास्थ्य, रोजगारी, अन्य मानव अधिकार सुनिश्चित गर्न आवश्यक छ। अर्कोतर्फ नेपाली मतदाताले एकदमै आशावादी भएर अहिलेको सरकारलाई यति ठुलो मतका साथ जिताएर पठाएका हुन्। त्यसकारण सरकारले जनतासँगको सम्बन्ध अझै सुदृढ गर्दै जानु पर्छ। सत्तामा पुगेपछि जनतासँगको सम्बन्ध जति टाढिन्छ, त्यति आफ्ना मतदाता र नागरिकले के महसुस गरिरहेका छन् भन्ने कुरा थाहा पाउने स्थिति रहँदैन। त्यसो हुनु सरकारकै लागि र राजनीतिक स्थिरताका लागि राम्रो हुँदैन। नागरिकसँगको संवाद र सम्बन्ध अझै सुदृढ कसरी बनाउन सकिन्छ भन्नेतिर चाहिँ सरकारको ध्यान जान जरुरी छ।

संविधान संशोधनका विषय अहिले बहसमा छन्। ती विषयमा नागरिक, सरोकारवाला, विज्ञसहित सबै क्षेत्र, वर्ग, समुदाय, जेनजी र राज्य संरचनाका विभिन्न फाँटका प्रतिनिधिसँग संवाद गर्नु पर्छ। किनभने २०७२ सालमा नेपालको संविधान जारी हुँदा पनि यो संविधानको स्वागतसँगै कतै विरोध पनि भएको थियो। त्यसैले संविधानका अन्तरवस्तुमा बृहत् बहस आवश्यक छ। यसै गरी सरकारले गर्न सक्ने काम धेरै छन्, सम्भावना छन्। किनभने सरकार र संसद्मा प्रतिनिधित्व गर्ने सबै जना योग्यतामा अब्बल हुनुहुन्छ। योग्यतालाई सकारात्मक काममा प्रयोग गर्न सकिए सरकारले पारदर्शिताको पक्षमा अर्कै मानक स्थापित गर्न सक्छ। एउटा फरक र अहिलेसम्म कहिल्यै नभएको मानक स्थापित गर्न सरकार अघि बढिरहेको छ तर 'अलि छिटो छिटो गरौँ' भन्ने जस्तो देखिएको छ। गणतान्त्रिक व्यवस्थामा विधि र प्रक्रिया हुन्छ। त्यो प्रक्रियामा संवाद आवश्यक हुन्छ। संवाद पनि कहिल्यै छिटो हुँदैन। त्यसमा विविध विचारलाई चाहिँ समेट्नु पर्छ, सुन्नु पर्छ। कहीँकतै 'कम्प्रोमाइज' (सम्झौता) पनि गर्नु पर्छ, 'नेगोसिएसन' पनि गर्नु पर्छ। त्यसकारण अझै सुदृढ लोकतान्त्रिक अभ्यास गर्नेतर्फ सरकार अगाडि बढोस्।

सरकारको जुन क्षमता छ, मन्त्रीपरिषद्का सदस्यको जुन काम गर्ने आत्मविश्वास छ; उहाँहरूले चाहेको खण्डमा राम्रो गणतान्त्रिक अभ्यासका आधारमा नयाँ मानक स्थापित गर्न सक्नुहुन्छ। वैकल्पिक राजनीति भनेको यस्तो पो रहेछ भन्ने उदाहरण दिन सक्नुहुन्छ। अर्को विषय पनि अहिले बहसमा छ, अध्यादेश। दुई तिहाइ मतका साथ आएर पनि छोटो बाटोबाट अध्यादेश ल्याउने काम गर्दा सरकारको आलोचना भएको छ। कामबाटै यी प्रश्नको जवाफ दिनु पर्छ। यी प्रश्नलाई मनन गरेर साँच्चै देश र नागरिकको भविष्य सुनिश्चित हुने मार्गमा अघि बढ्नु पर्छ।

## दोषीलाई कडा कारबाही गर्नु पर्छ



**बादल राई**
जेनजी आन्दोलनका
घाइते/अभियन्ता

नेपालको समुन्नति, आर्थिक विकास र सुशासनका पक्षमा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले नवीनतम प्रयास आरम्भ गरेको छ तर नेपाली समाजको धरातलीय यथार्थ बुझेर देशलाई युगीन रूपान्तरणतर्फ अघि बढाउन सरकारले निर्णय क्षमता प्रस्तुत गर्नु पर्छ। जेनजी आन्दोलनको रापतापबाट आएको वर्तमान राजनीतिक परिवर्तन र नयाँ सरकारबाट युवापुस्ताले राखेका अपेक्षा धेरै छन्। सरकारले सुशासन, समृद्धि र आर्थिक विकासका लागि स्पष्ट र व्यावहारिक सुझाव स्वीकार गर्नु पर्छ। अहिले प्रणालीगत सुधार, भ्रष्टाचार नियन्त्रण र घाइते अभियन्ताको व्यवस्थापन सरकारको दायित्वभित्र पर्छ। समुन्नतिका लागि पहिलो सर्त सुशासन हो। संविधानका त्यस्ता धाराहरू संशोधन गर्नु पर्छ; जसले भ्रष्टाचार गर्नका लागि 'लुपहोल' वा छिद्र प्रदान गर्छन्। २०४७ सालपछिका सबै उच्चपदस्थ नेता, कर्मचारी र तिनका आफन्तको सम्पत्ति छानबिन गरी अवैध देखिएमा राष्ट्रियकरण गर्नु पर्छ। भ्रष्टाचारका पुराना र नयाँ सबै काण्डको फाइल खोलेर दोषीलाई कडा कारबाही गरे मात्रै जनतामा सरकारप्रति विश्वास जाग्ने छ। भ्रष्टाचारी जोगिने संविधानका धारामा रहेका छिद्र पहिचान गरी संशोधन गर्नु पर्छ। भ्रष्टाचार हुनै नदिने गरी कानुनी र संवैधानिक व्यवस्था बलियो बनाउनु नै सुशासनको पहिलो सर्त हो। जेनजी आन्दोलनका क्रममा घाइते भएका दुई हजार सात सयभन्दा बढी युवाको उचित व्यवस्थापन हुनु पर्छ। अहिलेसम्म थोरै सङ्ख्यामा मात्र 'जेनजी कार्ड' वितरण गरिएको छ। सबै घाइतेको विवरण सङ्कलन गरी कार्ड उपलब्ध गराएर उनीहरूलाई राज्यबाट विशेष सुविधा दिनु पर्छ। घाइतेलाई स्वरोजगार बन्नका लागि १० देखि १५ लाख रुपियाँसम्मको शून्य प्रतिशत ब्याजदरमा ऋण वा अनुदान उपलब्ध गराउनु पर्छ। यसो गर्दा उनीहरूलाई आत्मनिर्भर बन्न सहयोग पुग्छ।

नेपालको वर्तमान प्रशासनिक खर्च अत्यन्तै महँगो छ। प्रदेश सरकार र प्रदेश सभा सदस्यको सङ्ख्या घटाउनु पर्छ। समानुपातिक कोटा घटाएर योग्य र दक्ष व्यक्ति मात्रै नीति निर्माणमा पुग्ने वातावरण बनाउनु पर्छ। निर्दलीय स्थानीय निर्वाचनको बहस पनि उठेको छ। स्थानीय तहका प्रतिनिधि दलको दबाबबिना स्वतन्त्र रूपमा काम गर्न सक्ने हुनु पर्छ। स्थानीय तहले बजेटको दुरुपयोग रोक्ने र कार्यकर्ता पाल्ने प्रवृत्ति अन्त्य गर्नु पर्छ। स्थानीय सरकारलाई दलगत राजनीतिबाट मुक्त राख्न वडाध्यक्ष र मेयरको निर्वाचन निर्दलीय आधारमा हुनुपर्ने बहसका सन्दर्भमा सर्वपक्षीय समझदारीबाट निष्कर्षमा पुग्नु पर्छ। काठमाडौँमा पाइने स्तरको शिक्षा र स्वास्थ्य सुविधा दार्चुला, हुम्ला, भोजपुर जस्ता दुर्गम क्षेत्रमा पनि पुग्नु पर्छ। विदेशी सिद्धान्तमा आधारित शिक्षाभन्दा नेपालको भूगोल सुहाउँदो पाठ्यक्रम विकास गर्नु पर्छ। जस्तै– तराईमा कृषि शिक्षा, हिमालमा जडीबुटी र पर्यटन (ट्रेकिङ) सम्बन्धी शिक्षालाई विद्यालय तहदेखि नै प्राथमिकता दिनु पर्छ। शिक्षा र स्वास्थ्य सेवा काठमाडौँमा मात्र केन्द्रित हुनु हुँदैन। दुर्गम जिल्लाका नागरिकले पनि काठमाडौँकै स्तरको सेवा पाउनु पर्छ। साथै शिक्षाप्रणालीलाई भूगोल अनुसार परिमार्जन गर्नु पर्छ। जघन्य अपराध रोक्न कडा कानुन र छिटो एवं द्रुततर न्यायप्रणाली आवश्यक छ। महिला र बालबालिकाको सुरक्षा सुनिश्चित नभएसम्म सभ्य समाज निर्माण हुन सक्दैन।

## राष्ट्रिय पत्रकारिता दिवस

# जवाफदेही पत्रकारिता



सीता शर्मा



**नेपाली भाषाको पहिलो समाचारपत्र गोरखापत्र विसं १९५८ वैशाख २४ गतेदेखि प्रकाशन सुरु भएको हो। यही दिन राष्ट्रिय पत्रकारिता दिवस पनि मनाइन्छ। सरकारले २०७३ सालमा यो दिवस मनाउने निर्णय गरेको थियो। यो दिनलाई मुलुककै जेठो समाचारमूलक पत्रिका गोरखापत्रको मात्र वार्षिकोत्सव नभएर समस्त नेपाली पत्रकारिताको जग राखिएको दिनका रूपमा पनि स्मरण गरिन्छ। विशेष गरी नेपाली पत्रकारिताको सुरुवात र विकासक्रमलाई स्मरण गर्ने दिनका रूपमा यस दिवसलाई लिइन्छ। साथै पत्रकारको पेसागत हकहित र स्वतन्त्रताको रक्षा गर्न, पत्रकारितामा खोज, नवीनता, विश्वसनीयता अभिवृद्धि गर्दै जवाफदेही पत्रकारिताको विकासमा पनि यस दिवसले जोड दिन्छ। खोजमूलक पत्रकारितामार्फत लोकतन्त्र बलियो बनाउने उद्देश्य पनि राखिन्छ।**

**सरकारले निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताका माध्यमबाट राष्ट्रिय हितको प्रवर्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार र आमसञ्चारसम्बन्धी संस्थालाई यो दिन राष्ट्रिय पत्रकारिता पुरस्कार पनि प्रदान गर्दै आएको छ। यस दिवस र पुरस्कारका साथै सुशासनमा पत्रकारिता क्षेत्रको भूमिकाबारे केन्द्रित रहेर यसअघि यो पुरस्कारबाट पुरस्कृत व्यक्तित्वसँग गरिएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ :**

## पत्रकारिता सत्य र न्यायको पक्षमा

डा. सुरेश आचार्य
निवर्तमान प्रमुख आयुक्त, राष्ट्रिय सूचना आयोग



नेपालमा समाचारपत्रका रूपमा जनतालाई सूचना दिने पहिलो पत्रिका गोरखापत्र नै हो। यसले गोरखापत्र प्रकाशन भएको दिनमा राष्ट्रिय पत्रकारिता दिवस मनाउनुको औचित्य पुष्टि गर्छ। नेपाली पत्रकारिताको विभिन्न कालखण्डबाट गुज्रिएर धेरै आरोहअवरोह पार गर्दै यहाँसम्म आइपुगेको गोरखापत्रको पत्रकारितामा आफ्नै महत्त्व छ। गोरखापत्र नेपाली पत्रकारिताको इतिहास हो। यही दिन राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण गर्नु न्यायोचित हुन्छ। यसले आमनागरिकमा सूचना प्रवाह गरेर सचेत नागरिक बनाउन निर्वाह गरेको भूमिका महत्त्वपूर्ण छ। यस महत्त्वलाई अझै जीवन्त राख्ने गरी सरकारले गोरखापत्र प्रकाशन भएको दिनको सम्झनामा पत्रकारका लागि पुरस्कार स्थापना गरेको हो। यद्यपि राज्यले यस्तो काम गर्न हुन्छ कि हुन्न भन्नु छलफलको विषय होला। हुन त पत्रकारले राज्य वा गैरराज्य पक्षबाट पुरस्कृत हुने अपेक्षा गर्दैन र गर्नु पनि हुँदैन तर पत्रकारले सम्झनयोग्य काम गरेको छ भन्ने लागेर राज्यले दिएको हो भने लिनु पर्छ। म आफैँ पनि त्यो पुरस्कारका लागि योग्य थिएँ वा थिइनँ भन्ने कुरा राज्यले जान्ने कुरा हो तर यही पुरस्कारका लागि व्यक्ति छनोट गर्दा केही विसङ्गति पनि देखिएका छन्। राजनीतिक रङ दिएर छनोट गर्नु गलत हो। मूल्याङ्कन गरेर पुरस्कार दिन सकियो भने यसको गरिमा र महत्त्व अझै बढ्छ।

सुशासनका निम्ति नै पत्रकारिता गर्ने हो। सबै पत्रकारबाट पत्रकारिता हुनु पर्छ तर हुन नसकेको पनि सत्य हो। पत्रकारले सुशासनका लागि कलम चलाउन सकेन भने लोकतन्त्र र सुशासन दुवैको संवर्धन र प्रवर्धन हुन सक्दैन। पत्रकारिताले जे दिनुपर्ने हो, त्यो सत्य र न्यायको पक्षमा तटस्थ हुनु पर्छ तर सत्य र असत्यबिचको तटस्थता हुन सक्दैन। सत्यकै पक्ष हुनु पर्छ। न्यायको पक्षमा हुनु पर्छ। अन्यायको पक्षमा हुनु हुँदैन। न्याय र अन्यायबिचको पत्रकारिता हुन सक्दैन। अन्यायमा परेकालाई न्याय दिलाउने पत्रकारिताको धर्म हो। पत्रकारिता तटस्थ हुनु पर्छ। कसैको पक्षधर भएर वकालत गर्नु हुँदैन।

हिजो मलाई लाग्थ्यो, गोरखापत्रलाई राज्यको नियन्त्रणबाट बाहिर ल्याउनु पर्छ र नयाँ ढङ्गबाट चलाउनु पर्छ तर आज यसो गर्दा गोरखापत्रको भविष्य जोखिममा पर्ने रहेछ भन्ने लागेको छ। यो संस्था कसैको स्वार्थ पूरा नहुँदा बन्द गरियो भने दक्षिण एसियाकै पत्रकारिताको इतिहास समाप्त हुने रहेछ। गोरखापत्रले निरन्तर रूपमा प्रकाशित भएर दक्षिण एसियामा आफ्नो इतिहास कायम गर्न सकेको छ। त्यो समाप्त हुन दिनु हुँदैन। गोरखापत्रसँग मेरो आग्रह के हो भने यसले नागरिकका कुरा नउठाएको हैन तर जुन ढङ्गबाट सामग्री सन्तुलन गर्नुपर्ने हो त्यो बढी राज्यपक्षीय देखिन्छ। नागरिकका मुद्दालाई अझै प्राथमिकता दिन सके गोरखापत्रको औचित्य झनै पुष्टि गर्न सकिन्छ।

## नेपाली पत्रकारिताको महत्त्वपूर्ण दिन

डा. महेन्द्र विष्ट, पूर्वअध्यक्ष, नेपाल पत्रकार महासङ्घ



म पत्रकार महासङ्घको अध्यक्ष भएका बेला नै राष्ट्रिय पत्रकारिता पुरस्कारको घोषणा भएको थियो। गोरखापत्र प्रकाशन सुरु भएको दिनलाई नेपाली पत्रकारिताको महत्त्वपूर्ण दिनका रूपमा लिएर नै उक्त पुरस्कार स्थापना गरिएको हो। पत्रकारितामार्फत देशमा महत्त्वपूर्ण योगदान दिएका पत्रकारलाई पुरस्कारमार्फत हौसला प्रदान गर्न राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिन्छ। नेपाली पत्रकारिताको अवस्था विश्लेषण गर्न, यसका आयामका बारेमा मन्थन गर्न वा पत्रकारितालाई व्यवस्थित गर्न यो दिनले सहयोग गरेको छ।

गोरखापत्रले विभिन्न आयामबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। गोरखापत्रलाई सूचनाको स्रोतका रूपमा हेर्ने गरिन्छ। पत्रकारितामा लामो इतिहास बोकेको गोरखापत्रले नागरिककेन्द्रित भएर जनताले खोजेका सूचना दिन सक्ने वातावरण पाओस् भन्ने शुभकामना पनि छ। गोरखापत्र प्रकाशन सुरु भएको दिन वैशाख २४ अर्थात् राष्ट्रिय पत्रकारिता दिवसले पत्रकारिताको चिन्तन र मन्थन गर्न तथा व्यावसायिक बाटोमा हिँडाउन प्रेरित गर्छ। साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा कुनै पनि सङ्कुचन आउन नपाओस् र संविधानले गरेको ग्यारेन्टी, अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय आवश्यकता सम्बोधन गरेर पत्रकारितालाई निर्बाध रूपमा स्वतन्त्र र व्यावसायिक अभ्यास गर्ने वातावरण बनोस्। यही प्रेरणा यो दिनले हामीलाई दिन्छ। पत्रकारको काम देशमा सुशासन कायम गराउन दबाब दिने हो। सरकारले नै सुशासन कायम गर्न सके पत्रकारलाई काम गर्न अझै सहज हुन्छ। यो नारामा मात्रै सीमित गरेर हुँदैन। व्यवहारमा कसरी मूर्त रूप लिन्छ, त्यसमा भर पर्छ।

## गोरखापत्रको इतिहाससँग जोडिएको पुरस्कार

बबिता बस्नेत, वरिष्ठ पत्रकार



विसं २०७५ मा राष्ट्रिय पत्रकारिताको वरिष्ठ पुरस्कारबाट पुरस्कृत हुने अवसर प्राप्त गरेकी थिएँ। यसको महत्त्व आफ्नै छ। यो पुरस्कार गोरखापत्रको इतिहाससँग जोडिएको छ। गोरखापत्रलाई पहिलो अखबार भनेर हामी चिन्छौँ। यो अखबार प्रकाशन सुरु भएको दिनकै सम्झनामा राष्ट्रिय पत्रकारिता दिवस मनाउन थालिएको हो। पुरस्कार पनि स्थापना गरिएको छ। यो आफैँमा महत्त्वपूर्ण छ। यो पुरस्कार पत्रकारितामा गरिएको योगदानको कदरस्वरूप प्रदान गरिन्छ। यो पुरस्कारलाई अझै निष्पक्ष र स्वतन्त्र बनाएर निरन्तरता दिन जरुरी छ। यस्ता पुरस्कारले पत्रकारलाई आफ्नो पेसामा अझै कर्तव्यनिष्ठ र इमानदार भएर काम गर्ने हौसला प्रदान गर्छ।

पत्रकारिता र सुशासन नयाँ कुरा होइन। वर्तमान सरकारले सुशासनलाई बढी प्राथमिकता दिन खोजेको छ तर व्यवहार हेर्न बाँकी छ। देशमा लामो समयदेखि भ्रष्टाचार मौलाइरहेको छ। वर्तमान सरकार यसविरुद्ध देखिन्छ। पत्रकारले पनि यसविरुद्ध काम गर्दै आएका छन्। पत्रकारिता कुनै पनि लोकतान्त्रिक समाजको आधारशिला हो। जनताको आवाजलाई सरकारसमक्ष पुऱ्याउने, समाजका विकृति र विसङ्गति उजागर गर्ने तथा नागरिकलाई सूचित गर्ने कार्य पत्रकारिताले गर्छ। यसकारण पत्रकारिता केवल समाचारको माध्यम मात्र नभई यो परिवर्तनको शक्ति पनि हो। पत्रकारिताको अभावमा नागरिकले सूचना पाउने प्रणाली नै खत्तम हुन पुग्छ र एउटा अकल्पनीय अन्धकारमा समाज धकेलिन्छ।

## समाज लोकतन्त्रीकरणको अभियान

उजिर मगर, पूर्वमहासचिव, नेपाल पत्रकार महासङ्घ



म नेपाल पत्रकार महासङ्घको महासचिव भएका बेलामा राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना भएको हो। यो आवश्यक पनि थियो। देशका लागि पत्रकारिता गरेर योगदान गरेको छु, राज्यबाट कदर हुन्छ भन्ने मान्यता स्थापित गर्न पनि यो पुरस्कार स्थापना गरिएको हो। गोरखापत्र प्रकाशन भएको दिनमा यो पत्रकारिता पुरस्कार दिइन्छ। गोरखापत्र समाचार प्रकाशनको इतिहास हो र यस दिन उक्त पुरस्कार दिइन्छ। अहिलेसम्म पुरस्कृत भएका व्यक्तित्व हेर्दा देशको मूलधारको सञ्चार माध्यममा लामो समय काम गरेका पत्रकारले यो पुरस्कार प्राप्त गर्नुभएको छ। यो आफैँमा राम्रो हो। आउँदा दिनमा पनि यसै गरी निरन्तरता दिन जरुरी छ।

यो दिवसले पत्रकारलाई सधैँ प्रेस अभिव्यक्ति स्वतन्त्रताको प्रयोग र रक्षाका लागि प्रेरणा दिन भूमिका खेलेको छ। यसलाई समाज लोकतन्त्रीकरणको अभियानका रूपमा पनि लिन सकिन्छ। नेपालको सन्दर्भमा पत्रकारिताले लामो सङ्घर्ष र बलिदानको इतिहास बोकेको छ। निरङ्कुश शासनदेखि प्रजातन्त्र र लोकतन्त्रको यात्रासम्ममा पत्रकार जेलमा परे, यातना सहनु पऱ्यो तर सत्य र न्यायको पक्षमा कलम चलाइरहेका छन्। तिनीहरूको योगदानका लागि पनि यसप्रकारको पुरस्कार आवश्यक थियो।

सुशासनको उठान नै पत्रकारले गर्दै आएका एजेन्डा हुन्। यो नयाँ जस्तो लागेको छैन। नेपालमा मात्रै होइन, विश्वमै पत्रकारिता नै सुशासनका लागि गरिन्छ। बोल्दैमा सुशासन हुन्छ भन्ने हुँदैन। यसको कार्यगतिविधिले थाहा हुने हो। देशको उन्नति र प्रगति भएको हेर्न मन कसको छैन र ? सबैले चाहेको त्यही सुशासन र भ्रष्टाचाररहित समाज त हो नि। यसमा त पत्रकारको सकारात्मक सहयोग भइहाल्छ नि। पत्रकारको काम भनेकै देश र जनताका पक्षमा भएका कामको प्रशंसा गर्ने र यसविरुद्धका गतिविधि भएमा खबरदारी गर्ने हो।

## राजनीतिक हस्तक्षेप हुनु हुँदैन

शीतल साह, पूर्वकोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ




गोरखापत्र प्रकाशन सुरु भएको दिन वैशाख २४ मा हरेक वर्ष राष्ट्रिय पत्रकारिता दिवस मनाइन्छ। यो दिन पत्रकारिताको माध्यमबाट राज्य र समाजका लागि योगदान पुऱ्याएका पत्रकारलाई पुरस्कृत गरिन्छ, जुन राम्रो सुरुवात हो। नेपालको पत्रकारितामा गोरखापत्रलाई अलग गरेर हेर्न मिल्दैन। यसो गरियो भने गोरखापत्रप्रति अन्याय हुन्छ। गोरखापत्रबाट नै पत्रकारिता सुरु भएकाले यसको आफ्नै महत्त्व छ। त्यसैले नै राज्यले यस दिनलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाउन थालेको हो। गोरखापत्रको इतिहास हेर्ने हो भने एउटा अन्धकारको युगमा यसले नेपाली समाजलाई सुसूचित गर्ने दायित्व सुरु गऱ्यो। आजको परिवेशमा गोरखापत्रले देशको समग्र विकासमा कसरी आफ्नो भूमिका निर्वाह गर्न सक्छ, त्यतातिर लाग्नु पर्छ। अर्थात् मूलधारको सञ्चार माध्यमका रूपमा यसलाई विकास गर्दै लानु पर्छ।

पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउनेलाई राष्ट्रिय पत्रकारिता पुरस्कार दिइन्छ। यो राम्रो प्रयास हो। यसमा राजनीतिक हस्तक्षेप भने हुनु हुँदैन। देश र समाजमा पत्रकारिताको माध्यमबाट योगदान गरेका व्यक्तित्वलाई स्वतन्त्र र निष्पक्ष रूपमा छनोट गरेर पुरस्कृत गर्नु पर्छ। पत्रकारलाई हौसला प्रदान गर्ने माध्यम पनि हो यो।

पत्रकारले काम गर्ने नै सुशासनका लागि हो। सरकारले सुशासन गर्न खोजेको छ भने त त्यसलाई साथ दिनु पर्छ। यसमा कुनै आग्रह वा पूर्वाग्रह भने रहनु हुँदैन। जनताको पक्षमा पत्रकार सधैँ स्वतन्त्र र निष्पक्ष हुनु पर्छ भन्नेमा कसैको दुईमत हुन्छ भन्ने लाग्दैन। मर्यादित पत्रकारिता गर्नु पर्छ। सरकारका राम्रा कामको समर्थन र गलत कामको तथ्यमा रहेर विरोध गर्न सक्नु पर्छ।







# ऊर्जामा अग्रगामी निर्णयको प्रतीक्षा

राज्य नियन्त्रित व्यवस्थाबाट सुरु भएको विद्युत् विकासको अध्यायमा २०४९ सालमा ल्याइएको जलस्रोत ऐन र विद्युत् ऐनका कारण निजी क्षेत्रले प्रवेश पाउँदा आजका दिनमा १३ खर्ब १० अर्ब रुपियाँ निजी क्षेत्रले ऋण तथा स्वपुँजी लगानी गरिसकेको छ । निजी क्षेत्रको पुँजी, सिप र इच्छाशक्तिकै कारण मुलुकको कुल जडित क्षमतामा ८४ प्रतिशत योगदान पुगेको छ ।



गोपालचन्द्र सुवेदी



कागजी लेखाजोखा र नियामकका दुईधारे नियमको बन्धनमा रुमल्लिएका ऊर्जा विकाससँग सरोकार राख्ने फाइल आजको दिनमा अग्रगामी निर्णयको प्रतीक्षामा छ । अनिश्चय र अनिर्णयको बन्दी बनेका योजनाले अब सुशासनको यात्रामा मूलभूत योगदान गर्न चाहन्छन् । प्रगतिप्रतिको यो आकाङ्क्षालाई नयाँ सरकारले थप गतिशील बनाउने अपेक्षा छ ।

नेपालको ऊर्जाक्षेत्र अर्थतन्त्रको मेरुदण्ड बन्न सक्ने विषय तथ्याङ्कले नै स्थापित गर्दै आएको छ । विद्यमान नीति, ऐन, नियमकै परिधिमा पनि ऊर्जाक्षेत्रले उत्साहप्रद योगदान दिएको देखिन्छ । चालु वर्षमा सबैभन्दा तीव्र वृद्धि हुने क्षेत्र विद्युत् तथा ग्यास रहने देखिएको छ । यस क्षेत्रको वृद्धिदर २०.९३ प्रतिशत पुग्ने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयको छ । नयाँ जलविद्युत् आयोजना सञ्चालनमा आउनु, उत्पादन क्षमता बढ्नु, प्रसारण लाइन विस्तार हुनु र आन्तरिक खपतसँगै भारततर्फ विद्युत् निर्यात बढ्नु यसका प्रमुख कारण मानिएको छ । दशकअघि १६ घण्टासम्मको लोडसेडिङको चङ्गुलबाट मुलुक मुक्त हुँदै गएर देशभर ९८ प्रतिशत विद्युत् पहुँच विस्तार भइसकेको छ । औद्योगिक तथा घरायसी विद्युत् आपूर्ति तुलनात्मक रूपमा भरोसायोग्य बन्दा प्रतिव्यक्ति विद्युत् खपत पनि करिब ४५० युनिट प्रतिवर्ष पुगेको छ ।

सार्वजनिक तथा निजी लगानीका विद्युत् परियोजना समय र लागत दुवैमा पूर्वनिर्धारित सीमाभित्र सम्पन्न हुन सकिरहेका छैनन् । नियामकीय तथा प्रक्रियागत जटिलतालाई दोष दिइरहने प्रचलन रहे पनि वास्तविकतामा परियोजना व्यवस्थापन क्षमता नहुनु पनि हो ।

राज्य नियन्त्रित व्यवस्थाबाट सुरु भएको विद्युत् विकासको अध्यायमा २०४९ सालमा ल्याइएको जलस्रोत ऐन र विद्युत् ऐनका कारण निजी क्षेत्रले प्रवेश पाउँदा आजका दिनमा १३ खर्ब १० अर्ब रुपियाँ निजी क्षेत्रले ऋण तथा स्वपुँजी लगानी गरिसकेको छ । निजी क्षेत्रको पुँजी, सिप र इच्छाशक्तिकै कारण मुलुकको कुल जडित क्षमतामा ८४ प्रतिशत योगदान पुगेको छ । रोयल्टी तथा अन्य शुल्कका रूपमा यो क्षेत्रले राज्यलाई गत आर्थिक वर्ष २०८१/८२ मा चार अर्ब ३८ करोड रुपियाँ भुक्तान गरेको छ । बर्सेनि करिब १७ अर्ब रुपियाँ बराबरको स्वच्छ विद्युत् निर्यात गर्ने क्षमता पनि पछिल्ला वर्ष मुलुकले हासिल गरेको छ ।

## सुशासनका चुनौती

लगानी तथा उपलब्धिको यो वर्तमान आँकडाले जति उत्साहजनक तस्बिर देखाउँछ, त्यति पुरातन सोचका उल्झन पनि छन् । बदलिँदो विश्व परिवेश, उदारता र चुस्त नीतिगत मार्गनिर्देश हुन नसक्दा हामीले जति उपलब्धि प्राप्त गर्ने अवसर थियो; त्यो खोला जस्तै नफर्कने गरी अझै बगिरहेको छ । बितेको दशकलाई मात्र नियाल्दा पनि सरकार र मन्त्री परिवर्तनसँगै ऊर्जाक्षेत्रमा लक्ष्यमुखी धेरै योजना बने तर लक्ष्यभेदी कार्यनीति नबन्दा ती कागजी घोडा मात्र बन्न पुगे । एक हजार दुई सय मेगावाटको बुढीगण्डकीका साथै दुधकोशी, अप्पर अरुण, अप्पर कर्णाली, कर्णाली चिसापानी, एसआर सिक्स जस्ता आयोजना कागजी घोडा बने । यथार्थमा महसुस गर्न सकिने उपलब्धि प्राप्त हुन सकेन ।

सभा सम्मेलनदेखि कागजी योजनासम्म निजी क्षेत्रलाई जलविद्युत् आयोजना र प्रसारण लाइन निर्माण, विद्युत् व्यापारमा सहजीकरण गर्ने नेतृत्वदायी भूमिका दिने वाचा धेरै भए तर सहजता प्रदान गर्नुपर्ने निकायले व्यवहारमा झनै दुबिधा र उल्झन उत्पन्न गरेकाले निजी क्षेत्र आजित बन्दै आएको छ । अस्पष्ट, अपारदर्शी र अधिकारीको व्याख्यामुखी कानुन र नीतिगत जडताले सार्वजनिक तथा निजी क्षेत्रको पुँजी, परिश्रम र परिकल्पना खेर गइरहेको छ ।

जलस्रोत ऐन, २०४९ ले जलस्रोतको उपयोग, स्वामित्व र अनुमति प्रक्रियालाई नियमन गर्छ तर ऊर्जा, सिँचाइ, पिउने पानी जस्ता बहुउद्देश्यीय उपयोग सिर्जना गर्ने गरी काम गर्न समन्वयात्मक भूमिका निर्वाह गर्न नसक्दा र निजी क्षेत्रको भूमिका के रहने भन्ने स्पष्ट व्यवस्था नहुँदा जलस्रोतको बहुआयामिक उपयोग गर्न चुकिरहेका छौँ । विद्युत् ऐन, २०४९ ले विद्युत् उत्पादनमा निजी क्षेत्रका लागि लगानी गर्न ढोका खोल्यो । परिणाम पनि सुखद नै भयो । विद्युत् उत्पादन, वितरण र उपभोगलाई यसले कायापलट हुने गरी विस्तार गरिदियो तर समयक्रममा विस्तारित हुन सक्ने भविष्यका आयामतर्फ दूरदृष्टि राख्न सकेन । यो ऐन करिब एक दशकदेखि बाधकका रूपमा देखा पर्दै आएको छ । उत्पादनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको निजी क्षेत्रले बिजुलीको ग्राहक आफैँ खोज्ने गरी विद्युत् व्यापारमा प्रवेश गर्ने ठाउँ पाएको छैन ।

विद्युत् नियमन आयोग ऐन, २०७४ ले ऊर्जाक्षेत्रको नियामक निकायका रूपमा विद्युत् नियमन आयोग स्थापना गर्ने ऐतिहासिक उपलब्धि स्थापित गऱ्यो तर आयोग पूर्ण स्वतन्त्र र स्वायत्त नियामकका रूपमा स्थापित हुन सकेन । नियामकीय भूमिका सत्ताको स्वरसँग केन्द्रित भएका धेरै दृष्टान्त छन् । क्षमता, स्रोत र अधिकार सीमित हुँदा नियामकीय भूमिका पनि फितलो हुने गरेको छ । सर्वेक्षण अनुमति, उत्पादन अनुमति, विद्युत् खरिदबिक्री सम्झौता, वातावरणीय प्रभाव मूल्याङ्कन, भूउपयोग तथा रुख कटानको झमेला, स्थानीयवासीसँगका विवाद जस्ता पक्षमा स्पष्ट दिशानिर्देश नहुँदा आयोजनाको विकास बर्सौं पछाडि धकेलिँदै आएका छन् । आजका दिनमा एउटा ऊर्जा परियोजना निर्माणका लागि १६ मन्त्रालय ३६ विभाग धाएर काम गर्नुपर्ने अवस्था छ । जबकि यो व्यवधान हटाएर एकद्वार प्रणाली स्थापना गर्ने बहस गरेको करिब एक दशक पुगिसकेको छ तर अवस्था फेरिएको छैन ।

ऊर्जाक्षेत्रमा राज्यकै दोहोरो चरित्र पनि समस्याका रूपमा रहेको यसका भुक्तभोगीको ठम्याइ छ । जस्तो कि जलविद्युत् आयोजनाको अनुमतिपत्र खुला गरिरहने तर नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिदबिक्री सम्झौता नगर्ने । वातावरणीय संरक्षण राज्यको दायित्व हो र जलविद्युत् आयोजना विकास पनि राज्यकै प्राथमिकतामा परेको विषय हो तर आयोजना विकासका लागि हुनुपर्ने द्रुत निर्णय नगरी अनिर्णयको बन्दी बनाउने गरिएको पाइन्छ । न्यायोचित मुआब्जा व्यवस्था कार्यान्वयन नहुँदा स्थानीय व्यवस्थापन जटिल बन्दै गएको छ । प्रक्रियागत जटिलता, ढिलाइ, दोहोरो स्वीकृति प्रणाली तथा पारदर्शिताको अभाव विद्यमान व्यवस्थाका कमजोरी हुन् ।

## सुधारका उपाय

एकीकृत र बलियो नवीकरणीय ऊर्जा ऐन : ऊर्जाक्षेत्रमा सुशासन सुदृढ गर्न मूलतः अहिले एकीकृत प्रकृतिको ऊर्जा ऐनको आवश्यकता छ । निश्चित अवधिका लागि ऊर्जा विकासमा केन्द्रित हुने प्रकृतिको 'सनसेट ल' को माग भइरहेको छ । यसलाई समेत सम्बोधन हुने गरी खण्डीकृत प्रकृतिका विभिन्न ऐनलाई एउटैमा ल्याउने गरी कानुनी व्यवस्था गर्नु जरुरी छ ।

क्षमता, स्रोत र अधिकार सीमित हुँदा नियामकीय भूमिका पनि फितलो हुने गरेको छ । सर्वेक्षण अनुमति, उत्पादन अनुमति, विद्युत् खरिदबिक्री सम्झौता, वातावरणीय प्रभाव मूल्याङ्कन, भूउपयोग तथा रुख कटानको झमेला, स्थानीयवासीसँगका विवाद जस्ता पक्षमा स्पष्ट दिशानिर्देश नहुँदा आयोजनाको विकास बर्सौं पछाडि धकेलिँदै आएका छन् ।

यस्तो ऐनले नवीकरणीय ऊर्जा उत्पादन, प्रसारण, वितरण र व्यापारको पक्षलाई स्पष्ट छुट्याउने गरी सम्बन्धित पक्षको भूमिका व्यवस्थापन हुनु पर्छ । प्रसारण तथा बजारीकरणमा नेपाल विद्युत् प्राधिकरणको एकाधिकारलाई व्यवस्थित ढङ्गले विभक्त गरिनु जरुरी छ, जसले गर्दा आन्तरिक तथा अन्तरदेशीय दुवै पक्षमा प्रतिस्पर्धात्मक विद्युत् बजारको व्यवहार स्थापित हुन सक्छ । प्रसारण पूर्वाधारको विकास, जग्गा अधिग्रहण, सार्वजनिक निजी साझेदारीको प्रभावकारी कार्यान्वयन जस्ता विषयलाई पनि यही विन्दुबाट सहज र कार्यान्वयनयोग्य बनाउनु पर्छ ।

बलियो नियामक : विद्युत् नियमन आयोगलाई स्वतन्त्र र शक्तिशाली नियामकका रूपमा स्थापित गर्नु पर्छ । यसबाट महसुल निर्धारण, अनुमतिपत्र, विवाद समाधान जस्ता विषयमा पूर्ण अधिकार प्राप्त र चुस्त निकाय बन्न सक्छ ।

एकद्वार प्रणाली : परियोजनाका लागि आवश्यक सबै स्वीकृति एकै निकायबाट दिने व्यवस्थासहितको एकद्वार प्रणाली स्थापित गर्नु पर्छ । यसबाट प्रवर्धकको समय र पुँजीको प्रभावकारी परिचालन हुन्छ । दर्जनौँ निकायका ढोका र टेबल चहार्नुपर्ने बाध्यताको अन्त्य मात्र होइन, कानुनी छिद्र र निकायगत मतभेदमार्फत निम्तिने भ्रष्टाचार र अनियमितको ढोका पनि बन्द हुन्छ ।

## सुशासन

ऊर्जाक्षेत्रमा सुशासन केवल प्रशासनिक आवश्यकता मात्र नभई राष्ट्रिय समृद्धिको आधारशिला हो । निजी क्षेत्रको सहभागिता उत्साहजनक भन्दै घोषणा गर्ने तर व्यवहारमा झनै जटिल प्रक्रिया राख्ने प्रवृत्तिलाई अब निरुत्साहित गर्नै पर्छ । जस्तै– वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति प्रक्रिया, सर्भे र लाइसेन्स प्रक्रिया, निर्माणमा अनावश्यक झन्झटिलो प्रक्रियालाई सहजीकरण आवश्यक छ ।

पारदर्शिता र डिजिटल शासनको व्यवस्था अर्को महत्त्वपूर्ण पक्ष हो । सार्वजनिक क्षेत्रमा मात्र होइन, निजी क्षेत्रका परियोजनामा पनि सुशासनको विषयमा गम्भीर प्रश्न उठेका छन् । आयोजना निर्माणमा हुने सुरुवाती लगानीदेखि समग्र लागत, सेवा तथा वस्तु खरिद जस्ता पक्ष अपारदर्शी हुँदा निजी क्षेत्रसमेत प्रश्नको घेरामा रहेको छ । विद्युतीय बिडिङमार्फत स्वस्थ प्रतिस्पर्धा, ठेक्का तथा अन्य सम्झौताको उचित सार्वजनिकीकरण गर्ने व्यवस्था निजी क्षेत्रले समेत गर्नु आवश्यक छ ।

## जलवायुमैत्री पूर्वाधार

जलवायु परिवर्तनका असर सामना गर्ने ल्याकत बढाउने गरी जलवायु उत्थानशील पूर्वाधार निर्माण तथा व्यवस्थापन जरुरी छ । पछिल्ला केही वर्ष बेमौसमी बाढीले गर्दा विशेषतः निजी क्षेत्रकै आयोजनामा क्षति पुगेको छ । त्यसबाहेक सुक्खायाममा विद्युत् उत्पादन व्यापक कटौती हुने अवस्था पनि पछिल्लो वर्ष बढ्दै गएको छ । त्यसैले अब आयोजना निर्माणका मापदण्ड परिवर्तन गर्नु पर्छ ।

क्षेत्रीय ऊर्जा व्यापार नीति : नेपालको जलविद्युत् उत्पादन मौसमी हिसाबले विषम खालको छ । बर्खायाममा विद्युत् धेरै हुने र सुक्खायाममा नपुग्ने हाम्रो वास्तविकता हो । यो अवस्थामा भारत र बङ्गलादेशसँगको ऊर्जा व्यापार नेपालका लागि दीर्घकालीन प्रकृतिको हुनु पर्छ । हामीले आगामी १० वर्षमा १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य राखेका छौँ । उत्पादनको असन्तुलनका कारण भारतमा हामीले बर्सेनि करिब १७ अर्ब रुपियाँको बिजुली बेच्छौँ । त्योभन्दा केही कम किन्छौँ पनि तर व्यापारको अधिक हिस्सा वार्षिक सम्झौता तथा नवीकरणको परिधिमा राखिएको छ । यसलाई अझै सुनिश्चित र भरपर्दो बनाउने र नेपाललाई ऊर्जा निर्यातक देश बनाउन भारत र बङ्गलादेशसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता गर्नेतर्फ लाग्नु पर्छ ।

## प्राधिकरणको संस्थागत सुधार

नेपाल विद्युत् प्राधिकरण नेपाली ऊर्जाक्षेत्रको केन्द्रीकृत र केही हिसाबले एकात्मक अधिकारयुक्त सार्वजनिक निकाय हो । यसलाई अझै प्रतिस्पर्धी र व्यावसायिक बनाउने गरी संस्थागत सुधार गर्नु पर्छ । विद्युत् उत्पादन, प्रसारण तथा वितरण एवं अन्तर्राष्ट्रिय व्यापारको आयामलाई अब फरक ढङ्गले संरचित गर्नुपर्ने आवश्यकता छ । यसका लागि प्राधिकरणको 'अनबन्डलिङ' गर्ने बहस पनि दशकदेखि हुँदै आएको छ तर काम हुन सकेको छैन । सत्ता परिवर्तनसँगै प्रशासक फेरिने र सत्ता स्वार्थ अनुकूलका कार्यकारीदेखि सञ्चालक बन्ने प्रथालाई अब 'मेरिटोक्रेसी' ले प्रतिस्थापन गर्नु पर्छ ।

## उत्तरदायित्व र जवाफदेहिता

नेपालको ऊर्जा क्षेत्रमा देखिएको विकराल समस्यामा संस्थागत उत्तरदायित्व कमजोर हुनु पनि हो । आयोजना निर्माण प्रक्रियामा अनावश्यक ढिलाइ हुँदा सिर्जना हुने क्षतिमा कसको जिम्मेवारी हो, निक्र्योल नै छैन । लागत बढ्नु वा लक्ष्य पूरा नहुनुमा जिम्मेवार को भन्ने स्पष्ट छैन । विद्युत् जस्तो संवेदनशील विषयको आप्रवाहमा लापर्बाही र बिनासूचना विद्युत् आपूर्ति बन्द हुँदा वा अप्रत्याशित अधिक आपूर्ति हुँदा औद्योगिक उत्पादनदेखि घरायसी उपकरणसम्ममा हुने गरेका क्षतिको जिम्मेवारी लिने र त्यसको क्षतिपूर्ति गर्नुपर्ने कुनै व्यवस्था छैन । अब यी विषयमा पनि जवाफदेही बनाउनु पर्छ ।

## डिजिटल रूपान्तरण

विद्युत् उत्पादनदेखि व्यवस्थापन तथा खपत विस्तारका क्षेत्रमा नवीनतम डिजिटल प्रविधिको उपयोगिता विस्तार गराउने योजना र विकासको खाकाले प्रधानता पाउनु पर्छ । 'स्मार्ट ग्रिड अटोमेटेड सबस्टेसन', 'डेटा म्यानेजमेन्ट स्मार्ट मिटरिङ' जस्ता प्रविधिले प्रयोगमा प्रधानता पाउन सके गुणस्तरीय विद्युत्को परिपूर्ति हुन सक्छ । टनेल निर्माण, विद्युत्गृह सञ्चालन जस्ता क्षेत्रमा 'रोबमेटिक्स' प्रविधिलाई आत्मसात् गर्न सके चुस्त प्राविधिक व्यवस्थापनको उपलब्धि हात लाग्ने छ ।

## परियोजना व्यवस्थापनमा सुधार

सार्वजनिक तथा निजी लगानीका विद्युत् परियोजना समय र लागत दुवैमा पूर्वनिर्धारित सीमाभित्र सम्पन्न हुन सकिरहेका छैनन् । नियामकीय तथा प्रक्रियागत जटिलतालाई दोष दिइरहने प्रचलन रहे पनि वास्तविकतामा परियोजना व्यवस्थापन क्षमता नहुनु पनि हो । सार्वजनिक परियोजना व्यवस्थापन पनि कार्यक्षमतामा आधारित नभएर पदीय जिम्माका रूपमा कार्यान्वयन गरिँदा धेरै आयोजना लथालिङ्ग अवस्थामा पुगेका छन् । यसर्थ अब चाहे सार्वजनिक लगानीका होस् या निजी, यस्ता परियोजना केपिआइएस (कि पर्फरमेन्स इन्डिकेटर सिस्टम) तथा दण्ड पुरस्कार विधि जस्ता प्रणालीबाट कार्यान्वयन गर्नुपर्ने हुन्छ ।



# भ्रष्टाचार न्यूनीकरणका आयाम

> शासकले आफ्नो स्वार्थमा अधिकार प्रयोग गरे सुशासनको वैधतामा प्रश्न उठ्छ र भ्रष्टाचारको कारक बन्न सक्छ । निगरानी, पारदर्शिता र उत्तरदायित्वका संयन्त्र बलियो नभएको राज्यप्रणालीमा शासकका स्वेच्छाचारिताले भ्रष्टाचारको रूप लिन्छ ।






नारायण काफ्ले

सार्वभौमसत्ता, सहभागिता र अधिकारको सुनिश्चितता लोकतान्त्रिक शासनव्यवस्थाका आधारभूत मान्यता हुन् । लोकतान्त्रिक संरचना हुनु मात्र शासनको सम्पूर्ण रूप होइन । यसलाई प्रभावकारी बनाउन उत्तरदायी शासनसहित सुशासन अपरिहार्य हुन्छ । यसर्थ शासनव्यवस्था र सुशासन लोकतान्त्रिक प्रणालीमा एकअर्काका पूरक अवधारणा हुन् । नागरिकले नियमित रूपमा निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छान्ने, नीति निर्माणमा सहभागिता जनाउने तथा सरकारलाई उत्तरदायी बनाउने अधिकार राख्छन् । लोकतन्त्रका आधारभूत तत्त्वमा बहुदलीय व्यवस्था, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकारको संरक्षण र कानुनी शासन अपरिहार्य हुन्छन् । यी आधारभूत मान्यताले नागरिकलाई स्वतन्त्र र समान अधिकारसहित राज्य सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न गराउँछन् ।

लोकतन्त्रको मात्र अस्तित्वले जनताको अपेक्षा पूरा गर्न सक्दैन । यसमा सुशासन पनि आवश्यक हुन्छ । राज्य सञ्चालनमा पारदर्शिता, उत्तरदायित्व, कानुनी शासन, प्रभावकारिता र समावेशी प्रक्रियाले सरकारलाई जिम्मेवार बनाउँछ र सार्वजनिक स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्दछ । सुशासन थोक खरिद वा कुनै निरपेक्ष वस्तु होइन । यो राज्यबाट नागरिकले पाउने अनुभूति हो । शासन सञ्चालन गर्ने कार्यकारी वा शासकले नागरिकलाई सेवा प्रवाहमार्फत दिलाउने अनुभूति हो । सुशासन अवधारणा हो भने पारदर्शिता, उत्तरदायित्व, कानुनी शासन, प्रभावकारिता तथा नागरिक सहभागिताले यसको अनुभूति दिलाउने काम गर्छ ।

आवधिक निर्वाचन मात्र लोकतन्त्रको सम्पूर्ण रूप होइन । यसले स्थायित्व र सुशासनको सुनिश्चितता पनि गर्दैन । लोकतन्त्रले नागरिकलाई अधिकार, कर्तव्य तथा अवसर प्रदान गर्छ भने सुशासनले ती अधिकारको प्रभावकारी प्रयोग सुनिश्चित गर्छ । लोकतन्त्रमा सुशासनको अभाव भयो भने केवल चुनाव र प्रतिनिधित्वमा सीमित प्रणाली विकसित हुन्छ, जसले जनताको वास्तविक आवश्यकता पूरा गर्न सक्दैन । सुशासनको अभावमा लोकतन्त्र कमजोर मात्र होइन, अविश्वसनीय बन्छ ।

विसं २०७२ मा जारी नेपालको संविधानले लोकतान्त्रिक मूल्य, मान्यता र सुशासनलाई राज्य सञ्चालनको आधारका रूपमा स्वीकार गरेको छ । संविधानले समावेशी, सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था स्थापना गर्दै पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागितालाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । विभिन्न संवैधानिक निकाय, स्वतन्त्र न्यायपालिका र निगरानी संयन्त्रमार्फत सुशासनलाई मजबुत बनाउने प्रयास गरिएको छ । कार्यपालिका संसद्प्रति उत्तरदायी रहने र निगरानी हुने अवधारणा पनि संविधानले गरेको छ । कार्यपालिका र राज्यका अन्य निकायबाट हुने स्वेच्छाचारी प्रवृत्ति रोक्न संसदीय निगरानीको व्यवस्था संविधानले गरेको छ । भ्रष्टाचार र सुशासन आधुनिक शासन प्रणालीका दुई विपरीत अवधारणा हुन् । भ्रष्टाचारले राज्य संयन्त्रलाई कमजोर बनाउँछ भने सुशासनले सुदृढ र विश्वसनीय बनाउँछ ।

पछिल्ला वर्षमा नेपालमा भ्रष्टाचारका ठुला विवाद अदालत पुगेका छन् । ट्रान्सपरेन्सीको पछिल्लो सूचक अनुसार नेपाल 'करप्सपन पर्सेप्सन इन्डेक्स' (सिपिआई) मा १०९ औँ स्थानमा छ । नेपालले पछिल्ला वर्षमा मध्यम स्तरको अङ्क हासिल गर्दै आएको छ । यसले सुधारको केही सङ्केत गरे पनि समग्र प्रणालीमा अझै गहिरो समस्या रहेको देखाउँछ । दक्षिण एसियाली मुलुकको सन्दर्भमा पनि नेपालको अवस्था यस्तै छ । सिपिआईको सन्देश नेपालले नीतिगत प्रतिबद्धता र कानुनी संरचना पर्याप्त भए पनि कार्यान्वयन पक्षमा कमजोरी छ भन्ने देखाउँछ ।

भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक हस्तक्षेप, कमजोर संस्थागत क्षमता र नागरिक सचेतनाको अभावले सुशासनको अभ्यासलाई प्रभावहीन बनाइरहेका छन् । यसलाई सुधार गर्न राज्यले संस्थागत सुदृढीकरण, पारदर्शिता प्रवर्धन, प्रविधिको प्रयोग र नागरिक सहभागिता बढाउनेतर्फ ध्यान दिनु पर्छ । नागरिक स्वयम् सचेत, जिम्मेवार र सक्रिय हुन आवश्यक छ ।

शासनप्रणाली पारदर्शी हुँदा सूचना सार्वजनिक हुन्छन् र निर्णय प्रक्रिया पनि खुला हुन्छन् । त्यस्तो समाज र राज्यमा भ्रष्टाचारको मात्रा आफैँ घट्छ । पारदर्शिताले सार्वजनिक पदाधिकारी उत्तरदायी हुन्छन् र सबैका लागि समान कानुनी व्यवस्थाले दण्डहीनता न्यूनीकरण गर्छ । यसले राज्यको संस्थागत वैधता अभिवृद्धि मात्र गर्दैन, नागरिकको विश्वास बढाउँदै लैजान्छ । राज्यप्रति नागरिकको विश्वास, भरोसा र वैधताको अभिवृद्धिले सुशासनको अनुभूतिलाई थप बलियो बनाउँछ ।

आवधिक निर्वाचनबाट नागरिकले जनप्रतिनिधिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्छन् । त्यस्तो अधिकार शासन सञ्चालनका हकमा सर्तसहित दिइएको हुन्छ । शासकले आफ्नो स्वार्थमा अधिकार प्रयोग गरे सुशासनको वैधतामा प्रश्न उठ्छ र भ्रष्टाचारको कारक बन्न सक्छ । निगरानी, पारदर्शिता र उत्तरदायित्वका संयन्त्र बलियो नभएको राज्य प्रणालीमा शासकका स्वेच्छाचारिताले भ्रष्टाचारको रूप लिन्छ । भ्रष्टाचार नियन्त्रण केवल कानुनी कारबाहीको विषय होइन । यो संस्थागत संरचना, सामाजिक मूल्य र राजनीतिक संस्कृतिसँग जोडिएको बहुआयामिक प्रक्रिया हो । सुशासनको सुदृढ अभ्यासले मात्र दीर्घकालीन रूपमा भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ ।

> भ्रष्टाचार न्यूनीकरणको बहस संस्थागत व्यवस्थासम्म सीमित छैन । यसका सैद्धान्तिक आधार पनि छन्; जसमा उत्तरदायित्व, पारदर्शिता, विधिको शासन, सहभागिता र नैतिकतालाई लिन सकिन्छ । उत्तरदायित्वले शक्ति प्रयोगमा नियन्त्रण ल्याउँछ । पारदर्शिताले निर्णय प्रक्रियालाई खुला बनाउँछ । विधिको शासनले सबैलाई समान कानुनी दायरामा राख्छ ।

नेपालको लोकतान्त्रिक अभ्यासले विगत दुई दशकमा महत्त्वपूर्ण मोडहरू पार गरेको छ । सङ्घीयता, समावेशी प्रतिनिधित्व, अधिकारको विस्तार र नागरिक स्वतन्त्रताको संस्थागत सुनिश्चितताका क्षेत्रमा थुप्रै उपलब्धि प्राप्त भएका छन् तर यी उपलब्धिको सार्थकताका क्षेत्रमा कमै मात्र काम भइरहेका छन् । शासनप्रणाली पारदर्शी, उत्तरदायी र परिणाममुखी हुन सकेको छैन ।

भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्धन पछिल्लो समय नेपालको केन्द्रीय नीतिगत बहसको विषय बनेको छ । भ्रष्टाचार अन्त्यको मागबाट सुरु भएको जेनजी आन्दोलनले राजनीतिको दिशा बदलेको छ । सुशासनको पक्षमा युवाले उठाएका आवाज प्रतिविम्बित गर्नु नवनिर्वाचित सरकारको मूल दायित्व छ । यो दायित्वमा राज्यका अन्य निकाय र अङ्गको पनि समन्वय र सहकार्यको आवश्यकता छ । भ्रष्टाचार आर्थिक अनियमितता मात्र होइन, राज्यप्रति नागरिकको विश्वास क्षीण बनाउने विकासका अवसर सीमित गर्ने र सामाजिक न्यायलाई कमजोर पार्ने संरचनागत समस्या पनि हो । यसकारण पनि भ्रष्टाचार नियन्त्रण नीतिगत प्राथमिकतामा पर्नु आवश्यक छ ।

पारदर्शिता भ्रष्टाचार न्यूनीकरणका लागि अपरिहार्य भए पनि राज्य संयन्त्रले अझै पनि पूर्ण अपनत्व लिन सकेको छैन । अनियमितता मुख्य हुने क्षेत्रका रूपमा पहिचान भएका सार्वजनिक खरिद प्रणालीमा पारदर्शिताको अभाव छ । ठेक्का व्यवस्थापन, लागत वृद्धि र समयसीमा उल्लङ्घन जस्ता समस्याले भ्रष्टाचारको सम्भावना बढाउँछन् । राजनीतिक हस्तक्षेपले प्रशासनिक निर्णय प्रक्रियामा प्रभाव पारिरहेको छ । अनियमितताका घटनामा दण्डहीनताको संस्कृति मौलाउँदा सुशासनप्रति राज्यको प्रतिबद्धता कमजोर बनिरहेको छ । उच्च तहका भ्रष्टाचार प्रकरण छानबिन हुन्छ भन्ने नागरिक विश्वासमै गम्भीर शङ्का छन् । यस्ता कारणले सुशासनको एजेन्डा अधुरो देखिन्छ ।

भ्रष्टाचार नियन्त्रणको संवैधानिक जिम्मेवारी बोकेको निकाय हो– अख्तियार दुरुपयोग अनुसन्धान आयोग । यसले प्रत्येक वर्ष सार्वजनिक गर्ने वार्षिक प्रतिवेदनमा भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न नीतिगत तथा प्रशासनिक सुधारका बुँदा सिफारिस गरिरहेको छ । आयोगका सिफारिस केवल औपचारिक कागजी दस्ताबेज मात्र नभई शासन सुधारको 'रोडम्याप' का रूपमा लिन सकिन्छ । हरेक वर्ष संसद्मा वार्षिक प्रतिवेदन पेस पनि हुन्छ तर नीतिगत सुझाव र सुधारका 'रोडम्याप' मा छलफल गर्न विधायिकाले चासो पुऱ्याएको छैन । त्यस्ता सुझावका आधारमा कानुन परिमार्जनसम्म हुने भए पनि संसद्ले प्रतिवेदनलाई बेवास्ता गरिरहेको छ ।

अख्तियारका प्रमुख सिफारिसलाई हेर्दा केही आधारभूत क्षेत्रमा ध्यान केन्द्रित गरिएको देखिन्छ । सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र प्रविधिको प्रयोगमा मुख्य प्राथमिकता पाइन्छ । सार्वजनिक खरिद प्रणाली सुधार गरी प्रतिस्पर्धात्मक र निष्पक्ष प्रक्रिया सुनिश्चित गर्नेबारे आयोगले हरेक प्रतिवेदनमा आफ्ना राय प्रस्तुत गरेको छ तर विधिमा सुधार क्षणिक मात्र छ । सम्पत्ति विवरण प्रणालीको प्रभावकारी अनुगमन गरी सम्बन्धित पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिकको प्रक्रियामा लैजाने कानुनी प्रक्रियामा समेत विलम्ब भइरहेको छ । अख्तियारले कानुनी सुधारका क्षेत्रमा दिएका सुझाव पनि अलपत्र छन् । भ्रष्टाचार निवारणसम्बन्धी कानुन समयानुकूल बनाउँदै सजायलाई प्रभावकारी बनाउने विषय सरकार र संसद् दुवैको प्राथमिकतामा परेको पाइन्न । २०७४ सालमा संसद्मा प्रवेश गरेको विधेयक २०८२ सम्म पारित हुन सकेन । सरकार र संसद् दुवैको प्राथमिकतामा भ्रष्टाचार निवारणसम्बन्धी कानुन पर्न नसकेको ज्वलन्त उदाहरण यसैलाई पनि मान्न सकिन्छ ।


अख्तियारका सिफारिस कार्यान्वयनको जिम्मेवारी बहुपक्षीय छ । सरकार, संसद् र अख्तियारबिच यसमा सहकार्य र समन्वयको आवश्यकतासमेत छ । सरकार कार्यान्वयनको मुख्य निकाय हो । शासकीय सुधारका कार्यक्षेत्रमा अख्तियारले दिएको सुझाव कार्यान्वयनका लागि सरकारको मुख्य भूमिका हुन्छ । किनकि सुशासन प्रवर्धनका लागि सरकारले 'ई–गभर्नेन्स' लाई प्राथमिकता दिनुपर्ने, सेवा प्रवाहलाई डिजिटल बनाई प्रक्रियागत जटिलता कम गर्नुपर्नेलगायतका सुझाव निरन्तर दिइएका छन् ।

भ्रष्टाचार निवारण गरी सुशासन प्रवर्धनका लागि राजनीतिक इच्छाशक्ति र प्रशासनिक अनुशासन उत्तिकै आवश्यक हुन्छ । यस कार्यमा संसद्को भूमिका पनि निर्णायक बन्न सक्छ । संसद् कानुन निर्माण गर्ने संस्था मात्र होइन, कार्यपालिकामाथि निगरानी गर्ने सर्वोच्च निकाय हो । आवश्यक कानुन निर्माण र संसदीय निगरानीलाई संसद्ले प्रभावकारी रूपमा अघि बढाएमा सुशासनमा महत्त्वपूर्ण टेवा पुऱ्याउन सकिन्छ । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रभावकारिता यसको स्वतन्त्रता र निष्पक्षतामा निर्भर हुन्छ । अनुसन्धान प्रक्रिया छिटो, पारदर्शी र पेसागत हुनुपर्नेमा दुईमत छैन तर कार्यगत स्वायत्तता विशिष्ट हुनु पर्छ । भ्रष्टाचार न्यूनीकरणको बहस संस्थागत व्यवस्थासम्म सीमित छैन । यसका सैद्धान्तिक आधार पनि छन्; जसमा उत्तरदायित्व, पारदर्शिता, विधिको शासन, सहभागिता र नैतिकतालाई लिन सकिन्छ । उत्तरदायित्वले शक्ति प्रयोगमा नियन्त्रण ल्याउँछ । पारदर्शिताले निर्णय प्रक्रियालाई खुला बनाउँछ । विधिको शासनले सबैलाई समान कानुनी दायरामा राख्छ । समतामूलक सहभागिताले नागरिकलाई शासन प्रक्रियामा जोड्छ । नैतिकताले व्यक्तिगत तथा संस्थागत व्यवहारलाई मार्गदर्शन गर्छ । समग्रमा यसले सुशासनको मार्गचित्रलाई बलियो बनाउँछ । प्रविधिको तीव्र विकासले शासनप्रणालीलाई रूपान्तरण गरिरहेको छ । युवापुस्तामा बढ्दो पारदर्शिताको मागले राजनीतिक नेतृत्वलाई दबाब दिएको छ । नागरिक समाज र मिडियाको सक्रियताले अनियमितता उजागर गर्न सहयोग पुऱ्याएको छ ।

सुशासनको मार्गचित्र अनुसार काम अघि बढाउन राज्यका तीन वटै निकाय र तहगत सरकारबिच समन्वय आवश्यक छ । सार्वजनिक सेवा प्रवाहको सुधारसँगै खबरदारी र बहस गर्न सक्ने नागरिक समाजले सुशासनको सही मार्गचित्रलाई दिशा दिन सक्छन् । अख्तियार, प्रहरी, अदालतलगायतका निकायबिचको पेसागत दक्षताले राज्यको सुशासनको लक्ष्यलाई थप फराकिलो बनाउन सक्छन् । शिक्षा र जनचेतनाले नागरिक तहमा समेत सुशासनको प्रतिबद्धता बलियो बनाउन सक्छ । भ्रष्टाचार न्यूनीकरण र सुशासन स्थापनामा राजनीतिक इच्छाशक्ति र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता प्रस्ट रूपमा व्यवहारमा देखिनु पर्छ ।

भ्रष्टाचार न्यूनीकरण र सुशासनको सवाल सरकारी निकायको मात्र जिम्मेवारी होइन । राज्यका सबै अङ्ग र नागरिकको साझा दायित्व हो । नागरिकको सक्रियता, मिडियाको निगरानी र संस्थागत पारदर्शिता मिलेर मात्र यस प्रक्रियाले पूर्णता पाउँछ ।

नयाँ संविधान जारीपछि नेपालले लोकतान्त्रिक संरचनामा अपेक्षित प्रगति हासिल गरेको छ तर प्रभावकारी कार्यान्वयनका चुनौती बाँकी छन् । शासनप्रणाली पारदर्शी, उत्तरदायी र नागरिकमुखी बनेमा मात्र सुशासनको मार्ग बलियो हुन्छ । साथै लोकतन्त्रको अर्थ र अनुभूति स्थापित हुन्छ ।



१२६ वर्ष प्रवेश
सुशासन यात्रा
गोरखापत्र
gorkhapatraonline.com

पर्यटन क्षेत्र

# नकारात्मक छविबाट मुक्त हुँदै

उच्च हिमाली क्षेत्रमा पुगेका विदेशी पाहुनालाई आवश्यक नभए पनि हेलिकोप्टरबाट उद्धार गरिएको देखाई बिमा कम्पनीबाट रकम असुल्ने घटनाले नेपालमा यात्रा गर्दा जोखिम र अतिरिक्त खर्चको डर, महँगो बिमा शुल्कले गुणस्तरीय र खर्चालु पर्यटकको आगमनमा असर परेको थियो तर पछिल्ला प्रयास र अनुसन्धान तथा निगरानीले अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाललाई 'ठगी हुने गन्तव्य' को नकारात्मक छविबाट मुक्त गर्ने प्रयासको सुरुवात भएको छ ।





मीनराज भण्डारी

पर्यटन क्षेत्रको दिगो विकास र आर्थिक वृद्धिका लागि सुशासन र पारदर्शिता अपरिहार्य तत्त्व हुन् । यसले पर्यटन सेवाको गुणस्तर सुधार गर्नुका साथै पर्यटकको विश्वास बढाउन मद्दत गर्दछ । विगत लामो समयदेखि नेपालको पर्यटन क्षेत्र नीतिगत अस्थिरता, दिशाहीन योजना र पूर्वाधारको अभावमा रुमल्लिँदै आएको छ ।

राजनीतिक अस्थिरता, सत्ताकेन्द्रित राजनीति, दलीय स्वार्थ, संस्थागत कमजोरी र प्रशासनिक जडता तथा जनताको आशालाई कमजोर बनाएको थियो । महँगो हवाई भाडा, पर्यटकीय पूर्वाधार निर्माणमा ढिलाइ, पर्यटकलाई स्थानीयभन्दा फरक र अत्यधिक मूल्य लिने चलन, अनधिकृत गाइड तथा ट्रेकिङ एजेन्सी, गुणस्तरहीन सेवा, सार्वजनिक स्थानमा सरसफाइको कमी, सुरक्षाव्यवस्थामा कमजोरी, दुर्घटना व्यवस्थापनमा ढिलाइ, प्रभावकारी नियमनको अभाव र उच्च हिमाली क्षेत्रबाट पर्यटकको नक्कली उद्धारले नेपालको पर्यटन क्षेत्रमा यसले ठुलो क्षति र बदनाम पुऱ्याउँदै आएको थियो ।

होटेल, ट्राभल एजेन्सी, गाइडलाई स्पष्ट नियममा नबाँध्दा र अनलाइन प्रणालीमार्फत अनुमति शुल्क, राजस्व सङ्कलन र सेवाको पारदर्शितामा जोड दिन डिजिटल निगरानी गर्न सकिएको थिएन । त्यस्तै पदयात्रा वा हिमाल आरोहणका लागि उच्च हिमाली क्षेत्रमा पुगेका विदेशी पाहुनालाई आवश्यक नभए पनि हेलिकोप्टरबाट उद्धार गरिएको देखाई बिमा कम्पनीबाट रकम असुल्ने घटनाले नेपालमा यात्रा गर्दा जोखिम र अतिरिक्त खर्चको डर, महँगो बिमा शुल्कले गुणस्तरीय र खर्चालु पर्यटकको आगमनमा असर परेको थियो । साथै इमानदार गाइड र ट्रेकिङ एजेन्सीलाई शङ्काको दृष्टिले हेर्न थालिएको थियो तर पछिल्ला प्रयास र अनुसन्धान तथा निगरानीले अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाललाई 'ठगी हुने गन्तव्य' को नकारात्मक छविबाट मुक्त गर्ने प्रयासको सुरुवात भएको छ ।

पछिल्लो जनमतले व्यवस्थापन होइन, रूपान्तरण नै चाहिन्छ भन्ने प्रस्ट सन्देशसहित योग्यता, क्षमता, दूरदृष्टि र दक्षताले भरिएका युवालाई सत्तामा पुऱ्याएर यसअघि दोहोरिँदै आएको संस्थागत कमजोरी र नीतिगत तथा प्रशासनिक जडतालाई चिर्दै व्यवहारमा देखिने गरी परिवर्तन, निर्णयमा पारदर्शिता र कार्यान्वयनमा जोड पुग्ने आशा पलाएको छ ।

एउटा पर्यटक नेपाल भित्रिएदेखि बाहिरिँदासम्म उसले अध्यागमन, यातायात, परराष्ट्र, गृह (सुरक्षा), वन तथा वातावरण (संरक्षित क्षेत्र) र नागरिक उड्डयन जस्ता धेरै क्षेत्रसँग अन्तरसम्बन्धित हुने गरेका छन् । यी मन्त्रालयबिच बलियो समन्वय भएन भने जतिसुकै ठुला योजना ल्याइए पनि पर्यटनमा सोचे जस्तो परिवर्तन सम्भव हुँदैन । त्यस कारण वर्तमान सरकारले एकीकृत पर्यटन विकास संयन्त्र बनाएर नेपाललाई गुणस्तरीय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सार्वजनिक यातायात, सुरक्षित सडक पूर्वाधार, हवाई सुरक्षा र नेपालको नागरिक उड्डयन क्षेत्रको छवि सुधार्नु पर्छ । साथै युरोपेली सङ्घको कालो सूचीबाट नेपाललाई हटाउन विशेष ध्यान दिनु पर्छ । अनि मात्रै आगामी पाँच वर्षमा पर्यटन क्षेत्रले ठुलो उपलब्धि हासिल गर्न सक्छ ।

### स्वर्ण पर्यटन युगको सुरुवात

राणाकालीन समयमा नेपाल विदेशीका लागि लगभग बन्द थियो । बाह्य देशका नागरिकलाई नेपाल प्रवेश गर्न अनुमति चाहिन्थ्यो । केही कूटनीतिज्ञ वा विशेष पाहुनालाई मात्र प्रवेश दिइने उक्त समयमा सामान्य पर्यटकको अवधारणा नै थिएन । यसले गर्दा नेपालका हिमाल, संस्कृति र प्राकृतिक सौन्दर्य बाहिरी संसारका लागि रहस्यमय नै थिए । समयक्रमसँगै सन् १९५० को दशकमा नेपाल विश्वपर्यटनको नक्सामा स्थापित भयो । त्यसयता विभिन्न कालखण्ड, द्वन्द्व, प्राकृतिक विपत्ति, महामारीलगायतका चुनौतीको सामना गर्दै अहिले पर्यटन देशको आर्थिक विकासको मेरुदण्ड र विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत बनेको छ ।

सन् १९५३ मा सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथाको पहिलो सफल आरोहण गरे । यसपछि नेपालमा अन्तर्राष्ट्रिय पर्यटनको ढोका खुल्यो । पर्यटन उद्योगको विधिवत् सुरुवात भएपछि बर्सेनि लाखौँ विदेशी पर्यटकले नेपाल भ्रमण गरिसकेका छन् । संयुक्त राष्ट्रसङ्घीय आँकडा अनुसार संसारभरका हरेक १० रोजगारीमध्ये एकमा पर्यटन क्षेत्रको योगदान हुने गरेको छ । एक जना विदेशी पर्यटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रवेश गर्दा १० जना नेपालीको चुलो बल्ने गरेको छ ।

कम लगानीमा बढी प्रतिफल दिने पर्यटन क्षेत्र नेपालको आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार मात्रै बनेको छैन, यसले नेपाललाई विश्वस्तरीय पर्यटनको गन्तव्यका रूपमा संसारभर चिनाएको छ । देशको तीनखम्बे अर्थतन्त्रमा ऊर्जा, कृषि र पर्यटनलाई लिइएको छ । पर्यटन प्रतिष्ठानमा मात्रै देशभर झन्डै १२ लाख श्रमिक आश्रित रहँदै आएको सरकारी आँकडा छ ।

अहिले देशको पर्यटन उद्योगमा १५ खर्ब रुपियाँभन्दा बढी लगानी पुगेको छ । कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान झन्डै आठ प्रतिशतको हाराहारीमा छ । लगानी र उत्पादनमा पर्यटन उद्योगको उल्लेखनीय सक्रियता देखिएको मात्र होइन, यसले उल्लेखनीय रोजगारी पनि दिएको छ । हाल कुल रोजगारीको करिब छदेखि आठ प्रतिशतसम्म हिस्सा पर्यटनसँग जोडिएको सरकारी तथ्याङ्कले देखाएको छ ।

### पर्यटन नीति

नेपालमा पञ्चवर्षीय योजना पहिलो पटक सन् १९५५ मा बनेको थियो । उक्त पहिलो योजनाले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औँल्याएको थियो । पहिलो पटक राष्ट्रिय संस्थाका रूपमा सन् १९५७ मा पर्यटन विकास बोर्ड स्थापना, सन् १९५८ मा तत्कालीन शाही नेपाल वायु सेवा निगम (हाल नेपाल वायुसेवा निगम) स्थापना, सन् १९५९ मा पर्यटन विभाग स्थापना भएको थियो । यसै गरी सन् १९७८ मा पहिलो पटक पर्यटन ऐन बनेको थियो ।

सन् १९७२ मा १० बर्से पर्यटन गुरुयोजना निर्माण गरिएको थियो । त्यसले खास गरी वैदेशिक मुद्रा आर्जन वृद्धि, क्षेत्रीय विकास, रोजगारी प्रवर्धन तथा आयका अवसर वृद्धि गरी पर्यटनको विकास गर्न विभिन्न कार्यक्रम सिफारिस गरेको थियो । गुरुयोजनाले विभिन्न खाले पर्यटन, जस्तै– दृश्यावलोकन पर्यटन, पदयात्रा, मनोरञ्जन तथा धार्मिक पर्यटनलाई बढावा दिने गरी पर्यटकीय सम्पदाको विकास गर्नुपर्ने विषयलाई जोड दिएको थियो ।

गुरुयोजनाले काठमाडौँपछि अर्को पर्यटकीय केन्द्रका रूपमा पोखरालाई बनाउने र चितवन तथा लुम्बिनीलाई नेपालको पर्यटनका थप 'आधार क्षेत्र' अर्थात् 'खम्बा' का रूपमा विकास गर्ने सोच अघि बढाएको थियो । त्यस गुरुयोजनाले नै नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित बनाउन पर्यटन मन्त्रालय स्थापना गर्नुपर्नेमा जोड दिइयो । फलस्वरूप सन् १९७६ मा नेपालमा पर्यटन मन्त्रालय स्थापना भएको थियो । त्यसलगत्तै सन् १९७८ मा नेपालको पर्यटन ऐन (२०३५) पनि बन्यो । पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पर्ने तथा यसलाई प्रभाव पार्ने अन्य ऐन कानुन तथा नीति नियम पनि क्रमशः बन्दै गए ।

सन् १९६९ सम्म आइपुग्दा पर्यटनलाई नेपालको अर्थतन्त्रको प्रमुख अङ्ग मानी त्यसका लागि दीर्घकालीन योजना बन्नुपर्नेमा जोड दिन थालियो । फलस्वरूप सोही वर्ष पर्यटन विकास समिति पनि गठन भयो । त्यसकै अग्रसरतामा सन् १९७२ मा पहिलो चोटि नेपालको राष्ट्रिय गुरुयोजना तयार भएको थियो । सन् १९८५ मा गरिएको सो पर्यटन गुरुयोजनाको समीक्षात्मक मूल्याङ्कनले पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक मुद्रा आर्जन गर्ने एक मुख्य स्रोत भएको गतिशील उद्योगका रूपमा पहिचान दियो र नेपालको पर्यटनको प्रमुख आधार पदयात्रा पर्यटन (ट्रेकिङ) भएको निष्कर्ष निकाल्यो ।

सन् १९९० मा विश्व राजनीतिमा आएको परिवर्तनसँगै नेपालमा पनि प्रजातान्त्रिक संसदीय शासनव्यवस्थाको सुरुवात भयो । यसले नेपालको अर्थव्यवस्था र खास गरी पर्यटन क्षेत्रमा पनि ठुलो छाप पार्न सफल भयो । यसअघि केही सीमित व्यक्तिको प्रभावमा रहेको पर्यटन क्षेत्र आमनेपालीको पहुँचको विषय बन्यो भने नियन्त्रित हवाई सेवालाई खुला आकाशको नामबाट सम्बोधन गरियो । त्यसै गरी सन् १९९० को दशकबाटै बन्न सुरु भएका पर्यटनलक्षित नीति नियमले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सहयोगी भूमिका खेल्दै आयो ।

### सम्भावना र चुनौती

राष्ट्रिय पर्यटन संरचना अनुसार काठमाडौँको त्रिभुवन विमानस्थलमा एउटै मात्र अन्तर्राष्ट्रिय प्रवेशद्वार रहेको छ । पोखरा र भैरहवामा विमानस्थल बने पनि त्यसको उपयोग हुन सकेको छैन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यका अनुसार सरकारले पर्यटन क्षेत्रको विकास, विस्तार र पर्यटकीय गतिविधिलाई बढावा दिन करिब ४० वर्ष पुरानो पर्यटन ऐनलाई संशोधन गरेर २०८२ ल्याउने तयारी अनुसार राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधि सभामा पुगेको छ । त्यस्तै भौतिक सम्पदाको संरक्षण गर्न सम्पदासम्बन्धी ऐन पनि राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधि सभामा पुगेको छ ।

गत वर्ष करिब साढे ११ लाख पर्यटक नेपाल भित्रिएकामा अब पर्यटकको सङ्ख्या बढाउने मात्रै नभएर खर्चालु पर्यटक भित्र्याउन सरकारले विभिन्न रणनीति र नीतिगत व्यवस्थामा जोड दिएको छ । उहाँले भन्नुभयो, "नेपालमा पर्यटक भित्र्याउन सबैभन्दा महत्त्वपूर्ण पक्ष मानिने 'एयर कनेक्टिभिटी' सुधार गर्ने, नेपाललाई युरोपेली सङ्घको कालो सूचीबाट निकाल्ने, हाल सीमित रहेको अन्तर्राष्ट्रिय गन्तव्यमा उडान विस्तार गर्ने, नेपाल वायुसेवा निगमको प्रभावकारिता बढाउने र पोखरा तथा भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने र मुलुकको आरोग्य पर्यटनलाई विकास गर्न पाँचबर्से आरोग्य पर्यटन रणनीति (सन् २०२६–२०३५) र कार्ययोजना अघि सारेका छौँ ।"

निजी क्षेत्रको सहभागितासहित पर्यटकीय क्षेत्रको प्रवर्धन, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास, पर्यटकीय सर्किटको विकास, पर्यटन क्षेत्रमा निजी लगानीमा वृद्धि, शान्तिसुरक्षाको अवस्थामा सुधार र स्थानीय तहबाट पर्यटकीय उत्पादनमार्फत यस क्षेत्रमा रहेका सम्भावना उजागर गर्न सरकार क्रियाशील रहेको उहाँले बताउनुभयो ।

अन्तर्राष्ट्रिय जगत्मा नेपाल प्रवर्धनबारे जोड, व्यावसायिक रणनीति, प्राचीन सम्पदाको संरक्षण, पर्यटकीय सूचनाको व्यवस्थापन; नियमित, सुरक्षित र भरपर्दो यातायात (हवाई, स्थल मार्ग) सेवा र पर्यटकीय पूर्वाधार विकास, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण, पर्यटकको बसाइसँगै खर्चमा वृद्धि गराउन सरकार, निजी क्षेत्र र नागरिकको सहभागिता रहने गरी क्रियाकलाप अघि बढिरहेको उहाँले जनाउनुभयो ।

उहाँका अनुसार पर्यटन प्रवर्धनका लागि नयाँ संरचना निर्माणमा जोड दिने, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नयाँ पर्यटन नीति लागु गर्ने, सुरक्षित, भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी वृद्धि गर्ने, पर्यटन विविधीकरण तथा गुणस्तरमा वृद्धि गर्ने, परम्परागत मौलिक संस्कृतिको संरक्षण र प्रवर्धन गर्ने, व्यावसायिक, दक्ष जनशक्ति विकास गर्ने, गन्तव्यको पहिचान गर्ने, प्रवर्धन तथा बजारीकरणतर्फ समेत योजना अघि बढाइएको छ ।

त्यसै गरी नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक दीपकराज जोशीका अनुसार राजनीतिक अस्थिरता नै पर्यटन क्षेत्रको मुख्य चुनौती रहँदै आएकोमा वर्तमान सरकार गठनपछि अबको पाँच वर्षमा पर्यटन क्षेत्रले थप आधारशिला तय गर्ने छ । 'टिकेटिङ', होटेल बुकिङ र अन्य सेवालाई 'डिजिटल' प्रणालीमार्फत सञ्चालन गर्ने स्पष्ट नीति र कानुनको प्रभावकारी कार्यान्वयनले यस क्षेत्रलाई बलियो बनाउँछ ।

उहाँले भन्नुभयो, "नेपाल पर्यटनका लागि उर्वर भूमि रहेकाले सरकार र विभिन्न निजी सङ्घ तथा संस्थाले नेपालमा पर्यटन प्रवर्धन गर्ने धेरै योजना अघि सारेका छन् । हवाई 'कनेक्टिभिटी' को विकास, यातायातको सुविधामा विकास, पर्यावरण संरक्षण र स्थानीय जनताको सहभागितामा पर्यटकीय क्षेत्रको विकास भइरहेको छ तर पुराना ऐन, नियमलाई प्रतिस्थापन गरी नयाँ पर्यटन नीति जारी गर्नु पर्छ । पर्यटन ऐन तथा अन्य कानुन परिमार्जन गर्नु पर्छ । पारदर्शिता, कानुनी शासन, जनसहभागिता र दिगो विकासका सिद्धान्तलाई व्यवहारमा लागु गरे पर्यटन क्षेत्रमा पनि वास्तविक सुशासन स्थापना गर्न सहयोग पुग्छ ।"

होटेल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले युवापुस्ताको सरकार गठन अवसर मात्रै नभएर पर्यटन क्षेत्रको विकासका लागि कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभयो । हिमाल आरोहण, ट्रेकिङ, साहसिक खेलकुद, धार्मिक दर्शन, सांस्कृतिक गतिविधिमा सहभागी हुन आउने पर्यटकलाई आकर्षित गर्न सरकारले नीति नियम र व्यवस्थापनमा जोड दिनुपर्ने सुझाव उहाँले दिनुभयो ।

सरकारले आगामी पाँच वर्षमा ५० लाख पर्यटक भित्र्याउने तयारीका साथ योजना ल्याउनुपर्ने बताउँदै उहाँले हवाई माध्यमबाट आउने पर्यटकको गणना हुने तर सडकमार्गबाट प्रवेश गर्ने पर्यटक तथ्याङ्कमा समेटिन नसकेको जानकारी दिनुभयो । यस्तै तयार भएका हवाई पूर्वाधार सञ्चालन गर्न नसक्नु, अपर्याप्त 'कनेक्टिभिटी' र प्रभावकारी सरकारी योजना अभावका कारण लगानीले अपेक्षित प्रतिफल दिन सकेको छैन ।

अध्यक्ष शाहले भन्नुभयो, "योभन्दा अघिको सरकारले पर्यटन क्षेत्रमा सुशासन कायम गर्न, पर्यटन क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्र उकास्न गुरुयोजना ल्याउन सकेन तर वर्तमान सरकारबाट आमजनतासँगै निजी क्षेत्रले पनि त्यत्तिकै अपेक्षा राखेकाले अबको पाँच वर्षमा गर्न सकिने 'मास्टर प्लान' बनाउनु पर्छ ।"

हाम्रो पर्यटन उद्योगमा निजी क्षेत्र (होटेल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी र एयरलाइन्स) को अर्बौं रुपियाँ लगानी रहे पनि सरकारी योजना नभएकाले यी लगानीले अपेक्षित प्रतिफल दिन नसकेको र लगानीसमेत जोखिममा रहेकाले यसमा सरकार गम्भीर भएर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।


राजनीतिक अस्थिरता नै पर्यटन क्षेत्रको मुख्य चुनौती रहँदै आएकोमा वर्तमान सरकार गठनपछि अबको पाँच वर्षमा पर्यटन क्षेत्रले थप आधारशिला तय गर्ने छ । 'टिकेटिङ', होटेल बुकिङ र अन्य सेवालाई 'डिजिटल' प्रणालीमार्फत सञ्चालन गर्ने स्पष्ट नीति र कानुनको प्रभावकारी कार्यान्वयनले यस क्षेत्रलाई बलियो बनाउँछ ।

**Civil Aviation Authority of Nepal**
**Public Notice**
**Regarding Operation of Unmanned Aircraft Systems (UAS)/Drones in Nepal**

The Civil Aviation Authority of Nepal (CAAN), hereby informs all individuals, organizations, and operators intending to operate Unmanned Aircraft Systems (UAS), commonly known as drones, within the territory of Nepal to follow the operational requirements as detailed below:

- Maximum Altitude: Operations shall not exceed 100 meters Above Ground Level (AGL).
- Visual Line of Sight (VLOS): The drone must be operated within the visual line of sight of the operator at all times.
- Aerodrome Restrictions: No operation shall be conducted within a minimum radius of 5 km from any airport or heliport without prior approval. Operations in Controlled, Restricted, or Prohibited Airspace are strictly forbidden unless specifically authorized by CAAN.
- National Parks and Conservation Areas: Operations within national parks, conservation areas, and environmentally sensitive zones require prior permission from the concerned authority (e.g., Department of National Parks and Wildlife Conservation DNPWC).
- Security Sensitive Areas: Operations over military installations, police facilities, government sensitive locations, and VIP areas are strictly prohibited without special authorization.
- Populated Areas: Operations over dense populated areas, public gatherings, or events are prohibited without prior approval.
- Night Operations: Night flying is prohibited unless specific authorization is obtained from CAAN.
- Range Limitation: Operations shall be conducted within a safe and controllable range with a maximum horizontal distance 300 meters from operator, limited to VLOS conditions.
- Important Note: Operating drones without registration and necessary approvals is a violation of aviation regulations and may lead to penalties, confiscation, or legal action.

**For further information, please contact:**
**Flight Safety Standards Department**
**Civil Aviation Authority of Nepal.**
**Phone: (+977)-1-5718000**
**Email: dgca@caanepal.gov.np Website: www.caanepal.gov.np**



# स्वास्थ्यसेवाको पहुँच



सरोज ढुङ्गेल

> सहरी क्षेत्रमा अत्याधुनिक सेवा उपलब्ध हुँदा कतिपय ग्रामीण क्षेत्रमा आधारभूत सुविधा पनि पुग्न सकेको छैन । सरकारी अस्पतालमा सस्तो भए पनि भिड, ढिलासुस्ती, उपकरण अभाव र व्यवस्थापन कमजोरीका कारण सेवाको गुणस्तर प्रभावित हुने गरेको छ । निजी अस्पतालमा सेवा गुणस्तरीय भए पनि उच्च लागतका कारण सबैका लागि पहुँचयोग्य छैन ।



स्रोतसाधन, भौगोलिक विकटता, जनशक्ति, स्वास्थ्यकर्मीको विदेश पलायनलगायतका समस्या स्वास्थ्य क्षेत्रले झेलिरहेको छ। यति हुँदाहुँदै पनि यस क्षेत्रमा केही उल्लेखनीय प्रगति हासिल भएको छ। सरकारको लक्ष्य अनुसार बाल तथा मातृ मृत्युदर घटाउने, खोपको पहुँच बढाउने, औसत आयु वृद्धि गर्ने जस्ता उपलब्धि हासिल भएका छन्। स्वास्थ्यसेवाको गुणस्तर, समान पहुँच, पर्याप्त लगानी र प्रभावकारी व्यवस्थापन अझै चुनौतीकै रूपमा रहेका छन्। २०४८ सालपछि स्वास्थ्य क्षेत्रमा सुरु भएका सुधारलाई आधार मान्ने हो भने सरकारले स्वास्थ्य क्षेत्रमा ठुलो फड्को मारेको छ। नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्थापित गर्नु, सङ्घीय संरचना बन्नुले स्वास्थ्यसेवाको प्रणालीलाई पुनर्संरचना गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। सेवाको भौगोलिक पहुँच बढाएको छ तर व्यवस्थापन क्षमता, स्रोतसाधन र जनशक्तिको असमान वितरणका कारण अपेक्षित परिणाम प्राप्त गर्न सकिएको छैन। पछिल्लो समय नयाँ सरकार गठनपछि स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै विभिन्न नीति तथा कार्यक्रम अघि सारिएका छन्।

सहरी क्षेत्रमा स्वास्थ्यसेवा तुलनात्मक रूपमा सहज र सरल छ। यहाँ निजी अस्पताल, विशेषज्ञ चिकित्सक, अत्याधुनिक उपकरण र परीक्षण सुविधा सहजै उपलब्ध छन् तर ग्रामीण र दुर्गम क्षेत्रमा अवस्था अझै विकराल छ। कतिपय हिमाली र पहाडी जिल्लामा बिरामीलाई सामान्य उपचारका लागि समेत घन्टौं हिँड्नु पर्छ। स्वास्थ्य चौकी भए पनि दक्ष जनशक्ति अभाव, औषधी आपूर्तिमा कठिनाइ, उपकरणको अभाव, दक्ष जनशक्ति सहरकेन्द्रितलगायतका समस्याले गर्दा कठिनाइ भोग्नु परेको अवस्था छ। सङ्घीयतापछि स्थानीय तहले स्वास्थ्यसेवा सञ्चालन गर्ने जिम्मेवारी पाएपछि सेवा विस्तार भएको छ। अहिले अधिकांश वडामा स्वास्थ्य संस्था पुगेका छन् तर उपस्थिति र उपयोगिताबिचको अन्तर अझै ठुलो छ। उदाहरणका लागि स्वास्थ्य संस्था भवन बने पनि आवश्यक जनशक्ति नहुँदा सेवा प्रभावकारी हुन सकेको छैन। यसले नागरिकमा स्वास्थ्यसेवा प्रणालीको पहुँचप्रति प्रश्नचिह्न खडा गरेको छ। स्वास्थ्यको पहुँच पुग्नका लागि आर्थिक पहुँच पनि उत्तिकै महत्त्वपूर्ण विषय हो। निजी स्वास्थ्यसेवा महँगो भएकाले निम्न आय भएका नागरिक अझै पनि उपचारबाट वञ्चित छन्। उपचार गर्दा पनि उनीहरू ऋण लिएर उपचार गर्न बाध्य छन्। यसले स्वास्थ्यसेवा पहुँचको मात्रात्मक विस्तार भए पनि गुणात्मक समानता अझै सुनिश्चित हुन सकेको छैन।

## वर्तमान अवस्था

नेपालको स्वास्थ्यसेवा अहिले सङ्घीय, प्रदेश र स्थानीय तहमा विभाजित छ। स्थानीय तहले आधारभूत स्वास्थ्यसेवा अर्थात् खोप, मातृ स्वास्थ्य, सामान्य रोग उपचार, पोषणसेवा जस्ता कार्यक्रम पर्छन्। प्रदेश सरकारले जिल्ला अस्पताल र प्रदेश अस्पतालमार्फत मध्यमस्तरको सेवा सञ्चालन गर्छ। सङ्घीय सरकारले नीति निर्माण, नियमन र उच्चस्तरीय विशेषज्ञ सेवा सञ्चालन गरिरहेको छ तर सङ्घीयस्तरमा रहेका अस्पतालमा अझै विशेषज्ञ सेवा पुग्न सकेको छैन। उदाहरणका लागि डडेलधुरा अस्पताल, गजेन्द्रनारायण सिंह अस्पताललाई लिन सकिन्छ। त्यहाँ अझै विशेषज्ञ सेवा पुग्न सकेको छैन। देशभर स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल र प्रदेश अस्पताल विस्तार भएको छ। केही क्षेत्रमा विशेषज्ञ सेवासमेत उपलब्ध हुन थालेको छ तर जति आवश्यक हो, त्यति मात्रामा अझै पुग्न सकेको छैन। प्रादेशिक अस्पताल भए पनि भक्तपुर अस्पतालमा अहिले विशेषज्ञ सेवा विस्तार भएको छ। अन्य केही प्रादेशिक अस्पताल सुधार हुँदै आएका छन्।

व्यवस्थापनको कमजोरी, समन्वय अभाव र स्रोतको असमान वितरणले सेवा प्रभावकारितामा बाधा पुगेको छ। धेरै स्थानीय तहमा प्राविधिक जनशक्ति अभाव छ। बजेट खर्च गर्ने क्षमता सीमित छ। योजना बनाउने र कार्यान्वयन गर्ने प्रणाली अझै परिपक्व भएको छैन। पछिल्लो समय निजी क्षेत्रको भूमिका तीव्र रूपमा बढेको छ। सहरकेन्द्रित या गाउँसम्म पनि निजी क्षेत्रका अस्पताल पुग्न थालेका छन्। त्यहाँ उपचार गर्न मध्यम र तल्लोस्तरको आय भएका मानिसको पहुँच भने पुग्न सकेको छैन।

## गुणस्तरीयसेवा

गुणस्तरीय स्वास्थ्यसेवा सुनिश्चित गर्न चार प्रमुख आधार आवश्यक हुन्छ। दक्ष जनशक्ति, पर्याप्त उपकरण, गुणस्तरीय औषधी र प्रभावकारी व्यवस्थापन भए मात्र स्वास्थ्यसेवाको गुणस्तरीयता कायम हुन्छ। नेपालमा यी चारै पक्षमा असमानता देखिन्छ। सहरी क्षेत्रमा अत्याधुनिक सेवा उपलब्ध हुँदा कतिपय ग्रामीण क्षेत्रमा आधारभूत सुविधा पनि पुग्न सकेको छैन। सरकारी अस्पतालमा सस्तो भए पनि भिड, ढिलासुस्ती, उपकरण अभाव र व्यवस्थापन कमजोरीका कारण सेवाको गुणस्तर प्रभावित हुने गरेको छ। निजी अस्पतालमा सेवा गुणस्तरीय भए पनि उच्च लागतका कारण सबैका लागि पहुँचयोग्य छैन। सरकारी अस्पतालमा १० हजारमा हुने शल्यक्रिया निजीमा एक लाख रुपियाँ तिनुपर्ने बाध्यता छ, जुन मध्यम र निम्नवर्गीय नेपालीको पहुँचबाहिरको विषय हो। त्यसैले सरकारले गुणस्तरीय स्वास्थ्यसेवाका लागि पर्याप्त बजेटको व्यवस्था, नियमित अनुगमन, सेवा मापदण्डमा कडाइ, स्वास्थ्यकर्मीको निरन्तर तालिम, दक्ष जनशक्ति उत्पादन तथा परिचालन, अस्पताल व्यवस्थापन सुधार गर्नुपर्ने देखिन्छ। गुणस्तर सुधार्न सकिएन भने सेवा विस्तारको अर्थ हुँदैन।

## सुधारका सङ्केत

नयाँ सरकार गठनपछि स्वास्थ्य क्षेत्र सुधारका लागि विभिन्न पहल सुरु गरिएका छन्। सरकारले गरेका सुधार प्रयासमा पूर्वाधार विस्तार, अस्पताल स्तरोन्नति, डिजिटल स्वास्थ्यसेवा, टेलिमेडिसिन, औषधी आपूर्ति सुधार र स्वास्थ्य बिमा सुदृढीकरण जस्ता कार्यक्रम प्राथमिकतामा छन्। स्वास्थ्य सचिव डा. विकास देवकोटाले स्वास्थ्यसेवा सबै नागरिकको पहुँचमा पुऱ्याउनु मात्र होइन, गुणस्तरीय र विश्वसनीय सेवा दिनु नै सरकारको मुख्य लक्ष्य रहेको बताउँदै त्यसका लागि सरकार क्रियाशील रहेको बताउनुभयो। सरकारले दुर्गम क्षेत्रमा चिकित्सक पठाउन काज फिर्ता गरिरहेको छ। स्वास्थ्य मन्त्रालयमा बर्सौंदेखि कार्यरत चिकित्सकलाई धमाधम काज फिर्ता गर्दै सम्बन्धित दरबन्दी भएको जिल्ला या अन्य अस्पताल पठाउन थालिएको छ। केही स्थानमा टेलिमेडिसिन सेवा सुरु गर्न लागिएको छ; जसले विशेषज्ञ सेवा नपुगेका क्षेत्रमा सहयोग पुऱ्याउने उहाँको भनाइ छ तर कार्यान्वयनमा ढिलासुस्ती, स्रोत अभाव र प्रशासनिक जटिलताले अपेक्षित परिणाम प्राप्त गर्न कठिन छ। नीति र व्यवहारबिचको दुरी घटाउन सशक्त कार्यान्वयन संयन्त्र आवश्यक छ। दुर्गम क्षेत्रका नागरिकको पहुँचमा स्वास्थ्यसेवा पुऱ्याउन अझै पनि सरकारले प्रयास थाल्नुपर्ने देखिन्छ। सरकारले विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ। निःशुल्क प्राथमिक स्वास्थ्यसेवा, खोप अभियान, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन्। यस्ता कार्यक्रमले स्वास्थ्यसेवा पहुँच विस्तारमा महत्त्वपूर्ण योगदान पुगेको छ। दीर्घकालीन प्रभावका लागि निरन्तरता, स्रोत सुनिश्चित र गुणस्तर सुधार आवश्यक छ।

## बजेट अभाव

नेपालमा स्वास्थ्य क्षेत्रको बजेट अझै पनि आवश्यकता अनुसार विनियोजन हुन सकेको छैन। विश्व स्वास्थ्य सङ्गठनको मान्यता अनुसार कुल बजेटको १० प्रतिशत अनिवार्य आवश्यक हुन्छ तर नेपालको स्वास्थ्य क्षेत्रको बजेट चार प्रतिशत पुगनपुग छ। स्वास्थ्य क्षेत्रमा न्यून लगानीका कारण यसका पूर्वाधार विकास अधुरो रहन्छ। औषधी आपूर्ति प्रभावित हुन्छ र जनशक्ति व्यवस्थापनमा समस्या उत्पन्न हुन्छ। हाल नेपालमा ३२ वर्षअघिको दरबन्दीले काम गरिरहेको छ। जनसङ्ख्या बढ्यो, रोग बढे। सर्नेभन्दा नसर्ने रोग बढ्यो तर स्वास्थ्यकर्मीको दरबन्दी भने उही छ। यसले स्वास्थ्यसेवाको पहुँचलाई चुनौती दिएको छ।


स्थानीय तहदेखि सङ्घीय सरकारले पर्याप्त बजेट नपाउँदा सेवा सञ्चालनमा कठिनाइ भएको छ। स्वास्थ्य बिमा कार्यक्रमसमेत आर्थिक दबाबमा परेको छ। दाबी भुक्तानी ढिलो हुने, सेवाप्रदायक असन्तुष्ट हुने जस्ता समस्या देखिएका छन् तर पहुँच नहुनेलाई स्वास्थ्य बिमाले ठुलो राहत दिएको छ। स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी नगरिए दीर्घकालीन रूपमा मानव विकास सूचकमा नकारात्मक असर पर्ने छ।

सरकारले ल्याएको डिजिटल स्वास्थ्य रेकर्ड, अनलाइन सेवा, गुनासो व्यवस्थापन प्रणाली जस्ता प्रयासले स्वास्थ्य क्षेत्रमा ठुलो परिवर्तनको सङ्केत गरेको छ तर भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र कमजोर अनुगमन प्रणाली अझै चुनौतीका रूपमा रहेका छन्। सरकारले स्वास्थ्यमा सुशासन सुनिश्चित गर्न नियमित अनुगमन र पारदर्शी खरिद प्रणाली विकास गर्नु पर्छ। यसले स्वास्थ्य क्षेत्र थप सुदृढ हुने छ। नेपालको स्वास्थ्य नीति 'सबैका लागि स्वास्थ्य' भन्ने मूल अवधारणामा आधारित छ। नीतिले समान पहुँच, गुणस्तरीय सेवा र दिगो स्वास्थ्य प्रणाली निर्माणलाई प्राथमिकता दिएको छ। सङ्घीय संरचना अनुसार स्थानीय तहलाई बढी अधिकार दिइएको छ तर त्यस अनुसार क्षमता विकास अझै हुन सकेको छैन। नीति र कार्यान्वयनबिचको अन्तर कम गर्न प्रभावकारी समन्वय आवश्यक देखिन्छ।

सरकारले विभिन्न स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेको छ। जस्तो मातृशिशु स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्यसेवा, आपत्कालीन स्वास्थ्यसेवा जस्ता कार्यक्रमले स्वास्थ्य क्षेत्र सुधारमा महत्त्वपूर्ण योगदान दिएको छ।

नहुने वर्गका लागि स्वास्थ्य बिमाले ठुलो राहत दिएको छ। स्वास्थ्य बिमा कार्यक्रम विस्तार गर्दै सेवाको दायरा बढाइएको छ। अस्पताल सेवामा पहुँच बढाइएको छ र त्यसले आर्थिक भार कम गरेको छ। यसलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ। दाबी भुक्तानी छिटो बनाउने, सेवाको गुणस्तर सुधार्ने, सबै नागरिकलाई समेट्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, पारदर्शिता बढाउने, बिमालाई दिगो बनाउने, वित्तीय व्यवस्थापन सुधारको योजना ल्याउने तथा अनौपचारिक क्षेत्रलाई बिमामा अनिवार्य गर्दा यो कार्यक्रम प्रभावकारी हुन सक्छ।

नेपालले बाल मृत्युदरमा कमी, मातृ मृत्युदरमा कमी, खोप कभरेज वृद्धि, औसत आयु वृद्धि, स्वास्थ्य संस्था विस्तार जस्ता उपलब्धि हासिल गरेको छ। यी उपलब्धिले स्वास्थ्य क्षेत्रमा सुधारको सकारात्मक सङ्केत दिएका छन्। हाल सरकार स्वास्थ्य प्रणाली सुदृढीकरणमा केन्द्रित छ। डिजिटल स्वास्थ्य प्रणाली विकास, अस्पताल स्तरोन्नति, विशेषज्ञ सेवा विस्तार, फ्री हेल्थ पोर्टल तथा महामारी तयारीमा काम भइरहेको छ। कोभिड–१९ महामारीपछि स्वास्थ्य पूर्वाधार सुदृढीकरणमा विशेष ध्यान दिइएको छ। सरकारले अब दुर्गम क्षेत्रमा चिकित्सकलाई आकर्षित गर्न प्रोत्साहन कार्यक्रम ल्याउने, टेलिमेडिसिन विस्तार, स्थानीय तहको क्षमता अभिवृद्धि, स्वास्थ्य शिक्षा र जनचेतना विस्तार, निजी सरकारी साझेदारी सुदृढीकरण, अनुसन्धान र तथ्याङ्कमा आधारित नीति निर्माण गर्नुपर्ने देखिन्छ। अबको प्राथमिकता सेवा विस्तारभन्दा पनि गुणस्तर र समान पहुँच सुनिश्चित गर्नु हो। पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन, सुशासन र समन्वय सुनिश्चित गर्न सकियो भने नेपालको स्वास्थ्य प्रणाली समावेशी, दिगो र प्रभावकारी बन्न सक्छ।










गोरखापत्र १२६ वर्ष प्रवेश
सुशासन यात्रा
गोरखापत्र
gorkhapatraonline.com




# गुणस्तरीय पूर्वाधार

गुणस्तरीय पूर्वाधारका लागि यसको आवश्यक तत्त्व तयारी अवस्थादेखि नै चाहिन्छ । प्रधानमन्त्री वा सम्बन्धित मन्त्रालयबाट निर्देशिका मात्र जारी गरेर गुणस्तरीय पूर्वाधार निर्माण हुन सक्दैन । गुणस्तरीय पूर्वाधारका लागि आयोजनाको हरेक प्रक्रियामा गुणस्तरीयता कायम हुनु पर्छ । कुनै पनि एउटा प्रक्रियामा कमजोरी भयो भने गुणस्तरीय पूर्वाधार निर्माण हुन सक्दैन ।



भउचप्रसाद यादव

पूर्वाधार निर्माणपछि त्यसले आर्थिक र सामाजिक रूपान्तरणमा भूमिका खेल्न सकेन भने त्यसलाई गुणस्तरीय पूर्वाधार मान्न सकिँदैन । समाज र आमनागरिकले अपेक्षा गरेको पूर्वाधार निर्धारित समयमै सम्पन्न हुनु पर्छ ।

तोकिएको समय, लागत र प्राविधिक मापदण्डभित्र रहेर निर्माण गरिएका दिगो, सुरक्षित र जनअपेक्षा अनुरूपका भौतिक संरचना (सडक, पुल, भवन, बिजुली, पानी आदि) नै गुणस्तरीय पूर्वाधार हुन्। यसले सडक, ढल, खानेपानी, भवन जस्ता भौतिक संरचनालाई जनाउँछ। गुणस्तरीय पूर्वाधार निर्माणले जनजीवन सहज र सरल बनाउन मद्दत गर्छ। यसमा आयोजनाको योजना, डिजाइन, कार्यान्वयन र मर्मतसम्भारको प्रक्रिया उच्च गुणस्तरको हुन्छ। भौतिक विकास मात्र नभई सामाजिक र आर्थिक विकासमा योगदान पुर्‍याउने, प्रविधिमैत्री र टिकाउ संरचना नै गुणस्तरीय पूर्वाधार हुन्।

राष्ट्रिय योजना आयोगका सदस्य एवं पूर्वसचिव ई. अर्जुनजङ्ग थापाका अनुसार कुनै पनि गुणस्तरीय पूर्वाधार निर्माणका लागि पहिलो सर्त जे उद्देश्यका लागि निर्माण गरिएको हो, त्यो उद्देश्य पूरा हुनु (फिट फर पर्पोज) पर्छ। जस्तै– सबै खालका सवारीसाधन आवतजावत गर्न सक्ने उद्देश्यले कुनै पुल निर्माण गरियो तर निर्माण सम्पन्न भएपछि त्यस पुलमा ठुलो ट्रक ओहोरदोहोर गर्न सक्ने अवस्था भएन भने त्यस पुललाई गुणस्तरीय पूर्वाधार मान्न सकिँदैन। त्यसै गरी बर्खायाममा त्यो पुल बाढीले नै डुब्ने भयो भने त्यस्तो अवस्थामा पनि त्यसलाई गुणस्तरीय पूर्वाधार मान्न सकिँदैन।

गुणस्तरीय पूर्वाधार निर्माणका क्रममा प्रयोग गरिएका सामग्रीसमेत तोकिएको मापदण्डको हुनु पर्छ। त्यसको 'फिनिसिङ' पनि तोकिएको मापदण्ड अनुसारको हुनु पर्‍यो। बाहिरबाट पनि राम्रो देखिनु पर्छ। निर्माण गरिएका संरचनाले तोकिएको मापदण्ड अनुसारको निर्माण सामग्री, फिनिसिङ र जे उद्देश्यका लागि निर्माण गरिएको हो, त्यो उद्देश्य पूरा गर्नु पर्छ। तोकिएको सेवा दिनु पर्छ। त्यसै गरी तोकिएको लागतभित्र निर्माण सम्पन्न हुनु पर्छ अनि मात्र त्यो संरचनालाई गुणस्तरीय पूर्वाधारका रूपमा लिन सकिन्छ।

## सत्तरी प्रतिशत पूर्वाधार गुणस्तरीय

नेपालमा सम्पन्न पूर्वाधारले शतप्रतिशत गुणस्तर कायम गर्न सकेका छैनन्। यहाँका पूर्वाधार ७० प्रतिशत गुणस्तरीय रहेको पूर्वसचिव ई. थापाको दाबी छ। उहाँका अनुसार जापानका प्राविधिकले निर्माण गरेको नागढुङ्गा–सिस्नेखोला सुरुङमार्ग नेपाली प्राविधिकले निर्माण गरेका संरचनाभन्दा गुणस्तरीय छ। नागढुङ्गा सुरुङमार्गलाई शतप्रतिशत मान्ने हो भने मुलुकको अन्य पूर्वाधारलाई ७० प्रतिशत अङ्क दिन सकिन्छ।

पूर्वसहसचिव तथा पूर्वाधारविज्ञ ई. राजेन्द्र शर्माका अनुसार लामो समयसम्म टिक्ने, मर्मतसम्भार खर्च न्यून, सुरक्षित, अरामदायी, लगानीको प्रतिफल दिने खालको हुनुका साथै उपभोक्ताको आकाङ्क्षा अनुसारको पूर्वाधार गुणस्तरीय पूर्वाधार हो। यसका लागि 'इनपुट, प्रोसेस र आउटपुट' को चेकजाँच आवश्यक छ। गुणस्तरीय पूर्वाधार लागि निर्माण सामग्री पनि गुणस्तरीय हुनु अनिवार्य सर्त हो। अलकत्रा, ढुङ्गा, डन्डी, सिमेन्टलगायतका निर्माण सामग्री गुणस्तरीय हुनु पर्छ। सिमेन्टको उत्पादन स्वदेशमा नै गुणस्तरीय भए पनि गुणस्तरीय अलकत्राको अभाव छ। गुणस्तर नियन्त्रण हुन सकेको छैन। हामीले जति गुणस्तरीय पूर्वाधार निर्माण गर्न खोजे पनि आयातित निर्माण सामग्री गुणस्तरीय हुन सकेन भने गुणस्तरीयता कायम हुन सक्दैन। त्यसै गरी काम पनि राम्रोसँग गर्नु पर्छ। सिमेन्ट, गिट्टी, बालुवा र पानी मिसाएर ढलान त हुन्छ तर कुन वस्तु कति मिसाउनु पर्छ भन्ने राम्रो ज्ञान हुनु पर्छ। यसले पनि गुणस्तरीय निर्माणमा फरक पार्छ। निर्माणका क्रममा निर्माण सामग्रीको गुणस्तर नाप्नका लागि प्रयोगशालाको प्रयोग, ती सामग्रीको परीक्षण आवश्यक पर्छ। गुणस्तरीय सामग्री र गुणस्तरीय काम दुवै हुनु पर्छ।

निर्माणका क्रममा 'प्रोसेस कन्ट्रोल', 'इनपुट कन्ट्रोल' र 'आउटपुट कन्ट्रोल' आवश्यक छ। निर्माण सम्पन्न भएपछि स्वीकार गर्नेबेलामा पनि पूर्वाधारको चेकजाँच गर्नु पर्छ। यसरी पूर्वाधार निर्माण गरेपछि त्यसको गुणस्तर प्राप्त गर्न सकिन्छ। 'इनपुट कन्ट्रोल' र 'प्रोसेस कन्ट्रोल' मा नेपाल पछाडि नै रहेको पूर्वाधारविज्ञ ई. शर्माको ठम्याइ छ।

पूर्वाधारविज्ञ डा. सूर्यराज आचार्यका अनुसार धेरै समय र रुपियाँ लगानी गर्नेबित्तिकै कुनै पनि पूर्वाधार बलियो र टिकाउ हुन्छ भन्ने कुरा गलत हो। एक त निर्धारित समयमा प्रायः कुनै पनि आयोजनाको काम सम्पन्न हुँदैन। त्यसै गरी लामो समय लगाएर काम सम्पन्न गरिए पनि त्यसमा गुणस्तरीयता हुँदैन। धेरै पैसा लगानी गरेर पनि गुणस्तरीय पूर्वाधार निर्माण हुन नसक्नु अहिले ठुलो समस्या भएको छ। धेरै समय र लगानी गरेर सम्पन्न भएका पूर्वाधार पनि उपयोगमा नआउने अर्को ठुलो समस्या छ। जस्तो पोखरा र भैरहवाको विमानस्थल गुणस्तरीय निर्माण गरे पनि त्यो अझै उपयोगमा आउन सकेको छैन। त्यहाँ लगानी अनुसार प्रतिफल प्राप्तिको ठुलो समस्या हुन सक्छ।

कुनै पनि पूर्वाधार निर्माणपछि त्यसले आर्थिक र सामाजिक रूपान्तरणमा भूमिका खेल्न सकेन भने त्यसलाई गुणस्तरीय पूर्वाधार मान्न सकिँदैन। समाज र आमनागरिकले अपेक्षा गरेको पूर्वाधार निर्धारित समयमै सम्पन्न हुनु पर्छ। त्यसले आर्थिक सामाजिक रूपान्तरण, औद्योगिकीकरण, कलकारखाना, कृषिमा आधुनिकीकरण, सेवाको विस्तारलगायतका सुविधा दिनु पर्छ।

पूर्वाधारविज्ञ डा. आचार्यका अनुसार कुनै ठाउँमा सडक र पुल निर्माण भएपछि दुई घण्टाको बाटो आधा घण्टा वा सोभन्दा कम समयमा पूरा गर्न सक्नु पर्‍यो तर अहिलेसम्म त्यसो हुन सकेको छैन। त्यसो हुन नसक्नुको प्रमुख कारण के हो भने यहाँका आयोजनाको तयारी, डिजाइन गृहकार्य तहमा नै तदर्थ काम गर्छौं। गुणस्तरीय पूर्वाधारका लागि यसको आवश्यक तत्त्व तयारी अवस्थादेखि नै चाहिन्छ। प्रधानमन्त्री वा सम्बन्धित मन्त्रालयबाट निर्देशिका मात्र जारी गरेर गुणस्तरीय पूर्वाधार निर्माण हुन सक्दैन। गुणस्तरीय पूर्वाधारका लागि आयोजनाको हरेक प्रक्रियामा गुणस्तरीयता कायम हुनु पर्छ। कुनै पनि एउटा प्रक्रियामा कमजोरी भयो भने गुणस्तरीय निर्माण हुन सक्दैन। यसका लागि गृहकार्य, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइनमा नै गुणस्तरीय काम हुनु आवश्यक छ। त्यसै गरी निर्माण कम्पनी सक्षम हुनु पर्‍यो। आयोजना निर्माणको नियमित अनुगमन पनि हुनु पर्छ।

## गुणस्तरीय पूर्वाधारको अवस्था

नेपालको पूर्वाधारको गुणस्तर मिश्रित अवस्थाको छ, जहाँ केही क्षेत्रमा उल्लेखनीय सुधार भएको छ भने धेरै ठाउँमा अझै पनि मजबुत र गुणस्तरीय पूर्वाधारको अभाव छ। नेपालको पूर्वाधार विकासकै क्रममा भए पनि दिगो, गुणस्तरीय र स्मार्ट पूर्वाधारको आवश्यकता अझै टड्कारो छ।

नेपालमा सडक सञ्जाल, जलविद्युत् आयोजना र सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को पहुँचमा वृद्धि भएको छ। ग्रामीण क्षेत्रसम्म पनि ब्रोडब्यान्ड इन्टरनेट र सडक पुगेका छन्। सडक, पुल र सार्वजनिक भवनको निर्माणमा दिगोपन र गुणस्तरको कमी देखिन्छ। कतिपय पूर्वाधार निर्माण भएको केही समयमै बिग्रिने समस्या छ। सडक विभाग जस्ता निकायले गुणस्तर अनुसन्धान तथा विकास केन्द्रमार्फत पूर्वाधारको गुणस्तर परीक्षण गर्ने निरन्तरको प्रयास गरिरहनु पर्छ। निर्माणमा प्रयोग हुने सामग्रीको गुणस्तर परीक्षण (क्वालिटी कन्ट्रोल) गर्ने, जसले निर्माण स्थलको गुणस्तर कायम राख्न मद्दत गर्छ।

गुणस्तरीय पूर्वाधारले दीर्घकालीन सेवा र जनसुरक्षा सुनिश्चित गर्छ। आवश्यकताका आधारमा गुणस्तरीय पूर्वाधार निर्माण गर्ने अभियान सञ्चालन गर्नु पर्छ। नेपालमा गुणस्तरीय पूर्वाधार निर्माणका लागि विभिन्न कानुनी, प्राविधिक र वातावरणीय मापदण्ड तोकिएका छन्। यसमा भवन ऐन, २०५५, राष्ट्रिय भूउपयोग नीति २०६९ र अन्य स्थानीय तहका नियम मुख्य रूपमा रहेका छन्।

## गुणस्तरीय कसरी ?

नेपालको पूर्वाधार (इन्फ्रास्ट्रक्चर) गुणस्तरीय, दिगो र सुरक्षित बनाउन एआई (कृत्रिम बुद्धि) र आधुनिक प्रविधिको प्रयोग अत्यावश्यक छ। एआई समिट नेपाल, २०२६ का अनुसार नेपालको पूर्वाधार र समग्र प्रणाली सुधारका लागि निम्न कार्य गर्नु पर्छ :

एआई–आधारित योजना र डिजाइन : पूर्वाधार निर्माण गर्नुअघि एआई र 'बिग डाटा' प्रयोग गरी जोखिमको नक्साङ्कन गर्ने, जग्गाको अध्ययन गर्ने र डिजाइनलाई थप वैज्ञानिक बनाउनु पर्छ।

अनुगमन र गुणस्तर नियन्त्रण : निर्माण भइरहेका सडक, पुल र भवनको अनुगमनमा एआईयुक्त ड्रोन र सेन्सरको प्रयोग गर्ने। यसले निर्माण सामग्रीको गुणस्तर र कार्यप्रगतिको वास्तविक समयमा अनुगमन गर्न मद्दत गर्छ।

पूर्वाधारको मर्मतसम्भार : एआई प्रविधिले पूर्वाधारमा आउन सक्ने क्षति (जस्तै– पुलको क्र्याक, सडकका खाल्डा) पहिल्यै पत्ता लगाउन सक्छ, जसले गर्दा ठुलो दुर्घटना र मर्मत खर्च कम हुन्छ।

नीतिगत र कानुनी सुधार : सरकारले एआईको प्रयोगका लागि स्पष्ट 'नैतिक दिशानिर्देश र मापदण्ड' जारी गर्नु पर्छ। यसले डिजिटल पूर्वाधारलाई अन्तर्राष्ट्रियस्तरको बनाउन मद्दत गर्छ।

क्षमता विकास र शिक्षा : पूर्वाधार क्षेत्रमा काम गर्ने इन्जिनियर र प्राविधिकलाई एआई प्रविधि प्रयोग गर्ने तालिम दिनु पर्छ।

डाटा एकीकरण (डाटा इन्टरग्रेसन) : सडक, खानेपानी र सञ्चार जस्ता विभिन्न निकायको डाटा एकै ठाउँमा व्यवस्थापन (युनिफाइड डाटा सिस्टम) गरी योजना बनाउने, जसले गर्दा काम दोहोरिने समस्या हट्छ। यी उपाय अपनाउँदा नेपालको पूर्वाधार निर्माणमा लाग्ने समय र लागत घट्नुका साथै गुणस्तरमा व्यापक सुधार आउने विश्वास गर्न सकिन्छ।

## प्रमुख मापदण्ड

भवन निर्माण संहिता : राष्ट्रिय भवनसंहिताको पालना गर्दै भूकम्पप्रतिरोधी र सुरक्षित भवनको निर्माण सुनिश्चित गर्ने।

भूउपयोग नीति : राष्ट्रिय भूउपयोग नीति, २०६९ अनुसार जग्गाको वर्गीकरण (आवासीय, व्यावसायिक, कृषि) गरी तोकिएको क्षेत्रमा मात्र पूर्वाधार विकास गर्ने।

स्थानीय तहको नियमन : स्थानीय सरकार सञ्चालन ऐन अनुसार बस्ती विकास र पूर्वाधार निर्माणका लागि नगरपालिका वा गाउँपालिकाबाट स्वीकृत मापदण्डको अनिवार्य पालना गर्ने।

प्राविधिक अनुगमन र गुणस्तर नियन्त्रण : निर्माण सामग्री (इँटा, सिमेन्ट, डन्डी) को गुणस्तर परीक्षण गरी प्राविधिक सुपरिवेक्षण सुनिश्चित गर्ने।

वातावरणीय मापदण्ड : निर्माणले वातावरणमा पार्ने असर न्यूनीकरण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) वा प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) को पालना गर्ने। विशिष्ट पूर्वाधार (जस्तै– सडक, पुल, शिक्षा पूर्वाधार) का लागि छुट्टाछुट्टै निर्देशिका र मापदण्ड लागु हुन्छन्।

## प्रमुख पक्ष

दिगोपन : वातावरणमैत्री र लामो समयसम्म टिक्ने, जलवायु परिवर्तनका जोखिम धान्न सक्ने संरचना।

सुरक्षित र भरपर्दो : भूकम्पप्रतिरोधी, बाढीपहिरोबाट सुरक्षित र सेवाग्राहीलाई ढुक्क हुने अवस्था।

समयमै निर्माण : निर्धारित समयमै आयोजना सम्पन्न गर्ने, विकास सङ्कटकाल टार्ने।

दक्षता : कम लागत र कम स्रोतसाधनको प्रयोगमा अधिकतम प्रतिफल दिने।

समावेशी : अपाङ्गतामैत्री, लैङ्गिक उत्तरदायी र सबैको पहुँचमा हुने।

## व्यवस्थापन

गुणस्तरीय पूर्वाधार निर्माण व्यवस्थापन भन्नाले पूर्वाधार योजनाको परिकल्पनादेखि निर्माण र सञ्चालनसम्मको सम्पूर्ण प्रक्रियालाई वैज्ञानिक, दिगो र गुणस्तरीय बनाउने प्रक्रियालाई बुझाउँछ। यसमा प्राविधिक मापदण्ड, समय, लागत र सुरक्षाको उचित व्यवस्थापन गरिन्छ। हालको परिवेशमा गुणस्तरीय पूर्वाधार निर्माण व्यवस्थापन गर्ने प्रमुख उपाय यस प्रकार छन्।

वैज्ञानिक तथा प्राविधिक अध्ययन : पूर्वाधार निर्माणअघि विस्तृत सम्भाव्यता अध्ययन र सर्वेक्षण अनिवार्य हुनु पर्छ। वैज्ञानिक र गुणस्तरीय पुल तथा सडक निर्माणका लागि उचित इन्जिनियरिङ मापदण्ड अपनाउनु पर्छ।

जलवायु अनुकूल डिजाइन : पूर्वाधारलाई दिगो बनाउन जलवायु अनुकूल पूर्वाधार निर्देशिकाको पालना गरी निर्माण कार्य गरिनु पर्छ।

एआई तथा डिजिटल प्रविधिको प्रयोग : निर्माणमा एआई सञ्चालित अन्तरदृष्टि (इनसाइट्स) को प्रयोग गरी डिजाइन र उत्पादन प्रक्रियालाई सुदृढ गर्न सकिन्छ। डिजिटल पूर्वाधारको विकासले पनि समग्र गुणस्तरमा सुधार ल्याउँछ।

अन्तरनिकाय समन्वय : आयोजना सञ्चालन र निर्माणमा अन्तरनिकाय समन्वय र सहजीकरण गरी समयमै गुणस्तरीय निर्माण सुनिश्चित गर्ने।

दक्ष जनशक्ति र विशेषज्ञता : संरचनाको निर्माण र व्यवस्थापनका लागि विशेषज्ञता र आधुनिक सिपयुक्त जनशक्तिको प्रयोग गर्नु पर्छ।

अनुगमन र अनुसन्धान : गुणस्तर कायम गर्न निर्माणको निरन्तर अनुगमन र अनुसन्धानमा आधारित नीति अवलम्बन गर्नु पर्छ।

## अन्तर्राष्ट्रिय मान्यता

गुणस्तरीय पूर्वाधार निर्माणका अन्तर्राष्ट्रिय मान्यताले पूर्वाधारलाई दिगो, समावेशी, सुरक्षित र आर्थिक रूपमा सक्षम बनाउन जोड दिन्छन्। गुणस्तरीय पूर्वाधार निर्माणका अन्तर्राष्ट्रिय मूल्यमान्यता यसप्रकार रहेका छन् :

दिगोपना र वातावरणमैत्री : पूर्वाधारले वातावरणीय प्रभाव मूल्याङ्कनको पालना गर्नु पर्छ र जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्नु पर्छ।

गुणस्तर र स्थायित्व : निर्माण सामग्री, प्रविधि र प्रक्रिया गुणस्तरयुक्त हुनु पर्छ, जसले पूर्वाधारलाई दीर्घकालीन रूपमा टिकाउ बनाउँछ।

समयमै सम्पन्नता : आयोजना निर्धारित समय र बजेटभित्रै सम्पन्न हुनु पर्छ, जसले लागत वृद्धि र ढिलाइ रोक्छ।

वैज्ञानिक योजना : पूर्वाधार आयोजना वैज्ञानिक रूपमा डिजाइन गरिनु पर्छ, जसले भूराजनीतिक चासो र स्थानीय आवश्यकतालाई ध्यानमा राख्छ।

समावेशी र सुरक्षा : पूर्वाधारले सबै वर्गको पहुँच सुनिश्चित गर्नु पर्छ र प्राकृतिक प्रकोपलाई सहन सक्ने गरी सुरक्षित हुनु पर्छ।

सहकार्य : सरकार र निजी क्षेत्रको सहकार्यमा ठुला पूर्वाधार आयोजना अगाडि बढाउनु पर्छ। यी मान्यताले गर्दा पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र वैज्ञानिक विधिको प्रयोग अनिवार्य हुन्छ।

नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

कोषका अवकास योजना/कार्यक्रमहरू :
- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद बीमा कोष

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन.
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

"विकास, सम्बृद्धि र संरक्षण: हाम्रो प्रतिवद्धता हाम्रो अभियान"
गुलरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
जनहितका लागि जारी गरिएको सन्देश

१. जन्म, विवाह, बसाइँसराइँ, मृत्यु आदि व्यक्तिगत घटनाहरू दर्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौँ।
२. सार्वजनिक स्थलमा फोहोर नफालौँ, नगरलाई सफा राखौँ। घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोस्ट मल बनाई प्रयोग गरौँ वा नगरपालिकाबाट सञ्चालन फोहोर सङ्कलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौँ।
३. बालश्रमको प्रयोग नगरौँ। बालश्रम मुक्त नगर बनाऔँ, सबै बालबालिकाहरूलाई विद्यालय पठाऔँ।
४. हरेक बालबालिकाको जन्मसिद्ध अधिकारसँग गाँसिएको गुणस्तरीय खोप सेवा लक्षित वर्गसम्म पुर्‍याउनु हाम्रो जिम्मेवारी हो भने सेवालाई निरन्तर रूपमा उपभोग गर्नु समुदायको भुमिका हो, यस कारण आजै आफ्ना बालबालिकालाई पूर्ण खोपयुक्त भएका छन् वा छैनन् सुनिश्चित गरौँ।
५. वन्यजन्तुको आक्रमणबाट बच्नका लागि सावधानी अपनाऔँ। रातको समयमा अति आवश्यक काम बाहेक अन्य कामका लागि वन क्षेत्र वरपर हिंडडुल नगरौँ। हिंड्नै परे समूहमा हिंडौँ। घरको कम्पाउण्ड तथा मूल ढोका राम्रोसँग बन्द गरी वन्यजन्तुको सम्भावित आक्रमणबाट आफ्नो परिवार तथा पशुधनको सुरक्षा गरौँ।
६. गुलरिया नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि कक्षा १ देखि कक्षा १२ सम्म निःशुल्क अध्ययन/अध्यापनको व्यवस्थापन मिलाइएको हुँदा कुनै पनि बहानामा अतिरिक्त शुल्क नबुझाउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।
७. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको सम्बन्धमा यथाशिघ्र जानकारी नगरपालिकाको वेबसाइट www.gulariyamun.gov.np र फेसबुक पेज (गुलरिया नगरपालिका–Gulariya Municipality) मार्फत लिनुहुन अनुरोध छ।
८. सम्पत्ति कर, घर बहाल वा व्यवसाय कर समयमा तिरौँ, नागरिक दायित्व पूरा गरौँ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गर्मीको समयमा लामखुट्टेबाट सार्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्चे मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैँचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी नराख्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुँगुर, बङ्गुर, हाँस घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।




> स्थानीय जनप्रतिनिधिमा कानुनको बोध, कार्यान्वयनको वास्तविक प्रतिबद्धता र आचरणमा शुद्धता भए मात्र वित्तीय सुशासन कायम हुन्छ । अहिले ७५३ वटा स्थानीय सरकारले न्यूनतम २२ देखि अधिकतम ५५ वटासम्म कानुन निर्माण गरेका छन् ।

# घरआँगनको सरकार



नगेन्द्र सापकोटा

स्थानीय सरकार आमनागरिकको घरआँगनको सरकार हो। नागरिकका सेवा सम्बोधन गर्ने पहिलो संयन्त्र पनि हो। यो सरकारले नागरिकलाई जन्मदेखि मृत्युसम्मका काममा सहयोग पुऱ्याउँदै आएको छ। कुनै व्यक्तिको जन्म वा मृत्यु भयो भने स्थानीय सरकारले प्रमाणित नगरी त्यो व्यक्ति कानुनी रूपमा जन्मेको वा मृत्यु भएको मानिँदैन। त्यसैले स्थानीय सरकारलाई जन्मदेखि मृत्युसम्मको काम गर्ने सरकार पनि भनिन्छ।

स्थानीय सरकारले गरेका राम्रा र नराम्रा कामबाट नै सर्वसाधारणले सुशासनको स्तर नाप्ने गर्छन्। अझ स्थानीय सरकारको सेवा प्रवाहको स्थितिले केन्द्र सरकारको अनुहार झल्किन्छ। स्थानीय सरकारको प्रमुख दायित्व पनि जनमुखी सेवा प्रवाह गर्दै सुशासन स्थापित गर्नु नै हो। जनसरोकारका अधिकांश कार्य स्थानीय तहमै सम्बन्धित हुन्छन्। सङ्घीय लोकतन्त्रकै आधारस्तम्भ मानिने स्थानीय सरकार चुस्त, दुरुस्त र प्रभावकारी हुँदा मात्र लोकतन्त्र सबल बन्न सक्छ। लोककल्याणकारी राज्यको व्यावहारिक अनुभूति स्थानीय तहले प्रवाह गर्ने सेवाबाटै प्रतिविम्बित हुन्छन्। व्यवस्थालाई सफल र लोककल्याणकारी बनाउने भूमिका जनप्रतिनिधिकै हुने भएकाले स्थानीय तहका जनप्रतिनिधि पनि सक्षम, दक्ष, नैतिक रूपमा इमानदार र सेवा भावनामा समर्पित हुन जरुरी छ। कतिपय जनप्रतिनिधि पूर्णतः इमानदार छन् भने कतिपय जनप्रतिनिधि सुशासनको खिल्ली उडाउँदै भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको पनि पाइन्छ।

स्थानीय तह गठन भई कार्यान्वयन भएको नौ वर्षमा अधिकांश स्थानीय तहले संविधानको अनुसूची–८ मा उल्लिखित आफ्नो एकल अधिकारको सूची अनुसार अधिकार कार्यान्वयन गरिरहेका छन्। यस अन्तर्गत कानुन तथा नीति निर्माण, सेवा प्रवाह र विकासनिर्माण गर्दै आएका छन्। कतिपय स्थानीय तहले भने स्रोतसाधन र पर्याप्त जनशक्तिको अभावमा उक्त अधिकारको सफल अभ्यास गर्न सकेका छैनन्। केही स्थानीय सरकार भने जनभावना अनुरूप वार्षिक, आवधिक नीति, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयनमा अब्बल देखिएका छन्। वित्तीय कारोबारको मापन तथा विश्लेषणबाट आर्थिक अनुशासनको लेखाजोखा गर्न संवैधानिक अधिकार पाएको सर्वोच्च निकाय महालेखा परीक्षकको ६२ औँ प्रतिवेदन अनुसार पाँच वटा स्थानीय तहको बेरुजु शून्य देखिएको छ। काभ्रेपलाञ्चोकको महाभारत, पाँचथरको याङवाराक, ताप्लेजुङको पाथीभरा याङवाराक, धादिङको बेनीघाट रोराङ र ललितपुरको कोन्ज्योसोम गाउँपालिकाको बेरुजु शून्य देखिएको हो। ती गाउँपालिकाले विगत केही वर्षदेखि वित्तीय सुशासन स्थापित गर्दै आएका छन्। बजेट कार्यक्रमको सबलपन, नागरिकमैत्री बजेट विनियोजन र न्यायसम्पादन, नगद व्यवस्थापन, वित्तीय प्रतिवेदन, सम्पत्ति व्यवस्थापन, राजस्व परिचालन, कोषको स्थायित्व र नतिजा व्यवस्थापन जस्ता सूचकबाट उक्त पालिका यो अवस्थामा पुगेका हुन्।

ललितपुरको कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार हरेक कार्यक्रम तोकिएकै समयमा सम्पन्न गर्दा र आवश्यक कागजात पुऱ्याएर मात्र भुक्तानी दिने नीति गाउँपालिकाले लिँदा शून्य बेरुजु हुन सफल भएको बताउनुभयो। उहाँका अनुसार गाउँपालिकामा कार्यरत सबै कर्मचारीलाई वित्तीय सुशासनसम्बन्धी तालिम प्रदान गरी विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरेकाले शून्य बेरुजु भएको हो। उहाँले थप्नुभयो, "भ्रष्टाचारमा शून्य सहनशीलतालाई उच्च प्राथमिकता दिएकाले गाउँपालिकाको बेरुजु शून्य कायम भएको हो।"

**सुशासनसम्बन्धी कार्य**

अधिकांश स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐनले तोके अनुसार असार १० गतेभित्र नै बजेट सभामा पेस गरी असार मसान्तभित्र पारित गर्दै आएका छन्। ७५३ वटै स्थानीय तहले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (एलजिपास) लाई कार्यान्वयनमा ल्याएका छन्। स्थानीय तहको न्यायिक समितिमा परेका उजुरी तोकिएको समयभित्र फर्स्योट गरिएको छ। विकासनिर्माणमा सामाजिक परीक्षण गर्न थालिएको छ। चौमासिक रूपमा सार्वजनिक सुनुवाइ गरी स्थानीय तहका कामकारबाहीको पारदर्शिता कायम गरिएको नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालले जनाएका छन्। त्यस्तै गाउँ र नगर कार्यपालिकाको निर्णयबारे आमनागरिकलाई जानकारी दिन सबै स्थानीय तहले प्रवक्ताको व्यवस्था गरेको छ। सूचना अधिकारी तोकी स्थानीय तहको सूचना सहज र सर्वसुलभ प्रदान गरिएको छ। स्थानीय तहका गाउँ र नगर सभा तथा कार्यपालिकाका निर्णय तथा सूचना आआफ्ना स्थानीय तहको अफिसियल वेबसाइटमार्फत सार्वजनिक गर्दै आएका छन्।

स्थानीय सरकारमा आर्थिक अनुशासन कायम गर्न प्राविधिक आधारशिलाका रूपमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) स्थापना गरिएको छ, जसले बजेट प्रस्ताव, खर्च लेखाङ्कन, राजस्व, धरौटी, विभाज्य कोष, प्रतिवेदनलगायत वित्तीय कारोबारसम्बन्धी क्रियाकलापलाई समेट्छ। यसले राजस्व तथा खर्चको अनुगमन व्यवस्थित गर्न सघाएको छ।

**विधिको शासन**

संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार अनुसार स्थानीय सरकार विधि निर्माता पनि हुन्। स्थानीय जनप्रतिनिधिमा कानुनको बोध, कार्यान्वयनको वास्तविक प्रतिबद्धता र आचरणमा शुद्धता भए मात्र वित्तीय सुशासन कायम हुन्छ। अहिले ७५३ वटा स्थानीय सरकारले न्यूनतम २२ देखि अधिकतम ५५ वटासम्म कानुन निर्माण गरेका छन्। बजेट व्यवस्थापन, दीर्घकालीन दायित्व र स्थानीय सेवा व्यवस्थापन दिगो वित्तीय व्यवस्थापनका आधार हुन्। यिनै सूचकका आधारमा स्थानीय शासनको प्रभावकारिता मापन गर्न सकिन्छ। यसमा स्थानीय सरकार सबल बन्दै गएको प्रस्ट हुन्छ। स्थानीय तहले सञ्चालन गर्नुपर्ने विकासनिर्माण तथा अन्य दायित्व व्यवस्थापनका लागि रणनीतिक कार्यान्वयन पनि गर्दै आएका छन्।

**नागरिक सहभागिता**

स्थानीय सरकारले विकासनिर्माणमा प्रत्यक्ष रूपमा नागरिक सहभागिता गराउँदै आएका छन्। शासनमा पनि नागरिकको सक्रिय सहभागिता हुँदै आएको छ। सार्वजनिक सेवा प्रवाहमा सरकार, निजी क्षेत्र र तेस्रो पक्षको साझेदारीयुक्त सहभागिता छ। सार्वजनिक निजी साझेदारीमा उत्पादन, निर्माण आदि कार्य पनि हुँदै आएको छ। यो असल अभ्यास हो। कतिपय स्थानीय तहले निजी क्षेत्र र सामाजिक क्षेत्रलाई पनि शासन सञ्चालनको पात्रका रूपमा स्वीकार गरेका छन्। स्थानीय शासनमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्न र शासकीय प्रबन्धलाई सबल बनाउन स्थानीय सरकारका जनप्रतिनिधिमूलक संयन्त्रलाई अझ बढी सबल र सक्षम बनाउन भने जरुरी छ।

**उत्कृष्ट स्थानीय तह**

नेपाल नगरपालिका सङ्घको मूल्याङ्कनमा पाँच वटा विधामा सात वटा स्थानीय सरकार उत्कृष्ट भएका छन्। गत महिना सम्पन्न सङ्घको ३३ औँ स्थापना दिवसका सन्दर्भमा उक्त स्थानीय सरकारलाई उत्कृष्ट घोषणा गरिएको हो। सङ्घले विगत केही वर्षअघिदेखि स्थानीय तहको विकासनिर्माण, सेवा प्रवाह, सुशासन, वातावरण संरक्षण र पर्यटन प्रवर्धन र संस्कृति संरक्षणका क्षेत्रमा मूल्याङ्कन गरी उत्कृष्ट स्थानीय सरकार घोषणा गर्दै आएको छ। यस वर्ष भने संस्थागत सेवा प्रवाह र वित्तीय सुशासन क्षेत्रमा खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले ९० प्रतिशत अङ्क प्राप्त गरी उत्कृष्ट भएको छ। त्यस्तै स्थानीय आर्थिक विकासमा रामेछापको मन्थली नगरपालिकाले ८५ अङ्क, सामाजिक विकास क्षेत्रमा महोत्तरीको मटिहानी नगरपालिकाले ८५ प्रतिशत अङ्क, सहरी योजना तथा पूर्वाधार विकासमा कास्कीको पोखरा महानगरपालिका र काठमाडौँको बुढानीलकण्ठ नगरपालिका दुवैले ९५ प्रतिशत अङ्क प्राप्त गरी उत्कृष्ट भएका छन्। त्यस्तै वातावरण संस्कृति तथा पर्यटनक्षेत्रमा इलामको इलाम नगरपालिका र ललितपुरको गोदावरी नगरपालिकाले ८५ प्रतिशत अङ्क हासिल गरी उत्कृष्ट भएको नेपाल नगरपालिका सङ्घले जनाएको छ।

## विधिको शासन नै मूल मन्त्र



**विमला राई, नगरप्रमुख**
हलेसी तुवाचुङ नगरपालिका

संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासनमा हलेसी तुवाचुङ नगरपालिका उत्कृष्ट भएको हो। हलेसी तुवाचुङ नगरपालिकाले पछिल्लो समय आर्थिक अनुशासन, पारदर्शिता र उत्तरदायित्व क्षेत्रमा उल्लेख्य सुधार गरेको छ। स्थानीय तहको सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने तथा संस्थागत क्षमता अभिवृद्धितर्फ केन्द्रित कार्यक्रम गर्दै आएको छ। हलेसी तुवाचुङले बालिका बचत, व्यवसाय गर्न चाहने नगरवासीलाई बिनाब्याज ऋण तथा अनुदान, रैथाने बाली उत्पादन गर्न चाहने किसानलाई अनुदानलगायत जनमुखी कार्यक्रम पनि गर्दै आएको छ। कार्यसम्पादनमा टिमवर्क र लगनशीलता नै मुख्य हुन्छ। वित्तीय अनुशासनमा रहेर काम गर्नु पऱ्यो। विधिको शासन नै मूलमन्त्र ठानेर इमानदारीका साथ काम गर्दा सफलता हासिल गर्न सकिने रहेछ। सिङ्गो नगरपालिकाको टिमलाई पनि सोही अनुसार अगाडि बढाउन प्रयास गरिरहेका छौँ। विनियोजन प्रणालीदेखि कार्यान्वयन तहसम्म काम गर्ने शैलीलाई परिवर्तन नगरेसम्म सुशासन हुँदैन। हामीले उक्त प्रणालीलाई परिवर्तन गरी कार्यसम्पादन गर्दै आएका छौँ।

हामीले सकेसम्म कतिपय सेवा नागरिकको घरसम्म पुगेर प्रवाह गरिरहेका छौँ। पायक नपर्नेबाहेक सामाजिक सुरक्षा भत्ता गाउँटोलमै पुऱ्याउँछौँ। योजना सम्झौता गर्न नगरपालिकाकै टोली गाउँसम्म गइरहेको छ। नागरिकमैत्री सेवा प्रवाह गर्न यी कार्य महत्त्वपूर्ण छन् भन्ने लाग्छ।

## सहकार्यको प्रतिफल



**गजेन्द्र महर्जन, नगरप्रमुख**
गोदावरी नगरपालिका

वातावरण, संस्कृति तथा पर्यटन क्षेत्रमा गोदावरी नगरपालिका उत्कृष्ट भएको हो। वातावरण, संस्कृति तथा पर्यटनक्षेत्रमा गोदावरी नगरपालिकाले निरन्तर प्रयास र नागरिकसामु गरिएका प्रतिबद्धता अनुरूपकै कार्य गर्दै आएको छ। २०७४ सालको स्थानीय तहको निर्वाचनपछि नगरपालिकाले वातावरणमैत्री सांस्कृतिक सम्पदा निर्माण कार्यलाई तीव्रता दिएको छ। नगरपालिकाले बनाएको सबै सांस्कृतिक पाटीपौवा, सत्तल, मठमन्दिर, फल्चा पुरातात्त्विक शैलीमा निर्माण तथा पुनर्निर्माण गरिएका छन्।

नगरपालिकाले बनाएका पर्यटकीय क्षेत्र दिगो विकासको मोडल अनुसार निर्माण गरिएको छ। नगरपालिकाको कुल क्षेत्रफलमध्ये करिब ५० प्रतिशत क्षेत्रफल वनजङ्गलले ढाकेकाले वातावरण संरक्षणमा यसले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

नगरपालिकाले पूर्वाधार निर्माण गर्दा पर्यावरणलाई प्राथमिकता दिएको छ। वातावरण संरक्षण र सांस्कृतिक सम्पदाको जगेर्ना तथा पर्यटन प्रवर्धन क्षेत्रमा हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्दै नगरपालिका उत्कृष्ट भएको हो। नगरपालिकाका जनप्रतिधि र कर्मचारीबिच समन्वयमा नै काम हुने गरेको छ।

यो सम्पूर्ण नगरवासी, जनप्रतिनिधि तथा कर्मचारीको संयुक्त मेहनत, समर्पण र सहकार्यको प्रतिफल हो। प्रभावकारी सेवा प्रवाह, दिगो विकास तथा समृद्ध गोदावरी निर्माणमा यस उत्कृष्टताले थप उत्साह थपेको छ।

## स्थानीय स्रोतमा लघुउद्यम



**लव श्रेष्ठ, नगरप्रमुख**
मन्थली नगरपालिका

स्थानीय आर्थिक विकासमा रामेछापको मन्थली नगरपालिका उत्कृष्ट भएको छ। खास गरी कृषि, पशुपालन र उद्यम विकासका क्षेत्रमा नगरवासीको मन जित्ने गरी कार्य गरेको छ। मन्थलीले रोजगारी सिर्जना, कृषि र पर्यटन प्रवर्धनसँगै सेवा प्रवाहलाई प्रभावकारी बनाई आर्थिक विकासका क्षेत्रमा जनमुखी कार्य गरेको छ। नगरपालिकाले खाद्यान्न बाली प्रवर्धन गर्न ५० प्रतिशत अनुदानमा गहुँ, मकै, उन्नत बिउ वितरण गर्दै आएको छ।

चालु आर्थिक वर्षको यस अवधिमा नगरपालिकालाई प्राप्त भएको छ हजार ९४० बोरा युरिया, चार हजार सात सय बोरा डिपिए मल कृषकलाई वितरण गरेको छ। तरकारी फलफूल प्रवर्धन कार्यक्रम छनोट भई सम्झौता भएको छ। दुध उत्पादन गर्ने किसानलाई प्रतिलिटर दुधमा दुई रुपियाँ ५० पैसा अनुदान सहयोग प्रदान गरिएको छ।

पशुमा नस्ल सुधारका लागि कृत्रिम गर्भाधानको व्यवस्था गरिएको छ, जसबाट एक हजार ३४५ वटा पशुमा नस्ल सुधार कार्य सम्पन्न भएको छ। स्थानीय स्रोतसाधन र सिपमा आधारित लघुउद्यम विकास तथा प्रवर्धनका कार्यक्रम कार्यान्वयन भएको छ। सुरक्षित वैदेशिक रोजगारीका लागि नगरवासीलाई सूचना तथा परामर्श प्रदान गरिएको छ।

## सेवा प्रवाह थप प्रभावकारी



**मिठाराम अधिकारी, नगरप्रमुख**
बुढानीलकण्ठ नगरपालिका

योजनाबद्ध विकास, दिगोपनमा काठमाडौँको बुढानीलकण्ठ नगरपालिका उत्कृष्ट भएको छ। योजनाबद्ध विकास, दिगोपन र नागरिकमुखी सेवाको सन्तुलित अभ्यासले बुढानीलकण्ठ नगरपालिका उत्कृष्ट भएको छ। सहरी योजना र पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्दै नगरपालिकाले उत्कृष्टता हासिल गरेको हो। नगरपालिकाको समग्र कार्यसम्पादन व्यवस्थित सहरी विस्तार, गुणस्तरीय सडक सञ्जाल, सार्वजनिक पूर्वाधारको विस्तार, वातावरणमैत्री योजना र सेवा प्रवाहमा सुधारको मूल्याङ्कन गरी अब्बल साबित भएको छ। नगरपालिकाले सहरी पूर्वाधारका क्षेत्रमा व्यवस्थित सहरी योजना अनुसार काम गर्दै आएको छ। पछिल्ला वर्षमा योजना अनुसारको विकासलाई प्राथमिकतामा राख्दै अव्यवस्थित सहरीकरणलाई नियन्त्रण गर्ने प्रयास गरेको छ।

सडक स्तरोन्नति, खानेपानी तथा ढल व्यवस्थापन, हरियाली प्रवर्धन र सार्वजनिक स्थलको संरक्षणमा गरिएको लगानीले नगरको स्वरूप परिवर्तन भएको छ। डिजिटल सेवाको विस्तार, प्रशासनिक प्रक्रियामा पारदर्शिता र सहज पहुँच सुनिश्चित गर्दै नगरपालिकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाएको छ। सहरी पूर्वाधार निर्माणका क्रममा सामाजिक उत्तरदायित्व र वातावरण संरक्षणका कार्य, दिगो विकासको अवधारणा र स्थानीय समुदायको सक्रिय सहभागिताले विकासलाई अझ समावेशी बनाएको छ।



# सुशासनको आर्थिक लाभ





विश्वास रेग्मी

सीमित समूह मात्रको पहुँच र हालीमुहालीले पछिल्ला वर्षमा 'आसेपासे पुँजीवाद' मुलुकको अर्थतन्त्रको चरित्र बन्न पुग्यो। अर्थतन्त्रसँग सम्बन्धित नीतिगत व्यवस्था खास समूहकेन्द्रित हुँदा यसको लाभबाट सर्वसाधारण नै वञ्चित हुनुपर्ने नियति भोग्नु पर्‍यो। राजनीतिक प्रतिबद्धताका कारण सिर्जित जनअपेक्षा आर्थिक उपलब्धिमा रूपान्तरण हुन नसक्दा त्यसले चरम निराशा र विरोधका लागि पर्याप्त ठाउँ बनायो। सार्वजनिक सेवामा भोग्नुपर्ने प्रताडना, जघन्य भ्रष्टाचार र नागरिकप्रतिको गैरजिम्मेवारीले सुशासन केवल मृगतृष्णा बन्न पुग्यो।

परिणाम हामी सबैलाई थाहा नै छ। जेनजी पुस्ताले आह्वान गरेको आन्दोलनका क्रममा ७२ जना नागरिकले ज्यान गुमाउनु पर्‍यो। सरकार र निजी क्षेत्रसमेतले करिब ८५ अर्ब रुपियाँको भौतिक क्षति बेहोर्नु पर्‍यो। त्यसको मनोवैज्ञानिक असरको प्रभाव अद्यापि छ।

राज्य र सरकारले सुशासनको लय गुमाउँदा त्यसले ल्याउने बेथिति र त्यसको परिणामको ताजा उदाहरण हो, माथिको घटना। राजनीतिको सोझो सम्बन्ध विकाससँग हुन्छ। विकासको वास्तविक लाभ अर्थतन्त्रमा प्रतिविम्बित हुनु पर्छ। सुशासन प्रत्याभूत भएको अवस्थामा मात्र राजनीति, विकास र अर्थतन्त्र एउटा लयमा सँगै हुन्छन्। सुशासनलाई बेवास्ता गर्नाले यी तीनबिच बेमेल बनाउँछ। त्यसको उदाहरण हो, मुलुकको अविकास र अर्थतन्त्रको सुस्त गति।

अर्थ मन्त्रालयले वैशाख दोस्रो हप्ता सार्वजनिक गरेको मुलुकको अर्थतन्त्रको 'स्थितिपत्र' ले पनि मुलुकमा व्याप्त बेथिति र विसङ्गतिलाई सुशासनको सङ्कटबाट निर्मित परिस्थिति भनेको छ।

पहुँचमा आधारित व्यवस्थाले अर्थतन्त्रमा संरचनात्मक विकृति देखिएको र राज्य बजारबिचको सम्बन्ध नै अन्योलग्रस्त अवस्थामा पुगेको निष्कर्ष स्थितिपत्रको छ। सरकारको दस्तावेजले नै सुशासनको अभावमा मुलुकले पर्याप्त आर्थिक अवसर गुमाएको उल्लेख गरेको छ, जसलाई सुशासनको जगमा रूपान्तरणकारी प्रयासमार्फत लयमा ल्याउने प्रतिबद्धता पनि सोही स्थितिपत्रमा व्यक्त गरिएको छ। सुशासनको ठोस नतिजा सहज सार्वजनिक सेवा र सुधारिएको अर्थतन्त्रमार्फत पुष्टि हुन्छ। सुशासनको बहुआयामिक लाभमध्ये आर्थिक उपलब्धि सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। सुशासनले प्रत्याभूत गर्ने आर्थिक लाभ कस्ता हुन सक्छन् भन्ने विषय यहाँ चर्चा गरिएको छ।

> अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा प्रवेश गराउने आधार भनेको सुशासन मात्र हो । सुशासनको सुनिश्चितताले मात्र दर्ताबिना सञ्चालन भइरहेका व्यवसाय दर्ताका लागि तयार हुन्छन्, भन्सार छलीका गतिविधि कम हुँदै जान्छन्, कर र बिलबीजकमा हुने छेडखानी क्रमशः बन्द हुन्छन्, प्रणालीका छिद्रमार्फत लाभ लिने प्रयास कमजोर बन्छन् ।

## अनौपचारिक अर्थतन्त्रबाट बाहिर

राष्ट्रिय आर्थिक गणना, २०७८ ले मुलुकको कुल गार्हस्थ उत्पादनको करिब ४० प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको तथ्य सार्वजनिक गरेको थियो। यसबाहेक विभिन्न समयमा गरिएका अध्ययन अनुसन्धान र स्वयम् सरकारका जिम्मेवार अधिकारीले पनि अनौपचरिक अर्थतन्त्र स्वीकार गरेका छन्। अनौपचारिक अर्थतन्त्रलाई 'छाया', 'नदेखिएको' र 'कालो' अर्थतन्त्र पनि भन्ने प्रचलन छ। यस्तो अर्थतन्त्रले सरकारको आम्दानीमा कुनै योगदान दिँदैन।

राज्यको औपचारिक कानुनी दायरामा नहुने भएकाले यस्तो अर्थतन्त्रबाट कर छली र नियमन कानुनको उल्लङ्घन बढी हुने गर्छ।

अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा प्रवेश गराउने आधार भनेको सुशासन मात्र हो। सुशासनको सुनिश्चितले मात्र दर्ताबिना सञ्चालन भइरहेका व्यवसाय दर्ताका लागि तयार हुन्छन्, भन्सार छलीका गतिविधि कम हुँदै जान्छन्, कर र बिलबीजकमा हुने छेडखानी क्रमशः बन्द हुन्छन्, प्रणालीका छिद्रमार्फत लाभ लिने प्रयास कमजोर बन्छन्। अन्ततः यसको लाभ मुलुकको अर्थतन्त्रलाई प्राप्त हुन्छ। हालको ६६ खर्ब रुपियाँको अर्थतन्त्र यस्ता सुधारपछि थप विस्तार हुने छ। त्यस्तो अवस्थामा मात्र मुलुकको अर्थतन्त्रको वास्तविक तस्बिर देखिन्छ र सोही अनुसार नीति नियम निर्माणमा सहयोग पुग्छ। अनौपचारिक अर्थतन्त्रको आकार ठुलो रहिरहे त्यस्तो अवस्थामा वास्तविक अर्थतन्त्रलाई प्रतिविम्बित नगर्ने र राज्यका नीति नियम पनि प्रभावकारी नहुने अवस्था रहन्छ।

## प्रभावकारी सरकारी खर्च

विनियोजित बजेटको करिब २० प्रतिशत खर्च हुन नसक्नु नेपालको बजेटको मौलिक विशेषता बनेको छ। बजेट निर्माण गर्दा अत्यन्त महत्त्वाकाङ्क्षी भएर अवास्तविक अङ्क राख्ने र त्यसलाई अर्धवार्षिक समीक्षा अथवा अर्को बजेटमार्फत लक्ष्य संशोधन गर्ने परम्परा नियमित बनेको छ। खर्च नभए पनि त्यसको कुनै दायित्व भोग्नु नपर्ने, जिम्मेवार हुनु नपर्ने अवस्थाले पनि सरकारी खर्च अपेक्षित बढ्न सकेको छैन।

भएका खर्चमध्ये अधिकांश हिस्सा चालु प्रकृतिको छ। अर्थात् दैनिक शासन प्रशासनसँग सम्बन्धित खर्चमा बजेटको ठुलो हिस्सा प्रयोग भइरहेको छ। त्यसपछि ऋण लिएबापत भुक्तान गर्नुपर्ने साँवा रकमका लागि वित्तीय व्यवस्थातर्फ सरकारको खर्च बढ्दो छ। बाँकी रहेको रकम मात्र पुँजीगत शीर्षकमा खर्च हुने गरेको छ। पुँजीगत शीर्षकमा हुने खर्च सोझै रोजगारी र सरकारका लागि थप पुँजी निर्माण गर्ने आधार हो। यस्तो रकम पछिल्ला वर्षमा विनियोजनको ६० प्रतिशत अर्थात् दुई खर्ब रुपियाँदेखि साढे दुई खर्ब रुपियाँसम्म मात्र खर्च हुने गर्छ।

पुँजीगत खर्च गर्ने प्रवृत्ति पनि प्रश्नमुक्त भने छैन। खास गरी यस्तो खर्चको गुणस्तरबारे धेरै गुनासो रहेका छन्। खर्च बढी देखाउन आर्थिक वर्षको अन्तिमतिर कामलाई तीव्रता दिँदा गुणस्तरमा सम्झौता भएका उदाहरण प्रशस्त छन्। यस्तै चालु प्रकृतिका खर्च पनि अनावश्यक आयोग, समिति, संस्थानमा खर्च भइरहेको देखिन्छ। सवारी तथा फर्निचर खरिद, पछिल्लो समय त प्रविधिसँग सम्बन्धित हार्डवेयर र सफ्टवेयर खरिद, एकै शीर्षकमा दोहोरो लागत, अनावश्यक राजनीतिक नियुक्तिबापत बढ्दो तलब भत्ता र सामाजिक सुरक्षामा राजनीतिक प्रतिस्पर्धाले बढाएको दायित्वका कारण चालु खर्चको ठुलो हिस्सा पनि खर्च गर्नै नपर्ने विषयमा खर्च भइरहेको देखिन्छ।

सरकारी खर्चलाई गुणस्तरीय, प्रभावकारी र नागरिकप्रति उत्तरदायी बनाउने आधार भनेकै शासकीय स्वभाव र व्यवहारमा सुधार हो। सार्वजनिक खर्चलाई लक्ष्य अनुरूपकै नतिजा हासिलसहितको बनाउन पनि सुशासनको विकल्प छैन।

## गुणस्तरीय पूर्वाधार

बर्सौं लम्बिने सडक, सिँचाइ, अस्पताल, खानेपानी, बिजुली, विमानस्थललगायतका पूर्वाधारका काम आमनागरिकमा सास्ती सिर्जना गर्ने कारण बनेका छन्। कुनै पनि आयोजना समयमा नबन्ने प्रवृत्तिका कारण त्यसले निराशा मात्र थपेको होइन, राज्यको लागत अत्यधिक बढाएको छ। खास गरी नागरिकसँग सोझै जोडिने सडक, खानेपानी, बिजुली जस्ता पूर्वाधारका काममा भएको ढिलासुस्ती सरकारप्रति आक्रोश बढाउने आधार पनि बनेको छ।

अर्बौं लागतका राष्ट्रिय गौरवका आयोजना दशकभन्दा लामो समय प्रगतिविहीन रहने, सार्वजनिक ऋण लिएर अघि बढाइएका आयोजना पनि राजनीतिक प्रतिरोधका कारण लम्बिने नियति मुलुकले भोग्नु पर्‍यो। आयोजना निर्माणका लागि सरकारबाट 'मोबिलाइजेन' पेस्की लिने र त्यसपछि लामो समय सम्पर्कमै नआउने, मिलेमतोमा आयोजना लम्ब्याउने, अनावश्यक भेरिएसन गर्ने र त्यसको क्षतिपूर्ति पनि राज्यलाई भराउने चक्र नियमित जस्तै बनेको थियो। तयार भएका पूर्वाधार संरचना पनि गुणस्तरहीन हुने र त्यसबापत कारबाही सिफारिस नहुने, भए पनि राजनीतिक आडमा मिनाहा गरिने सामान्य जस्तै भएको थियो। पूर्वाधार निर्माणका क्रममा त्यसले आममानिसको स्वास्थ्यमा पार्ने असरबारे कुनै ख्याल नराख्ने र आवश्यकताभन्दा पनि पहुँचका आधारमा आयोजना बनाइदिँदा प्रयोगविहीन बन्नु परेका उदाहरण सयौँ छन्। देशभर निर्माण गरिएका भ्यु टावरमा गरिएको अनावश्यक खर्च यसैको उदाहरण हो।

सङ्घ, प्रदेश र स्थानीय तहबिच आयोजना निर्माणको क्रममा तालमेल नहुँदा त्यसले एकै किसिमको आयोजनामा दोहोरो विनियोजन हुने, कुनै अत्यावश्यक आयोजनामा भने स्रोत नै नपुग्ने अवस्था पनि बन्न पुग्यो। प्रदेशस्तरीय कतिपय संरचनाको बजार र सम्भाव्यता अध्ययन नगरी पूर्वाधार बनाउँदा प्रयोगविहीन भएको र उपभोक्ता समितिमार्फत स्थानीय पूर्वाधार बनाउँदा भौतिक, प्राकृतिक, वातावरणीय र मानवीय क्षतिको मूल्याङ्कन र तयारी नहुँदा झन् प्रतिकूल असर परेको देखिएको छ। प्रदेशको लगानीमा निर्माण भएका देशभरका शीतभण्डार प्रयोगविहीन हुनु, कतिपय क्षेत्राधिकारको विषयले काम नै सुरु नभएको र केहीमा आधा निर्माण सम्पन्न भएपछि काम नै अघि बढ्न नसक्ने जस्ता समस्या विद्यमान छन्।

पूर्वाधार निर्माणमा देखिएका यी सबै समस्याको मुख्य कारण भनेको यसको व्यवस्थापन र जिम्मेवारीको हो। व्यवस्थापन सही ढङ्गबाट हुन नसक्दा राज्यको अर्बौं रकम खेर गइरहेको छ। पूर्वाधार समयमा नबन्दा त्यसको जिम्मेवारी कसैले नलिने प्रवृत्तिका कारण दण्डहीनता मौलाएको छ। प्रतिस्पर्धी पूर्वाधार निर्माण गरेर त्यसलाई मुलुकको अर्थतन्त्रमा सहयोगी बनाउन पनि सुशासन अत्यावश्यक छ। त्यस्तो अवस्थामा मात्रै पूर्वाधार तोकिएको समय, गुणस्तर र जिम्मेवारीसहित बन्न सक्छन्; जसले राज्यको ठुलो भार मात्रै घटाउँदैन, नागरिकले राहत पनि पाउने छन्।

> सुशासनले दिने आर्थिक लाभ समग्रमा मुलुक र नागरिकका लागि समान रूपमा वितरण हुन्छ । यसले मुलुकको दीर्घकालीन आर्थिक समृद्धिको आधार तय गर्छ ।

## सेवा प्रवाहमा सुधार

नेपालमा एक जना सामान्य नागरिकले नागरिकता, लाइसेन्स, राहदानी, मालपोत, अस्पताललगायतका सार्वजनिक सेवा लिन ठुलो सङ्घर्ष गर्नु पर्छ। नागरिकले स्वाभाविक र झन्झटरहित यस्तो सेवा पाउनुपर्नेमा घन्टौँ लाइन नबसी सेवा लिनु असम्भवप्रायः बनिसकेको छ। अझ त्यसमाथि सेवा लिने क्रममा भोग्नुपर्ने मानसिक पीडा र आक्रोशपूर्ण व्यवहारले हेपिएको महसुस गर्नुपर्ने अवस्थामा पुग्छन् धेरै नागरिक। सर्वसाधारणले हेपिनुपर्ने यो लाइन श्रम स्वीकृति लिनेदेखि विदेशका विमानस्थलसम्म तन्किन्छ। समग्रमा मुलुकभित्र सार्वजनिक सेवा उत्कृष्ट पाउनु नागरिकका लागि ठुलो कष्टको विषय बनेको छ।

सार्वजनिक सेवा प्रवाहमा सुधार नै सुशासनको पहिलो नतिजा हुन्छ। विकसित देशमा यस्तो सेवा विद्युतीय रूपमै प्राप्त गर्न सक्ने प्रणाली विकास भएको छ। घरबाटै सेवा लिन सकिने भएकाले नागरिकले आफ्नो ध्यान र ऊर्जा आर्थिक गतिविधिमा बढी लगाउन पाउँछन् तर सार्वजनिक सेवाकै लागि बारम्बार धाउनुपर्ने अभ्यासका कारण नागरिकले सम्मानित जीवन बाँच्न पाउने संवैधानिक अधिकारबाटै वञ्चित हुनु पर्छ। सुशासनको प्रत्याभूतिले मात्र सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँच सुनिश्चित गर्छ। सरकारले पछिल्लो समय सार्वजनिक सेवा प्रवाहलाई दिएको प्राथमिकताले सुधारका केही सङ्केत गरेको छ। खास गरी राहदानी र लाइसेन्स घर घरमै पुर्‍याइदिने सेवाको प्रारम्भिक सुरुवात यसको उदाहरण हो। बिचौलियाको रजगज हुने मालपोत कार्यालयका प्रायः सम्पूर्ण काम अनलाइनबाटै गर्ने सुरुवातले नागरिकले सास्ती पाउने अर्को एउटा लाइन अन्त्य हुने छ।

त्यसो त राजनीतिमाथि आक्रोश उत्पन्न हुने पहिलो कारण पनि सार्वजनिक सेवाको गुणस्तर नै हो। त्यही गुणस्तर नहुँदा विभिन्न समयमा सरकारकेन्द्रित आन्दोलन भइरहेका उदाहरण हामीले देखेका छौँ। जेनजी आन्दोलनको एउटा मुद्दा पनि सार्वजनिक सेवामा नागरिकको सहज पहुँच थियो।

## पारदर्शी निजी क्षेत्र

अर्थतन्त्रमा ८० प्रतिशत योगदान पुर्‍याएको दाबी गर्ने निजी क्षेत्र पछिल्लो समय व्यवसायमा नैतिकताको प्रश्नले घेरिएको छ। खास गरी धनसम्पत्तिको प्रयोग गरी दलका नेता, सरकारको नेतृत्व र कर्मचारीतन्त्रलाई आफू अनुकूल प्रयोग गर्ने प्रवृत्ति बढेको आरोप निजी क्षेत्रमाथि छ। त्यही शक्तिको दुरुपयोग गर्दै आफू अनुकूल कानुन बनाउने र कानुनका छिद्रमा खेलेर व्यवसाय विस्तार गर्ने महत्त्वाकाङ्क्षाले निजी क्षेत्रका स्थापित नामहरू नै अहिले अनुसन्धानका लागि हिरासतमा छन्। नियामक र वित्तीय रूपमा सबल सरकारी संस्थामा आफूले चाहेका व्यक्तिको नियुक्ति दिलाएर सार्वजनिक लगानीका कम्पनीको रकम दुरुपयोग गरेका उदाहरण अहिले निरन्तर जसो सार्वजनिक हुन थालेका छन्। कतिपय अवस्थामा झुटा बिलबीजक पेस गर्ने, भन्सार छलीमा संलग्न भएको, तोकिएभन्दा अत्यधिक बढी मूल्यमा बिक्री गरेको, गुणस्तरहीन र म्याद गुज्रेका उत्पादन बजारमा पठाएकोलगायतका आरोप पनि केही व्यवसायीमा लाग्दै आएको छ।

उल्लिखित उदाहरणले निजी क्षेत्र थप जिम्मेवार र पारदर्शी बन्नुपर्ने आवश्यकता र माग बढ्न थालेको छ। सुशासनको कार्यान्वयन सरकार मात्र नभएर निजी क्षेत्रले पनि उत्तिकै पालना गर्नुपर्ने आवश्यकता छ। निजी क्षेत्रले व्यावसायिक सुशासन मात्रै कायम गरिदिए त्यसले सरकारको राजस्व सङ्कलन बढ्ने, वास्तविक खुला बजार अर्थतन्त्र कार्यान्वयनमा आउने, उपभोक्ताले गुणस्तरीय सामान प्राप्त गर्ने र कानुनको समान कार्यान्वयन हुने अवस्था बन्छ। निजी क्षेत्र सच्चिँदा राजनीतिक, कर्मचारीतन्त्रलगायत समाजका धेरै अवयव सच्चिने अवसर बन्छ। अर्थतन्त्रलाई स्वाभाविक गतिमा अघि बढ्न सहयोग पुग्छ। अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा ल्याउने सन्दर्भमा पनि निजी क्षेत्रमा बलियो सुशासनको आवश्यकता छ।

## अन्त्यमा

आर्थिक विकासको सबैभन्दा अनिवार्य सर्त हो सुशासन। विश्वमा जति पनि विकसित देश छन्, त्यसको पछाडि सुशासनकै योगदान छ। सुशासनले प्रणाली र विधिलाई प्रवर्धन गर्छ। सबै नागरिक र क्षेत्रले समान अवसर र हैसियत पाउने अवस्था सुशासनले मात्र सुनिश्चित गर्छ। सरकारसँग नजिक वा टाढाको अर्थ सुशासनको अवस्थामा रहँदैन। सुशासनका माध्यमबाट प्राप्त हुने लाभको वितरण पनि समान हुन्छ। यो सबै अवस्थामा मात्र अर्थतन्त्रले आफ्नै लय लिन सक्छ।

सुशासनलाई अङ्कमा हेर्ने आधार सुधारिएको अर्थतन्त्रले मात्र उपलब्ध गराउँछ। सुशासनले दिने आर्थिक लाभ समग्रमा मुलुक र नागरिकका लागि समान रूपमा वितरण हुन्छ। यसले मुलुकको दीर्घकालीन आर्थिक समृद्धिको आधार तय गर्छ। अर्थतन्त्रमा देखिएका समस्या समाधानको दिगो उपाय पनि सुशासनकै परिपालना हो। वास्तवमा सुशासनमा मात्रै अर्थतन्त्र फस्टाउँछ।



राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com






वर्ष १२६ | अङ्क १ | २०८३ साल वैशाख २४ गते बिहीबार | जेष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ बछलागा ५ | 2026 May 7 Thursday | पृष्ठ : १२+४+१६ | मूल्य : दस रुपियाँ

विशेष सम्पादकीय

## हाम्रो प्रतिबद्धता

इतिहासमा कतिपय संस्थाको स्थापना विशेष हुन्छ। गोरखापत्र त्यसैको उपज हो। राणाकालीन निरकुङ्श अन्धकारमा चेतनाको दियो भएर उदाएको गोरखापत्र १२५ वर्षको शताब्दी रजत यात्रा पूरा गरी आज १२६ औँ वर्षमा प्रवेश गरेको छ। विसं १९५८ वैशाख २४ गते साप्ताहिक अखबारका रूपमा सुरु भएको हो गोरखापत्रको यात्रा। समय र प्रविधिको वेगसँगै बहुविधामा विस्तार हुँदै नेपाली समाजको विश्वसनीय धरोहर बनिरहेको छ। पत्रकारिताको मूल्य, मान्यता, आदर्श र आचारसंहितालाई आत्मसात् गर्दै सत्य, तथ्य र विश्वसनीय मिडिया सामग्री सम्प्रेषण नै गोरखापत्रको आत्मा हो। राज्य र पाठकबाट आर्जन गर्न सकेको अटुट विश्वास हाम्रो मूल पुँजी हो। विश्व पत्रकारितामा यति निरन्तर बहुआयामिक यात्रा बिरलाकोटिमै देखा पर्छ। यसले गोरखापत्रलाई राष्ट्रले नै गौरव गर्न सक्ने जीवन्त सम्पदाका रूपमा स्थापित गरेको छ। नेपाली पत्रकारिताको जग र जननी भएकाले नै गोरखापत्र स्थापनाको यो पवित्र दिनलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाएर थप विशेष बनाइएको छ। 'सुशासनको आधार : प्रविधिमैत्री जिम्मेवार पत्रकार' को नारासहित आज यो दिवस मनाइँदै छ। यो अवसरमा पत्रकारिता क्षेत्रमा लामो योगदान दिनुहुने वरिष्ठ पत्रकारलाई राष्ट्रिय रूपमै सम्मान गर्ने सुखद परम्परा पनि जोडिन पुगेको छ। गोरखापत्रसँग जोडिएको यो सुपरम्परा हाम्रा लागि गौरवपूर्ण छ।

वरिष्ठ सञ्चारविद् डेनिस म्याकबेलले भन्नुभए झैँ राजनीतिक प्रणाली तथा पद्धतिबाट मिडिया निरपेक्ष रहन सक्दैन। इतिहासमा विश्वकै मिडियाले शासनसत्ताको घामपानी भोगेका छन्, गोरखापत्र पनि त्यसबाट पृथक् छैन। पाठकसँगको आफ्नो सामीप्य अटुट रहनु हाम्रो पुँजी हो। निरकुङ्श राणा शासन, प्रजातन्त्र, पञ्चायत र बहुदलीय व्यवस्था हुँदै आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म पत्रकारिताको मर्म र धर्ममा गोरखापत्र नेपाल र नेपालीको सेवामा समर्पित छ। जिम्मेवार र मर्यादित पत्रकारिताको अभ्यासलाई शिरोपर राख्ने हाम्रो प्रयास जारी छ। छापासँगै अनलाइनका माध्यमबाट गोरखापत्रले बहुविधामा विश्वकै प्रयोक्तासम्म आफ्नो पहुँच पुऱ्याएको छ। सङ्घीयतापछि तिनै तहका सरकारका योजना, नीति र कार्यक्रमलाई समाचारीय मूल्य तथा विचार विविधताका माध्यमबाट पाठकसम्म पुऱ्याउने हाम्रो अविराम यात्रामा सबैको साथ र सहयोग छ। सङ्घीय सरकारसँगै सातै प्रदेश र तमाम स्थानीय सरकारसम्मको सञ्चार पहुँचलाई गोरखापत्रले युगसापेक्ष फराकिलो बनाउँदै गएको छ। देशका ४९ भाषामा समाचार सामग्री विस्तार गरी समावेशी सञ्चारको विश्वमै अनुपम उदाहरण बन्न सकेकोप्रति गोरखापत्र गौरव गर्छ।

शासकीय विकृति, भ्रष्टाचार र कुशासनप्रति भदौ विद्रोहको आमूल परिवर्तनको आकाङ्क्षा संस्थागत हुँदै छ। फागुन २१, २०८२ को प्रतिनिधि सभा निर्वाचनपछि बलियो जनादेशको सरकार स्थापना भई सुशासनका एक सय कार्ययोजना तीव्रत्तर कार्यान्वयनमा छन्। दसकौँ हुन नसकेका कामलाई आरम्भिक केही सातामै द्रुत रूपमा सम्पादन गर्दै जनविश्वास आर्जन भइरहेका विषय मिडियामा प्रबल बन्दै छन्। सेवा प्रवाहलाई छिटोछरितो र सेवाग्राहीमैत्री बनाउँदै भ्रष्टाचारप्रति शून्य सहनशीलतातर्फ सरकारको अग्रसरता देशोन्नतिको मूल आधार बन्दै छ। सुशासन नै विकास र प्रगतिको बलियो आधार भएकाले गोरखापत्रको १२६ औँ वर्षप्रवेशको पहिलो अङ्कलाई 'सुशासन यात्रा' विशेषाङ्कमार्फत पाठकसमक्ष ल्याएका छौँ। नागरिकले अनुभूत गर्न सक्ने सुशासनमै लगानी विस्तार हुन सके आय, उत्पादन र रोजगारीको आयाम फराकिलो भई देशले आर्थिक विकासमा फड्को मार्न सक्छ।

सूचना प्रविधिको विकास र विस्तारले अवसरसँगै मूलधारका पत्रकारिताका निम्ति अनेक चुनौती थपिएका छन्। मूलधारको विश्व पत्रकारिता नै 'गलत सूचना' (मिसइन्फर्मेसन) र 'भ्रामक सूचना' (डिसइन्फर्मेसन) बाट जोगिनुपर्ने चुनौतीपूर्ण घडीमा छ। यी चुनौतीसँग जुध्न सत्यापन र विश्वसनीय अभ्यासलाई खरो उतार्दै गोरखापत्रले छापा र डिजिटल आयामलाई अझै फराकिलो मात्रै बनाउँदै छैन, निरन्तरताप्रति पनि दृढसङ्कल्पित छ। राज्य संयन्त्रका बेथिति र कमजोरी पत्रकारिताको मर्म र धर्म अनुरूप सम्प्रेषण गर्ने दायित्वलाई खोजी पत्रकारितातर्फ ढाल्न सकियो भने शासकीय सुशासनमा अझै बल पुग्ने हाम्रो विश्वास छ। गोरखापत्रले शताब्दी रजत वर्ष पार गरेको यो सुखद अवसरमा नेपाल सरकार र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट प्राप्त सहयोग र सद्भावप्रति हामी आभारी छौँ। यो पावन अवसरमा गोरखापत्रप्रति सहयोग र सद्भाव दिनुहुने सम्पूर्ण राज्यसंस्था, निजी क्षेत्र तथा संस्था, पाठक तथा प्रयोक्ता, विज्ञापनदाता सबैप्रति गोरखापत्र परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ। यो अटुट स्नेह, सहयोग र सद्भाव निरन्तर पाइरहने विश्वास पनि व्यक्त गर्दछ।

सय अर्ब डलरको अर्थतन्त्र

# इमानदार प्रयासबाट सम्भव



**विश्वास रेग्मी**
*काठमाडौँ, वैशाख २३ गते*

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो चुनावी वाचापत्रमा लेखेको छ, "नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाउने छौँ। यसका आधारमा पाँचदेखि सात वर्षभित्रै (प्रचलित मूल्यमा) प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय अर्ब डलरनजिक पुग्ने लक्ष्य लिने छौँ।"

मुलुकको अर्थतन्त्रको आकार एक सय अर्ब डलर पुऱ्याउने रास्वपाको घोषणालाई सरकारले पनि मुलुकको आर्थिक स्थितिपत्र २०८२ मार्फत जस्ताको तस्तै स्वीकार गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा ४४ अर्ब डलर हाराहारी पुग्ने अनुमान गरिएको अर्थतन्त्रले सय अर्ब डलरको आकार पाउन अबको सात वर्षमा ६६ अर्ब डलरले विस्तार हुनु पर्छ। विगत तीन वर्षयता चार प्रतिशतभन्दा कमको वृद्धिदरबाट गुज्रिरहेको मुलुकको अर्थतन्त्रको आकार सय अर्ब पुग्न वार्षिक न्यूनतम सात प्रतिशतको वृद्धिदर आवश्यक पर्ने विज्ञहरू बताउँछन्।

लक्ष्यका हिसाबले चुनौतीपूर्ण देखिए पनि सरकारले इमानदार भएर निरन्तर खटिरहने हो भने एक सय अर्ब डलरको अर्थतन्त्र सम्भव हुने सरोकारवालाको भनाइ छ। यसका लागि सरकारले 'युद्धका बेला' मा जस्तै अथक प्रयास गर्नुपर्नेमा उनीहरूको जोड छ।

सरकारले स्थितिपत्रमा उल्लेख गरेको अर्थतन्त्रको आकारमा मूल्यवृद्धिसमेत जोडिएको हुनाले अर्थतन्त्रको वृद्धिदरलाई सोही अनुसार मुद्रास्फीतिले पनि 'सपोर्ट' गरेको हुनुपर्ने उनीहरू बताउँछन्।

» बाँकी पृष्ठ २ मा

असम्भव होइन



**डा. प्रकाशकुमार श्रेष्ठ**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सात वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने कुरा असम्भव होइन तर यसका लागि सरकारले 'युद्धमा गर्ने तयारी' जस्तो मेहनत गर्न सक्नु पर्छ। माग, आपूर्ति र उत्पादन, लगानी र निर्यात बढाउने नीति कार्यान्वयनमै जोड दिनु पर्छ।

अध्ययनले सम्भव देखाउँछ



**वीरेन्द्रराज पाण्डे**
अध्यक्ष, नेपाल उद्योग परिसङ्घ

हामीले गरेको अध्ययनले पनि औसतमा छ प्रतिशतको वृद्धिदर हासिल हुँदा सात वर्षभित्रै एक सय अर्ब डलरको अर्थतन्त्र बन्न सक्ने सम्भावना देखाएको छ। त्यसका लागि नीतिगत सुधार र रूपान्तरणमा धेरै काम गर्नुपर्ने हुन्छ। निजी क्षेत्रको लगानी आकर्षण गर्न करका दर घटाउने र डिजिटल अर्थतन्त्रमा जोड दिनु पर्छ।

## भावी प्रधान न्यायाधीशको टुङ्गो लगाइँदै

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २३ गते*

संवैधानिक निकायका पदाधिकारी नियुक्ति सिफारिसका लागि कानुनी बाटो खुलेसँगै प्रधान न्यायाधीश सिफारिसका लागि संवैधानिक परिषद् बैठक बोलाइएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषद् बैठक बिहीबार बेलुका ५ बजेका लागि बोलाइएको हो। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को निजी सचिवालयका अनुसार बैठकमा भावी प्रधान न्यायाधीश सिफारिसको कार्यसूची रहेको छ।

मङ्गलबार राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेपछि गणपूरक सङ्ख्या र निर्णय प्रक्रियासम्बन्धी व्यवस्थाले पूर्णता पाएको थियो। कानुनी रिक्तता पूर्ति भएलगत्तै प्रधानमन्त्री शाहले परिषद् बैठक आह्वान गर्नुभएको हो। छ सदस्यीय परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख र प्रतिनिधि सभाका प्रमुख विपक्षी दलका नेता रहने संवैधानिक प्रावधान छ। प्रधान न्यायाधीश सिफारिसको हकमा भने कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदेन सदस्य रहने संवैधानिक व्यवस्था छ।

भावी प्रधान न्यायाधीश सिफारिसका विषयमा सार्वजनिक रूपमै विभिन्न अड्कलबाजी चलिरहेका बेला परिषद् बोलाइएको हो। यसअघिका प्रधान न्यायाधीश प्रकाशमानसिंह राउतले उमेर हदका कारण चैत १७ गतेदेखि अनिवार्य अवकाश पाउनुभएको थियो। राउतको अवकाशपछि कायममुकायम प्रधान न्यायाधीशका रूपमा सपना प्रधान मल्लले सर्वोच्च न्यायालयको कमान्ड समाल्दै आउनुभएको छ।

» बाँकी पृष्ठ २ मा







१२६ औँ वर्षमा गोरखापत्र

# इतिहासको पहिलो मसौदा



ध्रुवहरि अधिकारी | किशोर नेपाल | तेजेश्वरबाबु ग्वंगः | धर्मेन्द्र झा | नम्रता शर्मा | हर्षमान महर्जन

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, वैशाख २३ गते*

दक्षिण एसियाकै पुराना अखबारमध्येमा पर्ने गोरखापत्र दैनिक बिहीबारदेखि १२६ औँ वर्षमा प्रवेश गरेको छ। स्थापनाकालदेखि विभिन्न आरोहअवरोह पार गर्दै आएको यस अखबारले नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्नामा उल्लेखनीय योगदान पुऱ्याएको यस क्षेत्रका जानकारले बताउनुभएको छ।

नेपाली समाजलाई सुसूचित गर्नुका साथै भाषिक र साहित्यक फाँटमा पनि गोरखापत्रको योगदान विशिष्ट रहेको उहाँहरूको अनुभव छ। स्थापनाकालदेखि अहिलेसम्म गोरखापत्रलाई नै आधार मानेर विश्वविद्यालयका विद्यार्थी, अनुसन्धान संस्थाका अध्येतादेखि पत्रकारिता क्षेत्रमै क्रियाशील संस्था तथा व्यक्तिका लागि पनि यो पत्रिका गतिलो खुराक बन्ने गरेको छ।

गोरखापत्रले अवलम्बन गरेको भाषा, समाचार लेखन शैली, आफ्ना उत्पादनको बजारीकरणमा यसले अपनाएको रणनीतिलाई आधार मानेर आफ्नो मानक स्थापना गर्ने पनि प्रशस्तै छन्। वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी गोरखापत्रलाई इतिहासको पहिलो मसौदा मान्नुहुन्छ। "आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ," अधिकारीले भन्नुभयो, "यसको अर्थ गोरखापत्रले विगतदेखि नै आधिकारिकता प्रदान गर्दछ भन्ने हो। आजको चुनौती भनेको त्यही विश्वासलाई कायम राख्न सक्नु हो।" अन्य सञ्चार माध्यमले जसरी समाचार, विचार लेख्न सकेनौँ भनेर विचलित नभई गोरखापत्रले आफ्नै धारमा निरन्तर बगिरहनुपर्ने पनि अधिकारीले बताउनुभयो।

> आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ।

गोरखापत्र संस्थानकै पूर्वमहाप्रबन्धक तथा वरिष्ठ पत्रकार किशोर नेपाल भने गोरखापत्रले आफूलाई जीवन्त राख्न जनताको पक्षमा तटस्थ भएर सामग्री सम्प्रेषण गर्नुपर्ने बताउनुहुन्छ। सरकारी कुरालाई पनि प्राथमिकता दिँदै गोरखापत्र जनताको चेतनाको पहिलो विम्ब बन्नुपर्ने नेपालको भनाइ छ। नेपाल पत्रकार महासङ्घका पूर्वसभापतिसमेत रहनुभएका नेपालले भन्नुभयो, "पत्रिकाले यति वर्ष पुरानो भएँ भनेर वर्ष गनेर मात्रै हुन्न। सामग्रीमा विविधता ल्याउनु पर्छ। आफूलाई छरितो रूपमा प्रस्तुत गर्न सक्नु पर्छ।"

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगःले गोरखापत्रले नेपाली पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको वर्णन गरिसाध्य नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "गोरखापत्र देशको ठुलो र चहकिलो पत्रिका हो। यसले हरेक क्षेत्रमा उत्तिकै योगदान पुऱ्याएको छ।"

वरिष्ठ सञ्चारकर्मी नम्रता शर्माले नेपाली पत्रकारिताको जग बसाल्ने श्रेय गोरखापत्रलाई जाने बताउँदै भन्नुभयो, "राणा शासनकालदेखि गणतन्त्रसम्म आइपुग्दा पनि गोरखापत्रले आधिकारिक सूचना सम्प्रेषण गर्दछ भन्ने जुन विश्वास छ। त्यो विश्वासलाई आजसम्म टुट्ट नदिनु ठुलो उपलब्धि हो।" पछिल्लो समय विभिन्न भाषाका लागि छुट्टै पृष्ठ छुट्याएर गोरखापत्रले सबै समुदायको साझा पत्रिकाका रूपमा आफूलाई उभ्याएको शर्माले बताउनुभयो। नेपाल पत्रकार महासङ्घका पूर्वसभापति धर्मेन्द्र झाले राष्ट्र निर्माणमा गोरखापत्रले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com






कोहलपुर संस्करण | विचार | कूटनीतिक अभ्यास, समस्याको निकास | नवौं दिनमा भयो भन्सार जाँचपास १४



वर्ष १२६ | अङ्क १ | २०८३ साल वैशाख २४ गते बिहीबार | जेष्ठ कृष्ण पञ्चमी | नेपाल संवत् ११४६ बछलागा ५ | 2026 May 7 Thursday | पृष्ठ : १२+४+१६ | मूल्य : दस रुपियाँ


विशेष सम्पादकीय

## हाम्रो प्रतिबद्धता

इतिहासमा कतिपय संस्थाको स्थापना विशेष हुन्छ। गोरखापत्र त्यसैको उपज हो। राणाकालीन निरकुङ्श अन्धकारमा चेतनाको दियो भएर उदाएको गोरखापत्र १२५ वर्षको शताब्दी रजत यात्रा पूरा गरी आज १२६ औँ वर्षमा प्रवेश गरेको छ। विसं १९५८ वैशाख २४ गते साप्ताहिक अखबारका रूपमा सुरु भएको हो गोरखापत्रको यात्रा। समय र प्रविधिको वेगसँगै बहुविधामा विस्तार हुँदै नेपाली समाजको विश्वसनीय धरोहर बनिरहेको छ। पत्रकारिताको मूल्य, मान्यता, आदर्श र आचारसंहितालाई आत्मसात् गर्दै सत्य, तथ्य र विश्वसनीय मिडिया सामग्री सम्प्रेषण नै गोरखापत्रको आत्मा हो। राज्य र पाठकबाट आर्जन गर्न सकेको अटुट विश्वास हाम्रो मूल पुँजी हो। विश्व पत्रकारितामा यति निरन्तर बहुआयामिक यात्रा बिरलाकोटिमै देखा पर्छ। यसले गोरखापत्रलाई राष्ट्रले नै गौरव गर्न सक्ने जीवन्त सम्पदाका रूपमा स्थापित गरेको छ। नेपाली पत्रकारिताको जग र जननी भएकाले नै गोरखापत्र स्थापनाको यो पवित्र दिनलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाएर थप विशेष बनाइएको छ। 'सुशासनको आधार : प्रविधिमैत्री जिम्मेवार पत्रकार' को नारासहित आज यो दिवस मनाइँदै छ। यो अवसरमा पत्रकारिता क्षेत्रमा लामो योगदान दिनुहुने वरिष्ठ पत्रकारलाई राष्ट्रिय रूपमै सम्मान गर्ने सुखद परम्परा पनि जोडिन पुगेको छ। गोरखापत्रसँग जोडिएको यो सुपरम्परा हाम्रा लागि गौरवपूर्ण छ।

वरिष्ठ सञ्चारविद् डेनिस म्याकबेलले भन्नुभए झैँ राजनीतिक प्रणाली तथा पद्धतिबाट मिडिया निरपेक्ष रहन सक्दैन। इतिहासमा विश्वकै मिडियाले शासनसत्ताको घामपानी भोगेका छन्, गोरखापत्र पनि त्यसबाट पृथक् छैन। पाठकसँगको आफ्नो सामीप्य अटुट रहनु हाम्रो पुँजी हो। निरकुङ्श राणा शासन, प्रजातन्त्र, पञ्चायत र बहुदलीय व्यवस्था हुँदै आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म पत्रकारिताको मर्म र धर्ममा गोरखापत्र नेपाल र नेपालीको सेवामा समर्पित छ। जिम्मेवार र मर्यादित पत्रकारिताको अभ्यासलाई शिरोपर राख्ने हाम्रो प्रयास जारी छ। छापासँगै अनलाइनका माध्यमबाट गोरखापत्रले बहुविधामा विश्वकै प्रयोक्तासम्म आफ्नो पहुँच पुऱ्याएको छ। सङ्घीयतापछि तिनै तहका सरकारका योजना, नीति र कार्यक्रमलाई समाचारीय मूल्य तथा विचार विविधताका माध्यमबाट पाठकसम्म पुऱ्याउने हाम्रो अविराम यात्रामा सबैको साथ र सहयोग छ। सङ्घीय सरकारसँगै सातै प्रदेश र तमाम स्थानीय सरकारसम्मको सञ्चार पहुँचलाई गोरखापत्रले युगसापेक्ष फराकिलो बनाउँदै गएको छ। देशका ४९ भाषामा समाचार सामग्री विस्तार गरी समावेशी सञ्चारको विश्वमै अनुपम उदाहरण बन्न सकेकोप्रति गोरखापत्र गौरव गर्छ।

शासकीय विकृति, भ्रष्टाचार र कुशासनप्रति भदौ विद्रोहको आमूल परिवर्तनको आकाङ्क्षा संस्थागत हुँदै छ। फागुन २१, २०८२ को प्रतिनिधि सभा निर्वाचनपछि बलियो जनादेशको सरकार स्थापना भई सुशासनका एक सय कार्ययोजना तीव्रत्तर कार्यान्वयनमा छन्। दसकौँ हुन नसकेका कामलाई आरम्भिक केही सातामै द्रुत रूपमा सम्पादन गर्दै जनविश्वास आर्जन भइरहेका विषय मिडियामा प्रबल बन्दै छन्। सेवा प्रवाहलाई छिटोछरितो र सेवाग्राहीमैत्री बनाउँदै भ्रष्टाचारप्रति शून्य सहनशीलतातर्फ सरकारको अग्रसरता देशोन्नतिको मूल आधार बन्दै छ। सुशासन नै विकास र प्रगतिको बलियो आधार भएकाले गोरखापत्रको १२६ औँ वर्षप्रवेशको पहिलो अङ्कलाई 'सुशासन यात्रा' विशेषाङ्कमार्फत पाठकसमक्ष ल्याएका छौँ। नागरिकले अनुभूत गर्न सक्ने सुशासनमै लगानी विस्तार हुन सके आय, उत्पादन र रोजगारीको आयाम फराकिलो भई देशले आर्थिक विकासमा फड्को मार्न सक्छ।

सूचना प्रविधिको विकास र विस्तारले अवसरसँगै मूलधारका पत्रकारिताका निम्ति अनेक चुनौती थपिएका छन्। मूलधारको विश्व पत्रकारिता नै 'गलत सूचना' (मिसइन्फर्मेसन) र 'भ्रामक सूचना' (डिसइन्फर्मेसन) बाट जोगिनुपर्ने चुनौतीपूर्ण घडीमा छ। यी चुनौतीसँग जुध्न सत्यापन र विश्वसनीय अभ्यासलाई खरो उतार्दै गोरखापत्रले छापा र डिजिटल आयामलाई अझै फराकिलो मात्रै बनाउँदै छैन, निरन्तरताप्रति पनि दृढसङ्कल्पित छ। राज्य संयन्त्रका बेथिति र कमजोरी पत्रकारिताको मर्म र धर्म अनुरूप सम्प्रेषण गर्ने दायित्वलाई खोजी पत्रकारितातर्फ ढाल्न सकियो भने शासकीय सुशासनमा अझै बल पुग्ने हाम्रो विश्वास छ। गोरखापत्रले शताब्दी रजत वर्ष पार गरेको यो सुखद अवसरमा नेपाल सरकार र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट प्राप्त सहयोग र सद्भावप्रति हामी आभारी छौँ। यो पावन अवसरमा गोरखापत्रप्रति सहयोग र सद्भाव दिनुहुने सम्पूर्ण राज्यसंस्था, निजी क्षेत्र तथा संस्था, पाठक तथा प्रयोक्ता, विज्ञापनदाता सबैप्रति गोरखापत्र परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ। यो अटुट स्नेह, सहयोग र सद्भाव निरन्तर पाइरहने विश्वास पनि व्यक्त गर्दछ।

सय अर्ब डलरको अर्थतन्त्र

# इमानदार प्रयासबाट सम्भव



**विश्वास रेग्मी**
*काठमाडौँ, वैशाख २३ गते*

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो चुनावी वाचापत्रमा लेखेको छ, "नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाउने छौँ। यसका आधारमा पाँचदेखि सात वर्षभित्रै (प्रचलित मूल्यमा) प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय अर्ब डलरनजिक पुग्ने लक्ष्य लिने छौँ।"

मुलुकको अर्थतन्त्रको आकार एक सय अर्ब डलर पुऱ्याउने रास्वपाको घोषणालाई सरकारले पनि मुलुकको आर्थिक स्थितिपत्र २०८२ मार्फत जस्ताको तस्तै स्वीकार गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा ४४ अर्ब डलर हाराहारी पुग्ने अनुमान गरिएको अर्थतन्त्रले सय अर्ब डलरको आकार पाउन अबको सात वर्षमा ६६ अर्ब डलरले विस्तार हुनु पर्छ। विगत तीन वर्षयता चार प्रतिशतभन्दा कमको वृद्धिदरबाट गुज्रिरहेको मुलुकको अर्थतन्त्रको आकार सय अर्ब पुग्न वार्षिक न्यूनतम सात प्रतिशतको वृद्धिदर आवश्यक पर्ने विज्ञहरू बताउँछन्।

लक्ष्यका हिसाबले चुनौतीपूर्ण देखिए पनि सरकारले इमानदार भएर निरन्तर खटिरहने हो भने एक सय अर्ब डलरको अर्थतन्त्र सम्भव हुने सरोकारवालाको भनाइ छ। यसका लागि सरकारले 'युद्धका बेला' मा जस्तै अथक प्रयास गर्नुपर्नेमा उनीहरूको जोड छ।

सरकारले स्थितिपत्रमा उल्लेख गरेको अर्थतन्त्रको आकारमा मूल्यवृद्धिसमेत जोडिएको हुनाले अर्थतन्त्रको वृद्धिदरलाई सोही अनुसार मुद्रास्फीतिले पनि 'सपोर्ट' गरेको हुनुपर्ने उनीहरू बताउँछन्।


» बाँकी पृष्ठ २ मा


### असम्भव होइन



**डा. प्रकाशकुमार श्रेष्ठ**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सात वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने कुरा असम्भव होइन तर यसका लागि सरकारले 'युद्धमा गर्ने तयारी' जस्तो मेहनत गर्न सक्नु पर्छ। माग, आपूर्ति र उत्पादन, लगानी र निर्यात बढाउने नीति कार्यान्वयनमै जोड दिनु पर्छ।

### अध्ययनले सम्भव देखाउँछ



**वीरेन्द्रराज पाण्डे**
अध्यक्ष, नेपाल उद्योग परिसङ्घ

हामीले गरेको अध्ययनले पनि औसतमा छ प्रतिशतको वृद्धिदर हासिल हुँदा सात वर्षभित्रै एक सय अर्ब डलरको अर्थतन्त्र बन्न सक्ने सम्भावना देखाएको छ। त्यसका लागि नीतिगत सुधार र रूपान्तरणमा धेरै काम गर्नुपर्ने हुन्छ। निजी क्षेत्रको लगानी आकर्षण गर्न करका दर घटाउने र डिजिटल अर्थतन्त्रमा जोड दिनु पर्छ।

## भावी प्रधान न्यायाधीशको टुङ्गो लगाइँदै

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २३ गते*

संवैधानिक निकायका पदाधिकारी नियुक्ति सिफारिसका लागि कानुनी बाटो खुलेसँगै प्रधान न्यायाधीश सिफारिसका लागि संवैधानिक परिषद् बैठक बोलाइएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषद् बैठक बिहीबार बेलुका ५ बजेका लागि बोलाइएको हो। प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) को निजी सचिवालयका अनुसार बैठकमा भावी प्रधान न्यायाधीश सिफारिसको कार्यसूची रहेको छ।

मङ्गलबार राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेपछि गणपूरक सङ्ख्या र निर्णय प्रक्रियासम्बन्धी व्यवस्थाले पूर्णता पाएको थियो। कानुनी रिक्तता पूर्ति भएलगत्तै प्रधानमन्त्री शाहले परिषद् बैठक आह्वान गर्नुभएको हो। छ सदस्यीय परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख र प्रतिनिधि सभाका प्रमुख विपक्षी दलका नेता रहने संवैधानिक प्रावधान छ। प्रधान न्यायाधीश सिफारिसको हकमा भने कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदेन सदस्य रहने संवैधानिक व्यवस्था छ।

भावी प्रधान न्यायाधीश सिफारिसका विषयमा सार्वजनिक रूपमै विभिन्न अड्कलबाजी चलिरहेका बेला परिषद् बोलाइएको हो। यसअघिका प्रधान न्यायाधीश प्रकाशमानसिंह राउतले उमेर हदका कारण चैत १७ गतेदेखि अनिवार्य अवकाश पाउनुभएको थियो। राउतको अवकाशपछि कायममुकायम प्रधान न्यायाधीशका रूपमा सपना प्रधान मल्लले सर्वोच्च न्यायालयको कमान्ड समाल्दै आउनुभएको छ।


» बाँकी पृष्ठ २ मा









१२६ औँ वर्षमा गोरखापत्र

# इतिहासको पहिलो मसौदा


ध्रुवहरि अधिकारी


किशोर नेपाल


तेजेश्वरबाबु ग्वंगः


धर्मेन्द्र झा


नम्रता शर्मा


हर्षमान महर्जन

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, वैशाख २३ गते*

दक्षिण एसियाकै पुराना अखबारमध्येमा पर्ने गोरखापत्र दैनिक बिहीबारदेखि १२६ औँ वर्षमा प्रवेश गरेको छ। स्थापनाकालदेखि विभिन्न आरोहअवरोह पार गर्दै आएको यस अखबारले नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्नामा उल्लेखनीय योगदान पुऱ्याएको यस क्षेत्रका जानकारले बताउनुभएको छ।

नेपाली समाजलाई सुसूचित गर्नुका साथै भाषिक र साहित्यक फाँटमा पनि गोरखापत्रको योगदान विशिष्ट रहेको उहाँहरूको अनुभव छ। स्थापनाकालदेखि अहिलेसम्म गोरखापत्रलाई नै आधार मानेर विश्वविद्यालयका विद्यार्थी, अनुसन्धान संस्थाका अध्येतादेखि पत्रकारिता क्षेत्रमै क्रियाशील संस्था तथा व्यक्तिका लागि पनि यो पत्रिका गतिलो खुराक बन्ने गरेको छ।

गोरखापत्रले अवलम्बन गरेको भाषा, समाचार लेखन शैली, आफ्ना उत्पादनको बजारीकरणमा यसले अपनाएको रणनीतिलाई आधार मानेर आफ्नो मानक स्थापना गर्ने पनि प्रशस्तै छन्। वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी गोरखापत्रलाई इतिहासको पहिलो मसौदा मान्नुहुन्छ। "आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले

> आज पनि विगतका कुनै विषय चर्चामा आयो भने त्यतिखेर गोरखापत्रले के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ।

के लेखेको रहेछ त भनेर खोज्ने गरिन्छ," अधिकारीले भन्नुभयो, "यसको अर्थ गोरखापत्रले विगतदेखि नै आधिकारिकता प्रदान गर्दछ भन्ने हो। आजको चुनौती भनेको त्यही विश्वासलाई कायम राख्न सक्नु हो।" अन्य सञ्चार माध्यमले जसरी समाचार, विचार लेख्न सकेनौँ भनेर विचलित नभई गोरखापत्रले आफ्नै धारमा निरन्तर बगिरहनुपर्ने पनि अधिकारीले बताउनुभयो।

गोरखापत्र संस्थानकै पूर्वमहाप्रबन्धक तथा वरिष्ठ पत्रकार किशोर नेपाल भने गोरखापत्रले आफूलाई जीवन्त राख्न जनताको पक्षमा तटस्थ भएर सामग्री सम्प्रेषण गर्नुपर्ने बताउनुहुन्छ। सरकारी कुरालाई पनि प्राथमिकता दिँदै गोरखापत्र जनताको चेतनाको पहिलो विम्ब बन्नुपर्ने नेपालको भनाइ छ। नेपाल पत्रकार महासङ्घका पूर्वसभापतिसमेत रहनुभएका नेपालले भन्नुभयो, "पत्रिकाले यति वर्ष पुरानो भएँ भनेर वर्ष गनेर मात्रै हुन्न। सामग्रीमा विविधता ल्याउनु पर्छ। आफूलाई छरितो रूपमा प्रस्तुत गर्न सक्नु पर्छ।"

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगःले गोरखापत्रले नेपाली पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको वर्णन गरिसाध्य नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "गोरखापत्र देशको ठुलो र चहकिलो पत्रिका हो। यसले हरेक क्षेत्रमा उत्तिकै योगदान पुऱ्याएको छ।"

वरिष्ठ सञ्चारकर्मी नम्रता शर्माले नेपाली पत्रकारिताको जग बसाल्ने श्रेय गोरखापत्रलाई जाने बताउँदै भन्नुभयो, "राणा शासनकालदेखि गणतन्त्रसम्म आइपुग्दा पनि गोरखापत्रले आधिकारिक सूचना सम्प्रेषण गर्दछ भन्ने जुन विश्वास छ। त्यो विश्वासलाई आजसम्म टुट्न नदिनु ठुलो उपलब्धि हो।" पछिल्लो समय विभिन्न भाषाका लागि छुट्टै पृष्ठ छुट्याएर गोरखापत्रले सबै समुदायको साझा पत्रिकाका रूपमा आफूलाई उभ्याएको शर्माले बताउनुभयो। नेपाल पत्रकार महासङ्घका पूर्वसभापति धर्मेन्द्र झाले राष्ट्र निर्माणमा गोरखापत्रले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो।


» बाँकी पृष्ठ २ मा